बुद्धवचन त्रिपिटकको रूपरेखात्मक संक्षिप्त चिनारी

# त्रिपिटक प्रवेश




अनुवाद तथा संग्रह

**बासुदेव देशार "कोविद"**

प्रकाशकद्वय

**विपुल दर्शन उदास**

**श्रेषा शाक्य**

प्रकाशक : **विपुल दर्शन उदास, श्रेषा शाक्य**
ल.पु., थसिखेल-५, फोन : ५५३३२४९

प्रकाशन : पहिलो संस्करण – वि.सं. २०६३
दोस्रो संस्करण
(वि.सं. २०७०, बु.सं. २५५६, इ.सं. २०१३, ने.सं. ११३३)

संख्या : १००० प्रति

आवरण सज्जा : फल्समान शाक्य
ओकुबहाल, ललितपुर

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, फोनः ५००७५६३

मूल्य : सहयोग रु. ८०/-
(सहयोग रकम नेपाल बौद्ध परियत्ति शिक्षाको विकासमा प्रयोग गरिनेछ ।)

***Tripitak Prabesh (2nd Edition)***

*A Short Information about 'Tripitak' a Buddha's Teaching*

Translate & Compiled by : Basudev Deshar 'Kovida'
Publisher : Bipul Darshan Udash & Sresha Shakya, Lalitpur
2nd Edition Published : 2013 A.D. (B.S. 2070, Buddha Era 2556, N.S. 1133)
Total Pages : 224

पुस्तक प्राप्ति : नेपाल बौद्ध परियत्ति शिक्षा सम्पर्क कार्यालय, विश्वशान्ति विहार
मो.नं. : ९८४३४२४१०८

# सादर समर्पण



स्व. रामबहादुर उदास तथा स्व. पदम कुमारी उदास

## अनन्त गुणमयी दिवंगत
## तथा
## जीवित हजुरबुबा हजुरमुमाहरुप्रति
## समर्पित

| | |
|---|---|
| स्व. रामबहादुर उदास | श्री इश्वर राज शाक्य |
| स्व. पदम कुमारी उदास | श्रीमती मानदेवी शाक्य |
| स्व. दुर्गादास रंजित | श्री जुजुरत्न धाख्वा |
| श्रीमती लक्ष्मी देवी रंजित | श्रीमती आशा माया धाख्वा |

प्रकाशकद्वय

**विपुल दर्शन उदास** **श्रेषा शाक्य**

(ल.पु. थसिखेल–५)

फोन : ५५३३२४९

# शुभकामना

हालसम्म त्रिपिटकका सम्पूर्ण ग्रन्थहरू नेपाली भाषामा अनुवाद नभएको अवस्थामा त्रिपिटकका सबै ग्रन्थहरूको संक्षिप्त रूपमा भएपनि परिचय गराउने, त्यसभित्र के-कस्ता कुराहरू समावेश गरिएका छन् भनेर "**त्रिपिटक प्रवेश**" को नामाकरण गरी **वासुदेव देशार**ले यस पुस्तक अगाडि ल्याउनुभएको छ । बुद्धधर्म र दर्शनतिर रूची र चासो राख्नेहरूका लागि यो पुस्तक साह्रै उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु । भविष्यमा पनि लेखकले बुद्धधर्मका महत्वपूर्ण कृत्तिहरूको सृजना गर्दै जान सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

अन्तमा, यस पुस्तकको प्रथम संस्करण प्रकाशन गरिदिनुहुने दाता श्री दुर्गादास रंजित र सोही पुस्तकको दोस्रो संस्करण प्रकाशन गर्नुभएका दाता विपुल दर्शन उदास तथा श्रेषा शाक्य परिवारमा धन्यवादका साथै सु-स्वास्थ्य र दीर्घायुको कामना गर्न चाहन्छु ।

**– संघनायक भिक्षु अश्वघोष महास्थविर**

संघाराम विहार, ढल्को, क्षेत्रपाटी

२५ बैशाख, २०७०

# समिक्षात्मक भूमिका तथा मेरो अभिमत

**– कोण्डन्य**

बुद्धभूमि नेपालमा राणाशासनको अन्त्य तथा ७ सालको प्रजातन्त्र बहाली सँगसँगै थेरवाद बुद्धशासन/स्थविरवाद बुद्धधर्मको पुनर्जागरण भएको थियो । राजनैतिक जनचेतनासँगै धर्म, समाज, अर्थ, शिक्षा, संस्कृति आदि राष्ट्र र जनतासँग सम्बन्धित यावत पक्षमा नयाँ चिन्तन–मननको थालनी हुनु, त्यही अनुरूप नागरिक जुर्मुराउनु स्वाभाविक पक्ष हुन् । सदियौंदेखि थिचोमिचो र उत्पीडनले आहत जनताले आफ्नो धर्म, संस्कृति, भाषा, जातीय मूल्यमान्यता आदिसँग आबद्ध पक्षलाई अगाडि सार्ने निरन्तर प्रकृया अपनाएअनुरूप बुद्ध–जन्मभूमि नेपाल राष्ट्रमा बुद्ध, बुद्धधर्म एवं बौद्ध-दर्शन, बौद्ध-संस्कृति र इतिहास तथा सभ्यता आदि बहुआयामिक पक्षलाई समेटिएर प्रकाशन, प्रचारप्रसार जगतमा विस्तारै किन नहोस्, तर प्रकाशनमा देखिँदै आएको जुन सकारात्मक एवं रचनात्मक परिवर्तनको प्रवाह छ, त्यो निश्चय पनि सबै चिन्तनशील एवं अध्ययनशील अनि धार्मिक अध्ययन–जगतमा सुखकर विषय हो । जतिबेला वाक स्वतन्त्रता र प्रकाशन स्वतन्त्रतामाथि ताला लगाइएको थियो, त्यतिबेलै लुकिछिपी धार्मिक प्रवचनको माध्यमले जनतालाई सुसूचित गर्ने, चेतनाको स्तर माथि उकास्ने अभिप्रायले परदेशबाटै मुद्रण गरी लुकाएर-छुपाएरै स्वदेश भित्र्याएका ऐतिहासिक दस्तावेजहरू आजको बदलिँदो अत्याधुनिक संचार प्रविधियुक्त नेटवर्किङ्ग जमानामा दन्त्यकथा जस्तै लाग्ने भइसक्यो । परिणामतः आज हरकुरा पैसासँगै दाँजिने भइसक्यो, सिङ्गो प्रकाशन–जगत पनि आर्थिक अझ व्यवसायिकीकरणबाट विमुख छैन, यद्दपि धार्मिक प्रकाशन नै किन नहोस् विस्तारै त्यतैतिर ढल्कँदो छ। आजको प्रतिस्पर्धात्मक जमानामा पनि नितान्त धार्मिक सेवावृत्तिले वाचन, लेखन, अनुवाद एवं प्रकाशन क्षेत्रमा निरन्तरता पाइरहनु सुखद् विषय हो । यस्ता सुभकार्यलाई निरन्तरता दिन धर्मदानकै रूपमा प्रकाशक दाता हुनेहरू पनि अझै छन् । नेपालको परिपेक्ष्यमा विगत ६० दौरानमा बुद्धधर्मसम्बन्धी पालि साहित्य एवं संस्कृत साहित्य अन्तर्गत सबैभन्दा बढी नेपाल भाषामै प्रकाशन भएको आँकडा रहेको छ भने धर्मलाई व्यापकरूपमा अघि बढाउँदै लान भाषिक पावन्दीमा सीमित

हुनुहुँदैन भन्ने सोच अवधारणाको विकाससँगै नेपालीभाषामा प्रकाशन गरिने प्रथा द्रूतगतिमा अगाडि बढेको यथार्थ सत्य हो, जसको प्रभाव सकारात्मक एवं रचनात्मक नै देखिएको छ ।

यसरी नै थेरवाद बौद्ध साहित्यिक फाँट लेख–रचना, अनुवाद सम्पादन तथा लेखन क्षेत्रमा विगत एक दशकभन्दा अघिदेखि छाउँदै आएका नेपाल बौद्ध परियति शिक्षाअन्तर्गत परियति सद्धम्म कोविद उपाधिधारी वासुदेव देशारले आफ्नो धार्मिक श्रमलाई जसरी जनसमक्ष प्रकाशनमा ल्याउने जुन प्रयास जारी राखेको छ, अवश्य पनि प्रशंसनीय नै छ । नेपाल बौद्ध परियत्ति शिक्षाको कार्यालय सहायककर्मी रहेर पनि यो **त्रिपिटक प्रवेश** प्रकाशन गर्नमा अग्रसर हुनसक्नु पाठकहरूका लागि लाभप्रद देखिन्छ । यस प्रकाशनको गुरुकपि प्राप्तिसँगै अनुवादक वासुदेवले विस्तृतरूपमै समीक्षा लेख्न अनुरोध गर्दा हुन्न नै भन्न सकिएन । पढ्दै सच्चाउँदै पनि गएं, १५ पेज सकिन नपाउँदै आफूलाई लेख्नै नहुने गरी औँलामा घाउ लाग्दा भने हप्तादिन भन्दा बढी पेण्डिंगमा पऱ्यो । तर प्रकाशकको स्वास्थ्य स्थितिअनुरूप सक्दो चाँडो पुस्तक प्रकाशन गर्नुपर्ने जानकारी प्राप्तिपछि मैले समीक्षा त गर्नैपर्ने भयो, लेख्नैपर्ने भएपछि गुरुकापि र वरिजिलन अंग्रेजी पुस्तक दुबै रूजु गर्दै लेख्नुपर्ने भएकोले आवश्यक ठाउँमा धर्सो तान्दै गएँ, त्यसलाई कसरी प्रस्तुत गर्ने भन्ने सोचें र भूमिका बाँधिसकेपछि मात्र समीक्षा गर्ने आफैले निधो गरें, परिणामतः खाली पन्नामा मसी कोर्दै जान हातमा भएको कलम यसरी सल्बलाउँदै अगाडी बढ्यो-

तिपिटक अर्थात् त्रिपिटकलाई सम्पूर्ण पालि साहित्यको आधार मानिन्छ । त्रिपिटकमा अधिकांश बुद्धवचन संग्रहित छन् भन्ने मान्यताअनुरूप यसलाई बौद्धहरू प्रमुख आधार ग्रन्थ मानी यसलाई सर्वाधिक प्रामाणिक ग्रन्थको रूपमा स्वीकार्दछन् । जसरी मुसलमानहरूले कोरान, इसाईहरूले बाइबल र हिन्दूहरूले वेदलाई प्रमुख एवं मौलिक ग्रन्थ मान्छन्, त्यसरी नै बौद्धहरूले त्रिपिटकलाई मान्यता दिँदै आएतापनि अरूले झैं त्रिपिटकलाई देवरचित एवं स्वप्रमाणित भने मान्दैनन् । बुद्धको महापरिनिर्वाणपश्चात् उहाँको धर्मउपदेश–दर्शन तथा विनयलाई भविष्यसम्म निरन्तरता दिँदै लान, विकृति र असंयमपनलाई नियन्त्रणमा राख्न, तथागत शास्ताको सम्मान प्रदर्शन आदि गर्दैजाने सुभअभिप्रायले परिनिर्वाण वर्षभित्रै धर्मसंगायनाको

आयोजना (महाधिवेशन) भएअनुरूप नै “त्रिपिटक” को निर्माण तथा निरन्तरताको अवधारणा विकास भएको देखिन्छ। पालि (मागधी) भाषाको पिटक शब्दले टोकरी (डालो) अर्थात् नचुहिने भाँडोको संकेत गर्दछ भने मज्झिमनिकायअन्तर्गत सन्दक सुत्त र चङ्की सुत्तमा “**पिटकसम्पदायं**” शब्द उल्लेख भएअनुरूप धार्मिक वाङ्मयलाई इंगित गरेको छ जुनअनुरूप सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक अद्यावधि निरन्तररूपमा अगाडि बढेको देखिन्छ। विशाल पालि साहित्यको मौखिक पिटक साहित्य बुद्धकालीन समयदेखि नै निरन्तर अगाडि बढेको स्पष्ट छ। बुद्धको महापरिनिर्वाण वर्षदेखि ई.सं. १९५४-५६ मा बर्मामा सम्पन्न छैठौं धर्मसंगायनाअन्तर्गत महत्वपूर्ण ग्रन्थहरूलाई त्रिपिटकअन्तर्गत नै आबद्ध हुनेगरी गाभिएको पनि नदेखिएको होइन। वस्तुतः मौखिक पिटक साहित्यको रूपमा विस्तार हुने क्रमैसँगै बुद्धको महापरिनिर्वाणको १०० वर्षपछि सम्पन्न धर्मसंगायनामा विनयसम्बन्धी विवाद उठिसकेको, २३६ वर्षपछि अशोकको समयमा विभज्जवादी दृष्टिकोणबाट त्यसबेलासम्म स्पष्टतः अस्तित्वमा देखिएका १८ निकायहरूलाई समेट्ने तृतीय धर्मसंगायना सम्पन्न हुंदासम्म त्रिपिटक अलिखित मौखिक साहित्यिक परम्पराकै रूपमै आगाडि बढेको देखिन्छ। प्रथम शताब्दीमा श्रीलंकामा सम्पन्न चतुर्थ धर्मसंगायना हुँदा तिपिटकलाई ताडपत्रमा उत्कीर्ण गर्ने महान् कार्यपश्चात् नै त्रिपिटक पालि साहित्यको अस्तित्वको निरन्तरतासँगै अट्ठकथा साहित्य, टीका, अनुटीका देखापर्दै गए। बुद्धको महापरिनिर्वाणको ५०० वर्षको अन्तरालपछि मात्र लिपिबद्ध भएको त्रिपिटक बौद्ध साहित्यमा समस्त बुद्धवाणी मात्रै संग्रहित छ भन्न सकिँदैन तापनि त्रिपिटकबाहेक अन्य साहित्यलाई बुद्धका अनुयायीहरूले प्रधानता दिनसक्ने स्थिति पनि छैन भने त्रिपिटकलाई अलग राखेर बुद्ध र बुद्धधर्म एवं दर्शनको विधासँग नजिकिने अरू बलियो आधार पनि देखिँदैन। त्यसैले यसो भन्नु अत्युक्ति नहोला कि भाषा र भावको दृष्टिकोणले पालि वाङ्मय साहित्यबाट भन्दा अरू कुनै भाषा साहित्यबाट हामीलाई बुद्धको नजिक पुऱ्याउन सकिँदैन।

सूत्र, विनय र अभिधर्मको संग्रह, सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटकको समग्र रूप त्रिपिटक नै बौद्धहरूका सर्वाधिक प्रामाणिक बौद्ध साहित्य तथा बौद्ध वाङ्मय हो। थेरगाथाअनुसार (१०२७) त्रिपिटक

ग्रन्थमा ८४,००० धर्मशिक्षापद (धर्मस्कन्ध) छन्, जसमध्ये ८२,००० धर्मस्कन्ध स्वयं बुद्धले देशना गर्नुभएका हुन् भने बाँकी २,००० उनका शिष्य भिक्षुहरूका देशना हुन्। त्यसैले त्रिपिटकमा समाहित जुन धर्म दर्शन, उपदेशज्ञान उपलब्ध छन्, ती ज्ञानभन्दा बढी हामीलाई बुद्धको नजिक लाने ज्ञान अर्को हुँदैन भन्ने मान्यता रहीआएको छ। जहाँसम्म बुद्धको व्यक्तित्वको सवाल छ, बुद्धधर्म र दर्शनको प्रश्न छ, त्यसको सबैभन्दा सहज चिनारी अर्थात् परिचय भन्नु नै त्रिपिटक हो। समग्र पिटक वा त्रिपिटकमा बुद्धको महान् व्यक्तित्व, उहाँको जीवन–दर्शन, जीवनोपयोगी उपदेश, जीवन जिउने सम्यक् कलाले व्याप्त भइराखेका छन्। त्यसमा बुद्धको असीम, अद्‌भूत, आश्चर्यजनकका साथै कल्याणकारी धर्मगाथा, ब्रह्मकथा र बोधिकायारूपी उपदेशहरू त्रिपिटकमा अमूर्तरूपले सर्वत्र व्याप्त रहेका छन्। मज्झिमनिकायअन्तर्गत संक्षेपमा भन्नुपर्दा "दुःख र दुःखबाट मुक्ति" यही नै यथार्थतः त्रिपिटकको जीवनोपयोगी उपदेश हो भनिन्छ। त्रिपिटकको प्रथम लिपिबद्ध भएको ताड्पत्र वाङमय देख्न सकिएको छैन, तथापि पालि वाङमय त्रिपिटकको चालू परम्पराको निरन्तरता भने आश्र्चजनक नै मान्न सकिन्छ, किनभने पालि त्रिपिटकको लिपिकरणको प्रवाह अपरिवर्तित रूपमा चालु रह्यो, फैलावटमा एकरूपता देखियो भन्ने तथ्य अद्यावधि श्रीलंका, थाइल्याण्ड, म्यान्मार, लाओस, कम्बोडियाली लिपिका तिपिटक कुनै कुनै पाठभेद छोडेर अधिकांशतः सम्पूर्ण त्रिपिटक समानरूपमा सुरक्षित छन्। यी तथ्यगत कुरालाई अगाडि सारी पालि टेक्स्ट सोसाइटी, श्री नवनालन्दा देवनागरी पालि ग्रन्थमाला, विपश्यना विशोधन विन्याश अनुसन्धान केन्द्रले रोमानाइज गर्ने देवनागरीमा प्रकाशनमा ल्याउने अझ आजकल विविध क्षेत्रबाट CD ROM पनि प्रकाशनमा ल्याएका देखिन्छन्।

बुद्धभूमि राष्ट्र नेपालको सन्दर्भमा भन्नुपर्दा थेरवाद बुद्धशासनको पुनर्जागरणकालसँगै पालि साहित्यअन्तर्गत नेपालभाषा साहित्यमा अनुवाद, सम्पादन, लेखन, संक्षेपीकरण आदि विविध विधामा प्रकाशित पुस्तक/ग्रन्थमध्ये वज्रयानी बुद्धधर्मसम्बन्धी १०%, महायानीसम्बन्धी २७% तर थेरवादीसम्बन्धी ६३% प्रकाशनमा आएको देखिन्छ। (The Buddhist Literature in Nepal Bhasha, Dissertation by Bhikshu Bodhijnana, 2002 A.D.) हाल आएर अधिकांश नेपालीहरूले

बुझ्ने हुनाले प्रकाशन क्षेत्रमा नेपाली भाषाकै प्रचुरता देखिएको छ । त्यसो त धर्मलाई व्यापकता दिनुपर्ने अभिसोचले प्रेरित भई नेपाली भाषामै प्रकाशन बढी हुँदै जानु रचनात्मक दृष्टिले प्रभावकारी हुनसक्छ भने प्रचारप्रसारका लागि भाषिक पावन्दी हुनुहुन्न पनि । थेरवाद बुद्धशासनको पुनर्जागरणकालसँगै पालि साहित्यअन्तर्गत सूत्रपिटकका विभिन्न सूत्रहरू नेपालभाषामै अनुवादको शुरूवात हुन्छ, त्रिपितकअन्तर्गत सूत्रपिटकको खुद्दकनिकायअन्तर्गत धम्मपदको अनुवाद भएको ७७ वर्ष कटिसक्यो यानि की इतिहास हेर्दा भीमरथारोहणावस्थामा पुगिसकेको गौरवनीय इतिहास रहेको छ । धम्मपदबाट शुभारम्भ भएको पालि साहित्य नेपालभाषाका अनुवाद विधामा खुद्दकनिकायअन्तर्गत पटिसम्भिदामग्ग र अपदान बाहेक दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तरनिकाय (तिकनिपातसम्म) नेपालभाषामा पूर्णतः अनुवाद भइसकेका छन् । दीघनिकाय, मज्झिमनिकाय, धम्मपद, उदान, इतिवुत्तक, थेरीगाथा, अंगुत्तरनिकाय (पञ्चकनिपातसम्म) नेपाली भाषामा समेत प्रकाशित भैसकेका छन् । ७७ वर्षिय पालि साहित्यको अनुवादको इतिहासमा सूत्रपिटक करीब करीब नेपालभाषामा अनुवादित भइसकेका छन् भने विनयपिटक अन्तर्गत श्रामणेर विनय, भिक्षु प्रातिमोक्ष तथा भिक्षुणी प्रातिमोक्ष (अनु. भिक्षु ज्ञानपूणिक, उभयप्रातिमोक्ख पृष्ठ ३२६ बाहेक खास अरू अनुवाद हुन सकेका छैनन् भने अभिधर्मपिटकअन्तर्गत अभिधर्मार्थ संग्रह र अन्य परिचयात्मक अभिधर्मसम्बन्धी साना पुस्तकबाहेक अरू प्रकाशन हुन सकेका छैनन् । विनयसम्बन्धी नेपाली भाषामा प्रकाशन शून्य नै रहेको छ भने अभिधर्मसम्बन्धी प्रकाशनमा केही सुधार आएको देखिन्छ । नेपालमा त्रिपिटक पालि साहित्यिक ग्रन्थ अनुवाद विधामा आचार्य भिक्षु अमृतानन्द, दुण्डबहादुर ब्रज्राचार्य, धर्मरत्न शाक्य “त्रिशूली” अद्यावधि अग्रस्थानमै देखिन्छ ।

हाल ललितपुरस्थित वीरपूर्ण संग्रहालय एवं नेपालमा त्रिपिटक अनुवादकको नाउँबाट सुपरिचित व्यक्तित्व दुण्डबहादुर वज्राचार्य लगायतको सकृयतामा सम्पूर्ण त्रिपिटक नेपालभाषामा अनुवाद एवं प्रकाशन गर्न भिक्षु कोण्डन्यको संयोजकत्वमा त्रिपिटक अनुवाद मण्डल, नेपाल (Tripitaka Translation Board, Nepal) गठन भई कार्य अगाडि बढिरहेको छ ।

वास्तवमै त्रिपिटकपालि साहित्यको भण्डार व्यापाक-अपार नै छ ।

सर्वसाधणले पूर्णतः दिलचस्पी दिन नसक्ने हुनाले नै होला नेपालमा पनि त्रिपिटकपालि साहित्यको संक्षिप्त अध्ययनको पाटो शुरू भएको छ । श्रीलंका थाइल्याण्ड, म्यान्मारको अवस्थासँग शतप्रतिशत नै अन्तरता त्यसमा देखिएको छ कि उनीहरूकहाँ त्रिपिटक मूलग्रन्थको पूर्णतः अनुवाद कार्य सम्पन्नपश्चात् पालि साहित्यलाई संक्षिप्तमा लेख्नेकार्य भएका छन् भने यहाँ ठीक विपरीत ध्रुवियरूपमा मूलग्रन्थको अनुवाद सम्पन्न नहुँदै संक्षिप्त त्रिपिटक प्रकाशनमा ल्याउने कार्य भएको छ, उदत्त चित्तकै हिसाबले भएपनि यसको सुपरिणाम वा विपरिणाम प्रभावका बारे अहिल्यै निर्क्यौल गर्न नसकिएतापनि मूलग्रन्थको अनुवाद कार्यलाई निरन्तरता दिनुपर्ने कुरामा भने सबैको अभिमत एउटै हुनसक्छ ।

त्यो त म आफैले पनि बौद्ध वाङमय त्रिपिटकको परिचयअन्तर्गत बि.सं. २०५६ सालमा १५१ पृष्ठको "**संक्षिप्त दीघनिकाय र मज्झिमनिकाय**" नेपालभाषामा पुनर्लेखन गरी प्रकाशनमा ल्याएँ, तर त्यसपछि निरन्तरता दिन सकिएन । यसपछि वि.सं. २०५८ सालमा थाइल्याण्डका भिक्षु सुजीव पुञ्ञानुभावबाट रचित "**सम्पूर्ण बुद्धवचन त्रिपिटकया सार**" ७६१ पृष्ठमा भिक्षु सुमेधले नेपाल भाषामा अनुवाद गर्नुभई प्रकाशमा ल्याउनुभयो । हामीले यो पनि भुल्नु हुँदैन ७६१ पृष्ठको त्रिपिटक सार एउटै ग्रन्थ पनि दुण्डबहादुर वज्राचार्यद्वारा नेपाल भाषामा अनुवादित १,१९२ पृष्ठको संयुत्तनिकायभन्दा कम पृष्ठको छ । त्यसैले पालि साहित्यको विशालता बारे हामी अनुमान त किन नहोस् यस्को विशालताबारे चिन्तन गर्न सक्छौं । आज "**त्रिपिटक प्रवेश**" अति संक्षिप्त रूपमैं किन नहोस् मुमुक्षुक/जिज्ञासुहरूका लागि यो प्रकाशनले निश्चित रूपमा लाभ पुऱ्याउने देखिन्छ ।

बर्मेली विपश्वी साधक सयाजी ऊ. को लेद्वारा अति संक्षिप्तमा संग्रह गरिएको "Guide to Tipitak" पहिलो पटक सन् १९८५/८६ मा सम्पादन समिति, बर्मिज पिटक संघकै सम्पादनमा प्रकाशनमा ल्याइएको थियो । त्यसपछि सन् १९९१ मा मलेसियाको Siri Jayanti Buddhist Temple हुँदै मलेसियाकै Selangor Buddhist Vipassana Meditation Society र सन् २००२ मा The Corporate Body of Buddha Educational Foundation, Taiwan सम्म पुग्दा करीब १५,००० प्रति भन्दा बढी प्रकाशनमा आइसकेका छन् । सन् १९८५/८६

मा प्रकाशित “Guide to Tipitak” लाई नेपाली भाषामा रूपान्तरण गर्न वासुदेव देशार सफल हुनुभएको छ । उनको नेपाली संग्रह तथा अनुवाद “**त्रिपिटक प्रवेश**” तीनपटक गरी करिब चार घण्टामा पढ्न सकाएँ, बर्मावाटै प्रकाशित अंग्रेजी पुस्तक पनि पल्टाउँदै जाँदा वासुदेव देशारको शतप्रतिशत अनुवाद गर्नुभएको देखिएन त्यसपछि रूजु गर्दै हेर्दै गएँ पनि । झन्डै ७० % अंग्रेजी पृष्ठभूमिमैं पाइला टेकेर अनुवाद गर्नुभएको देखिएता पनि ३० प्रतिशत जति थपघट नै गरी संग्रह गर्ने कार्य गरिएको देखिन्छ । त्यसो त सूत्रपिटकअन्तर्गत नेपाल भाषामा सम्पन्न अनुवाद विधा उपलब्ध रहेर पनि संग्रहको समयमा खासै सहयोग लिएको देखिँदैन । वासुदेवजीले छाँटकाँट गरिएको ठाउँमा अलिकति मेहनत गरिदिएको भए पाठकवर्ग बढी लाभान्वित हुने थिए, सम्भवतः पृष्ठ ज्यादा नबढाउने तथा प्रकाशन गर्नमैं हतारिएको हुँदा नै सायद उनले चाहेर पनि सक्दो मेहनत गर्न नसकिएको अस्वाभाविक लाग्दैन । त्यसो त प्रकाशक दाताको मन राख्नुपर्ने भएकोले प्रकाशन कार्यमा हतारिएको ज्ञात हुन आएपनि अनुवाद तथा संग्रहको दौरानमा मूल पुस्तकबाट बाहिर नजाने हिसाब किताब समेटेको देखिन्छ भने अनुवादको धारा प्रवाहसँगै संक्षिप्ततालाई झन् बढी संक्षिप्त त छोटोलाई अलि बढि संग्रहित गर्न खोजिएको पनि यत्रतत्र देखिन्छ नै । तर मलाई सरसर्ती पढ्दै जाँदा भने यस कृति अति नै संक्षिप्त लाग्यो भने ३० प्रतिशत थपघट एवं आफ्नै पाराले प्रस्तुत गर्न सक्षम वासुदेवजीले अंग्रेजीलाई नै आधारस्तम्भ मानी त्यस्मा नभएका पक्षलाई समेटी अलि बढी समय दिएर, मिहिनत गरेको भए यस कृति प्राज्ञिक जगतमा समेत प्राज्ञिक पुस्तककै रूपमा प्रयोग हुनसक्ने मेरो ठम्याइ हो । त्यसो भनेर यसकृतिको अवमूल्यन गर्ने धृष्टता गरेको होइन परन्तु, परिमार्जन विधिमा अधिक महत्व थपिन गएको भए पाठकवर्ग अझ बढी लाभान्वित हुने आशावादी कुरा मात्र उठाएको हुँ ।

त्रिपिटक भन्ने वित्तिकै “सूत्रपिटक, विनयपिटक र अभिधर्मपिटक” गरी क्रमिक उच्चारण गरिने संस्कार व्याप्त रहेतापनि यस कृत्तिभित्र “विनयपिटक, सूत्रपिटक र अभिधर्मपिटक” गरी क्रमिकरूपमा संक्षेपीकरण गरिएको छ । असीम, अपार, व्यापक धर्मदर्शन तथा जीवनदर्शनलाई भरीपूर्ण साहित्यरूपी धर्मभण्डार खानी त्रिपिटकलाई सुत्त, विनय र अभिधम्म गरी त्रिपिटकमा संगालिएको छ । दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय,

अंगुत्तरनिकाय र खुद्दकनिकाय (यसभित्र समाहित छन् - खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातकपाली, निद्देसपालि, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंस, चरियापिटक) गरी पाँच निकाय वा शास्त्रमा सुत्तपिटकलाई विभक्त गरिएका छन्। यसरी नै सुत्तविभङ्गअन्तर्गत पाराजिका पालि र पाचित्तिय पालि, खन्धक विभङ्गअन्तर्गत महावग्गवालि, चूलवग्गपालि र परिवारपालिमा विनयपिटकलाई विभक्त गरिएका छन् भने धम्मसङ्गणि, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु, यमक र पट्ठान गरी सात विभागमा अभिधम्मपिटकलाई विभत्त गरिएको छ। उपरोक्त उल्लेख ग्रन्थ-पुस्तकमध्ये सूत्रपिटकअन्तर्गत प्राय सबै नेपालभाषामा अनुदित भैसकेको भएर पनि अन्य पिटकसम्बन्धी अनुदित हुँदैजान समय कति पो लाग्ने हो यो भविष्यकै गर्भमा लुकेको छ। अपार धर्मदर्शनसम्बन्धी त्रिपिटकलाई यस कृतिभित्र १७६ पृष्ठमा सीमित गरी दश परिच्छेदमा विभाजन गरिएको छ।

यस कृतिको प्रथम परिच्छेद र दुतीय परिच्छेदभित्र सम्पूर्ण विनयपिटकसम्बन्धी जम्मा २१ पृष्ठमा अट्नेगरी विनयको अर्थ, परिभाषालाई ५ पृष्ठ, दुतीय परिच्छेदअन्तर्गत पाराजिका पालिबारे ४ पृष्ठ, पाचित्तियपालिलाई पनि ६ पृष्ठ, महावग्गपालि ३ पृष्ठ, चूलवग्गपालि ३ पृष्ठ, परिवारपालि आधा पृष्ठमा समेट्ने गरी प्रकाशित गरेको देखिन्छ। वस्तुतः विनयपिटक संयम-रूप र आज्ञा देशना (आणा देसना) युक्त शास्त्र हो। यसलाई मूलतः भिक्षु, भिक्षुणी संघ अर्थात् बौद्धसंघको संविधान, विधिविधान, विनयनियम हो। संघशासनलाई परन्तुसम्म व्यवस्थित प्रणालीमा आबद्ध गरी देशना गरिएको यस पिटकअन्तर्गत संघ व्यवस्था, संघको लागि विधान, उपसम्पदा विधि, वर्षावास, कथिन, देसना नियम, भिक्षु/भिक्षुणी तथा श्रामणेर विनय, संघसंचालन विधि, खाद्य र वासस्थान आदि प्रव्रजित जीवनसम्बन्धी नियमको व्यवस्थित प्रकृयागत नीतिनियम तथा के कति कारण र कुन परिस्थितिमा प्रतिपादन गरिनुपर्‍यो त्यसको वर्णन निदानकथासहित प्रस्तुती गरिएको संग्रह नै विनयपिटक हो। यो स्वयं परिपूर्ण ग्रन्थ हो, किन्तु यसको विषयवस्तुलाई सुत्त विभंग, खन्धक र परिवार गरी तीन भागमा बाँडिएका छन्। यस कृतिभित्र विनयनियमसम्बन्धी अति नै संक्षिप्तरूपमा परिचयात्मक स्वरूप पस्किएको देखिन्छ। विनयपिटकसम्बन्धी

प्रकाशित कृतिमध्ये उभयपातिमोक्ख (नेपालभाषा अनु. भिक्षु ज्ञानपूर्णिक), श्रामणेर विनय (श्रामणेर विवेकानन्द र धर्मरत्न शाक्य), सम्यक संस्कार (नेपालभाषामा भिक्षु सम्यक सम्बोधि प्राणपुत्र, सं. कोण्डन्य) पनि उपयोगी हुने देखिन्छ ।

धागोरूपी (बुद्धवचन) ग्रन्थ परम्परालाई सुत्तपिटक भनिएको हो । आचार्य बुद्धघोषले अट्ठसालिनीको निदानकथामा "परियत्ति" वा "परम्परा" लाई एक पुस्तकबाट अर्को पुस्तकसम्म डोऱ्याउँदै अघि बढाउने कार्य नै "सुत्त" हो भनिएको छ । सुत्तको संस्कृत रूप सूत्र हो । संस्कृत बुद्धधर्म परम्परा आचार्य असङ्गले ईश्वी चतुर्थ शताब्दीको मानिने महायान सूत्रालंकारमा "**सूचनात् सूत्रम**" को रूपमा "सूत्र" शब्दको ब्यूत्पत्ति गरेका छन् । त्यसैले आचार्य असङ्गका अनुसार सूचना प्रवाहित गर्ने हेतुले नै सूत्रलाई 'सुत्त' भनिएको हो । बुद्धले आफ्नो जीवनकालमा ४५ वर्षीय निरन्तर धर्मप्रचारको चर्यामा के के उपदेश दिए, जीवन र जगतसम्बन्धी व्यक्त गरेका भावना, विचार, जीवनदर्शन, धर्मदर्शन, भेटेका महत्वपूर्ण व्यक्तिहरू, भ्रमण गरेका उल्लेख्य स्थान, शिष्य भिक्षुहरूकै सम्मिलित उपदेशयुक्त विभिन्न घटना, परिघटनाको संग्रह नै सूत्रपिटक हो । यसभित्र बुद्धचर्या; बुद्धोपदेश र बुद्धकै शिष्यहरूका उपदेशबाहेक छैठौं/पाँचौं इशापूर्वकालको बुद्धकालीन भूगोल र सामाजिक जीवन थाहापाउने थुप्रै आधारहरू रहेका छन् । बुद्धका समकालीन श्रमण-ब्राह्मण, साधारण जनजीवनबीच प्रचलित उद्योग व्यवसाय, तत्कालीन मनोरञ्जन साधन, कला र विज्ञान, ब्राह्मणहरूका धार्मिक सिद्धान्त, जातिवाद, वर्णवाद, यज्ञवाद, तत्कालीन राजनैतिक परिस्थिति, जनपद र नगर एवं ग्राम आदि स्थानहरूका विवरण र त्यससित सम्बन्धित जनजीवन, सामाजिक स्थिति, साहित्य र ज्ञानको अवस्था, कृषि र वाणिज्य व्यवस्था, तत्कालीन जीवनको नैतिक स्तर, नारी र दास-दासीहरूको अवस्था, भिक्षु-भिक्षुणीहरूको संघीय जीवनपद्धति आदि समेटिएका छन् ।

बुद्धद्वारा शुरूवातमा दान, शील, सदाचार, प्रशंसा, दुराचार, निन्दा आदि सामान्य प्रवचन हुने, पछि विस्तारै "बुद्धानं सामुक्कंसिका धम्मदेसना" (बुद्धत्वलाई जागृत गराउने आदेशना) हुने, जसभित्र चारआर्यसत्य वा आर्यअष्टाङ्गिक मार्ग, प्रतीत्यसमुत्पाद (कार्यकारण सिद्धान्त) आदि गंभीर धर्मोपदेशसमाहित गरिंदै लाने स्तरीय सुत्तपिटकको उपदेश शैली हेर्दा बुद्धको

उपदेश दिने शैली आफ्नै महत्ता र विशेषताले उच्च रहेकै देखिन्छ । त्यसो त भाषाशैली भने कुनै निश्चित रूप आकारको देखिंदैन । कुनै धेरै लामो, अलि लामो त कुनै कुनै छोटो, कुनै गद्यमय छन् त कुनै पद्यमय, कुनै सम्पूर्ण रूपमै गद्यमय भएर पनि बीचबीचमा पद्यमय भएको पाइन्छ । भाषागत शैली एकनासको नभई मिश्रितमा देखिने सूत्रपिटकका प्रत्येक सूत्रको शुरूवातमा ऐतिहासिक भूमिकामा आधारित हुने कुरा "**एवं मे सुत्तं एकं समयं भगवा**......." अर्थात् "**मैले यस्तो सुनें एक समय भगवान्**......." भन्ने वाक्यांशबाट सूत्र थालनी भएको देखिन्छ भने सूत्रको अन्त्यमा श्रवणार्थीहरूको कृतज्ञतापूर्ण निम्न उल्लेखितझैं उद्गार व्यक्त गरेका ज्ञात हुन्छ- "आश्चर्य भो गौतम ! धन्य सुगत ! जसरी कोल्टो परेकोलाई सुल्टो पारिदिँदा, छोपिइरहेकोलाई उघारिदिँदा, बाटो बिराएकोलाई बाटो देखाइदिँदा, अँध्यारो ठाउँमा दियो (तेलको बत्ति) बालिदिँदा, आँखा भएकोले रूपादि वस्तु राम्ररी देख्न थाल्दछ, त्यसरी नै तपाईले मलाई अनेक प्रकारको धर्म प्रकाशित गरिदिनुभयो । अब म भगवान्को शरणमा, धर्मको शरणमा, संघको शरणमा आउँछु । आजदेखि मलाई जन्मभर शरणमा आएको उपासक/उपासिका भनी शरणमा लिनुहोस् ।"

प्रस्तुत प्रकाशित कृतिमा सूत्रपिटकअन्तर्गत ग्रन्थहरूका बारे परिच्छेद ३ मा ३ पृष्ठमै परिचयात्मक कुराहरू समावेश गरिएको छ भने परिच्छेद ४ मा ३ वटा वर्गमा वर्ग भेद गरी ३४ वटा सूत्रहरूको संगालो दीघनिकायलाई १९ पृष्ठमा समेट्ने कार्य गरिएको छ । ब्रह्मजालसूत्र, महापरित्राण सूत्रलाई १/१ पृष्ठमा संक्षिप्त पारिएको छ भने पोट्ठपाद सूत्रलाई आधा पृष्ठमा समेटिएको छ; जबकि नेपालभाषा र नेपाली भाषामा दुण्डबहादुर वज्राचार्यबाट अनुदित दीघनिकाय ५०० पृष्ठभन्दा बढीमा संकलित छन् भने यस कृतिभित्र कुन हदसम्म संक्षेपीकरण गरिएको छ स्वतः स्पष्ट नै छ । अंग्रेजी कृति अध्ययन गर्दा यस नेपाली कृतिभित्र संक्षिप्तलाई अझ बढी संक्षिप्त गरिएको आभाष मिल्दछ भने फरक प्रस्तुतिमा नेपाली कारक वासुदेवले प्रकाशित दीघनिकायको भूमिकामा उल्लेखित संक्षेपीकरणलाई समेत प्रयोग गरेको देखिनु राम्रो पक्ष मान्न सकिन्छ ।

त्रिपिटकमा सर्वोच्च स्थानको ग्रन्थ भनी कहलिएको ग्रन्थ-मज्झिमनिकाय हो । यसभित्र बुद्धको जन्म, महाभिनिष्क्रमण (गृहत्याग),

साधना-ध्यान, बुद्धत्वप्राप्ति, धर्मचक्र प्रवर्त्तन सूत्र (प्रथम धर्मदेशना) को मूल प्रामाणिक श्रोत उल्लेख गरिएको छ। बुद्ध-दर्शनमा कठिन अनात्मवाद र अनाशक्तवाद, मनको मयल (चित्त मल) हटाउने संवर शिक्षा, शीलको व्यावहारिकता र यथार्थता, बुद्धको अंश-दायाद प्राप्त गर्ने शिक्षा, रागको छेदन (समाप्ति) गर्ने अशुभ भावना, द्वेष निर्मूल पार्ने उपाय मैत्री भावना, परपीडन स्वभाव हटाउने करूणा चित्त, प्रतिहिंसा हटाउने उपेक्षा-भावना, वर्तमान जीवनको महत्व, चतुआर्यसत्य, प्रतीत्यसमुत्पाद दर्शन, निर्वाण (शून्यता) आदिका बारेमा यस मज्झिमनिकायभित्र राम्रा राम्रा दृष्टान्तहरू, अतीत कथा तथा उपमाउपमेयीहरू यत्रतत्र छरिएर रहेकालाई समेटिएको भेट्टाउन सकिन्छ। बुद्धकालीन राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक पक्षका बारे जिज्ञासा हुने (ज्ञानका पिपासु) सम्पूर्ण पाठकवर्गका लागि मज्झिमनिकायले ठूलो सघाउ पुऱ्याउने कुरा अध्ययनपश्चात् ज्ञात हुन्छ । भारतमा बुद्धधर्मका पुनः उद्धारकमध्ये एक मानिनुहुने महापण्डित राहुल सांस्कृत्यायनले "मज्झिमनिकाय" लाई बुद्धवचनामृत भनी परिभाषित गरेका छन् भने यस निकाय बारे यसो पनि भन्ने गरेको पाइन्छ कि- "त्रिपिटक र बौद्ध साहित्य भण्डारमा सबै नष्ट भएर गएपनि मज्झिमनिकाय एउटा मात्र सुरक्षित रहीरहेमा पनि बुद्धको व्यक्तित्व, बुद्धद्वारा प्रतिपादित धर्मदर्शन (कृतित्व) तथा शिक्षाको तत्वलाई जान्न-बुझ्न प्रेरणाश्रोत(पुञ्ज)को प्रतिबिम्ब भएर रहने हुन्छ।" त्यसैले होला यस महत्वपूर्ण मज्झिमनिकायलाई प्रस्तुत कृतिभित्र सबैभन्दा बढी स्थान दिई ५२ पृष्ठमा समेट्ने प्रयास भएको छ। जबकि मूलपण्णासक, मज्झिमपण्णासक र उपरिपण्णासक गरी क्रमशः ५०, ५० र ५२ वटा सूत्रगरी जम्मा १५२ वटा सूत्रहरू रहेका छन् भने दुण्डबहादुर वज्राचार्यद्वारा नेपालभाषामा अनुदित मूल ग्रन्थलाई ८३६ पृष्ठमा समेटिएको छ।

परिच्छेद ५ मा मज्झिमनिकायको परिचय दिन यति कन्जुस्याँई गरेको देखिन्छ कि बस १० लाइन मात्र । १० औं सूत्रलाई अंग्रेजीमा महासतिपट्ठान लेखिएको भएतापनि नेपालीमा सतिपट्ठान मात्रै उल्लेख हुनु, यसमा चारस्मृतिको उल्लेख गरीकन पनि ती के के हुन् भन्ने नामसंकेत उल्लेख नहुनु साह्रै नै कन्जुस्याँई गरेको भान हुन्छ। यसरी नै चूलमालुंक्य सूत्रमा १० अव्याकृतको समेत उल्लेख गर्न कन्जुस्याँई गरिएको छ। अंग्रेजीको

अग्गिवच्छ सुत्तलाई अग्गिवच्छगोत्र सुत्त, महावच्छ सुत्तलाई महावच्छगोत्र सुत्त, महादेव सुत्तलाई मखादेव, महायमक वर्गलाई यमक वर्ग, सलायतन वर्गलाई अववाद वर्गको रूपमा परिणत गरिएको छ। अंग्रेजीमा अम्बलट्ठिकराहुलोवाद ६ हरफलाई १८ हरफ, पच्चत्तय सूत्र ३ हरफलाई १८ हरफ, कायगता सूत्र ४ हरफलाई २५ हरफ, महाकम्मविभङ्ग ४ हरफलाई १६ हरफमा नेपालीमा रूपान्तरण गरिँदा अवश्य पनि नेपाली कारकबाट थप्ने कार्य भएको छ। यसरी नै वासेट्ठ सुत्तमा जातिवादको खण्डनसँगै दीघनिकायमा उल्लेख गरिएकोमा वाशिष्ठ र भारद्वाजसम्बन्धी तेविज्ज सूत्र हेर्न अनुरोध गरिएको, अच्छरियअब्भुत सुत्तसँगै दीघनिकायको महापदान सूत्रसँग तुलना गरी तथागतले आफूसँग आश्चर्यलाग्दो अद्भूत शक्ति भएको स्पष्टोक्तिका बारेमा यस कृतिभित्र जुन उल्लेख गरिएको छ, त्यो अंग्रेजीमा उल्लेख भएको देखिँदैन। पण्णास मात्रै उल्लेख भएपनि नेपालीमा पण्णासक नै रूपान्तरण गरिएको छ भने मूलपालिमा झैं अंग्रेजीमा वर्ग विभाजनसँगै सूत्रको संख्या कायम गरी नेपालमा वर्ग अलग अलग गरिएपनि शुरूदेखि अन्तसम्म क्रमिकरूपमा सूत्रहरूको संख्या कायम गरिएको छ भने माथि दीघनिकायमा जस्तै नगरी नेपाली रूपान्तरणमा वर्गलाई मात्र शीर्षकीय रूपमा छुट्याइएको छ भने सूत्रलाई त्यसो नगरी सीधै अर्थ्याउने काम भएको देख्दा पृष्ठ नबढोस् भनेर वा समयको बचावट गरिएको देखिन्छ। यसरी नै शीर्षक, उपशीर्षक आदिमा अक्षरको आकारप्रकार एकनासले अगाडि बढेको पनि देखिन्न।

त्रिपिटकअन्तर्गत तेश्रो महत्वपूर्ण निकाय संयुक्तनिकाय हो। लामा-छोटा वा दीर्घ र मध्यम गरी विविध प्रकारका मिश्रित सूत्रहरू एकैठाउँमा आबद्ध गरी संग्रहित गरिएको अर्थमा नै संयुत्त अर्थात् संयुक्तनिकाय संज्ञा दिएको हो। "**सत्तसुत्तस्ससत्तसतद्वासट्ठि सुत्तसंगहो संयुत्तनिकायो**" भनी अट्ठसालिनी देवनागरी संस्करण १,९४२ मा उल्लेख भएअनुरूप ७,७६२ वटा सूत्रहरू समाहित निकाय भन्ने परम्परागत मान्यता रहीआएको छ। भिक्षु जगदीश काश्यपद्वारा सम्पादित पालि देवनागरी संस्करणमा २,९४१ वटा सूत्र-संख्या उल्लेखित छन् भने भिक्षु जगदीश काश्यप तथा भिक्षु धर्मरक्षितद्वारा हिन्दीमा अनूदित संयुत्तनिकाय पहिलो भागमा १,०६६ सूत्र तथा दोस्रो भागमा १,३६५ सूत्र गरी जम्मा २,४३१ सूत्रहरू उल्लेखित छन्।

यसरी नै “Pali Literature and Language” मा विद्वान गायकरले सबै सूत्रहरू गरी संयुत्तनिकायमा जम्मा २,८८९ मात्र सूत्र भएको मानेका छन् । यसरी नै राइस डेविड्स, विन्टर निट्स, राहुल सांकृत्यायन, लाहा, गायकर, मलल्शेखर आदि विद्वानहरूले संयुत्तनिकायमा ५६ वटा संयुत्तलाई नै मानेका छन् भने भिक्षु जगदीश काश्यप र भिक्षु धर्मरक्षितद्वारा हिन्दीमा अनूदित संयुक्तनिकायमा निदानसंयुत्त तथा सलायतन संयुत्तलाई क्रमशः अभिसमयसंयुत्त तथा वेदनासंयुत्तमा सम्मिलित गराई ५४ वटा संयुत्तहरूको मात्र उल्लेख गरेका विचारणीय पक्ष हुन् । पाचँवर्गमा विभक्त सगाथावर्गमा २७१ वटा, निदानवग्गमा २९६, खन्धवग्गमा ६९०, सलायतनवग्गमा ४३४ र महावग्गमा ८२५ वटा सूत्रहरू ५६ संयुक्तमा १,१९२ पृष्ठमा दुण्डबहादुर वज्राचार्यले नेपालभाषामा अनुवाद गर्नुभएको छ जब कि यस प्रकाशित पुस्तकभित्र छैठौं परिच्छेदमा ५ वटा वर्गलाई क्रमशः १०, ७, ६, ९, र ३ पृष्ठ गरी जम्मा ३१ पृष्ठमा संयुक्तनिकायलाई प्रस्तुत गरिएको छ ।

दीघनिकाय र मज्भिमनिकाय ग्रन्थहरूमा उल्लेखित उपदेशहरूकै भाव संयुक्तनिकायभित्र देख्न सकिन्छ । शैलीको दृष्टिले यस निकाय दीघ र मज्भिमको अपेक्षा अन्य विशेषता यस्मा पाईंदैनन् भन्ने एकथरी विद्वानको अभिमत रहेको छ । यस्मा प्रायजसो एउटै कुरालाई पटक पटक दोहोऱ्याउने अर्थात् पुनरूक्ति शैलीलाई अपनाइएको हुन्छ । यसभित्र अधिकांशतः संक्षिप्त गद्यमय/गद्यात्मक भाव नै छचल्किएका छन् भने काव्यात्मक अंश तथा लोक आख्यान पनि समाविष्ट गरिएका छन् । प्रस्तुत कृतिभित्र अंग्रेजी कृतिसँगै अनुवाद समानुपातिक रूपमा भएको देखिन्छ । निदानसंयुक्तभित्र प्रतीत्यसमुत्पादको पालि शब्दसँगै कोष्ठभित्र अंग्रेजी शब्द पनि प्रयोग भएका छन् । यसरी नै खन्धवर्गभित्र पनि “जराजीर्ण (frail), मनोभावनीय (who inspire meritorious thought), अववाद (to exhort), शरीर भनेको फूलजस्तो (fragile like an egg), त्यो मूर्खता हो (he is nothing but a foll)”, आदि नेपाली कारकले प्रस्तुत गरेका छन् । ब्राह्मण संयुक्तअन्तर्गत प्रसिद्ध कसिभारद्वाजको कथा तथा पुण्ण सुत्तको सूनापरान्त गाउँको कथात्मक प्रस्तुति सुन्दर ढंगबाट प्रस्तुत गरिएको छ ।

त्रिपिटकको चतुर्थ महत्वपूर्ण निकाय अंगुत्तरनिकाय हो । ११ वटा निपातअन्तर्गत १६९ विभिन्न वर्ग संख्यामा विभक्त छन् । प्रत्येक वर्गमा

अनेक सुत्तहरू घटीमा ७ वटा र बढीमा २६२ सूत्रहरू समाहित भएअनुरूप सम्पूर्णरूपमा २,३०८ सुत्तहरू रहेका छन् भने परम्परागत मान्यताअनुरूप ९,५५७ सुत्तहरू मान्ने गरिन्छ। त्यसैले अट्ठसालिनीको निदान कथामा आचार्य बुद्धघोषले "**नवसुत्तसहस्स-पंचसत-सत्तपण्णाससुत्तसंगहो अंगुत्तर-निकायो**" भनी उल्लेख गरेका छन् । निपातकै आधारमा बुद्धोपदेशलाई प्रस्तुत गरिने प्रणाली अपनाउने विधि यस निकायभित्र गरिएअनुसार, एकक निपातमा ती उपदेशहरू समाहित गरिएका छन् जुन अंक एकदेखि सरोकार/सम्बन्धित हुन्छ। जस्तै-एक धर्म के हो ? दुई त्याज्य कुरा के के हुन् ? तीन प्रकारका दुष्कृत्य (कायिक, वाचिक, मानसिक), तीन प्रकारका वेदना (सुख, दुःख, न सुख न दुःख), चतुआर्यसत्य, चार श्रामण्यफल, पञ्च उपादानक्खन्ध, पञ्चेन्द्रिय, छ अनुस्मृति-स्थान, छ आध्यात्मिक आयतन, सप्त बोध्यङ्ग, सप्त सत्पुरूषधर्म, आर्यअष्टाङ्गिक मार्ग, आठ विमोक्ष, नव तृष्णामूलक, नव सत्वावास, दस तथागत-बल, दस आर्यवास, निर्वाण प्राप्तिका ११ वटा उपाय आदि क्रमशः संख्यात्मक तवरमा उपदेशात्मक कथनलाई निरन्तरता दिइएको पाइन्छ । मानवजीवनलाई सही दिग्दर्शन गर्नेदेखि सामाजिक, आर्थिक, धार्मिक, नैतिक, आध्यात्मिक, पारमार्थिक आदि सबै विषय यस वाङ्मयले संगाल्न पुगेको छ भने धार्मिक जगतमा स्वतन्त्र चिन्तन र मननको जगतमा दिग्विजय स्वतन्त्र घोषणा-पत्रको रूपमा विश्वप्रसिद्ध दशसूत्रिय केसमुत्ति सूत्र अर्थात् कालाम सूत्र यसै निकायअन्तर्गत प्रसिद्ध सूत्र हो ।

प्रस्तुत कृतिको परिच्छेद ७ मा सम्पूर्ण अंगुत्तरनिकायलाई मात्र १८ पृष्ठमा समेटिएको छ, जब कि धर्मरत्न शाक्य 'त्रिशुली' द्वारा नेपालभाषामा अनुदित तथा सम्पादित अंगुत्तरनिकाय प्रथम भाग (एकक, दुक र तिकनिपातसम्म मात्र) ६४९ पृष्ठमा पालिभाषासहित प्रकाशित भएका छन् भने भिक्षु बोधिसेनद्वारा अनुदित अंगुत्तरनिकाय पनि प्रथम भागकै रूपमा (एकक, दुक र तिकनिपातसम्म मात्र) ३१३ पृष्ठमा प्रकाशित भएको छ। (अहिलेसम्म प्रकाशित ५ भाग) पहिलो प्रकाशित कृतिमा नेपाली कारकले पञ्चकनिपातको दोस्रो पण्णासकमा "सञ्ञावग्ग - मनमा .....( लुइकेगु)....." उल्लेख गरी नेपालभाषाको शब्दसमेत प्रयोग गरेका छन् भने नवकनिपातअन्तर्गत अर्हत्‌का लागि नौवटा वस्तुको आवश्यकतालाई

- “अविद्या, रीस, लोभ, वासना, द्वेष, मात्सर्य (ईर्ष्या), ईख, कृतघ्नता र meanness” उल्लेखसँगै दशकनिपातको अन्त्यमा अर्हत् भैसकेकाले १० धर्म पूर्ण गर्ने बारेमा सम्यक्दृष्टि/विचार/वचन/कर्मान्त/व्यायाम/आजीविका/स्मृति/समाधि/ज्ञान र विमुक्ति liberation भनी उल्लेख गरी सच्याइएको देखिन्छ ।

त्रिपिटकअन्तर्गत सूत्रपिटकको अन्तिम निकाय खुद्दकनिकायभित्र १५ वटा स-साना पुस्तकहरू समावेश गरिएका छन् । यस प्रकाशित कृतिमा सम्पूर्ण खुद्दकनिकायलाई परिच्छेद ८ मा १४ पृष्ठमै सीमित गरी संक्षिप्त बनाइएको आश्चर्य लाग्नसक्छ । खुद्दकपाठमा श्रामणेर प्रश्न, त्रिशरण, दश शिक्षापद, मंगल-रतन-तिरोकुट्ट-मैत्री सूत्र आदि विषयक पक्षलाई यस कृतिभित्र झण्डै दुईपृष्ठमा समेटेका छन् जब कि धर्मरत्न शाक्य 'त्रिशुली'द्वारा नेपालभाषा 'खुद्दकपाठ' ५४ पृष्ठ (सानो आकारमा) मा अनूदित भएका छन् । खुद्दकनिकायको दोश्रो पुस्तक “धम्मपद” हो । सम्पूर्ण “धम्मपद” भित्र २६ वटा वर्गहरू अन्तर्गत ४२३ वटा पालि गाथाहरू समाहित छन् । तथापि चिनीया भाषामा अनूदित धम्मपदमा ३९ अध्याय र ७५२ वटा गाथाहरू छन् । बौद्ध साहित्यका सर्वाधिक लोकप्रिय एवं सर्वाधिक भाषामा अनुदित कृति “धम्मपद” नै हो । ई.सं. १९३१ मई मै डा. इन्द्रमान वैद्यले पहिलोपटक नेपालभाषामा धम्मपदको अनुवाद गर्नुभएको थियो भने पछि ई.सं. १९४९ मा आचार्य भिक्षु अमृतानन्दले नेपालभाषामै नयाँ भाषानुवाद गर्नुभई पुनः ई.सं. १९५२ मा नेपालीमा उहाँले नै अनुवाद गर्नुभयो । बोधगम्य “धम्मपद”को लोकप्रियताकै आधारमा नेपाल भाषा र नेपाली भाषामा पद्यानुवाद समेत प्रकाशन भैसकेका छन् भने धम्मपदको पालि गाथा र अनुवाद आज हामीले थारू, तामाङ्ग र गुरूङ्ग भाषामा समेत अध्ययन गर्ने सुअवसर पाइसकेका छौं । नेपालमा बौद्ध प्रकाशन ग्रन्थमध्ये धम्मपद नै धेरै बार प्रकाशित कृति हो । धम्मपदभित्र मानवजीवनलाई सार्थकतातर्फ डोऱ्याउनका लागि उत्प्रेरणा मिल्ने गहन धर्म, दर्शन, व्यवहार, मन, अध्यात्म, चिन्तन, ध्यान, शान्ति आदि विषयमा सहज, सरल एवं मर्मस्पर्शी-हृदयस्पर्शी जीवनपयोगी उपेदशमूलक गाथासमाहित रहेका छन् । “धम्मपद” भित्र जतिबेला आचार्य बुद्धघोषको विद्वतापूर्ण दक्षताले गाथाअनुरूप सम्बन्धि कथा, स्थान विशेष, व्यक्ति विशेष, उद्देश्य र कारण,

वर्तमान तथा पूर्वजन्मको सम्बन्ध, श्रोतावर्गलाई परेको प्रभाव आदिलाई समेटेर अत्यन्त विस्तारपूर्वक लेख्ने साहसिक कार्य अर्थात् भाष्य लेख्ने जुन जमर्को भयो, त्यसपछि स्पष्टतः "धम्मपद", "धम्मपदट्ठकथा" मा परिणत भयो। विस्तारपूर्वक लेखिने भाष्य अर्थात् व्याख्यानलाई अट्ठकथाको रूपमा परिभाषित गरिन्छ। नेपालभाषामा पनि भिक्षु अनुरूद्ध महास्थविरले सम्पूर्ण धम्मपदट्ठकथा ७ भागमा अनुवाद गर्नुभएको छ। जहाँसम्म यस प्रकाशित कृति छ, यसभित्र धम्मपदलाई मात्र १६ लाइनमा सीमित पारिएको छ भने बरू अंग्रेजीमा डेढ पेजमै भएपनि राम्ररी पुष्ट्याई गरेको छ। अंग्रेजीभन्दा भिन्नै रूपमा प्रस्तुत गरिंदा नेपाली कारक वासुदेवले हतारमै छोट्याएको प्रष्ट हुन्छ।

खुद्दकनिकायको तेस्रो पुस्तक "उदान" हो, यसको पृष्ठभूमिमा बुद्धको श्रीमुखबाट प्रस्फुटित मैत्री करूणा मुदिताआदि अवस्थाको प्रीतिमय, संवेगमय र कल्याणकारी वचनहरू समाहित छन्। उदानलाई उदाहरणसहित ९ वटा साना अनुच्छेदमा लेखिएको अंग्रेजीमा देखिन्छ भने प्रस्तुत नेपाली कृतिभित्र मात्र १ अनुच्छेदमै सीमित गरी कन्जुस्याँई गरिएको छ। स-साना ८० वटा सूत्रहरू समाहित "उदान" नेपालभाषा र नेपालीभाषा दुवैको धर्मरत्न शाक्य "त्रिशुली" ले अनुवाद गर्नुभएको छ। खुद्दकनिकायको चौथौं पुस्तिका "इतिवुत्तक" मा नैतिकता र धर्मको प्रसंगमा बुद्ध र अरूहरूद्वारा यस्तो-उस्तो भन्नुभएको छ भन्ने कथनहरूलाई सूत्रका हिसाबले चारनिपातअन्तर्गत ११२ वटा सूत्र यसभित्र समाहित छन्। ११५ पृष्ठमा दुण्डबहादुर वज्राचार्यले "इतिवुत्तक" लाई नेपालभाषामा अनुवाद गर्नुभएको छ भने अर्जुन पाखीनले नेपाली भाषामा अनुवाद गर्नुभएको छ। "इतिवुत्तक" विषयमा थोरै भएपनि यस कृतिभित्र समेटिएको छ। खुद्दकनिकायको पाँचौ ग्रन्थ "सुत्तनिपात" धम्मपदजस्तै अत्यन्त महत्वपूर्ण ग्रन्थ हो, यद्यपि नेपालमा यसको लोकप्रियता कायम हुन र गर्न सकिएको छैन। बुद्धधर्म एवं बौद्ध साहित्यिक दृष्टिले यस ग्रन्थको अधिकतम महत्व रहेको देखिन्छ किनकि अशोकको भाब्रु शिलालेखमा यसै ग्रन्थका सूत्रहरू पनि उत्कीर्ण गरिएको पाइएको छ। ५ वर्गीय ७२ सूत्रको सुत्तनिपातलाई यस प्रकाशित कृतिभित्र मात्र १९ लाइनमा सीमित गरी प्रस्तुत गरिएको छ। अंग्रेजी संस्करणमा उदाहरण दिई सूत्रलाई कोष्ठभित्र प्रस्तुत गरिएकोलाई नेपालीमा रूपान्तरण

गरिँदा नेपाली कारकले कोष्ठ हटाई क्रमिकरूपमा सूत्रको नाम किटान गरेका छन् । पालि र नेपालभाषामा दुवै समेटी धर्मरत्न शाक्य 'त्रिशुली'ले अनुवाद गर्नुभएको "सुत्तनिपात" ३०९ पृष्ठमा प्रकाशित भएको छ । यस निपातकै "अत्तदण्ड सूत्र" लाई आधार मानी आचार्य धर्मानन्द कौशाम्बीले शाक्य र कोलीयहरूको विवादपछि सिद्धार्थको महाभिनिष्क्रमण भएको इस्यू उठाए भने त्यसलाई भिमराव अम्बेडकरले निरन्तरता दिन उर्जा प्रदान गरे ।

खुद्दकनिकायको छैठौं ग्रन्थ "विमानवत्थु" हो । यसमा ८५ देव आवास (विमान) को वर्णन सातवटा वर्गमा विभक्त गरिएको छ । सातौं ग्रन्थ "पेतवत्थु" हो, जसमा ५० जना प्रेतका बारे पेत, उरग, उब्बरी तथा धातुविवण्ण पेतवत्थु गरी ४ भागमा विभक्त गरिएका छन् । वास्तवमा यसले देवता र प्रेतहरूको जीवनचरित्रलाई प्रस्तुत गरी जनमानसमा कर्म र कर्मफल सिद्धान्तप्रति सजगताका लागि सुसूचित गरिराखेको अनुभूत हुन्छ । राम्रो कुशल कर्मको सम्पादनले स्वर्गीय, दैवीय आमोदप्रमोदको जीवन प्राप्ति हुने, नराम्रो अकुशल दुष्कर्मले परलोकपछि प्रेतयोनीमा उत्पन्न हुनेजस्ता सन्देश प्रवाहित गर्न विमानवत्थु र पेतवत्थुको प्रायोगिक महत्व देखिन्छ । यस प्रकाशित कृतिभित्र दुवै वत्थुलाई ३ पृष्ठमा समेटिएको छ भने विमानवत्थु मूलपालि नेपालभाषामा १७७ पृष्ठमा धर्मरत्न शाक्य 'त्रिशुली' तथा पेतवत्थुलाई १४४ पृष्ठमा भिक्षु बोधिसेनले अनुवाद गर्नुभएको छ । यसरी नै नेपालीमा प्रकाशित आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित बुद्धकालीन विमानवत्थु, बुद्धकालीन प्रेतकथा पाठकका लागि उपयोगी देखिन्छ। खुद्दकनिकायअन्तर्गत आठौं र नवौं ग्रन्थ थेरगाथा र थेरीगाथा हुन्। थेरगाथामा २६४ (**द्वेसत्ता सट्ठि चत्तारो च**) जना भिक्षुहरू तथा थेरगाथामा ७३ जना भिक्षुणीहरूको उद्‌गार एवं जीवनको करूण पक्षको अनुभूति प्रस्तुत गरिएको छ । थेरीगाथामा २१ निपात (वर्ग) मा १,२७९ पालि श्लोकगाथा छन् भने थेरगाथामा १६ निपातअन्तर्गत ५२२ गाथाहरू मात्रै छन् । वास्तवमा थेरगाथालाईभन्दा थेरीगाथालाई अधिक महत्वपूर्ण ग्रन्थ मानिन्छ। थेरगाथामा भिक्षुहरूको ध्यान प्रसङ्गसँगै अन्तरजगतको अनुभवजन्य बहुलता, सुरम्य प्राकृतिक वर्णन आदि उल्लेख छन् भने थेरीगाथामा भिक्षुणीहरूको आत्मियता, यथार्थवादिता, वैयक्तिक ध्वनि, जीवनको वास्तविकताप्रति अधिक पर्यवेक्षण, पुरूषप्रधानत्वमा नारीप्रति उँचनीचको भेद बारे उल्लेख गरिएका

छन् । थेरगाथा र थेरीगाथा दुबैलाई प्रस्तुत गर्न यस प्रकाशित पुस्तकमा दुई पेज पनि खर्चिएको देखिन्न । “थेरगाथा” लाई भिक्षु बोधिसेन तथा “थेरगाथा” लाई अनागारिका चन्द्रशीलाले नेपालभाषामा अनुवाद गर्नुभएको छ भने भिक्षु बोधिसेनले नै “थेरगाथा” नेपालीमा अनुवाद गर्नुभएको छ ।

खुद्दकनिकायको १० औं प्रसिद्ध ग्रन्थ जातकपालि हो, जसभित्र बुद्धका पूर्वजन्मसम्बन्धी बोधिसत्वचर्याकालीन जीवन चरित्र समाहित गरिएको छ । पारमिता धर्मचर्या पूर्ण गर्ने अवस्था, जात अर्थात् जन्मसम्बन्धी ग्रन्थ नै जातक हो । परम्पराअनुसार ५५० जातककथा हुनुपर्ने, समन्तपासादिकाको निदानकथा तथा अट्ठसालिनीको निदान कथामा उल्लेख्य “**पण्णासाधिकानि पञ्चजातकसतानि**” भएबाट स्पष्ट हुन्छ । तर जातकको वर्तमानरूपमा ५४७ जातककै मात्र उल्लेख भएका छन् । प्रत्येक जातक कथाको शुरूवात शैली “**अतीते बाराणसियं ब्रम्हदत्ते रज्जं कारेन्ते**.......**एकसमय राजा ब्रम्हदत्तले वाराणसीमा राज्य गरीरहँदा बोधिसत्व**........**को कुलमा जन्मभएको बेला**..........” यस्तै प्रकारको देखिन्छ । जातकसम्बन्धी भिक्षु अमृतानन्दको जातककथा, जातकमाला, विभिन्न ४ भागमा प्रकाशित जातक संग्रह, अनागारिका धम्मवतीको जातक बाखँ प्रकाशित भइसकेपछि मूल “जातकपालि” नेपालभाषामा प्रथम भाग ४६९ पृष्ठमा भिक्षु ज्ञानपूर्णिकले अनुवाद गर्नुभएको छ । (वि.सं. २०६९ मा सम्पूर्ण जातकपालि ६ भाग ने पाल भाषामा दुण्ड बहादुर बज्राचार्यले अनुवाद गर्नुभएको कृति प्रकाशित भइसकेको छ ।) तर जातकपालि बारे यस प्रकाशित कृतिमा १ पृष्ठमैं सीमित गरेको देखियो भने अर्को खुद्दकनिकायकै एघारौं महत्वपूर्ण ग्रन्थ निद्देशलाई पनि १ पृष्ठभन्दा बढीमा सीमित गर्ने कार्य भएको देखिन्छ । जब कि निद्देशअन्तर्गत महानिर्देश र चूलनिर्देशमध्येमा पनि चूलनिर्देशको नेपालभाषामा ३०३ पृष्ठमा अनागारिकाहरू अग्गञाणी र विमलाञाणीबाट अनुवाद भएका छन् । महानिद्देसलाई सुत्तनिपातकै खग्गविसाण सुत्त तथा परायण वग्ग (वत्थुगाथा बाहेक) को व्याख्यान मानिन्छ । यस हिसाबले निद्देसलाई सुत्तनिपातकै एक भागको अट्ठकथा मान्नेहरू पनि छन् । त्यसो त परम्परागत हिसाबले निद्देसलाई धर्मसेनापति सारिपुत्रको रचना पनि भन्ने गरिन्छ । धार्मिक इतिहासको दृष्टिले निद्देसका सूचनाहरू महत्वपूर्ण मानिन्छन् ।

खुद्दकनिकायको १२ औं र १३ औं ग्रन्थ "पटिसम्भिदामग्ग" र "अपदान" (अवदान) हो। आस्रव क्षीण भैसकेका अर्हत्हरूका प्रतिसंवित्सम्बन्धी ज्ञानको विवेचना "पटिसम्भिदामग्ग" भित्र गरिएका हुन्छन् । यस ग्रन्थको विषयवस्तु तथा शैली अभिधर्मपिटकसँग नजिकिएको मानिन्छ । अपदानमा ५४७ भिक्षु तथा ४० जना भिक्षुणीहरूको पूर्वजन्ममा भएका महान कृत्यको वर्णन, जातकमा जस्तै अतीतजन्मसम्बन्धी तथा वर्तमान (प्रत्युत्पन्न) जीवनसम्बन्धी थेर-अपदान तथा थेरी-अपदान ५९ वर्गमा विभक्त गरिएका छन् भने यसै ग्रन्थको शैलीबाट संस्कृतको अवदान साहित्य विकसित भएको मानिन्छ । प्रस्तुत प्रकाशित कृत्तिमा "पटिसम्भिदामग्ग र अपदान" गरी दुइटैलाई दुई पृष्ठमा पनि प्रकाश पार्न सकिएको देखिन्न। "पटिसम्भिदामग्ग" ग्रन्थ नेपालभाषामा समेत अद्यावधि अनुवाद भई प्रकाशन हुनसकेको छैन भने "अपदान" भिक्षु धर्ममूर्तिद्वारा ४७० पृष्ठमा नेपाल भाषामा अनुवाद प्रकाशित भएको छ। खुद्दकनिकायको १४ औं महत्वपूर्ण ग्रन्थ बुद्धवंस हो । दीपंकर बुद्धदेखि शाक्यमुनि गौतम बुद्धसम्म २५ जना बुद्धहरूका बारे २८ वटा परिच्छेदमा संग्रहित एक पद्यात्मक ग्रन्थ हो । बुद्धवंस नेपालभाषामा भुवनलाल प्रधानद्वारा १७७ पृष्ठमा अनुदित बुद्धवंस प्रकाशन भैसकेको छ भने यस प्रकाशित कृतिमा सम्पूर्ण बुद्धहरूको नामसमेत उल्लेख नगरी मात्र १४ हरफमा सीमित गरिएको छ । यद्यपि अंग्रेजीमा भने बुद्धहरूको इतिहास शीर्षक दिएरै अलि बढी प्रकाश पारिएको छ । खुद्दकनिकायको अन्तिम पन्ध्रौं ग्रन्थ हो – चरियापिटक । बोधिसत्व अर्थात् बुद्ध हुनका लागि उद्योगशील पारमितापूर्ण चर्या बारे संग्रहित चरियापिटकमा दान, शील, नैष्क्रम्य, अधिष्ठान, सत्य, मैत्री र उपेक्षा गरी ३५ जना बोधिसत्वको जीवनचर्या उल्लेख गरिएका छन् । तर दशपारमिताअनुसार प्रज्ञा, वीर्य र क्षान्ति पारमिता यसभित्र समाहित गरिएका छैनन् । धर्मरत्न शाक्य 'त्रिशुली'ले नेपालभाषामा अनुवाद गर्नुभएको चरियापिटक ६८ पृष्ठमा रहेको छ भने यस प्रकाशित कृतिमा पूर्णतः १ पृष्ठमा पनि समेटिएको देखिन्न ।

अंग्रेजीमा उल्लेख गरिएझैं नेत्ति र पेटकोपदेशसम्बन्धी नेपाली कारकले पनि अंग्रेजीमाझैं हुबहु बस चार हरफ कोर्नु भएको छ। यसपछि मिलिन्द प्रश्न पालि बारे अंग्रेजीमा १४ हरफ कोरिएकोलाई नेपालीकारक वासुदेवजीले दुई पृष्ठमा मिलिन्द प्रश्नको ऐतिहासिक पृष्ठभूमिलाई समेत

कोट्याई त्यसको महत्वमाथि प्रकाश पारेका छन् । सम्भवतः नेपाली कारक स्वयंको मिलिन्द प्रश्न संक्षिप्त परिचयसम्बन्धी सानो पुस्तिका प्रकाशमा आइसकेको र त्यसैबाट सदुपयोग गरी थप्ने कार्य गरेको देखिन्छ । त्यसो त यसबारे दुण्डबहादुर वज्राचार्यद्वारा नेपालभाषामा अनुदित मिलिन्द प्रश्नमा भिक्षु सुदर्शनको भूमिका लेखन बलियो अध्ययन श्रोत हुनसक्छ । नेपालीमा मिलिन्द प्रश्न मोतिकाजि शाक्य र भिक्षु शोभनले छुट्टाछुट्टै अनुवाद गरी प्रकाशमा ल्याइसकेका छन् ।

तिपिटकमा तेस्रो महत्वपूर्ण पिटक अभिधम्मपिटक वा अभिधर्मपिटक हो । अभिधर्मपिटकमा सातवटा ग्रन्थहरू छन्- धम्मसङ्गणि, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु, यमक र पट्ठान । अभिधर्मपिटक तत्वरूप वा उच्चतर परमार्थ-देशना (परमत्थ देसना) को शास्त्र हो । अभिधर्मलाई पूर्णतः दार्शनिक ग्रन्थको रूपमा परिभाषित गरिन्छ, जसभित्र चित्त, चेतसिक, रूप र निब्बाण वा मन र पदार्थका विभिन्न रूप र सिद्धान्त बारे चर्चा गरिराखेका हुन्छन् । त्यसैले सुत्तपिटकलाई अधिचित्त शिक्षा, विनयपिटकलाई अधिशील शिक्षा र अभिधम्मपिटकलाई अधिप्रज्ञा शिक्षानिहित शास्त्र मानिन्छ ।

अट्ठसालिनी, मनोरथपूरणी तथा विङ्ग-अट्ठकथाअनुसार भगवान् बुद्धले अभिधर्मको उपदेश सर्वप्रथम त्रायस्त्रिंश लोकमा आफ्नी माता मायादेवीलाई बताउनुभएको कथन प्रसिद्ध छ । यसै उपदेशलाई बुद्धले शिष्य धर्मसेनापति सारिपुत्रलाई बताउनुभएपछि सारिपुत्रले ५०० भिक्षुहरूलाई सिकाएअनुरूप स्वयं बुद्धकालमै भिक्षुहरू अभिधर्मका ज्ञाता थिए । तथापि अभिधर्मसम्बन्धी श्रोत, स्थान, समय, शैली रचनाकाल आदि बारे मतमतान्तरहरू थुप्रै छन् । कामावचर-भूमिको हिसाबले ५४, रूपावचरले १५, अरूपावचरले १२ र लोकोत्तर हिसाबले ८ गरी ८९ प्रकारका चित्त छन् भने विविध प्रकृयागत हिसाबले ८९ चित्तको व्याख्यान यसमा राम्ररी गरिएको छ ।

नेपालको सन्दर्भमा अभिधर्मसम्बन्धी प्रकाशन नितान्त कमै मात्रामा भएका छन् जसमध्ये पनि अद्यावधि अभिधर्मपिटकअन्तर्गत कुनै पनि ग्रन्थ सिंगो अनुवाद हुन सकिएको छैन । नालन्दा देवनागरी पालि ग्रन्थमालाको प्रकाशन तथा हालसालै विभिन्न भागमा प्रकाशित विपश्यना विशोधन विन्यबाट धम्म-गिरि-पालि ग्रन्थमालाअन्तर्गत धम्मसङ्गणि ३२७ पृष्ठ, विभङ्ग ५१२ पृष्ठ, धातुकथा र पुग्गलपञ्ञत्ति संयुत्त गरेर १८७ पृष्ठ, कथावत्थु

५०६ पृष्ठ, यमक ३ भागमा क्रमशः ३८६, ४११, ४८६ पृष्ठ, पट्ठान ५ भागमा क्रमशः ५२९, ५७६, ७४४, ७८६, ४९७ पृष्ठ गरी मूल संग्रह मात्रै ५,९४८ पृष्ठ प्रकाशन आइसकेको छ । सम्भवतः चित्त, चेतसिक, रूप र निवार्णसम्बन्धी गहन पिटक भएर नै सायद यस्को अनुवाद हिन्दीमा समेत कमैमात्र देखिन्छ भने नेपालमा अभिधर्ममा प्रवेश गर्नका लागि न्यूनरूपमा सहायक पुस्तकहरू प्रकाशनमा आएको देखिन्छ । नेपालभाषामा भिक्षु ज्ञानपूर्णिकको ५४४ पृष्ठको अभिधर्मार्थ संग्रह तथा भिक्षु बुद्धघोषको ३८० पृष्ठको अभिधर्म संग्रह नै नेपालमा अभिधर्मसम्बन्धी अनुदित सबैभन्दा ठूलो पुस्तक हो । नेपालभाषामा अभिधर्मसम्बन्धी लेखन-अनुवाद विधामा भिक्षु प्रज्ञानन्द, भिक्षु बुद्धघोष, भिक्षु ज्ञानपूर्णिक, अनागारिका धम्मवती, ईन्द्रनारायण मानन्धर, आर.बि.बन्द्य, महेन्द्ररत्न शाक्य अगाडि देखिन्छन् । एन.भि गोरकमका ३१५ पृष्ठको "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग", अभिधम्म समाजबाट प्रकाशित ३८८ पृष्ठको "अभिधम्म स्मारिका" पनि उपयोगी सावित भएको छ । (भिक्षु धर्मगुप्त महास्थविरद्वारा नेपाल भाषामा अनूदित "पुग्गलपञ्ञति" प्रकाशित भइसकेको छ । तीर्थरत्न शाक्यले नेपालीमा रूपान्तरण गर्नुभएको प्रकाशित भइसकेको छ । यसरी नै पालि र नेपाली भाषामा ९४ पृष्ठको अभिधर्मार्थ संग्रह भिक्षु धर्मगुप्तको अनूदित कृति प्रकाशित भएको छ ।)

यस प्रकाशित कृतिभित्र सम्पूर्ण अभिधर्मलाई मात्र १८ पृष्ठमा समेटिएको मध्येमा पनि परिच्छेद ९ अन्तर्गत ४ पृष्ठमा अभिधर्मको अर्थ र परिचय एवं ऐतिहासिकता प्रकाश पारिएको छ । अंग्रेजीमा धम्मसङ्गणिलाई राम्रो प्रस्तुति गरिएपनि १० औं परिच्छेदमा यस नेपाली कृतिभित्र त्यति स्पष्ट प्रस्तुत गर्न सकेको छैन । सायद अभिधर्म स्मारिकाको सहयोग लिई संक्षिप्त रूपमा प्रस्तुत गर्दा कठिन हुन गएको पो हो कि ! अभिधर्मको पहिलो तथा सर्वाधिक महत्वपूर्ण ग्रन्थ धम्मसङ्गणिमा मानिसक तथा भौतिक जगतको अवस्था संकलन गरिएको छ । आन्तरिक र बाह्यजगतको नैतिक व्याख्या गर्ने क्रममा शुभ, अशुभ वा कुशल, अकुशल तथा अव्याकृत धर्म वा स्वभावलाई प्रयोग गरेका हुन्छन् । यसभित्र बौद्ध नीतिवादलाई मनोवैज्ञानिक रूपले व्याख्या गरिएका छन् । दोस्रो महत्वपूर्ण ग्रन्थ "विभङ्ग"लाई २ पृष्ठमा अंग्रेजीमाभन्दा राम्रो प्रस्तुत गरिएको छ । विस्तृतरूपले १८ भागमा विभङ्ग

विभाजन वा विवरण दिई प्रस्तुत गरिनु नै विभङ्ग हो । खन्धविभङ्गदेखि धम्म-हदय-विभङ्गसम्म १८ वटा विभङ्ग छन् । तेस्रो महत्वपूर्ण ग्रन्थ धातुकथा हो । विभङ्गकै १८ धातुमध्ये स्कन्ध, आयतन र धातुलाई विशेष प्रकारले धातुकथामा अध्ययन गरी तिनीहरूको धर्मसँग सम्बन्ध कसरी अगाडि बढिरहेको हुन्छ भन्ने प्रस्ट्याइएको छ । धातुकथालाई यस प्रकाशित कृतिमा अंग्रेजीमाभन्दा ३ गुणा बढी प्रस्तुत गरिएको हेर्दा स्पष्ट हुनेगरी प्रस्तुत गरिएको छ । चौथौं महत्वपूर्ण ग्रन्थ हो पुग्गलपञ्ञत्ति अर्थात् पुद्गल-प्रज्ञप्ति, यस शब्दैबाटै कुनै पनि व्यक्तिसम्बन्धी ज्ञान वा उनको परिचायक पहिचान भन्ने भाव झल्किन्छ । मानिसको स्वभाव, गुणधर्म बारे विभिन्न रूपमा वर्गीकरण गरिएको यस ग्रन्थलाई छोटो रूपमा बुझाउने प्रयास गरिएको छ ।

अभिधर्मको पाचौं ग्रन्थ “कथावत्थु” लाई महत्वपूर्ण मानिन्छ र बुद्धको महापरिनिवार्ण पश्चात् ईशापूर्व तेस्रो शताब्दीतिर अशोकका समयमा देखिएको १८ वटा सम्प्रदायमध्ये एक थेरवाद-स्थविरलाई मात्र मूल बुद्धधर्म मानी मोग्गलिपुत्ततिस्स थेरले दार्शनिक सिद्धान्त खण्डन गरी “कथावत्थु-प्रकरण” तय गरेपछि त्यही नै अभिधर्ममा “कथावत्थु” को अंगका रूपमा विकास भएको मानिन्छ । कथावत्थुभित्र २३ अध्यायमा २१६ वटा विरोधी सम्प्रदायका सिद्धान्तको खण्डन गरिएको हुन्छ । बुद्धधर्मको विकासक्रममा देखिएको सम्प्रदाय एवं अशोककालीन दार्शनिक मान्यतासम्बन्धी अध्ययनका लागि महत्वपूर्ण कथावत्थुलाई यस प्रकाशित कृतिमा झण्डै ३ पृष्ठमा प्रस्तुत गर्ने जमर्को गरिएको छ जब कि अंग्रेजीमा १ पृष्ठमात्र छ । अभिधर्मको छैठौं ग्रन्थ “यमक” हो, यसभित्र जोडी यानि समानार्थी भावका कुराहरू समेटिएका हुन्छन् । मूल यमकदेखि इन्द्रिय यमकसम्म १० यमक छन् भने अभिधर्मको अन्तिम तथा प्रकाशनको हिसाबले मोटो तथा भारी ग्रन्थ पच्चय+ठान “पट्ठान” हो । नामरूप धर्म, चित्त, चेतसिक, रूप र निवार्णको हिसाबले पट्ठानको अति नै महत्वपूर्ण भूमिका रहेको छ । प्रतीत्यसमुत्पादको व्याख्यान, अभिधर्म दर्शनसम्बन्धी ज्ञान बारे हेतु, आलम्बन, अधिपति, अनन्तर, समनन्तर, सहजात, अन्योलता, निश्रय, उपनिश्रय, पूर्वजात, पश्चात्जात, आसेवन, कर्म, विपाक, आहार, इन्द्रिय, ध्यान, मार्ग, सम्प्रयुक्त, विप्रयुक्त, आस्ति, नास्ति, विगत र अविगत प्रत्यय गरी जम्मा २४ वटा

प्रत्ययहरूको दार्शनिक विवेचना "पट्ठान" ग्रन्थमा राम्ररी गरिएको छ । यस प्रकाशित कृतिमा पट्ठानबारे खासै स्पष्ट पारिएको छैन यद्यपि अंग्रेजीमा स्पष्ट छ ।

जे जसरी होस् सरसर्ती सरल भाषामा प्रस्तुत गरिएको प्रकाशित यस कृति "त्रिपिटक प्रवेश" लाई समीक्षा गर्ने औपचारिकता निभाएँ, यसबारे भविष्यमा पुनः कलम चलाउने मानसिकता छ ताकि अझै राम्ररी परिमार्जन गर्न सकिने हुन्छ परिणामतः पाठकवृन्द लाभान्वित हुनेछन् । वासुदेव देशारको शासनिक प्रयाससँगै प्रकाशन हुने यो कृतिलाई मन्दिर बनाउन सकेपछि गजुर हाल्नेझैं मेरो समीक्षात्मक कार्य धेरैलाई त्यस्तै लाग्न सक्लान् तर जे होस् कम से कम समीक्षा गर्न मैले पनि केही चर्या गर्न पाएँ यसैमा म सन्तुष्ट छु, तर आफ्नो प्रस्तुतिलाई सहज ढंगबाट प्रस्तुत गर्न नसकिएझैं असहजताको महसूस पनि भएकै छ ।

अन्तमा, विशेषतः नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय कार्यालयमा सहायककर्मी भएर पनि फुट्कर पुस्तक-पुस्तिका निरन्तर प्रकाशन गर्ने जमर्कोमा जुटेका वासुदेव देशारले लेखन क्षेत्र, परियत्ति शासनिक क्षेत्रमा आफूलाई समर्पित गर्दै अझ अगाडि बढी निरन्तर छाइरहन सकून्, प्रकाशक दाताले पनि धर्मप्रति अनुभूति प्राप्त गर्दै जान सकून्, दुवैलाई बुद्धशासनिक चर्याका लागि सुस्वास्थ्य, उत्तरोत्तर उन्नति, प्रगतिको सुभाशिष प्रदान गर्दै पुनः सम्बन्धित पक्ष सबैलाई साधुवाद व्यक्त गर्दै यस्तै संग्रहनीय, पठनीय कृति एकपछि अर्को गर्दै मालाझैं उनिदै जान सकून् भन्ने मैत्रीयुक्त शुभकामना छ ।

"चिरं तिट्ठतु सद्धम्मो ।"

**– कोण्डन्य**

बुद्ध विहार, भृकुटीमण्डप

२४ जेष्ठ, बु.सं. २५५०

वि.सं. २०६३, पहिलो संस्करण

वि.सं. २०७०, दोस्रो संस्करण

# साधुवादका केही शब्दहरू

ललितपुर थसिखेल निवासी ज्ञानदर्शन उपासक र शर्मिष्ठा उपासिका एकदिन विहारमा आउने सिलसिलामा बासुदेव देसारले अनुवाद गरिराखेको र बुबा दुर्गादास रंजितले प्रकाशन गरिराखेको त्रिपिटक प्रवेश पुस्तक विद्यार्थीहरूबाट माग भइराखेकोले पुनः छाप्न पाए हुन्थ्यो भन्ने कुरा व्यक्त गरे । उहाँहरूले पुस्तक प्रकाशन गर्ने कुरा राख्नु भएतापनि परियत्ति परीक्षा व्यवस्थापनमा सहयोग गरिरहेकोले उहाँहरूको पुस्तक प्रकाशन गर्ने श्रद्धाको कुरा जापानमा अध्ययनको लागि गइराख्नु भएका अनुवादक बासुदेव देसारलाई तुरन्तै सुनाउन सकेन । पछि प्रकाशक परिवारले व्यक्त गरेका कुरा सम्झेर १९ फरवरी २०१३ मा फेसबुकमा मेसेज पठाइदिएँ । उहाँ जापानमा भएकोले र विहारमा उक्त पुस्तक उपलब्ध पनि नभएकोले ललिता, सति धाख्वाहरूसंग उक्त पुस्तक लिई भिक्षु बुद्धपियो, श्रामणेर भावितो र श्रामणेर पुञ्ञवन्तोहरूलाई टाइपकोलागि जिम्मादिएँ । क्लेज, क्याम्पसमा अध्ययन गर्दैरहेका उहाँहरूलाई फुर्सतको समयमा त्रिपिटक ग्रन्थ अध्ययन गर्न दिने उद्देश्य पनि भएकोले र नेपाली टाइप सिक्ने अभ्यास भएमा पुस्तक र लेख टाइप गर्नमा सक्षम भइ परियत्ति, विहार, शिक्षालयको व्यवस्थामा अझ बढी सहयोग गर्न सकी बुद्धशासनको क्रियाकलापमा सहयोग गर्ने जनशक्तिहरु वृद्धि होस भन्ने चाहना पनि रहेको थियो ।

भिक्षु बुद्धपियोले परिच्छेद ७ देखि अन्तिम परिच्छेदसम्म तथा श्रामणेरहरु भावितो र पुञ्ञवन्तोले भूमिका, विषयसूची टाइप गरी सहयोग गर्नुभयो । भिक्षु बुद्धपियो धापाखेल बुद्ध विहारबाट आयोजित बौद्ध चारधाम यात्राको क्रममा लुम्बिनी र भारतको विभिन्न ठाउँ जानु भएको बेला आफूले जिम्मा लिइराखेको टाइप गर्ने अंश बौद्ध शान्ति विहार, बुलुमा परियत्ति शिक्षणमा सहयोग गर्दै आउनु भएकी जयन्ती महर्जनलाई सुम्पेर जानुभयो । जयन्ती महर्जनले पनि अफिसमा आफनो जिम्मेवारी वहन गर्दै फुर्सतको समयमा यो पुस्तकको परिच्छेद १ देखि ६ परिच्छेदसम्म टाइपमा सहयोग गरिन । भिक्षु बुद्धपियो चारधामबाट फर्केर आइसकेपछि फेरी कार्यमा निरन्तरता दिंदै टाइप सिध्याउनु भयो ।

यसरी त्रिपिटक पुनःप्रकाशन गर्न टाइप पूरा सिद्धिएपछि आफूले नै प्रुफ पढी त्रिपिटकबारे थप बहुश्रुत लिने विचार गरेको थिएँ । परियत्तिको परीक्षा

व्यवस्थामा समय दिनु परेकोले आफूले सहयोग गर्ने समय नभ्याएकोले श्रीलंकामा अध्ययन गरी फर्कनु भएका भिक्षु पदुमले पुस्तकलाई प्रेसमा दिन सकिने गरी कम्प्यूटर सेटिङ्गको साथै प्रुफ पनि पढी पुस्तक प्रकाशनको अन्तसम्म पनि सहयोग गर्नुभयो । उहाँले प्रुफ पढने काममा श्रामणेरहरु भाविता, पुञ्ञवन्तो, विमलो र सज्जनोहरूको साथ लिनु भई श्रामणेरहरूलाई पनि त्रिपिटकलाई संक्षिप्तरूपमा पढन र सुन्न मौका दिनुभयो । भिक्षु जीवनबाट गृहस्थीमा गएपनि पदुमले यो पुस्तकलाई चाँडो प्रकाशनमा ल्याउन, दोश्रो संस्करणमा भूमिकामा थपघट गर्नको लागि भिक्षु कोण्डन्यकहाँ पाण्डुलिपि पुयाउन जाने र लिन जाने आदि कार्यमा पनि दिलचस्पी राख्दै सहयोग गरे ।

त्रिपिटक ग्रन्थ प्रकाशन भइसकेको र भइरहेका कार्यहरूको विस्तृत जानकारीको साथै बर्मेली विपश्वी साधक सयाजी ऊ. को लेद्वारा अति संक्षिप्तमा संग्रहित तथा पहिलो पटक सन् १९८५/८६ मा प्रकाशित “Guide to Tipitak” र नेपाली संग्रह तथा अनुवाद “त्रिपिटक प्रवेश” लाई तुलनात्मक अध्ययन गरी अनुवादकले कुन ठाउँमा कति प्रतिशत छोटयाए तथा कुन विषयमा कति प्रतिशत पुगेको छैन भन्ने सम्बन्धमा समीक्षक भिक्षु कोण्डन्यको भूमिकामा पाउन सकिन्छ । भगवान बुद्धले दिनु भएको ८२००० धर्मस्कन्ध उपदेश र उहाँका शिष्य भिक्षुहरूले दिनु भएको २००० उपदेश धर्मस्कन्ध गरी ८४००० धर्मस्कन्ध संग्रहित त्रिपिटक मूल पालिको साथै अट्ठकथा टीका, अनुटीकाको संसारका विभिन्न भाषामा अनुवाद भई प्रकाशन समेत भइरहेकाछन् ।

लेखन, अनुवाद तथा सम्पादन गरी बासुदेव देशारको पटाचारा, बुद्ध र उहाँको धर्म, संक्षिप्तमा मिलिन्द प्रश्न, Selected Discouses, Life of The Buddha and The Four Noble truths पुस्तकहरू प्रकाशन भइसकेका छन् । बुद्ध जयन्ती स्मारिका ज्योति उदयको साथै परियत्ति ज्योतिका सम्पादन कार्यमा अगाडी बढी रहेका लेखक बासुदेवलाई पुस्तक प्रकाशनमा टेकुका दुर्गादास रंजितले आर्थिक भार वहन गर्दै साथ दिनु भएको थियो । २०६३ सालमा दुर्गादास रंजितले प्रकाशित गर्नु भएको **त्रिपिटक प्रवेश** पुस्तक अप्राप्य भएकोले उहाँकै छोरी शर्मिष्ठा उदास र परिवारको तर्फबाट दोश्रो संस्करण प्रकाशन हुन गई भगवान् बुद्धको सार उपदेश संग्रहित त्रिपिटकलाई संक्षिप्तरूपमा अध्ययन गर्नु पाउनु हामीहरूको ठूलो सौभाग्य हो । परियत्ति कार्यालय सहायकको रूपमा २०५९

साल मंसीरदेखि २०६३ चैत्र महीनासम्म सेवा गरिरहेको व्यस्त समयमा पनि समय मिलाई त्रिपिटक बुद्धवचनलाई संक्षिप्तमा थाहापाउन मद्दत हुने हेतुले तथा सारांशमा बुझाउन दिने मनसायसहित प्रथम प्रकाशनका प्रकाशक दाता दिवंगत दुर्गादास रंजितको आग्रह अनुसार यो पुस्तक बासुदेव देसारले अनुवाद गरेर २०६३ मा प्रथम प्रकाशन गर्नुभएको थियो । संसारका मानिसहरू बेफुर्सदि भएर उनीहरूमा राम्रोसँग खान, लाउन, आराम गर्न पनि समय नपाइरहेको परिस्थितिमा मोटा-मोटा ग्रन्थहरू, पुस्तकहरू अध्ययन गर्ने, पढने समय भनै कहाँ पाइन्छ र ! वास्तविकरूपमा रूची र चासो राख्नेहरूले बाहेक अरूले यसतर्फ दृष्टि नै पुऱ्याउँदैन । यिनै कुराहरूको महशूस गरेर दुर्गादास रंजितले संक्षिप्तमा त्रिपिटक लेखन तथा अनुवादको लागि **बासुदेव देशार**लाई आग्रह गरिएको थियो ।

नेपाल बौद्ध परियत्ति शिक्षाका विद्यार्थीहरूका अतिरिक्त त्रिभुवन विश्वविद्यालयको बौद्ध अध्ययन विभाग तथा लुम्बिनी विश्वविद्यालय अन्तर्गत विभिन्न अध्ययन संस्थानमा बौद्ध दर्शन अध्ययन अध्यापनमा संलग्न शिक्षक विद्यार्थीहरूको साथै बुद्धधर्म र दर्शनतिर रूची राख्ने नेपालीभाषीहरूलाई धेरैलाई यस सानो पुस्तक धेरै उपयोगी हुने हुनेछ र त्रिपिटकको बारेमा संक्षिप्तमा थुप्रै जानकारी दिलाउनेछ भन्ने आशा एवं विश्वास लिएको छु । अनुवादक बासुदेव देशार "सद्धम्म कोविद" तथा परिवार र दोश्रो संस्करण पुस्तक प्रकाशन प्रकाशकद्वय बिपुल दर्शन उदास तथा श्रेषा शाक्य परिवारलाई निरोगी सुस्वास्थ्य दीर्घायुको मंगल मैत्री कामना गर्दै अनुवादक बासुदेव देशारबाट भविष्यमा पनि यस्तै पुस्तकहरू प्रकाशन हुँदै धेरैलाई कल्याण हुनेछन् भन्ने कामना गर्छु ।

यस पुस्तक विक्रिबाट संकलित रकम नेपाल बौद्ध परियत्ति शिक्षाको विकासमा सहयोग गर्ने अनुवादक तथा प्रकाशक परिवारको सदासयतालाई पनि धेरै साधुवाद दिन चाहन्छु ।

**भिक्षु बोधिज्ञान**
केन्द्रीय परीक्षा नियन्त्रक
नेपाल बौद्ध परियत्ति शिक्षा
विश्व शान्ति विहार
२०७० बैशाख १६

# कृतज्ञता

भौतिकवादले आज प्राप्त गरेको चरम प्रगति मात्र मानव सभ्यताको विकासको परिचायक होइन; त्यसभन्दा पर पनि जीवनलाई बढी अर्थपूर्ण बनाउने चेतानायक्त शक्ति छ जसले मानव मात्रलाई एकै कोटिमा राखेर हेर्छ, त्यो हो-आध्यात्मिक दर्शन र चिन्तन। भौतिकवादले जतिसुकै विकसित भएपनि संसारका कोही पनि मानिस सुखी छैनन्, खुशी छैनन्, उनीहरूको मनमा शान्ति छैन। जबसम्म आध्यात्मिक जीवन र दर्शनको अध्ययन गरी व्यवहारमा प्रयोग गर्दैन त्यो मानिसले सुख पाउन सक्दैन, खशी पाउन सक्दैन। त्यसमध्येमा गौतम बुद्धद्वारा प्रतिपादित मानव उपयोगी, जीवन उपयोगी, व्यावहारिक धर्म, दर्शन र सिद्धान्तहरूले यसमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। बुद्धधर्म र दर्शन आज संसारको एक उत्कृष्ट दर्शन भएको छ। संसारका सबैजसो विकसित देशहरूका ठूल्ठूला विश्वविद्यालय र कलेजहरूमा यसबारेमा अध्ययन र अध्यापन भइरहेका छन् भने भौतिकवादले चरम उत्कर्षमा पुगेका पश्चिमेली नागरिकहरू विशेषतः यसतर्फ आकर्षित भइरहेका छन्। बुद्धद्वारा प्रतिपादित सिद्धान्तहरूमा आधारित रहेर अहिलेका वैज्ञानिकहरूले कयौं नयाँ-नयाँ वैज्ञानिक आविष्कारहरू गर्दैरहेको कुरा शायद हामीलाई थाहाभएको हुनुपर्छ।

यसबाट हामीलाई ज्ञात हुनआउँछ कि आजको बदलिंदो नयाँ युग र त्यसमा बुद्ध, धर्म र दर्शनको कतिको खाँचो छ। यी कुराहरू बुद्धधर्मको मूलग्रन्थ त्रिपिटकमा समाहित भइरहेका छन्। यसै अनुरूप सदा मलाई कुनै न कुनै पुस्तकहरू लेख्न प्रेरणा र उत्साह दिंदै आउनुभएका आदरणीय श्री दुर्गादास रंजितज्यूले यस पुस्तकको रचना गर्नमा पनि विशेष आग्रह गर्नुभएको हो। उहाँको यस आग्रहलाई स्वीकार गर्दै ६ महिनाअगाडि यसको लेखन कार्यको थालनी गरेको हुँ। विशेषतः मैले यस पुस्तकको लेखनको सिलसिलामा म्यानमार्को U KO LAY (Former Vice– Chancellor, Mandalay University) द्वारा रचित "GUIDE TO TIPITAKA" भन्ने पुस्तकको अनुवाद गरेको छु। अनुवाद भनेर उक्त पुस्तकको हुबहु सबै अनुवाद गरेको छैन, तर उक्त पुस्तकमा उल्लेख भएअनुसारको परिच्छेद

र विषयवस्तुलाई समेट्ने कोशिस गरेको छु । (यसबारेमा यस पुस्तकका समिक्षक श्रद्धेय भन्ते कोण्डन्यको समिक्षामा हेर्नसक्नुहुन्छ ।) अनुवादको क्रममा धेरै अप्ठ्यारो महशूस भयो किनकी बुद्ध, धर्म र दर्शनको Technical Word हरू Dictionary मा पाउन सकिएन, शायद अध्ययनको कमिले पनि हुनसक्छ । यसमा मैले नेपालीमा र नेपालभाषामा उपलब्ध भएका त्रिपिटकका ग्रन्थहरूको आधारमा त्यसको परिचय र त्यसमा उल्लिखित विषयवस्तुहरूको बारेमा सामान्य जानकारी दिने प्रयास गरेको छ । विशेषतः नेपालभाषामा त्रिपिटक ग्रन्थहरूका अनुवाद विधामा प्रसिद्धी कमाउनुभएका श्री दुण्डबहादुर वज्राचार्यका दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकायको धेरै सहयोग लिएको छु । Pocket साइज पुस्तक निर्माण, अध्ययन र समयको अभावका कारण ती पुस्तकहरुका तुलनामा चाहेर पनि यस प्रस्तुतीलाई विस्तृतरूमा लेख्न असमर्थ भएको कुरा यहाँहरूलाई निवेदन गराउन चाहन्छु । अति विशाल ग्रन्थहरूको एक पेज, एक अनुच्छेदमा संक्षेपिकारण गर्दा कहीं, कतै अर्थ स्पष्ट नभएको, प्रस्तुत गर्न खोजिएको कुरा स्पष्ट नभएको पनि पाउन सक्नुहुनेछ ।

तर जे होस् यस सानो पुस्तकले बुद्धको दर्शन र सिद्धान्तहरूको गहन चासो राख्नेहरूलाई केही हदसम्म भएपनि त्रिपिटकको संक्षिप्तरूपमा रूपरेखात्मक चिनारी दिन सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

सबै कुराहरूले साथ दिएको खण्डमा यहाँहरूको सल्लाह र सुझावअनुसार भविष्यमा यसलाई परिमार्जन गर्ने कोशिस गर्नेछु ।

यस सानो पुस्तकको लागि आफ्नो अस्वस्थता र व्यस्तताका बाबजूद शुभकामना दिनुहुने श्रद्धेय उपसंघनायक भिक्षु अश्वघोष महास्थविरप्रति आभार प्रकट गर्नुभएकोमा "अखिल नेपाल भिक्षु महासंघ" का अध्यक्ष श्रद्धेय आचार्य भिक्षु कुमारकाश्यप महास्थविरप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यस पुस्तकको लागि आफ्नो लागि अत्यन्त मेहनत गरेर यस पुस्तकको सम्पूर्ण परिच्छेदको समिक्षा गरी कृपापूर्वक समिक्षात्मक भूमिका लेखिदिनुभएकोमा श्रद्धेय कोण्डन्य भन्तेप्रति विशेष आभार तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यस्तै गरेर “नेपाल बौद्ध परियत्ति शिक्षा” का केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञानलाई पनि आवश्यक सुझाव र सल्लाहको लागि धन्यवाद टक्र्याउन चाहन्छु ।

यस पुस्तकको आकर्षक रूपमा कभर डिजाइन गर्नुहुने श्री फल्समान शाक्य, ओकुबहाल, पाटनलाई पनि धन्यवाद प्रकट गर्न चाहन्छु । यस्तै गरेर प्रस्तुत पुस्तकलाई आकर्षक रूपमा मुद्रित गरीदिनुभएबापत युनिभर्सल प्रिन्ट कन्सर्न, छत्रपाटीका श्री राजेश मानन्धरलाई धन्यवाद सह साधुवाद व्यक्त गर्न चाहन्छु ।

अन्तमा, विगतमाझैं यसलाई पुस्तकको रूपमा प्रकाशनार्थ आर्थिकरूपमा सम्पूर्ण जिम्मेवारी लिनुहुने आदरणीय श्री दुर्गादास रंजित, टेकुलाई मुरी-मुरी धन्यवाद दिन चाहन्छु। उहाँको यस पुस्तकको धर्मदानजस्तो पुण्यकार्यको उहाँको शीघ्र स्वास्थ्य लाभ र दीर्घायुको कामना गर्न चाहन्छु । साथै उहाँको समस्त परिवारजनको पनि सुख, स्वास्थ्य र दीर्घायुको लागि कामना गर्न चाहन्छु । साथै यस पुस्तकमा कुनै कमी, कमजोरी र त्रुटीहरू भएमा सो औंल्याइ दिनुभई सुझाव दिनु हुनका लागि सहृदय पाठकवर्गमा बिनम्र अनुरोध गर्दछु ।

सब्बे सत्ता भवन्तु सुखितत्ता !

विनीत

**बासुदेव देशार**

सेराफाँट, चापागाँउ–४
ललितपुर ।
फोन नं. ५-५७२४६१
ने.सं. ११२६ तछलागा १४ दिलाचःहे शनिवार
वि.सं. २०६३ आषाढ १० गते

# मेहनत दोश्रो संस्करण बारे

कलेजबाट घर पुग्ने बित्तिकै होस् वा कामबाट फर्किने बित्तिकै, ल्यापटप खोलिहाल्ने बानि थियो र एकपटक सबै नेपाली Online पत्रिकाहरू सरसर्ति हेर्ने बानि थियो, मेरो पनि । साथै आजकल विश्वका अधिकांश मानिसले प्रयोग गर्ने फेसबुकको बानि मलाइ पनि नहुने कुरै भएन । खोल्ने बित्तिकै श्रद्धेय बोधिज्ञान भन्तेले “त्रिपिटक प्रवेश (जुन मेरो पाँचौ पुस्तक हो), उक्त पुस्तकको दोश्रो संस्करणको लागि एकजना दाताले इच्छा देखाउनुभयो” भनेर खबर पठाउनु भएको देखें, उक्त खबर पढेर मन प्रफुल्लित भयो र तुरून्तै फेसबुक मार्फत नै सधन्यबाद मेरो सहमति भएको खबर दातासमक्ष पुऱ्याइदिनु हुनको लागि भन्तेसमक्ष प्रार्थना गरें । तर ठूलो समस्या भनेको पहिला टाइप भईसकेको त्रिपिटक प्रवेशको data भएको घरको कम्प्यूटर बिग्रिसक्यो साथमा C.D. पनि नखोल्ने भइसक्यो, त्यसैले फेरी एकपटक टाइप नगरी नहुने भयो र फेरी श्रद्धेय बोधिज्ञान भन्तेलाई नै यसको व्यबस्था गरिदिनुहुनको लागि अनुरोध गरें र उहाँले सहर्षपूर्वक सबै व्यबस्था गरिदिने वचन दिनुभयो ।

निश्चय पनि कुनै पनि सानो वा ठूलो लेखकलाई उसको पुस्तक फेरी प्रकाशन हुन पाउनु खुशीको खबर नै हुन्छ । यसले गर्दा फेरि पनि मेहनत गरेर अरू अरू पुस्तकहरू लेख्ने हौसला दिएको छ । बुद्धधर्मका अरू महत्वपूर्ण ग्रन्थहरूको अध्ययन गरेर अरू पुस्तकहरू सृजना गर्ने थप प्रेरणा र बल दिएको छ ।

यस पुस्तकको दोश्रो संस्करणको लागि आवश्यक व्यवस्था मिलाउनुका साथै प्रकाशक दातासमक्ष आवश्यक सञ्चारको भूमिका निर्वाह गर्नुभई सहयोग गर्नुहुने श्रद्धेय बोधिज्ञान भन्तेप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहन्छु। साथै सम्पूर्ण रूपमा कम्प्यूटर सेटिङ्ग गरिदिनुका साथै प्रुफ हेरी सहयोग गर्नुहुने उपासक पदुमप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु। टाइपिङ्ग कार्यमा सहयोग गर्नुहुने भिक्षु बुद्धपियो, श्रामणेरहरू भावितो, पुञ्ञवन्तो र जयन्ती महर्जनमा पनि आभार प्रकट गर्न चाहन्छु ।

संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूको “शुभकामना” मन्तव्यसँगै यस पुस्तकको सुभारम्भ गर्न पाउनु थप हर्षको कुरा बनेको छ ।

साथै सम्पूर्ण पुस्तकलाई समिक्षात्मक दृष्टिले नियाल्नु भई पुस्तकभित्र रहेका विशेषता, कमजोरी, सुधार गर्नुपर्ने पक्ष आदि समेटी यस पुस्तकलाई जीवन्तता प्रदान गर्नुहुने सारगम्भिर भूमिकाका रचयिता श्रद्धेय भिक्षु कोण्डन्यज्यूप्रति पनि नतमस्तक हुन चाहन्छु ।

दिवंगत श्री दुर्गादास रंजितप्रति सधैं कृतज्ञ रहने छु, जसले सर्वप्रथम मेरो पुस्तकको प्रकाशन गर्नुभयो साथै मेरो पाँचौ पुस्तकको प्रकाशनको भार ब्यहोर्नु भयो ।

अन्तमा, यस पुस्तकको दोश्रो संस्करणको प्रकाशनको अभिभार लिनुभई अतुलनीय श्रद्धा पोख्नु भएका धार्मिक आस्थावान् उपासक विपुल दर्शन उदास तथा श्रेषा शाक्य र उहाँका सम्पूर्ण परिवारजनप्रति धैरै धेरै धन्यवाद दिन चाहन्छु । उहाँकै सहयोगले गर्दा लगभग अप्राप्य भइसकेको यस पुस्तकले बौद्धधर्म, बौद्धदर्शन र सिद्धान्तहरूको बारेमा चासो राख्नुहुने पाठकहरूलाई केही हदसम्म भएपनि टेवा पुऱ्याउने छ भन्ने आशा एवं विश्वास लिएको छु ।

सब्बे सत्ता भवन्तु सुखितत्ता !

विनीत
**– वासुदेव देशार**

सेराफाँट, चापागाँउ–४
ललितपुर ।
वि.सं. २०७० बैशाख २६ गते
हालः टोकियो, जापान

## त्रिपिटक भनेको के हो ?

भगवान् बुद्धले आफ्नो उपदेशलाई त्यस समयको साधारण भाषा भइराखेको पालिभाषाबाट बुझ्न सजिलो भएकोले प्रचार-प्रसार गर्नुभयो । सूर्यको किरण झैं उहाँको उपदेश सबैलाई समानरूपले प्राप्त भयो । भगवान् को महापरिनिवार्ण भइसकेपछि काश्यप, आनन्द आदि उहाँका मुख्य-मुख्य शिष्यहरूले राजगृहमा बुद्धवचनको संगायन गर्नुभयो । धर्म तथा विनयको संग्रह गर्नुभयो । १०० वर्षपछि स्थविरहरूले दोस्रो संगीति गर्नुभयो, यस सभा बैशालीमा सम्पन्न भएको थियो । यस सभामा ७०० जना अर्हत् भिक्षुहरू सम्मिलित हुनुभएको थियो । अशोक महाराजको पालामा आचार्य मौद्गलिपुत्रको प्रधानत्वमा पाटलिपुत्रमा तेस्रो संगीति भयो । आजसम्म प्राप्त भइसकेको त्रिपिटकका रूप यस प्रकारको रहेको छ-

## त्रिपिटक

**(क) सुत्तपिटक**

1. दीघनिकाय
2. मज्झिमनिकाय
3. संयुत्तनिकाय
4. अंगुत्तरनिकाय
5. खुद्दकनिकाय
    १. खुद्दकपाठ पालि
    २. धम्मपद पालि
    ३. उदान पालि
    ४. इत्तिवुत्तक पालि
    ५. सुत्तनिपात पालि
    ६. विमानवत्थु पालि
    ७. पेतवत्थु पालि
    ८. थेरगाथा पालि

९. थेरीगाथा पालि
१०. जातक पालि
११. निद्देस पालि (महानिद्देश, चुल्लनिद्देश)
१२. पटिसम्भिदा मग्ग पालि
१३. अपदान पालि
१४. बुद्धवंस पालि
१५. चरियापिटक पालि

**(ख) विनयपिटक**

१. पाराजिका पालि (भिक्खुविभङ्ग)
२. पाचित्तिय पालि (भिक्खुनीविभङ्ग)
३. महावग्ग
४. चूलवग्ग
५. परिवार पालि

**(ग) अभिधम्मपिटक**

१. धम्मसङ्गणी
२. विभङ्ग
३. कथावत्थु
४. पुग्गलपञ्ञति
५. धातुकथा
६. यमक
७. पट्ठान

# विषय सूची


| विषय | | पेज |
|---|---|---|
| | परिच्छेद - १ | (१-५) |
| **विनय** | | १ |
| **विनय पिटक के हो ?** | | |
| **क) संघको लागि अनुशासनात्मक तथा कार्यिक नियमहरू** | | १ |
| **ख) सात प्रकारका उल्लंघनहरू अथवा असन्तोष, आपत्ति** | | २ |
| **ग) कहिले र कसरी अनुशासनात्मक नियमहरू लागु हुन्छन् ?** | | ३ |
| **घ) बुद्ध शासनमा भिक्षुणीहरूको प्रवेश** | | ४ |
| | परिच्छेद - २ | (६-२१) |
| **विनयपिटक** | | |
| १. **पाराजिका पालि** | | ६ |
| (क) पाराजिका सजायहरू र कारबाही | | ६ |
| (ख) तेह्र संघादिशेष कारबाही र सजाय | | ८ |
| (ग) दुई अनियत कारबाही | | ९ |
| (घ) तीस निस्सग्गिय पाचित्तिय अपराध | | १० |
| २. **पाचित्तिय पालि** | | ११ |
| (क) ९२ वटा पाचित्तिय सजायहरू | | ११ |
| (ख) चार पाटिदेसनीय सजाय र कारबाहीहरू | | १२ |
| (ग) पचहत्तर सेखिय नियमहरू | | १३ |
| (घ) सातवटा झगडा साम्य पार्ने बाटोहरू | | १३ |
| (ङ) भिक्षुणीहरूको लागि अनुशासनका नियमहरू | | १६ |
| ३. **महावग्ग पालि** | | १७ |
| ४. **चूलवग्ग पालि** | | १९ |
| ५. **परिवार पालि** | | २१ |

परिच्छेद-३ (२२-२४)

**सुतन्तपिटक भनेको के हो ?**

१. बुद्धको शिक्षाहरूको प्रयोग र पालना २२
२. शिक्षा दिने सही तरिका २३

परिच्छेद-४ (२५-४३)

**सुतन्त पिटक**

**दीघ निकाय (बुद्धले दिनुभएको लामो सुत्रहरूको संकलन)**

(**क**) **सिलखन्धवग्ग पालि (नैतिकतासाग सम्बन्धित विभाजन)**

१. ब्रह्मजाल-सुत्त २५
२. सामञ्ञफल-सुत्त २६
३. अम्बट्ठ-सुत्त २७
४. सोणदण्ड-सुत्त २७
५. कूटदण्ड-सुत्त २८
६. महालि-सुत्त २८
७. जालिय-सुत्त २९
८. महासीहनाद-सुत्त २९
९. पोट्ठपाद-सुत्त २९
१०. सुभ-सुत्त ३१
११. केवट्ट-सुत्त ३१
१२. लोहिच्च-सुत्त ३२
१३. तेविज्ज-सुत्त ३२

(**ख**) **महावग्ग पालि (ठूलो विभाजन)**

१. महापदान-सुत्त ३३
२. महानिदान-सुत्त ३३
३. महापरिनिब्बान-सुत्त ३४
४. महासुदस्सन-सुत्त ३५
५. जनवसभ-सुत्त ३५
६. महागोविन्द-सुत्त ३५
७. महासमय-सुत्त ३६
८. सक्कपञ्ह-सुत्त ३६

९. महासतिपट्ठान-सुत्त ३७
१०. पायासिराजञ्ञ-सुत्त ३७

**(ग) पाथिकवग्ग पालि**

१. पाथिक-सुत्त ३७
२. उदुम्बरिक-सुत्त ३८
३. चक्कवत्ति-सुत्त ३९
४. अग्गञ्ञ-सुत्त ३९
५. सम्पसादनीय-सुत्त ४०
६. पासादिक-सुत्त ४०
७. लक्खण-सुत्त ४१
८. सिङ्गाल-सुत्त ४१
९. आटानाटिय-सुत्त ४२
१०. सङ्गिति-सुत्त ४२
११. दसुत्तर-सुत्त ४३

परिच्छेद-५ (४४-९६)

**मज्झिम निकाय (बुद्धले दिनुभएका मध्यम खालका सूत्रहरूको संकलन)**

**(क) मूलपण्णास पालि**

**I. मूलपरियाय वग्ग**

१. मूलपरियाय-सुत्त ४४
२. सब्बासव-सुत्त ४५
३. धम्मदायाद-सुत्त ४६
४. भयभेरव-सुत्त ४६
५. अनंगण-सुत्त ४७
६. आकङ्खेय्य-सुत्त ४७
७. वत्थ-सुत्त ४७
८. सल्लेख-सुत्त ४८
९. सम्मादिट्ठि-सुत्त ४८
१०. महासतिपट्ठान-सुत्त ४८

**II. सीहनाद वग्ग**

१. चूलसीहनाद-सुत्त ४९
२. महासीहनाद-सुत्त ४९

३. महादुक्खक्खन्ध-सुत्त ४९
४. चूलदुक्खक्खन्ध-सुत्त ५०
५. अनुमान-सुत्त ५०
६. चेतोखिल-सुत्त ५०
७. वनपत्थ-सुत्त ५१
८. मधुपिण्डिक-सुत्त ५१
९. द्वेधावितक्क-सुत्त ५१
१०. वितक्कसण्ठान-सुत्त ५२

III. **ओपम्म वग्ग** (**उपमा वर्ग**)

१. ककचूपम-सुत्त ५२
२. अलगद्दुपम-सुत्त ५२
३. वम्मिक-सुत्त ५३
४. रथविनीत-सुत्त ५३
५. निवाप-सुत्त ५४
६. पासरासि-सुत्त ५४
७. चूलहत्थिपदोपम-सुत्त ५५
८. महाहत्थिपदोपम-सुत्त ५५
९. महासारोपम-सुत्त ५५
१०. चूलसारोपम-सुत्त ५५

IV. **महायमक वग्ग** (**यमक वर्ग**)

१. चूलगोसिङ्ग-सुत्त ५६
२. महागोसिङ्ग-सुत्त ५६
३. महागोपाल-सुत्त ५६
४. चूलगोपाल-सुत्त ५७
५. चूलसच्चक-सुत्त ५७
६. महासच्चक-सुत्त ५८
७. चूलतण्हासंखय-सुत्त ५८
८. महातण्हासंखय-सुत्त ५८
९. महाअस्सपुर-सुत्त ५९
१०. चूलअस्सपुर-सुत्त ५९

V. **चूलयमक वग्ग (चूलयमक वर्ग)**

१. सालेय्यक-सुत्त ५९
२. वेरञ्जक-सुत्त ६०
३. महावेदल्ल-सुत्त ६०
४. चूलवेदल्ल-सुत्त ६०
५. चूलधम्मसमादान-सुत्त ६१
६. महाधम्मसमादान-सुत्त ६१
७. वीमंसक-सुत्त ६१
८. कोसम्बिय-सुत्त ६२
९. ब्रह्मनिमन्तनिक-सुत्त ६२
१०. मारतज्जनीय-सुत्त ६२

(ख) **मज्झिमपण्णासक पालि**

I. **गहपति वग्ग (गृहपति वर्ग)**

१. कन्दरक-सुत्त ६३
२. अट्ठकनागर-सुत्त ६३
३. सेख-सुत्त ६३
४. पोतलिय-सुत्त ६३
५. जीवक-सुत्त ६३
६. उपालि-सुत्त ६४
७. कुक्कुरवतिक-सुत्त ६४
८. अभयराजकुमार-सुत्त ६५
९. बहुवेदनिय-सुत्त ६५
१०. अपण्णक-सुत्त ६५

II. **भिक्खु वग्ग (भिक्षु वर्ग)**

१. अम्बलट्ठिकराहुलोवाद-सुत्त ६६
२. महाराहुलोवाद-सुत्त ६६
३. चूलमालुक्य-सुत्त ६७
४. महामालुक्य-सुत्त ६७
५. भद्दालि-सुत्त ६७
६. लटुकिकोपम-सुत्त ६८

७. चातुम-सुत्त ६८
८. नलकपान-सुत्त ६९
९. गोलियानि-सुत्त ६९
१०. कीटागिरि-सुत्त ६९

III. **परिब्बाजक वग्ग (परिव्राजक वर्ग)**

१. तेविज्जवच्छ-सुत्त ७०
२. अग्गिवच्छगोत्त-सुत्त ७०
३. महावच्छगोत्त-सुत्त ७१
४. दीघनख-सुत्त ७१
५. मागण्डिय-सुत्त ७१
६. सन्दक-सुत्त ७२
७. महासकुलुदायी-सुत्त ७२
८. समणमुण्डिक-सुत्त ७२
९. चूलसकुलुदायी-सुत्त ७३
१०. बेखनस-सुत्त ७३

IV. **राज वग्ग (राजा वर्ग)**

१. घटिकार-सुत्त ७३
२. रट्ठपाल-सुत्त ७४
३. मखादेव-सुत्त ७४
४. मधुर-सुत्त ७४
५. बोधिराजकुमार-सुत्त ७५
६. अङ्गुलिमाल-सुत्त ७५
७. पियजातिक-सुत्त ७५
८. बाहितिक-सुत्त ७६
९. धम्मचेतिय-सुत्त ७६
१०. कण्णकत्थल-सुत्त ७६

V. **ब्राह्मण वग्ग**

१. ब्रह्मायु-सुत्त ७७
२. सेल-सुत्त ७७
३. अस्सलायन-सुत्त ७७
४. घोटमुख-सुत्त ७७

५. चंकी-सुत्त ७८
६. एसुकारी-सुत्त ७८
७. धनञ्जानि-सुत्त ७८
८. वासेट्ठ-सुत्त ७९
९. सुभ-सुत्त ७९
१०. सङ्गारव-सुत्त ७९

**(ग) उपरिपण्णास पालि**

**I. देवदह वग्ग**

१. देवदह-सुत्त ७९
२. पचत्तय-सुत्त ८०
३. किन्ति-सुत्त ८०
४. सामगाम-सुत्त ८१
५. सुनक्खत्त-सुत्त ८१
६. आनेञ्जसप्पाय-सुत्त ८२
७. गणकमोग्गलान-सुत्त ८२
८. गोपकमोग्गलान-सुत्त ८३
९. महापुण्णम-सुत्त ८३
१०. चूलपुण्णम-सुत्त ८३

**II. अनुपद वग्ग**

१. अनुपद-सुत्त ८४
२. छब्बिसोधन-सुत्त ८४
३. सप्पुरिस-सुत्त ८४
४. सेबितब्बासेवितब्ब-सुत्त ८५
५. बहुधातुक-सुत्त ८५
६. इसिगिलि-सुत्त ८५
७. महाचत्तारीसक-सुत्त ८६
८. आनापानसति-सुत्त ८६
९. कायगतासति-सुत्त ८६
१०. संखारूपपत्ति-सुत्त ८७

**III. सुञ्ञत वग्ग** (**शून्यता वर्ग**)

१. चूलसुञ्ञत-सुत्त ८७

२. महासुञ्ञत-सुत्त ८७
३. अच्छरियअब्भुत-सुत्त ८८
४. बाकुल-सुत्त ८८
५. दन्तभूमि-सुत्त ८८
६. भूमिज-सुत्त ८८
७. अनुरूद्ध-सुत्त ८९
८. उपक्किलेस-सुत्त ८९
९. बालपण्डित-सुत्त ८९
१०. देवदूत-सुत्त ९०

IV. **विभंग वग्ग**

१. भद्देकरत्त-सुत्त ९०
२. आनन्दभद्देकरत्त-सुत्त ९०
३. महाकच्चान भद्देकरत्त-सुत्त ९१
४. लोमसकङ्गियभद्देकरत्त-सुत्त ९१
५. चूलकम्मविभङ्ग-सुत्त ९१
६. महाकम्मविभङ्ग-सुत्त ९१
७. सलायतनविभङ्ग-सुत्त ९२
८. उद्देसविभङ्ग-सुत्त ९२
९. अरणविभङ्ग-सुत्त ९२
१०. धातुविभङ्ग-सुत्त ९३
११. सच्चविभङ्ग-सुत्त ९३
१२. दक्खिणाविभङ्ग-सुत्त ९३

V. **अववाद वग्ग**

१. अनाथपिण्डिकोवाद-सुत्त ९४
२. छन्नोवाद-सुत्त ९४
३. पुण्णोवाद-सुत्त ९४
४. नन्दकोवाद-सुत्त ९५
५. चूलराहुलोवाद-सुत्त ९५
६. छछक्क-सुत्त ९५
७. महासलायतनिक-सुत्त ९६
८. नगरविन्देय्य-सुत्त ९६

९. पिण्डपातपारिसुद्धि-सुत्त ९६
१०. इन्द्रियभावना-सुत्त ९६

परिच्छेद-६ (९७-१२७)

**संयुक्त-निकाय**

(क) सगाथावग्ग संयुक्त पालि ९७
(ख) निदानवग्ग संयुक्त पालि १०६
(ग) खन्धवग्ग संयुक्त पालि ११२
(घ) सलायतनवग्ग संयुक्त पालि ११७
(ङ) महावग्ग संयुक्त पालि १२३

परिच्छेद-७ (१२८-१४५)

**अंगुत्तर-निकाय**

१. एकक निपात पालि १२८
२. दुक निपात पालि १३०
३. तिक निपात पालि १३२
४. चतुक्क निपात पालि १३३
५. पञ्चक निपात पालि १३६
६. छक्क निपात पालि १३८
७. सत्तक निपात पालि १४०
८. अट्ठक निपात पालि १४१
९. नवक निपात पालि १४२
१०. दसक निपात पालि १४३
११. एकादसक निपात पालि १४५

परिच्छेद-८ (१४६-१५९)

**खुद्दक-निकाय**

१. खुद्दकपाठ पालि १४६
२. धम्मपद पालि १४७
३. उदान पालि १४८
४. इत्तिवुत्तक पालि १४८

५. सुत्तनिपात पालि १४८
६. विमानवत्थु पालि १४९
७. पेतवत्थु पालि १५१
८. थेरगाथा पालि १५२
९. थेरीगाथा पालि १५२
१०. जातक पालि १५३
११. निद्देश पालि १५४
१२. पटिसम्भिदा पालि १५५
१३. अपदान पालि १५६
१४. बुद्धवंस पालि १५६
१५. चरियापिटक १५७
१६. नेति १५७
१७. पेटकोपदेश १५७
१८. मिलिन्दपञ्ह पालि १५७

परिच्छेद-९ (१६०-१६३)
**अभिधम्म भनेको के हो ?**

परिच्छेद-१० (१६४-१७६)
१. धम्मसङ्गणी १६४
२. विभङ्ग १६६
३. धातुकथा १६७
४. पुग्गलपञ्ञति १७१
५. कथावत्थु १७२
६. यमक १७४
७. पट्ठान १७५

# परिच्छेद - १

# विनय

विनय शब्दको अर्थ ठाउँ हेरी, विषय हेरी विभिन्न पुस्तकमा विभिन्न प्रकारले दिइएको भएतापनि ती सबैको एउटै लक्ष्यतिर निर्दृष्ट भइराखेको पाइन्छ। यसको साधारण अर्थ-विनीत हुन जान्नु, शिष्ट सम्पन्न हुन जान्नु, संयमित हुन जान्नु हो। इन्द्रियलाई नियन्त्रणमा राख्न सक्नु, नियम पालन गर्नु, शिक्षित हुन जान्नु, विशेष निर्दिष्ट ठाउँमा जानु तथा नराम्रो बाटोलाई त्यागी राम्रो बाटोमा लाग्नु आदि हो।

विनय शब्द 'नय' – 'गति रक्खणे' भन्ने भूवादि धातु शब्दले बनेको हो भनेतापनि सिंहल विनयकोषबाट 'नी' – 'नये पापुणने' भन्ने भूवादि शब्दबाट बनेको हो भनेर भनिन्छ।

दण्डादिद्वारा दमन नगरीकन धर्मपूर्वक अर्थात् क्षान्ति र मैत्रीपूर्वक दमन गर्नुलाई पनि 'विनय' भनिन्छ। 'धर्म र विनय' लाई ग्रन्थको हिसाबले हेर्दा विनयपिटक एक बाहेक अरू सबै पिटकलाई 'धर्म' भनिन्छ। विनयपिटक एउटालाई मात्र 'विनय' भनिन्छ।

संक्षेपमा विनयलाई (क) संवर-विनय र (ख) प्रहाण-विनय भनेर भनिन्छ।

(क) संवर-विनय भनेको संयम गर्ने विनय, नियम हो।

(ख) प्रहाण-विनय भनेको त्याग गर्नुपर्ने विनय, नियम हो।

## विनयपिटक भनेको के हो ?

### (क) संघको लागि अनुशासनात्मक तथा कार्यिक नियमहरू

बुद्धशासनमा भिक्षुहरू तथा भिक्षुणीहरूको रूपमा प्रवेश गरेका बुद्धका शिष्यहरूलाई (अनुयायीहरू) उनीहरूको आचरण व्यवस्थित गर्नका लागि बनेका अनुशासनका नियमहरूलाई विनय भनिन्छ। यी नियमहरूले

शारीरिक र वाचिक दुबै कार्यहरूको निरोध र आचरणको प्रक्रियामा बुद्धको आधिकारिक आदेशको रूपमा कार्य गर्दछ। अनुशासनको उल्लंघनहरूसँग र विभिन्न प्रकारका अवरोधहरूसँग तथा असन्तोषको प्रकृतिसँग चेतावनीको रूपमा यी नियमहरूले व्यवहार गर्दछन् । यीनै नियमहरूको व्यवस्थित रूपमा संग्रह गरिराखेको पिटकलाई 'विनयपिटक' भनिन्छ ।

### (ख) सात प्रकारका उल्लंघनहरू अथवा असन्तोष, आपत्ति

बुद्धले सबैभन्दा पहिला लागु गरेको अनुशासनको नियमहरूलाई मूलपञ्ञत्ति (मूल नियमहरू) भनिन्छ; ती नियमहरलाई पछि गएर अनुपञ्ञत्तिको रूपमा चिनिन थालियो । साथै यी नियमहरू, सिक्खापदहरू, अनुशासनका नियमहरूको रूपमा पनि लिन थालियो । यी नियमहरू उल्लंघन गरे अनुरूप दोषि भिक्षुले दण्ड बेहोर्ने कार्यलाई आपत्ति भनिन्छ । जसको अर्थ 'पुगिरहेको' हुन्छ ।

आक्रामक कारबाहीको लागि लागू गरेका सजायहरूलाई स्वभाव वा प्रकृतिअनुसार सात प्रकारमा विभाजन गर्न सकिन्छ । ती हुन् :-

१) पाराजिका
२) संघादिशेष
३) थुल्लच्चय
४) पाचित्तिय
५) पाटिदेसनिय
६) दुक्कत
७) दुब्भासित

पहिलो प्रकारको कारबाही पाराजिकालाई, समाधिस्थ कारबाहीको रूपमा परिभाषित गर्न सकिन्छ । जुन अप्रतिकार्य, अतेकिच्चा हो र जसले अपराधीलाई भिक्षुसंघमा समाविष्ट हुनबाट जोगाउँदछ अर्थात् कमि (ह्रास) ल्याउँदछ ।

दोस्रो प्रकारको कारबाही, संघादिशेषलाई पनि समाधिस्थ कारबाहीको रूपमा परिभाषित गर्न सकिन्छ । तर यो प्रतिकार्य, सतेकिच्च हुन्छ । प्रायश्चित (तपस्या) को परिक्षणकालको अवधि, जुन समयमा अपराधीले निश्चित अप्ठ्यारा व्यवहारहरूको सामना गर्नुपर्दछ । जसपछि, संघको

सभाले उसलाई पुनः स्थापित गर्दछ ।

बाँकी पाँच प्रकारका अपराधअन्तर्गत हलुका साधारण अपराधहरू, लहुकापत्ति जुन समाधानात्मक छन् र जसमा अरू भिक्षुसमक्ष नियम उल्लंघन गरेको विचार गर्दा सजायको भागदिार हुनुपर्दछ । निर्देशित सजायहरूको पालना पश्चात् अपराधी भिक्षुले अपराधबाट सफाई या छुट्कारा पाउँदछ ।

## ग) कहिले र कसरी अनुशासनात्मक नियमहरू लागू हुन्छन् ?

बुद्धशासनको स्थापना पश्चात् बीस वर्षसम्मका लागि न त्यहाँ कुनै आधिकारिक आदेश थियो न त नियमसँग सम्बन्धित पाराजिका र संघादिशेष अपराधहरू नै । शुरूका दिनहरूमा आदेश दिने (शासनहरू) सदस्यहरूमा सबै आर्यहरू थिए, सबभन्दा पछि अगाडि बढ्नेमा अर्हत् जसले पहिलो मार्ग र फल प्राप्त गरीसकेको थियो, र त्यहाँ गम्भीर (कडा) अपराधसँग सम्बन्धित नियमहरू निर्देशित गर्नु आवश्यक थिएन ।

तर जसरी वर्षहरू बित्दै गए, संघ बलियो भइ अगाडि बढ्यो । सबभन्दा शुद्ध लक्ष्यहरू बिनाको अनेच्छित तत्वहरू तर भिक्षुहरूको प्रसिद्धि र उपलब्धीबाट मात्र आकर्षितहरू बुद्धशासनमा भित्रिन थाले । शासनको स्थापना पश्चात्का बीस वर्षहरूमा केही गम्भीर अपराधसँग सम्बन्धित नियमहरू स्थापना गर्दै जानुपर्ने आवश्यक थियो ।

यो बैशाली नजिक कालन्द गाउँ निवासी भिक्षु सुदिन्न आफ्नो पूर्व पत्नीसँग यौनसम्पर्क गरेको कारणले पहिलो पाराजिका नियम घोषणा (लागू) गरियो । यो नियम भिक्षुहरूलाई यौन सम्बन्धमा छाडा हुन (रमाउन) बाट निरूत्साहित गर्न लागू गरिएको थियो ।

जब त्यस्ता गम्भीर कारण उठे, त्यसलाई त्यागन, बुझाउन निषेधित नियम लागू गर्नु आवश्यक भयो, तब बुद्धले भिक्षुहरूको सभा बोलाउनुभयो । यो कुरा सम्बन्धित भिक्षुसँग सोधपूछ पश्चात् र अनअपेक्षित आकांक्षाबाट अपराध भएपछि त्यस्ता प्रकृतिका अपराधलाई भविष्यमा रोक्न निश्चित नियम लागू गरियो ।

बुद्धले पनि पूर्व बुद्धहरूले स्थापना गर्नुभएको अग्रगमन (बाटो) लाई पछ्याउनुभयो । आफ्ना असाधारण शक्तिहरू प्रयोग गरी उहाँले पहिलेका बुद्धहरूले निश्चित गरेका अवस्थाहरूमा लागू गर्नुभएका (पछ्याएका) नियमहरूलाई होशियारीपूर्वक सोचविचार गर्नुभयो । त्यसपछि उहाँले समय समयमा उठेका अवस्थाहरूलाई मध्यनजर गरी उक्तसमान नीति नियमहरूको अवलम्बन गर्नुभयो ।

## घ) बुद्धशासनमा भिक्षुणीहरूको प्रवेश

चारवटा वर्षावासहरू बिताइसकेपछि (बर्षाको अवधिमा निवास) बुद्धत्व प्राप्तिपछि दुःखी बाबु राजा शुद्धोदनको अनुरोधमा बुद्धले आफ्नो राजकीय शहर, कपिलवस्तुको भ्रमण गर्नुभयो । उक्त समयमा बुद्धको कान्छी आमा (जसले आफूलाई बाल्यावस्थामा स्याहार्नुभएको थियो), महाप्रजापति गौतमीले अनुरोध गर्नुभयो, शासनमा प्रवेशको लागि इच्छा गर्ने महाप्रजापति गौतमी एक्लै मात्र थिएनन् । पाँचसय शाक्य स्त्रीहरू, जसका लोग्नेहरू गृहस्थी जीवनबाट अलग्ग भइसकेका थिए, पनि शासनमा प्रवेशको लागि उत्सुक थिए । यसको लागि महाप्रजापति गौतमीले बुद्धलाई बारबार अनुरोध गर्दा पनि इन्कार गर्नुभएकोले आनन्दलाई यस कुराको निवेदन गरे र आनन्दले बुद्धसँग यस बारेमा अनुरोध गर्ने कुराको विश्वास दिलाए । सोही बमोजिम आनन्दले बुद्धलाई अवगत गराउँदा तलका निम्न उलेख्य अष्ट गरूधर्म पालन गर्न सकेमा स्त्रीजातीलाई पनि प्रवेशकोलागि अनुमति दिन सकिने कुरा बताउनुभयो ।

"आनन्द ! यदि महाप्रजापति गौतमीले निम्न अष्ट गरूधर्महरू स्वीकार गर्छिन् भने सोही नै उनको उपसम्पदा होस् ।" आठ-गरू-धर्म यी हुन् :

१) "उपसम्पदाद्वारा सयवर्ष भएकी भिक्षुणीले त्यतिखेरै उपसम्पदा भएका भिक्षुहरूलाई पनि अभिवादन प्रत्युत्थान, अञ्जलीकर्म तथा सामीचिकर्म (सम्मान सत्कार) गर्नुपर्छ । यो धर्म (नियम) लाई सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लघंन गर्नुहुन्न ।"

२) “भिक्षु नभएको आवास-गृहमा अर्थात् भिक्षुणी बस्ने ठाउँ नजिकै कुनै भिक्षु नभएमा त्यस्तो ठाउँमा भिक्षुणीले वर्षावास (वर्षाद् समय) बस्नु हुन्न । यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नुहुन्न ।”

३) “प्रत्येक आधा महिनामा भिक्षुणीले भिक्षुसङ्घबाट दुई धर्म (कारण) हरूको प्रतिक्षा गर्नुपर्छ (उपोसथ कहिले भनी सोध्ने र अववाद उपदेशको निमित्त जाने) । यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नुहुन्न ।”

४) “वर्षावास बसिसकेकी भिक्षुणीले-देखेको भए, सुनेको भए तथा शंका भएको भए भन्नुहोस्”भनी यीनै तीन प्रकारले पवारणा (याचना) गर्नुपर्छ। यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नुहुन्न ।”

५) “गरूधर्म (गरूंगो दोष) प्राप्त भिक्षुणीले दुबै सङ्घ (भिक्षु र भिक्षुणीसङ्घ) पक्षमा मानत्त लिनुपर्छ । यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजागरी जीवनभर उल्लंघन गर्नुहुन्न ।”

६) “दुई वर्षसम्म ६ धर्महरू (शिक्षाहरू) सिकिसकेकी शिक्षमाणकले दुवै सङ्घ (भिक्षु र भिक्षुणी सङ्घ) मा उपसम्पदा हुनुपर्छ। यो धर्मलाई पनि सत्कारपूर्वक, .................... जीवनभर उल्लंघन गर्नुहुन्न ।”

७) “कुनै पनि प्रकारले भिक्षुणीले भिक्षुलाई आक्रोश, परिभाषा गर्नुहुन्न। यो धर्मलाई पनि सत्कारपूर्वक, ................. जीवनभर उल्लंघन गर्नुहुन्न ।”

८) “आजदेखि भिक्षुप्रति भिक्षुणीको वचन-पथ बन्द गरियो तथा भिक्षुणीप्रति भिक्षुको वचन-पथ बन्द गरिएन। यो धर्मलाई पनि सत्कारपूर्वक, गौरवपूर्वक, मानगरी तथा पूजा गरी जीवनभर उल्लंघन गर्नुहुन्न । ”

“आनन्द ! यदि महाप्रजापति गौतमीले यी आठ गरू (अट्ठ) धर्महरू (नियमहरू) लाई स्वीकार गर्छिन् भने सोही नै उनको उपसम्पदा होस् ।”

## परिच्छेद - २

# विनयपिटक

विनय पिटक पाँचवटा ग्रन्थहरूबाट बनेको छ । ती हुन्-

(१) पाराजिका पालि (२) पाचित्तिय पालि

(३) महावग्ग पालि (४) चूलवग्ग पालि

(५) परिवार पालि

### १. पाराजिका पालि

पाराजिका पालि, जुन विनयपिटकको पहिलो पुस्तक हो । जसभित्र महत्वपूर्ण अनुशासनका नियमहरूसँग सम्बन्धित पाराजिका र संघादिशेष र अनियता तथा निस्सगिय (जुन सानो कारबाही हो) बारेमा उल्लेख गरिएको छ ।

### (क) पाराजिका सजायँहरू र कारबाही

पाराजिका अनुशासनमा चार जोडीका नियमहरू पर्दछन्, जुन चारवटा समाधिस्थ कारबाहीका लागि लागू हुन्छन् । यी नियमहरूको उल्लंघन गर्ने जोकसैको पनि भिक्षु बन्ने उद्देश्यलाई रोकी दिन्छ । विनयको नियमानुसार, पाराजिका आपत्तिबाट उक्त व्यक्ति तल खस्दछ, ऊ स्वतः भिक्षुत्वबाट च्यूत हुन्छ, ऊ लामो समयसम्म समाजको एक सदस्यको रूपमा रहेको भिक्षुको रूपमा परिचित हुन सक्दैन । र पुनः भिक्षु बन्नको लागि अनुमति दिईदैन । ऊ न गृहस्थीको रूपमा घर फर्कन सक्छ न त श्रामणेरकै रूपमा पूर्व स्थितिमा फर्कन सक्छ ।

जसले यी कुनै नियमहरूको उल्लंघन गरी भिक्षुको स्तरबाट गिर्न पुग्दछ, त्यो यस्तो देखिन्छ की-

(अ) एउटा व्यक्ति जसको टाउको शरीरबाट काटिसकेको छ;

टाउको फेरी शरीरमा निश्चित गरे तापनि उ जीवित हुन सक्तैन ।

(आ) पातहरू जुन रूखका हाँगाहरूबाट झरिसकेका छन्, तिनीहरूलाई पूर्णतः डाँठमा जोडिए तापनि हरियो हुन सक्तैन ।

(इ) एउटा पराकिलो चट्टान, जुन टुक्रिएको छ; जसलाई पुनः बनाउन सकिंदैन ।

(ई) एउटा ताडीको रूख, जुन आफ्नो डाँठबाट काटीएको छ, त्यो फेरी कहिल्यै बन्न सक्दैन ।

चारवटा पाराजिका कारबाही, जसले भिक्षुत्वबाट पूर्णत : च्यूत भएको संकेत गर्दछ ।

**पहिलो पाराजिका : मैथुनधर्म शिक्षापद**

कुनै भिक्षुले भिक्षुहरूको प्रातिमोक्ष शीलयुक्त भई, शिक्षालाई नछाडी, दुर्बलतालाई प्रकट नगरी मैथुन धर्म सेवन गर्छ भने, कमसेकम पशुजातिसँग पनि मैथुन धर्म सेवन गऱ्यो भने पाराजिका हुन्छ अर्थात् पराजित भएको हुन्छ । सङ्घसँग एकै ठाउँमा बसी सङ्घकर्म गर्न अयोग्य हुन्छ ।

**दोश्रो पाराजिका : अदिन्नादाना शिक्षापद**

कुनै भिक्षु गाउँबाट वा जङ्गलबाट चोरी गर्ने नियतले मालिकले नदिइकन कुनै वस्तु लियो भने, कस्तो वस्तु लिनेबेलामा राजाले चोरलाई समाई "तिमी चोर हो, मूर्ख हो, तिमी मूढ हो" भनेर मार्ने, समाउने अथवा देशबाट निकाला गर्ने हो, त्यस्ता वस्तु लियो भने उक्त भिक्षु पाराजिका हुन्छ । सङ्घसँग एकै ठाउँमा बसी सङ्घकर्म गर्न अयोग्य हुन्छ ।

**तेश्रो पारजिका : मनुष्यविग्रह शिक्षापद**

कुनै भिक्षुले मार्ने नियत राखी गर्भको बच्चालाई मार्ने नियत राखेर सँगै लगी गर्भिणीलाई माऱ्यो भने अथवा शस्त्र-अस्त्र खोजि हिँड्यो भने अथवा मरणको बयान अथवा मरण हुनलाई स्वीकार गरायो भने यसमा पनि उक्त भिक्षु पाराजिका हुन्छ । सङ्घसँग एकै ठाउँमा बसी सङ्घकर्म गर्न अयोग्य हुन्छ ।

### चौथो पाराजिका : उत्तरियमनुष्यधर्म शिक्षापद

कुनै भिक्षुले आफूसँग नभएको उत्तरियमनुष्यधर्म आफूसँग भएको जस्तो गरी देखाई आर्यज्ञानदर्शन छ भनेर शरीरको आकार प्रकारले र वचनले प्रकट गरी यसो भन्छ - "यो म जान्छु, यो म देख्छु ।" अनि पछि उसको मनमा झूठो बोल्न पुगें भनेर दोषबाट मुक्त भई विशद्ध हुने आशाले अरूले सोधे पनि नसोधे पनि उसले यसो भन्छ - "आवुसो ! थाहा नपाइकन नै मैले 'थाहा छ' भन्न पुगें, नदेखिकन नै मैले 'हो' भन्न पुगें भनेर नचाहिंदो, झूठो तथा प्रलाप कुरो गर्नपुगें भनी, अभिमानले बाहेक, अर्को किसिमले भनेको भए यसले पनि उक्त भिक्षु पाराजिका हुन्छ । सङ्घसँग एकै ठाउँमा बसी सङ्घकर्म गर्न अयोग्य हुन्छ ।

पाराजिकाको उल्लंघनकर्ता, ठूलो समाधिस्थ उल्लंघनको दोषी हुन्छ । ऊ भिक्षु बन्नबाट च्यूत हुन्छ । उसको कारबाही, आपत्ति अप्रतिकार्य हुन्छ ।

## (ख) तेह्र संघादिशेष कारबाही र सजायँ

संघादिशेष अनुशासनमा तेह्र जोडीका नियमहरू समाविष्ट छन्, जसको लागि उल्लंघनको दोषलाई मुक्त गराउने प्रक्रियामा शुरूदेखी अन्तसम्ममा संघको औपचारिक सहभागिताको आवश्यकता पर्दछ ।

(अ) यी नियमहरूको उल्लंघन गरेको एकजना भिक्षु र आफ्नो अपराधबाट छुट्कारा पाउन चाहनेले पहिले संघसामु जानुपर्दछ र आफूले गरेका गल्तीहरूको कबुल गर्नैपर्दछ । संघले उसको गल्तीलाई निर्धारण गर्दछ र उसलाई परिवास अपराधमा ध्यान दिने, हेर्ने, आदेश निर्देश गर्दछ । जसमा आवश्यक एउटा सजाय जसले उसलाई बाँकी संघसँग सम्बन्ध गरी बस्न नदिइ उसले जति धेरै दिनसम्म जानीजानी अपराधलाई लुकाएको हुन्छ सोही आधारमा निलम्बन गरेको हुन्छ ।

(आ) परिवास निरीक्षणको अन्तमा संघको स्वीकृति हासिल गर्न थप समयावधि ६ दिन तपस्या (सास्ती) मनाताको धैर्यपूर्वक सामना गर्दछ, भोग्दछ ।

(इ) मनता तपस्यालाई पालन गरेको कारणले त्यो भिक्षुले आफूलाई बाँकी संघमा पूर्णरूपमा सम्बन्ध (आबद्ध) गर्न अनुरोध गर्दछ ।

अब उसको बानी व्यवहारको शुद्धता पहिले जस्तै छ भनेर मानिसकेपछि कम्तिमा बीसजना भिक्षुहरूको उपस्थिति रहेको विशेष प्रार्थना सभामा संघको आपत्तीको कुरालाई उठाउँछ, जहाँ उसको पुनःस्थापना प्रकृया ञाति प्रक्रियागत किटान, कम्मवाचाको तीनजना पाठकहरूद्वारा संघको औपचारिक कार्यहरूका लागि पाठ गरिन्छ ।

संघादिशेष कारबाहीका केही उदाहरणहरू यसप्रकारका छन् :-

### कायसंसर्ग शिक्षापद

कुनै भिक्षुको विकारयुक्त चित्तले कुनै महिलाको हात, नाडी पक्रेर या कुनै अंग छोएर शरीरको स्पर्श गरेमा संघादिशेष हुनेछ ।

### सञ्चरित्र शिक्षापद

कुनै भिक्षुले कुनै महिलाको कुरा कुनै पुरूषसँग वा कुनै पुरूषको कुरा कुनै महिलासँग गएर तिमी लोग्ने स्वास्नी बन या केही क्षणको लागि भएपनि भनेमा संघादिशेष हुनेछ ।

## (ग) दुई अनियत कारबाही

### पठम अनियत सिक्खापद

यदि कुनै भिक्षु कुनै महिलासँग एक्लै एकान्त आसन मैथुनयोग्य स्थानमा बसेको होस् जहाँ उसलाई देखेर, श्रद्धालु उपासिकाले पाराजिका संघादिशेष या पाचित्तिय यी तीन कुराहरूमध्ये कुनै एकको कुरा चलाओस्, तब पनि बस्न स्वीकार गर्दा त्यस भिक्षुलाई पाराजिका, संघादिशेष या पाचित्तिय यी तीन कुराहरूमध्ये जसलाई त्यो विश्वासपात्र उपासिकाले बताउँछ, त्यसै अपराधको अपराधी उसलाई बताउनुपर्छ । यस अपराधलाई अनियत भनिन्छ ।

### दुतीय अनियत सिक्खापद

चाहे न आसन गुप्त होस् र न मैथुनयोग्य होस्, तर महिलासँग अनुचित कुरा गर्न सकिन्छ जो त्यस्तो स्थानमा कुनै महिलासँग एकसाथ एक्लै एकान्तमा बसोस् । जहाँ उसलाई देखेर, श्रद्धालु उपासिकाले पाराजिका, संघादिशेष या पाचित्तिय यी तीन कुराहरूमध्ये कुनै एकको कुरा चलाओस्, तब बस्न स्वीकार गर्दा त्यस भिक्षुलाई पाराजिका, संघादिशेष या पाचित्तिय यी तीन कुराहरूमध्ये जसलाई त्यो विश्वासपात्र उपासिकाले बताउदँछ, त्यसै अपराधको अपराधी उसलाई बताउनुपर्छ । त्यस अपराधलाई अनियत भनिन्छ ।

## (घ) तीस निस्सग्गिय पाचित्तिय अपराध कारबाहीहरू

निस्सग्गिय वर्गका अपराध र कारबाहीअन्तर्गत तीसवटा नियमहरू छन्, जुन भिक्षुहरूको भौतिक वस्तुहरू जस्तै चीवर, पात्रहरू आदिप्रति रहेको अतिलोभलाई रोक्न (लगाम लगाउन) लागू गरिएका हुन् । उदाहणका लागि जुन अनुमति प्राप्त नभएका वस्तुहरू आवश्यक पर्दछन्, वा अनुमति प्राप्त मात्रभन्दा बढी वस्तुहरू चाहिएका यी नियमहरूअन्तर्गत अपराध (गल्ती) गरिएको हुन्छ । प्रथमतः सजायमा अपराध गरे अनुसार वस्तुहरू त्याग्ने काम समावेश छ । त्यसपछि यसलाई पूरै संघसामु वा भिक्षुहरूको समूह वा एकजना छुट्टै भिक्षु जसकोसामु गल्तीवस प्राप्त गरेका वस्तुहरूसहित गल्ती स्वीकार गरेको हुन्छ, सबैसँग पुनः उक्त अपराध नदोहोऱ्याउने भनी गल्ती स्वीकार गर्दछ ।

निस्सग्गिय पाचित्तिय कारबाहीका केही उदाहरणहरू यस प्रकारका छन् :-

### निस्सग्गिय पाचित्तिय

### (अ) पठम कठिन सिक्खापद

यदि कुनै भिक्षुले अनुमोदितभन्दा बढी चीवरहरू नाम लिएर

भन्नुपर्दा उतरासंघ, अन्तरवास र संघाति राख्छ भने उसले गल्ती गरेको हुन्छ। जसका लागि यसले थप चीवरहरू बुझाइ गल्ती स्वीकार गर्नुपर्दछ।

**(आ) चीवर अच्छिन्दन सिक्खापद**

जो कोही भिक्षु अर्को भिक्षुलाई स्वयंले चीवर दिएर पछि कुपित भएर, रिसाएर खोस्न वा खोस्न लगाएमा निस्सग्गिय पाचित्तिय हुनेछ।

निस्सग्गिय अपराधहरू पाराजिका आपत्ति वा संघादिशेष आपत्तिका दाँजोमा साधारण खालका अपराधहरू हुन्।

## २. पाचित्तिय पालि

यस पाचित्तिय आपत्ति मात्र हो, यस आपत्तिबाट मुक्त हुनको लागि उक्त वस्तु त्याग गर्नुपर्छ भन्ने छैन। पाचित्तिय आपत्ति हुने ९२ वटा शिक्षापदहरू छन्। यसमा ९ वटा वर्गहरू छन्। एक एक वर्गमा दश-दश शिक्षापदहरू छन्। (पाचित्तिय भनेको कुशल हुने राम्रो हुने कामबाट अलग हुनु हो।)

**(क) ९२ वटा पाचित्तिय सजायँहरू र कारबाहीहरू**

यस पाचित्तिय ९ वटा विभाजनमा ९२ वटा शिक्षापदहरू छन्। केही उदाहरणहरू यसप्रकारका छन् :-

**मृषावाद शिक्षापद**

(अ) जानी जानीकन असत्य कुरा गरेमा पाचित्तिय आपत्ति लाग्छ।

**द्वितीय सहशैय्य शिक्षापद**

(आ) जो भिक्षु एक छाना भएको ठाउँमा बस्ने गर्छ, उसलाई पाचित्तिय आपत्ति लाग्छ।

(इ) जो भिक्षुले खाल्डो खन्छ वा खन्न लगाउँछ उसले पाचित्तिय अपराध गर्दछ। भिक्षुसमक्ष गल्तीको स्वीकार गर्दा मात्र पाचित्तिय अपराधबाट छुट्कारा पाएको हुनेछ।

## (ख) चार पाटिदेसनिय सजायँ र कारबाहीहरू

### प्रथम पाटिदेसनिय शिक्षापद

जो कोही भिक्षु उपासकको घरमा प्रवेश गरेर अज्ञातिका भिक्षुणीको हातबाट खाद्य भोज्यलाई आफ्नो हातले ग्रहण गरेर खाओस् वा भोजन गरियोस् तब त्यस भिक्षुलाई पटिदेशना गर्नुपर्छ - 'आवुसो ! मैले निन्दनीय, अयुक्त पटिदेशनायोग्य कार्य गरें, त्यसको म प्रतिदेशना गर्दछु ।'

### द्वितीय पाटिदेसनिय शिक्षापद

गृहस्थको घरमा निमन्त्रित भएर भिक्षु भोजन गर्दछ त्यहाँ कुनै भिक्षुणी स्नेह प्रदर्शन गर्दै उभिएर भन्छिन् - यहाँ सूप देऊ, यहाँ भात देऊ । तब ती भिक्षुहरू त्यस भिक्षुणीलाई रोक्नुपर्छ - बहिनी ! जबसम्म भिक्षुहरू भोजन गर्छन् तबसम्म तिमी पर जाऊ । यदि एकजना भिक्षु पनि त्यस भिक्षुणीलाई बहिनी ! जबसम्म भिक्षु भोजन गर्छ तबसम्म तिमी पर जाऊ भनेको ठीक लागेन भने ती सारा भिक्षुहरूलाई प्रतिदेशना गर्नुपर्छ - आवुसो ! हामीले निन्दनीय अयुक्त प्रतिदेशनायोग्य कार्य गऱ्यौं, त्यसैले हामी त्यसको प्रतिदेशना गर्दछौं ।

### तृतीय पाटिदेसनिय शिक्षापद

जुन ती शैक्ष्य (अत्यन्त श्रद्धालु तर धनहीन कूल) छन् ती कुलहरूमा जो भिक्षु अनिमन्त्रित या निरोगी हुँदा पनि खाद्य भोज्यलाई आफ्नो हातले ग्रहण गरेर खाओस् या भोजन गरियोस् तब त्यस भिक्षुलाई प्रतिदेशना गर्नुपर्छ -आवुसो ! मैले निन्दनीय, अयुक्त प्रतिदेशनायोग्य कार्य गरें त्यसैले म त्यसको प्रतिदेशना गर्दछु ।

### चतुर्थ पाटिदेसनिय शिक्षापद

जुन त्यो भयावह, शंकायुक्त अरण्यक आश्रम छन्, त्यस्तो आश्रममा विहार गर्ने, जो भिक्षु विहारभित्र पनि पहिले नै प्रार्थना नगरिएको खाद्य भोज्य निरोग हुदाँहुँदै आफ्नो हातले खाएमा वा भोजन गरेमा तब त्यस भिक्षुले प्रतिदेशना गर्नुपर्छ ।

## (ग) सेखिय–७५

### (आचरण र चर्या सम्बन्धमा भिक्षुहरूले गर्नुपर्ने शिक्षा)

यस ७५ वटा शिक्षापदहरू प्रज्ञप्त भएको पहिलो कारण छवग्गि (छवर्गीय) भिक्षुहरूले गर्न नहुने र नराम्रो व्यवहार गरेकोले हो । यस शिक्षापदमा आपत्ति लाग्न सक्नेकुरा छैन, तर म यसो गर्छु, उसो गर्छु अथवा यसो गर्दिनँ, उसो गर्दिनँ भन्ने शिक्षा लिइराख्छु भन्ने बारेमा मात्र छ । सबभन्दा पछाडि यसो भनिएको छ- यदि त्यस्तो कार्य गरेमा दुक्कट भन्ने आपत्ति लाग्छ त्यस्तैगरी आपत्ति नलाग्ने कारण पन देखाइएको छ । सेखिय शिक्षापदहरूलाई यसरी ४ वर्गमा विभाजन गर्न सकिन्छ :-

१. **समणभेषसंयुत्त (समणभेषलाई सुहाउँदो वर्ग)**

यस वर्गमा २६ वटा नियमहरू छन्, जुन गाउँ, शहरमा जादाँखेरीका राम्रा व्यवहार र नियमहरूसँग सम्बन्धित छन् ।

२. **भोजनपटिसंयुत्त (भोजन गर्ने विषय)**

यस अन्तर्गत भिक्षाटन गर्ने बेलाको र भोजन गर्ने बेलासँग सम्बन्धित ३० वटा शिक्षापदहरू छन् ।

३. **धम्मदेशनापटिसंयुत्त (धर्मदेशनाको विषय)**

यस अन्तर्गत धर्मदेशनाको विषयमा १६ वटा शिक्षापदहरू छन् ।

४. **पकिण्णक (साधारण विषय)**

यस अन्तर्गत ३ वटा साधारण विषयसँग सम्बन्धित शिक्षापदहरू छन् ।

## (घ) सातवटा झगडा साम्य पार्ने बाटोहरू – अधिकरणसमथ

पाचित्तिय पालिमा भिक्षुहरूको लागि अनुशासनिक नियमहरूको व्यवस्था सातवटा झगडा व्यवस्थापन अधिकरणसमथ भन्ने एउटा अध्याय मार्फत् गर्दछ ।

अधिकरण ४ वटा -

अधिकरण भनेको ४ वटा छन् । ती हुन् :

(१) विवादाधिकरण, (२) अनुवादाधिकरण,

(३) अपत्ताधिकरण र (४) किच्चाधिकरण

त्यसपछि झगडा हुनाको मूल कारण एक एक विषयमा राम्ररी बताउनुभयो । अन्तिममा एक एक झगडालाई कसरी शान्त गर्ने भन्ने विषयमा यसरी बताउनुभयो-

१. **विवादाधिकरण** – धर्म र विनयको विषयमा झगडा हुने बेलामा त्यसलाई शान्त गर्ने विधि २ वटा छन् । ती हुन् :(क) सबैको अगाडि बसी शान्त गर्ने (सम्मुखविनय) र (ख) बहुमतलाई लिई निर्णय गर्ने (येभुय्यसिका) ।

२. **अनुवादाधिकरण** – कसैले फलानाको सीलविपत्ति (शील बिग्रियो), आचरणविपत्ति (आचरण बिग्रियो), दिट्ठिविपति (दृष्टि बिग्रियो), आजीवविपति (आजीव बिग्रियो) भनेर भन्न आयो भने, त्यसलाई शान्त गर्ने विधि ४ प्रकारका छन् । ती हुन्-

(क) सबैको अगाडि बसी शान्त गर्ने (सम्मुखविनय), (ख) स्मृति भएकोलाई लिइ शान्त गर्ने (सतिविनय), (ग) 'बहुलाएको' भन्ने थाहा पाई शान्त गर्ने (अमूल्हाविनय) र (घ) दण्ड दिइ शान्त गर्ने (तस्सपापियसिका) ।

३. **अपत्ताधिकरण** – विविध प्रकारले आपत्ति हुनेलाई ३ प्रकारले शान्त गर्न सकिन्छ । ती हुन् - (क) सबैको अगाडि बसी शान्त गर्ने (सम्मुखविनय), (ख) स्वीकार गरेकालाई लिइ शान्त गर्ने (पटिञ्ञातकरण) र (ग) बितिसकेकोलाई (गइसकेकोलाई) बितिसक्यो (गइसक्यो) भनेर शान्त गर्ने (तिणवत्थारक) ।

४. **किच्चाधिकरण** – संघबाट संघकर्म गर्ने ठाउँ मिलाउने यसलाई शान्त गर्ने एकमात्र विधि छ, त्यो हो, सबैको अगाडि बसी शान्त गर्ने (सम्मुखविनय) ।

(जुन भिक्षुले सकिसकेको अधिकरणलाई फेरी त्यही कुरा दोहोऱ्याई अगाडि ल्याइराख्छ, उसलाई पाचित्तिय भन्ने दोष लाग्छ। त्यस्तै जुन भिक्षुले सहमति दिइसकेपछि प्याट्ट-प्याट्ट कराइराख्छ, उसलाई पाचित्तिय भन्ने दोष लाग्छ। त्यसो भनेको उक्त निर्णय अधार्मिकरूपबाट हुने बाहेकको हो।)

शासनमा समय समयमा निस्कन सक्ने कलहलाई समाधान गर्न विशेष र विस्तृत पद्धतिहरू सप्त विनयहरूमा स्पष्ट रूपमा व्याख्या गरिएका छन्। ती यसप्रकारका छन्-

(**क**) **सम्मुखविनय** – वाद-विवाद भएका दुबैलाई अगाडि राखी विनयको कुरा देखाई छिन्नेलाई 'सम्मुख विनय' भनिन्छ।

(**ख**) **स्मृतिविनय** – कुनै अर्हत्लाई गर्ने दोषारोपणबारे अर्हत् वा निक्लेशी भिक्षुलाई स्मृति गराइदिनेलाई 'स्मृतिविनय' भनिन्छ।

(**ग**) **अमूढविनय** – पहिला चित्त विभ्रान्त भई, बेहोशी भई काम गरेकोलाई अर्थात् बहुलाएकोलाई क्षमा दिने जस्तै दिनेलाई 'अमूढ विनय दिनुपर्छ' भनेर भनिन्छ।

(**घ**) **पटिञ्ञाय** – 'वचन लिइ गर्नुपर्छ' भनेको अपराधीलाई वचन प्रकट गर्न दिई निर्णय गर्नुपर्छ भनेको हो।

(**ङ**) **येभुय्यसिका** – 'धेरै भएको अनुसार गर्नुपर्छ' भनेको धेरै धार्मिक भिक्षुहरूले भनेको अनुसार गर्नुपर्छ भनेको हो।

(**च**) **तस्सपापिय्यसिका** – 'निर्लज्जी भनेर भन्नुपर्छ' भनेको मतलब जुन भिक्षुले संघको बीचमा जानीजानी ठगी कुरा गर्छ, त्यस्तालाई 'यो यस्तै हो' भनेर भने जस्तै भनी कर्मवाचाद्वारा निर्णय गर्नेलाई भनिन्छ।

(**छ**) **तिणवत्थारको'त** – "घाँस बिछ्याउने जस्तै" भन्नेको मतलब झगडाको कारणबाट कुरा चर्कियो भने दुबैलाई राखी कर्मवाचा पढी साम्य पार्नुलाई भनिएको हो।

## (ङ) भिक्षुणीहरूको लागि अनुशासनका नियमहरू

पाचित्तिय पालिका अन्तिम खण्डहरू भिक्षुणीरूको अनुशासनका नियमहरूमा केन्द्रित छन् । भिक्षुणीहरूको नियम सूची भिक्षुहरूकोभन्दा लामो छ । भिक्षुणी नियमहरू दुईवटा अनियत नियमहरू, जुन भिक्षुणी शासनमा लागु गरिएका छैनन्- बाहेक ती नियमहरूसँग हुबहु जस्तै सोही रेखाहरूमा कोरीएका छन्-

| | भिक्षु | भिक्षुणी |
|---|---|---|
| (१) पाराजिका | ४ | ८ |
| (२) संघादिशेष | १३ | १७ |
| (३) अनियत | २ | - |
| (४) निस्सग्गिय पाचित्तिय | ३० | ३० |
| (५) शुद्ध पाचित्तिय | ९२ | १६६ |
| (६) पाटिदेशनीय | ४ | ८ |
| (७) सेखिय | ७५ | ७५ |
| (८) अधिकरणसमथ | ७ | ७ |
| | २२७ | ३११ |

विनय पिटकका शुरूका दुईवटा ग्रन्थहरूमा भिक्षु भिक्षुणीहरूको शासनका यी आठ प्रकारका अनुशासनीय विनयहरूको विस्तृत रूपमा विस्तार गरिएका छन् । प्रत्येक नियमका लागि एउटा ऐतिहासिक विवरण दिइएको छ की कसरी यो लागू हुनमा आयो जसको अन्तमा बुद्धको एउटा उपदेश "यो अपराधले न उपदेशलाई बुझ्न सक्नेप्रति बफादार बनाउँछ न त उपदेश बुझ्न सक्नेप्रति नै" लाई समावेश गरिएको छ । उपदेशपछि बुद्धले लागू गर्नुभएको एउटा छुट्टै नियमको बारेमा शब्द-शब्दको प्रतिक्रिया हुन्छ ।

# ३. महावग्ग

## ३.१. विनयपिटकको चौथौ ग्रन्थ महावग्ग

महावग्ग भनेको ठूलो वग्ग हो । त्रिपिटकमा यस विषयमा २ वटा ग्रन्थ छन् । त्यसो भनेको चौथौं र पाचौं हो । चौथौंग्रन्थमा खन्धकको हिसाबले चार खन्धक छन् । ती हुन् :-

१. **महाखन्धक (ठूलो खन्ध)** – यसमा भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेदेखि प्रथमदेशना गर्नुभएको, अनत्तलक्खणसुत्तको देशना गर्नुभएको । यशकुलपुत्र र उसको परिवर र उसको साथीहरूलाई धर्मदेशना गरी बोध गर्नुभएको, ३० जना भद्रवर्गीय कुमारहरूलाई धर्मउपदेश गरी बोध गर्नुभएको, १०० जना जटिलहरूलाई आदित्तपरियायसुत्तको उपदेश गरी बोध गर्नुभएको, बिम्बिसार राजालाई धर्मदेशना गरी बोध गर्नुभएको, सारिपुत्र र मोद्गल्यायनहरू प्रवजित भएको, उपज्झावत्त (आफूलाई प्रवजित गर्ने गुरूलाई गर्नुपर्ने कर्तव्य), सद्धिविहारिकवत्त (आफूले प्रवजित गराएका शिष्यप्रति गर्नुपर्ने कर्तव्य), प्रणाम (बाहिर निकाल्ने) क्षमा माग्ने, ञत्तिचतुत्थकर्मद्वारा उपसम्पदा हुने, ४ निस्सयको विषयमा भन्ने, आचरीयवत्त (आचार्यप्रति गर्नुपर्ने कर्तव्य), अन्तेवासिकवत्त (आफ्नो आश्रय लिइराख्नेहरूप्रति गर्नुपर्ने कर्तव्य), निस्सय दिने, रोकीराख्ने, प्रव्रजित गरिदिने, पहिला तीर्थकर भइआउनेलाई प्रव्रजित गर्ने, सिकाउने, बन्धकम्म, प्रव्रजित हुने गुणसम्पत्ति नहुने, श्रामणेर हुने, श्रामणेर लाई दण्ड दिने शिक्षापद, प्रव्रजित गर्न नहुने, उपसम्पदाविधि, संघबाट गल्ती नभए पनि भिक्षुलाई दण्ड दिनुसम्म हो ।

२. **उपोसथखन्धक (उपोसथको विषय)** – धर्मको कुरा सुन्नु, उपोसथको दिनमा प्रातिमोक्ष पाठ गर्ने, सीमासम्मति गर्ने, उपोसथगृह सम्मति गर्ने, सीमाको विषयमा समस्या, छोटकरीमा प्रातिमोक्ष पाठ गर्ने, पक्खगणना सिक्ने अनुमति, अनि प्रतिमोक्ष गर्नु अघि गर्नुपर्ने विविध अंगहरू यस प्रकारका छन् - उपोसथको दिन गन्ती गर्नु र उपोसथमा भित्रिन अनुमति नपाएका व्यक्तिहरूलाई उपोसथ नगराउने बताइराखेको छ ।

३. **वस्सूपनायिकखन्धक (वर्षावासको विषय)** – वर्षावास बस्ने,

वर्षावास बस्ने २ वटा विधि, वर्षावास अगाडि ल्याउन, सातदिनभित्र फर्किने, वर्षावास बस्ने भिक्षुलाई आउने भय, विविध ठाउँमा वर्षावास बस्ने बेलामा आफूले दिएको वचन पूरा नहुनेबित्तिकै दुक्कटआपत्ति हुने विषय हो ।

४. **पवारणाखन्धक** (**पवारणाको विषय**) – त्यसो भनेको मलाई नहुने ठाउँमा बोल्ने, सूचना दिने गर्नुस् भनेर अरू भिक्षुहरूलाई अनुमति दिइराख्नु हो । पवारणाको विषयमा गर्नुपर्ने कामहरू र थाहापाइराख्नुपर्ने विभिन्न विषय बताइराखेको छ ।

## ३.२. विनयपिटकको पाँचौ ग्रन्थ महावग्ग

यस ग्रन्थमा ६ अध्याय र ६ काण्ड छन् । ती हुन्-

१. **चम्मखन्धक** (**छालाको विषयमा**) – यस अध्यायमा महाजनपुत्र र सोनकोलिवस भिक्षुको जीवनीमा उहाँले आफ्नै खुट्टा नै फुट्ने गरी मेहेनत गरेको विषयमा देखाईराखेको छ । त्यही प्रसङ्गमा भगवा बुद्धले घाँसको जुत्ता लगाउने अनुमति दिनुभएको हो । तर श्रमणभेषलाई अयोग्य रंगीचंगी छालाको जुत्ता लगाउन नहुने कुराको पनि आज्ञा गर्नुभएको छ । त्यस्तै कसरी गौरवपूर्वक र शिष्टाचारपूर्वक जुत्ता लगाउने भन्ने विषयमा पनि आज्ञा गर्नुभएको छ । काठको जुत्ता लगाउन नहुने, आफूलाई अयोग्य रथ वा गाडामा बस्न नहुने, अग्लो आसनमा नसुत्ने, ठूल्ठूलो छालाको प्रयोग गर्न नहुने कुराको पनि आज्ञा गर्नुभएको छ । अवन्ति जनपदका सोनकुटिकन्न र मज्झिमजनपद सिमानाका भिक्षुको कारणले यस कुराको आज्ञा भएको हो ।

२. **भेषज्जखन्धक** (**औषधी गर्ने विषयमा**) – अलग अलग औषधीको विषय, भिक्षु वेलट्ठसीस र भिक्षु पिलिन्दवच्छलाई चिरफार गर्ने अनुमति दिनुभएको, ४ प्रकारका विहारमा काम गर्ने मानिसहरूको अनुमति, ५ प्रकारका भैषर्ज्यको अनुमति, अनि कंखारेवत भिक्षुको बारेमा बताउनुभएको, बुद्धलाई नै वायुको रोग भएको, आफू बस्ने ठाउँमा खानेकुराहरू जम्मा पारिराख्ने, त्यहाँ नै जोरजाम गर्ने, अयोग्य मासु खाने, पाटलिग्राममा जानुभएको, अम्बपालीको विषय, ८ प्रकारका सर्वत् र ४ प्रकारका कालिक विषयमा बताउनुभएको छ ।

३. **कठिनकाण्ड (कठिनको विषयमा)** – कठिनको विषय भइआएको कारण र कठिन गर्ने ५ वटा आनिशंसको विषयमा बताउनुभयो । अनि कसो गर्दा करालकठिन हुँदैन, कठिनमा दाग लाग्ने ८ प्रकार, कठिन हुनेमा चिन्ता हुने र नहुने विषय हो ।

४. **चीवरकाण्ड (चीवरको विषय)** – भगवान् बुद्धले चीवर ग्रहण गर्ने अनुमति प्रज्ञप्त भएदेखि ठूलो प्रकारको कपडा प्रयोग गर्ने र विभिन्न उद्देश्य राखी दान दिने चलनको विषयमा यस काण्डमा उल्लेख गरिराखेको छ ।

**५.चम्पेय्यकाण्ड (चम्पानगरमा भएको घटना)** – यस अन्तर्गत प्रायःजसो संघकर्म र उक्खेपनीय कर्मको विषयमा बताइराखेको छ ।

६. **कोसाम्बिकाण्ड (कौशाम्बीमा भएको घटना)** – यसमा धेरै गरेर संघभेद भएको भगवान् बुद्धले विनयअनुसार एक आपसमा मिलेर बस्ने ओवादको विषयमा बताइराखेको छ ।

## ४. चूलवग्ग पाली

### ४.१. विनयपिटकको छैठौं ग्रन्थ चूलवग्ग (सानो वर्ग)

चूलवग्ग विनयपिटकको छैठौं र सातौं ग्रन्थ हो । छैठौं ग्रन्थमा ४ वटा र सातौं ग्रन्थमा ८ वटा काण्डहरू छन् । यसरी जम्मा १२ वटा काण्डहरू छन् । छैठौं ग्रन्थको ४ वटा काण्डहरू यसप्रकारका छन्-

१. **कम्मखन्धक (संघकर्मको विषयमा)** – यस अध्यायमा दण्ड दिने विषयमा बताइराखेको छ । तज्जनीयकम्म (धम्की दिने), नियसकम्म (पद खोस्ने, अधिकारबाट वञ्चित गराउने), पब्बाजनीयकम्म (निष्काशन गर्ने), पटिसारनीयकम्म (गृहस्थहरूसँग क्षमा लिन लगाउने), उक्खेपनीयकम्म (समूहबाट अलग गराउने) यसरी दण्ड दिइ शान्त गर्नु हो ।

२. **परिवासिकखन्धक (संघादिशेसबाट मुक्त हुनको लागि दण्डकर्म भोग गर्नुपर्ने विषय हो)** – यसमा भिक्षुहरूले गर्नुपर्ने व्रत र आचरण अनि

परिवासको विषयमा जम्मा गरी ९२ वटा विषयहरू छन् । अनि उक्त संघादिसेस आपत्तिबाट मुक्त हुन परिवास बस्ने विधि फेरी उही आपत्ति लाग्नेबेलामा गर्नुपर्ने विधि, मानत्त ग्रहण गर्ने ञत्ति राखी आपत्तिबाट छुट्ने विधि क्रमशः बताइराखेको छ ।

३. **समुच्चयखन्धक (परिवासिक काण्ड, यसको अतिरिक्त संघादिशेस आपत्तिबाट मुक्त हुने विषय संग्रह गरिराखेको छ)** - मानत्त ग्रहण गर्ने र मानात दिने अब्भान ग्रहण गर्ने (त्यसो भनेको संघादिसेस आपत्तिबाट मुक्त हुनको लागि ञत्तिराखी गर्नुपर्ने विषय इत्यादि हो ।

४. **समथखन्धक (अधिकरणलाई शान्त गर्ने विषय)** – अधिकरण शान्त गर्ने ७ वटा विधिको उल्लेख गरिएको छ ।

## ४.२. **विनयपिटकको सातौं ग्रन्थ चूलवग्ग**

यस सातौं ग्रन्थमा आठ खन्धक छन् । ती हुन् :

१. **खुद्दकवत्थुखन्धक (स–साना कुराको विषय)** – यसमा साधारण विषयहरू जस्तो - नुहाउने बेलामा के गर्नुपर्छ ?, जात्रा हेर्ने विषय, पात्रको विषयमा अनुमति दिनुभएको इत्यादि विषय अनि ढुङ्गा, काठ, माटोबाट बनाएका वस्तुहरू प्रयोग गर्ने इत्यादि विषयमा बताइराखेको छ ।

२. **सेनासनखन्धक (सुत्ने ठाउँको विषयमा)** – खात राख्ने, खातमा तन्ना राख्ने, आफू बस्ने ठाउँमा सधैं प्रयोग गर्ने सामान र बनाउनुपर्ने आदि विषयहरूजस्तो सुत्ने ठाउँको विषयमा बताइराखेको छ ।

३. **संघभेदखन्धक (संघहरू छुट्ने विषय)** – यसमा देवदत्तको विषयमा उल्लेख गरिराखेको छ । उसले बुद्धलाई बिगार्ने र बाधा पुर्‍याउने विषयमा धेरै कोशीस गर्‍यो तर सफल हुन सकेन । पछि उसले रगत बमन गर्नुपरेको विषय र संघभेद गर्ने अनि संघभेद हुने विविध प्रकारका विषयमा जानीराख्नुपर्ने विषयहरू छन् ।

४. **वत्तखन्धक (व्रत र आचरणको विषय)** – यसमा १३ वटा आचरणको विषयमा उल्लेख गरिएको छ ।

**५. पाटिमोक्खथपनखन्धक (प्रातिमोक्ष गर्ने बेलामा रोक्ने विषय)** – प्रातिमोक्ष गर्नेबेलामा रोक्नुपर्ने धेरै कारणहरूको विषयमा उल्लेख गरिराखेको छ।

**६. भिक्खुणीखन्धक (भिक्षुणी विषय)** – भिक्षुणीहरूको आचरण, उनीहरूले गर्नहुने र गर्ननहुने आचरणको विषयमा उल्लेख गरिराखेको छ।

**७. पञ्चसतिक्खन्धक** – पाँचसय भिक्षुहरू बसी गरेको पहिलो संगायना र भगवान् बुद्ध परिनिर्वाण भएको विषयमा उल्लेख गरिराखेको छ।

**८. सत्तसतिकखन्धक (दोस्रो संगायना भएको बेलामा ७०० भिक्षुहरू जम्मा भई भएको विषय)** – दोस्रो संगायना किन र कसरी भयो भन्ने विषयमा यसमा उल्लेख गरिराखेको छ।

## ५. विनयपिटकको आठौं ग्रन्थ परिवार पाली

विनयपिटकको आठौं तथा अन्तिम ग्रन्थ परिवार हो । यसमा सारांश मात्र उल्लेख गरिराखेको छ । किनभने यसमा त्रिपिटक ग्रन्थको एकदेखि सातौं ग्रन्थ सबैको सारांश मात्र देखाइरहेको छ । त्यसो भनेको थाहापाइराख्नुपर्ने महत्वपूर्ण कुराको मात्र उल्लेख गरिराखेको छ। यसमा नयाँ तरिकाले विषयवस्तुलाई छुट्टा-छुट्टै गरी त्यसलाई बुझाउने र सम्झीराख्न सजिलोको लागि सजिलो किसिमले राखिराखेको छ। त्यसैले यस ग्रन्थमा लामो गरी व्याख्या नगरी विषयवस्तुलाई स-सानो गरी अलग अलग छुट्याई विभाजन गरेर देखाई यस विषयमा त्रिपिटक ग्रन्थलाई हेर्ने बित्तिकै राम्ररी बुझ्न सकिने किसिमले व्याख्या गरिराखेको छ। यसमा महत्वपूर्ण २१ वटा शीर्षकहरू छन् ।

भिक्षुहरू तथा भिक्षुणीहरूले यदि शासनलाई कुनै पनि किसिमले असर पर्नसक्ने गलत कार्य गरेको अवस्थामा उनीहरूलाई विभिन्न प्रकारका कारबाही गर्नको लागि विनय नियमहरूमा पोख्त विनयधर भिक्षुहरूको अदालत बनाई सोही संघ अदालतबाट न्याय निसाफ गर्नको लागि विभिन्न प्रकारका नियमहरू तथा शिक्षापदरूको बारेमा यस परिवार ग्रन्थमा उल्लेख गरिराखेको छ।

# परिच्छेद - ३

## सुत्तन्तपिटक भनेको के हो ?

विभिन्न अवसरहरूमा र ठाउँहरूमा बुद्धले दिनुभएको उपदेशहरूको संग्रह नै सुत्तन्तपिटक हो। (केही उपदेशहरू बुद्धका उपस्थापक आनन्द, बुद्धका अग्रश्रावकहरू सारिपुत्र र मौद्गल्यायनले दिनुभएका पनि छन्। त्यस्तै केही व्याख्यानहरू पनि यसमा संग्रहित छन्। यसमा रहेको धर्मदेशनाहरू विभिन्न परिस्थिति र अवस्थाहरूमा भिक्षुहरू र व्यक्तिहरूलाई बुद्धले दिनुभएको हो। यद्यपि यी उपदेशहरू प्रायशः भिक्षुहरूको हित र फाइदाको लागि र बुद्धको शिक्षा अनुरूपको व्यवहारमा शुद्ध जीवन प्रयोगसँग सम्बन्धित छन्। यसको साथै उपासकोपासिकाहरूको लागि नैतिक प्रगति र भौतिक प्रगतिसँग सम्बन्धित उपदेशहरू पनि संग्रहित छन्।

विकृत र बेढंगको निर्माणको विरूद्ध बुद्धका अमूल्य उपदेशहरूको स्पष्ट बुझाइ, व्याख्या, संरक्षण र रक्षा गर्ने भन्ने अर्थमा सुत्तन्तपिटक रहेको छ। जस्तो सिकर्मीलाई डोरीले उसको काममा मद्दत गर्दछ, धागोले फुलहरू यताउति छरिनबाट बचाउँछ, त्यस्तै गरेर 'सुत्त' को अर्थ बुद्धको उपदेशहरू वा धर्मदेशनाहरूलाई ठीक ढंगले बुझ्न र ठीक ढंगले रक्षाको लागि एकै ठाउँमा संग्रह गरिएको भन्ने बुझिन्छ।

सुत्तन्तपिटकलाई विभिन्न ५ वटा संग्रहमा विभक्त गरिएको छ, जसलाई निकाय भनिन्छ। ती हुन् :

(क) दीघनिकाय (ख) मज्झिमनिकाय

(ग) संयुक्तनिकाय (घ) अंगुत्तरनिकाय

(ङ) खुद्दकनिकाय

### (क) बुद्धको शिक्षाहरूको प्रयोग र पालना

सुत्तन्तपिटकमा केवल सैद्धान्तिक धर्मको कुराहरू मात्र होइन् बल्की यथार्थवादी, व्यावहारिक धर्मका कुराहरू, जुन दैनिक व्यवहारमा प्रयोग गरी जीवनलाई अर्थपूर्ण बनाउने कुराहरू पनि छन्। सबै प्रयोग र आचरणहरू,

जुन बुद्धको आर्यअष्टाङ्गिक मार्गहरूसँग सम्बन्धित छन्, त्यसले तीन प्रकारका आध्यात्मिक परिशुद्धितर्फ अगाडि पुऱ्याउँछ । ती हुन् -

सील (शील) - कुशल कार्यबाट नैतिक शुद्धता,

समाधि (समाधि) - समाधिबाट मनको शुद्धता र

पञ्ञा (प्रज्ञा) - विपश्यना अभ्यासबाट भित्री शुद्धता ।

बुद्धको शरणमा जानको लागि, बुद्धका शिक्षाहरूको परिपालन गर्नको लागि र संघको पथप्रदर्शकको लागि शुरूमा सही समाधानको आवश्यकता पर्दछ । सबभन्दा पहिला तपस्सु र भल्लुक नाम गरेका दुई व्यापारी दाजुभाइहरूले बुद्धमाथि विश्वास गरे र बुद्धको उपदेशहरूको पालना गर्ने घोषणा गरे । तिनीहरू आफ्ना सहयोगीहरूका साथ ५०० वटा गाडा लिई यात्रा गरिरहेका बेलामा बुद्धलाई देखे । त्यसबेला बुद्धत्व लाभ गरेर बोधिवृक्षको सानिध्यमा बसिरहनुभएको थियो । ती व्यापारी दाजुभाइले बुद्धलाई मह र घ्यू दान गरे । त्यसलाई स्वीकारी बुद्धले आफ्ना शिष्यहरूलाई निम्न वाक्यहरू उच्चारण गर्न लगाई ७ हप्तासम्म आफैंलाई लगाउनुभयो -

"**बुद्धं सरणं गच्छामि ।**" (म बुद्धको शरणमा जान्छु ।)

"**धम्मं सरणं गच्छामि ।**" ( म धर्मको शरणमा जान्छु ।)

यही उच्चारण बुद्ध र उहाँको शिक्षाको विश्वास मन्त्र भयो । पछि जब संघको स्थापना भयो, यस सुत्तमा बढाई अर्को एक सुत्त थपियो ।

"**संघं सरणं गच्छामि ।**" (म संघको शरणमा जान्छु ।)

## (ख) शिक्षा दिने सही तरिका

मानिसको जीवनको प्रत्येक हिँडाइमा व्यवहारात्मक चाल, तुरून्त फलदायी उपलब्धी पाउनको लागि, बुद्धले दानको विषयमा, भिक्षादान विषयमा, उक्त दान अर्पण गरिरहेको बेलामा उत्पन्न हुने सही विचार, त्यसका गुणहरूको बारेमा उपदेश दिनुभएको छ । जसले आध्यात्मिक स्तर उकासिन्छ ।

दान दिने चेतनामा प्रेरणाको बलले कार्य गर्दछ । जसले दिने इच्छा

जगाउँछ। दान, एक कुशल कार्य हो, जुन चेतनाभन्दा बाहिर उत्पन्न हुन्छ। दिने इच्छा नभइकन, दिने कार्य सम्पन्न हुँदैन । भिक्षा दिँदा ३ प्रकारका चेतना उत्पन्न हुन्छन् । ती हुन्-

(क) 'म दान दिनेछु' भन्ने विचारसँग शुरू भएको चेतना, जुन दान दिनको लागि तयारी गर्दा बाहिर निस्कन्छ - '**पुब्ब चेतना**', कार्य हुनु अगाडिको चेतना ।

(ख) दान लिनेलाई दिइरहेको अवस्थामा उत्पन्न हुने चेतना - '**मुञ्च चेतना**' कार्य भइरहेको अवस्थाको चेतना ।

(ग) दान दिइरहेको अवस्थामा र पछि उत्पन्न हुने चेतना - '**अपरा चेतना**' कार्यपछिको चेतना ।

यस बाहेक अरू पनि दानहरू रहेका छन् - हिन दान, मज्झिम दान, पणित दान ।

दान दिंदा मन प्रसन्न गरी, कसैको दबावमा नपरी, खुल्ला दिलको चेतनाले गर्नुपर्छ। अनि मात्र दान दिएको महत्फल हुन्छ।

## परिच्छेद - ४

# दीघनिकाय

यहाँ प्रस्तुत ग्रन्थ दीघनिकायको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ। दीघनिकाय ग्रन्थमा जम्मा ३४ वटा सुत्तहरू संग्रहीत छन्। ती सबै सुत्तहरू प्रायः दीर्घ आकारका छन्। यो ग्रन्थ शीलस्कन्ध-वर्ग, महा-वर्ग र पाथिक -वर्ग गरी तीन वर्गमा विभाजित छन्। प्रथम शीलस्कन्ध-वर्गमा १३ वटा सुत्तहरू छन्। ती सुत्तहरू प्रायः शील, समाधि र प्रज्ञासित सम्बन्धित छन्। महावर्गमा १० वटा सुत्तहरू छन्। प्रायः सबै सुत्तहरू 'महा' भन्ने शब्दबाट प्रारम्भ भएका छन्। तीमध्ये जनवसभ-सुत्त, सक्कपञ्ह-सुत्त र पायासिराजञ्ञ-सुत्त तीनवटा चाहिं विकल्प देखिन्छ। पाथिक-वर्गमा प्रस्तुत प्रथम सुत्त पाथिक-सुत्तबाट प्रारम्भ भएकोले नै पाथिक-वर्ग भएको बुझिन्छ। शीलस्कन्ध-वर्गमा सबै सुत्तहरू प्रायः गद्यमा छन्। महा-वर्ग र पाथिक-वर्गमा धेरै सुत्तहरू गद्य र पद्य मिश्रित छन्।

दीघनिकाय भाणवारको हिसावले जम्मा ६४ भाणवारहरू छन्। दीघनिकायको प्रत्येक सुत्तको प्रारम्भमा 'यस्तो मैले सुनें' भन्ने वाक्यबाट शुरू भएको छ। 'यस्तो मैले सुनें' को साधारण अर्थ हो - 'आयुष्मान् आनन्दले जस्तो भगवान् बुद्धका सम्मुख सुन्नुभएको थियो, त्यस्तै उहाँ भगवान् बुद्धको परिनिर्वाण पश्चात् भएको प्रथम संगायनाको बेलामा एकत्रित भएका महासङ्गीतीकार महास्थविरहरूका सम्मुख बताउनु।' यस वाक्यको आसय यी नै हुन्। यस कुरासम्बन्धी दीघनिकायको अट्ठकथा सुमङ्गलविलासिनीमा आचार्य बुद्धघोषले विस्तृत व्याख्या गर्नुभएको छ।

## (क) शीलवर्ग

### १. ब्रह्मजाल-सुत्त

एक दिन भगवान् बुद्ध भिक्षुङ्घसहित राजगृह र नालन्दाको राजमार्गको

बीच गइरहनुभएको बेलामा सुप्पिय परिव्राजक पनि आफ्ना शिष्य ब्रह्मदत्त माणवकका साथ उहाँको पछिपछि लाग्दै थियो । त्यसबेला सुप्पियले बुद्ध, धर्म र सङ्घको निन्दा गर्दै जब कि उसैको शिष्यले भने बुद्ध, धर्म र सङ्घको प्रशंसा गर्दै थियो । राती बास बसेको बखत भिक्षुहरूका बीच यही कुरा चल्नथाल्यो ।

यही कुरोलाई कारण बनाउनु भई भगवान् बुद्धले भन्नुभयो - यदि कसैले मेरो, धर्मको अथवा सङ्घको निन्दा गर्‍यो भने यसरी निन्दा गर्नेसित नरिसाउनू, मन खिन्न नपार्नू, उनीहरूले भनेको कुरामा तिमीहरूले छानबिन गरेर हेर्नुपर्छ । यसकारणले यो कुरो ठीक छैन, यस कारणले यो कुरो असत्य हो, यो कुरो हामीमा छैन, यो कुरो हामीमा छँदै छैन ।" यस्तै, कसैले प्रशंसा गरेमा त्यहाँ तिमीहरूले आनन्द मान्नु हुन्न, खुशी मान्नु हुन्न वा प्रफुल्लित हुनु हुन्न । कसैले पनि भगवान् बुद्धलाई प्रशंसा गर्नेबेलामा मेरो तीन गुणलाई लिई गर्नसक्नेछ, ती हुन्- चूलशील, मध्यमशील र उत्तमशील । त्यस्तै पूर्वान्ततिरका १८ थरी र अपरान्ततिरबाट ४४ थरी कारणलाई आधार मानी मुक्तिसम्बन्धी जुन ६२ थरीका सिद्धान्त - अधिमुक्ति पदहरू बनेका छन्, ती सबै दृष्टि(मत), वादलाई तथागतले जानेर बुझेर यीभन्दा पनि उत्तरोत्तर कुरा जान्नुभएको छ, बुझ्नुभएको छ भनी तथागतले बताउनुभएको धर्मको प्रशंसा गरेमा मात्र त्यो प्रशंसा वास्तविक हुनेछ ।

तृष्णाको भ्रममा परेर नै ६२ थरीका त्यस्ता सिद्धान्तको प्रतिपादन भएजस्तै स्पर्शको कारणको मूल स्रोत बुझ्न नसकेर दृष्टिगत संसार चक्रबाट मुक्त नभएको कुरा उनीहरूले बुझ्न सकिरहेका छैनन् । वेदनाको कारणले तृष्णा हुन्छ, तृष्णाको कारणले उपादान हुन्छ, उपादानको कारणले भव हुन्छ, भवको कारणले जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास हुन्छ भन्ने प्रतीत्यसमुत्पादको व्याख्यान यो सूत्रमा पाइन्छ ।

## २. सामञ्ञफल-सुत्त

भगवान् बुद्ध राजगृहस्थित जीवक कौमारभृत्यको आम्रवनमा साढे बाह्रसय भिक्षुसङ्घका साथ बस्नुभएको बेला (१२ महिनाको पूर्णिमाको

दिनमा) राजा अजातशत्रुले उहाँसँग श्रमणजीवनको फल यसै जन्ममा प्राप्त हुने विषयमा सोधेको विविध प्रश्नहरूको बुद्धले दिनुभएको उत्तरहरूको बारेमा यस सुत्तमा उल्लेख गरिएको छ ।

### ३. अम्बट्ठ–सुत्त

भगवान् बुद्ध इच्छानङ्गल भन्ने कोसल ब्राह्मणहरूको ग्राममा बस्नुभएको बेलामा पोक्खरसाति भन्ने एकजना सम्मानित ब्राह्मणले आफ्नो युवा विद्वान् शिष्य अम्बट्ठलाई 'भगवान् बुद्धकहाँ गई वास्तविक बुद्धमा महापुरूषहरूमा हुने ३२ प्रकारको लक्षण छ कि छैन हेरेर आऊ' भनी पठाएका थिए र अम्बट्ठ भगवान्कहाँ गई आफैंले देखेको बुद्धमा भएका ३२ प्रकारको महापुरूषको लक्षणबारे पोक्खरसाति ब्राह्मणलाई बताउँदा भगवान् बुद्धकहाँ गई अम्बट्ठले गरेको अशिष्ट व्यवहारप्रति क्षमायाचना गरे । साथै, उनले बुद्धको उपासकत्व पनि स्वीकार गरेको कुराको उल्लेख यस सुत्तमा पाइन्छ ।

### ४. सोणदण्ड–सुत्त

भगवान् बुद्ध अङ्गदेशमा चारिका गर्दै पाँचसय भिक्षुहरूका साथ चम्पास्थित गग्गरा पोखरीका छेउ बस्नुभएको बेला राजा बिम्बिसारद्वारा सम्मानित सोणदण्ड ब्राह्मणले भगवान् बुद्धको दर्शन गर्ने इच्छा प्रकट गर्दा अन्य ब्राह्मणहरूले नकारात्मक सुझाव दिए । तर उनले उनीहरूको तर्कको खण्डन गरी अनेक प्रकारले भगवान् बुद्धको प्रशंसा गरे र बुद्धकहाँ गए । सोणदण्ड ब्राह्मण स्वयं जातीय व्यवस्थाको खण्डन गर्दै ब्राह्मण हुनको लागि कोही शीलवान् र मेधावी छ भने उसलाई ब्राह्मण भन्न सकिन्छ भनी स्वीकार गरे । भगवान् बुद्धले सोणदण्ड ब्राह्मणको कुरोमा सहमति जनाउनुहुँदै 'शील र प्रज्ञा नै ब्राह्मणत्वका निम्ति अत्यावश्यक गुण हुन्' भन्नुहुँदै 'शीलद्वारा परिशोधित प्रज्ञा हुन्छ, प्रज्ञाद्वारा परिशोधित शील हुन्छ' भन्नुभयो ।

भगवान् बुद्धको उपदेशबाट प्रभावित भएको सोणदण्डले पछि उपासकत्व स्वीकार गरे ।

## ५. कूटदन्त-सुत्त

मगधराजा सेनीय बिम्बिसारबाट सम्मानित तथा लाभान्वित भएका कूटदन्त ब्राह्मणले भारी संख्यामा गोरू, बाछाबाछी, बोका, भेडा यज्ञका निम्ति मौलोमा बाँधी राखेका थिए । त्यहीबेला भगवान् बुद्ध पाँचसय भिक्षुहरूका साथ खाणुमतस्थित अम्बलट्ठिकामा बस्नुभएको थियो । उक्त ब्राह्मण बुद्धकहाँ गई यज्ञसम्बन्धी अनेक कुरा सोध्दा बुद्धद्वारा वर्णित महाविजित राजाको सोऱ्ह परिष्कारयुक्त त्रिविध यज्ञसम्पदासम्बन्धी एउटा आदर्श यज्ञको वर्णन सुनी प्रसन्न भएका कूटदन्त ब्राह्मणले प्रश्न गरे- “भन्ते ! यी त्रिविध यज्ञसम्पदा र सोऱ्ह परिष्कारभन्दा कम झन्झट भएको र आंशिक पीडा भएको तर महत्फलतर र महानिशंसतर भएको अर्को कुनै यज्ञ छ के ?”

भगवान् बुद्धले यस्ता यज्ञभन्दा धेरै अन्य यज्ञहरू जस्तो कि शीलवानहरूको उद्देश्यले दिइने नित्य दानको फल धेरै हुने, अझ सोभन्दा चारै दिशाबाट आउने सङ्घको उद्देश्यअनुसार बनाई दिने विहार दानको फल अझ धेरै हुने, त्यस्तै प्रसन्नचित्त राखी त्रिरत्न शरणागमन जान्नु, पञ्चशील लिनु र सामञ्ञफल-सुत्तमा बताएझै तथागतको धर्मोपदेश सुनी गृहस्थीहरू गृहत्याग गरी प्रव्रजित जीवन अपनाउनेदेखि लिएर आस्रवक्षय ज्ञान प्राप्त गरी विमुक्तिको अनुभव गर्ने कुरासम्मको एक-एक गरी क्रमिक यज्ञको गुण र फल बताउँदा उपदेशको अन्तमा कूटदन्त ब्राह्मणलाई धर्मचक्षु उत्पन्न भयो - ‘जे जति समुदय धर्महरू छन्, ती सबै निरोध धर्म हुन् ।’

## ६. महालि-सुत्त

भगवान् बुद्ध महावनस्थित कूटागारशालामा बसिराख्नु भएको बेलामा महालि ओट्ठद्ध लिच्छवि (राजा?) लाई भगवान् बुद्धको दर्शनको निम्ति गई उहाँसँग प्रश्न सोध्दा बुद्धले मुख्य कुरा भगवान् बुद्धकहाँ दिव्य रूप हेर्न अथवा शब्द सुन्नलाई प्रव्रजित जीवन अपनाउने होइन । यो भन्दा पनि उत्तरोत्तर र प्रणीततर धर्म साक्षात्कार गर्नका निम्ति भिक्षुहरू उहाँकहाँ ब्रह्मचर्य पालन गर्दछन । त्यसपछि उनीहरूले श्रोतापन्न, सकृदागामी,

अनागामी र अन्ततः आश्रवक्षय प्रज्ञा विमुक्तिलाई यही जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी लिनुपर्छ। यसरी साक्षात्कार गर्ने मार्ग भनेको आर्य अष्टाङ्गिकमार्ग हुन् भन्ने कुराको धर्मउपदेश गर्नुभयो।

### ७. जालिय–सुत्त

अज्ञान अन्धकारमा परेकाहरूका लागि मात्र अनुत्तरित हुनसक्ने परन्तु जो अरहन्त भइसक्यो, उनका निम्ति उही जीव र उही शरीर हो अथवा अर्कै जीव अर्कै शरीर भन्ने दृष्टिबाट छुट्टिईसकेको हुन्छ भन्ने कुरा कौशाम्बीस्थित घोषितारामा बस्नुभएको बेला दारूपतिकका शिष्य माण्डिय र जालिय दुईजना प्रव्रजित परिव्राजकहरूलाई बुद्धले बताउनुभएको छ।

### ८. महासीहनाद–सुत्त

एकपल्ट भगवान् बुद्ध उरूञ्ञ (नगर) को नजिक कण्णकत्थल भन्ने मृगदायमा बस्नुभएको बेलामा अचेल काश्यपले भगवान् बुद्धसित तपाई सबै तपको निन्दा गर्नुहुन्छ, हेला गर्नुहुन्छ भन्ने कुरा साँचो हो कि होइन भनी सोध्दा बुद्धले उत्तरमा कुनै तपस्वी नरकमा, कुनै चाहिं स्वर्गमा उत्पन्न भएको देखेर पनि कसरी सबै तपस्यालाई हेला गर्ने भनी भन्नुभयो। श्रमण गौतम कालवादी, भूतवादी, अर्थवादी, धर्मवादी, विनयवादी हुन् भन्ने कुरा स्वयं आफैंले परिक्षण गरेर हेर्न सकिन्छ। काश्यपको उत्तर दिदै भन्नुभयो - श्रमणत्व र ब्राह्मणत्वको वास्तविक अर्थ चित्त-विशुद्धि गरी वैर तथा द्रोहरहित भई मैत्री भावनाको अभ्यास गर्नुपर्छ। यसरी शील-सम्पदा, चित्त-सम्पदा र प्रज्ञा-सम्पदा नै सबै थोक हुन्, जसको प्राप्तिका लागि आर्य अष्टाङ्गिकमार्ग बाहेक अर्को छैन।

### ९. पोट्ठपाद–सुत्त

भगवान् बुद्ध श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनमा आराम गरेर बस्नुभएको समयमा पोट्ठपाद परिव्राजक मल्लिकाको आराममा तीन हजार महान् परिव्राजक परिषद्सँग अनेक प्रकारका तिरश्चीन कुरा गर्दै,

होहल्ला गर्दै बसेका बेलामा भगवान् बुद्ध आउनुहुँदा पोट्ठपाद परिव्राजकले अभिसंज्ञाको निरोध, अव्याकृत बारेमा सोध्दा-यस्ता मतहरू अन्धविश्वास मात्र हुन् भन्दै भगवान् बुद्धले यस्तो साधनाबारे बताउनुभयो, जुन साधनामा अभ्यास गर्दा निरोध समापत्ति भन्ने यौगीक अवस्थासम्म प्राप्त गर्न सकिन्छ।

त्यसबेला योगीलाई यस्तो लाग्छ - 'चिन्तन गर्नु मेरालागि न जाति हो, चिन्तन नगर्नु मेरा लागि जाति हो ।' त्यसैले यसले चिन्तन पनि गर्दैन, अभिसंस्करण पनि गर्दैन । यसले अन्ततोगत्वा निरोध समापत्ति ध्यान प्राप्त गर्छ ।

यस्ता कुरा न अर्थ उपयोगी छ न धर्म उपयोगी छ, न आदिब्रह्मचर्यका निमित्त छ, न अभिज्ञाका निमित्त छ, न सम्बोधिका लागि छ र न यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले नबताएको भन्नुभयो । भगवान् बुद्धले 'यो दुःख हो', ' यो दुःखसमुदय हो', 'यो दुःख निरोध हो' र ' यो दुःखनिरोधको मार्ग हो' भन्ने कुरा उहाँले बताउनुभएको हो भनी भन्नुभयो । मरणपछि आत्मा अरोगी, एकान्तमुखी हुन्छ भन्ने सिद्धान्तलाई निरर्थक भन्नहुँदै भगवान् बुद्धले यस्तो मतको सिद्धान्तलाई न त कसैले अनुभव गरेको छ न त यो प्रमाणसहित छ भनी भन्नुभयो । यस्तो मतको तुलना कहिल्यै नदेखेको जनपदकल्याणी भन्ने सुन्दरीलाई प्रेम गरी बस्ने मान्छेसित अथवा कति अग्लो दरबार भन्ने थाहा नभएको सिकर्मीले बनाएको भऱ्याङको उपमासित तुलना गरी प्रमाण प्रस्तुत गर्नुभयो । शरीर ग्रहण तीन प्रकारका छन् - (१) स्थूल शरीर ग्रहण, (२) मनोमय शरीर ग्रहण र (३) अरूपी (अभौतिक) शरीर ग्रहण । यस्ता ग्रहणबाट छुट्कारा पाउनु नै परम उद्देश्य हो ।

चित्त हत्थिसारिपुत्रले शरीर परिग्रह, एउटा शरीरबाट अर्को शरीरमा जाँदा त्यसको तादात्म्यताबारे प्रश्न गर्दा बुद्धले दूधको उपमा दिनुहुँदै भन्नुभयो - गाईबाट दूध, दूधबाट दही, दहीबाट नौनी, नौनीबाट छुर्पी, छुर्पीबाट सप्पामण्ड बन्छ । दूध रहेसम्म त्यसलाई दही भन्दैनन् । त्यसरी नै, सार्वभौतिक अनित्यताको सिद्धान्त पनि छ । यस्तो तादात्म्य व्यवहार पक्षमा मात्रै लागू हुन्छ, परमार्थमा हुँदैन । त्यसपछि चित्त हत्थिसारिपुत्रले बुद्धसमक्ष प्रव्रज्या उपसम्पदा पाए । धर्ममार्गमा गएर चित्त हत्थिसारिपुत्र चाँडै नै अरहन्तहरू मध्ये एक भए ।

## १०. सुभ-सुत्त

भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको केही दिन पछि आयुष्मान् आनन्द श्रावस्तीस्थित जेतवन विहारमा बस्नुभएको थियो । त्यसबेला शुभमाणव तोदेय्यपुत्र कुनै कामविशेषले श्रावस्ती नगरमा बसेका थिए । एकदिन शुभमाणवको निमन्त्रणानुसार एकजना भिक्षुलाई साथ लिई आयुष्मान् आनन्द शुभको निवासस्थानमा जानुहँदा शुभमाणवले प्रश्न गरे - "भो आनन्द ! दीर्घकालसम्म तपाई आनन्द भगवान् बुद्धका सेवक हुनुहुन्थ्यो । भगवान् गौतमका साथ बस्नुभएको थियो । तपाईलाई थाहा हुनुपर्छ कि भगवान् गौतम कुन चाहिं धर्मका वर्णवादी हुनुहुन्थ्यो, कुनचाहिँ धर्म जनतालाई ग्रहण गर्न लगाउनुहुन्थ्यो र कुनचाहिँ धर्ममा जनतालाई राख्नुहुन्थ्यो वा प्रतिष्ठित गर्नुहुन्थ्यो । "

आयुष्मान आनन्दले शुभ माणवलाई भगवान् बुद्धले प्रतिपादित गर्नुभएको तीन स्कन्ध - आर्यशीलस्कन्ध, आर्यसमाधिस्कन्ध र आर्यप्रज्ञास्कन्ध बारे विस्तृत विवरण दिनुभयो । यिनै तीन धर्मको स्कन्धमा भगवान् गौतम वर्णवादी हुनुभएको र यीनैमा जनतालाई प्रतिष्ठित गर्नुभएको कुरा पनि बताए ।

## ११. केवट्ट-सुत्त

भगवान् बुद्ध नालन्दाको पावारिक आम्रवनमा बसिराख्नुभएको बेलामा त्यहाँ केवट्ट भन्ने नवयुवक गृहपतिपुत्र भगवान् बुद्धकहाँ आई बिन्ति गरे - "भन्ते ! यो नालन्दा समृद्ध, उन्नत र बहुजनकीर्ण छ, जो (नालन्दाबासी) भगवान् बुद्धप्रति अभिप्रशन्न छ । भन्ते ! भगवान् बुद्धको एउटा भिक्षुलाई नियुक्त गर्नुभए बेश हुनेछ । उनले उत्तरीयमनुष्य धर्म ऋद्धिप्रातिहार्य देखाउने छन् । यसबाट यी नालन्दाबासी भगवान्प्रति झन बढी अभिप्रसन्न हुनेछन् ।" मानिसहरूले यस्तो ऋद्धिलाई गान्धारी वा माणिका भन्ने नीच विद्या प्रदर्शन गरेको सम्झन सक्ने दोषबाट जोगिन बुद्धले उनको निवेदनलाई अस्वीकार गरिदिए ।

प्रसङ्गवश भगवान् बुद्धले भिक्षुसंघमध्येको एउटा भिक्षुको कुराको

उल्लेख गर्नुहुँदै यी चार महाभूतहरू - पृथ्वी, आपो, तेजो, वायु कहाँ निःशेषरूपले निरूद्ध हुँदोरहेछ भनी खोजी गर्दै आफ्नो ऋद्धिबलको प्रयोग गरेर देवलोकबाट देवलोकहरूमा घुम्दै महाब्रह्माकहाँ समेत सोध्न जाँदा महाब्रह्माकै सल्लाहअनुसार, सो भिक्षु, आफ्नो प्रश्नको समाधानको लागि भगवान् बुद्धकहाँ उपस्थित भए । बुद्धले उक्त प्रश्नको समाधानको लागि सो भिक्षुले गरिरहेको प्रयासको भर्त्सना गर्नुहुँदै - यी चार महाभूत कहाँ निःशेषरूपले निरूद्ध हुन्छ भन्ने होइन । आपो, पृथ्वी, तेजो र वायु कहाँ हुँदैन ? कहाँ दीर्घ र ह्रस्व, सूक्ष्म र स्थूल अनि शुभ र अशुभ कहाँ हुँदैन, जहाँ नाम र रूप निःशेष रूपले निरूद्ध हुन्छ भनी सोध्नुपर्छ भनी भन्नुभयो ।

## १२. लोहिच्च-सुत्त

प्रसेनजित राजाले दिएको भूमि र सम्पत्तिको उपभोग गर्दै बसेका लोहिच्च भन्ने ब्राह्मणसँग भएको खराब धारणासम्बन्धी कुराको बारेमा रोसिकाले भगवान् बुद्धलाई अवगत गराउँदा भगवान् बुद्धले आफूले सुने अनुसार उनमा खराब धारणा भएको साँचो हो वा होइन् भनी सोध्नुभयो । उहाँले अनेक उपमा दिइ आफूमात्र खाऊँ, आफू मात्र सत्य सीमित रहोस् भन्नेहरूले अन्य व्यक्तिहरूलाई वस्तु बाँडेर नदिने कुराको आलोचना गर्नुभयो। भगवान् बुद्धले यस्तो पनि आचार्यहरूको उल्लेख गर्नुभयो, जसले सत्यको साक्षात्कार नगरी उपदेश दिन्छन् । उहाँले यस्ता मानिसप्रति अनास्था प्रकट गर्नुभयो । साथै, यस्ताबाट दिइने उपदेशद्वारा कुनै प्रभाव नपर्ने कुरामा पनि प्रकाश पार्नुभयो । त्यसपछि लोहिच्चका शङ्का निवारण भयो र पछि उनले बुद्ध, धर्म र संघको शरणमा गई उपासकत्व स्वीकार गरे ।

## १३. तेविज्ज-सुत्त

भगवान् बुद्ध पाँचसय भिक्षुहरूका साथ कोशल राज्यमा चारिका गर्दै मनसाकट भन्ने कोशल ब्राह्मणहरूका गाउँमा पुग्नुहुँदा एकदिन वासेट्ठ र भारद्वाज भन्ने दुई ब्राह्मण युवकहरूका बीच ब्रह्मलोक प्राप्त गर्ने मार्गसम्बन्धी विवादास्पद प्रश्नमा गम्भीर विवाद उत्पन्न हुँदा अन्तमा दुबैजना भगवान् बुद्धसँग सोधेर यस विषयमा टुङ्गो लगाउने कुरामा दुबैथरीको

सहमति भयो। सोही अनुसार बुद्धले उहाँहरूको शंका निवारण गर्दै अन्धवेणु परम्पराका अन्धाहरूको उपमा दिनुको साथै अवरण, निवरण, बन्धन अनि समान पञ्च निवरणले ढाँकिएका बाँधिएका यी त्रैविद्य ब्राह्मणकारक धर्मको त्याग गरी अब्राह्मणकारकधर्मलाई ग्रहण गरून्जेल मृत्युपछि ब्रह्माको सहवासमा पुगिन्छ भन्ने कुरा सम्भव छैन भनी उहाँले बताउनुभयो।

मनसाकट भन्ने ठाँउमा जन्म भएको कुनै व्यक्तिसित मनसाकट जाने बाटो बारे सोधेमा विनाझन्झट वा कठिनाइ सजिलैसित उसले बताउन सकेझैं तथागतलाई ब्रह्मलोक जाने मार्ग देखाउन कुनै कठिनाइ नभएको कुरा बताउँदै उहाँले अन्तमा उनीहरूलाई चतुब्रह्मविहारको उपदेश दिनुभयो।

## (ख) महावग्ग

### १. महापदान–सुत्त

यो सुत्रको उपदेश भिक्षुहरूले बुद्धका पूर्वजन्मसम्बन्धी ज्ञानको विषयमा चर्चा भइरहेको बेला श्रावस्ती पुग्नुभई भगवान् बुद्धले बताउनुभएको हो। उहाँले सात पूर्व बुद्धहरूका नाम, कुल जन्मस्थान, बोधिवृक्ष, अग्रश्रावक तथा उपस्थापकसम्बन्धी दिनुभएको उपदेश यसमा रहेको छ।

भगवान् बुद्धले पूर्वबुद्ध विपस्सीको जन्मदेखि महापरिनिर्वाण सम्मको सम्पूर्ण जीवनी बताउनुहुँदै सबै बुद्धहरूका समानता अर्थात् धम्मताबारे उपदेश दिनुभयो। उहाँले संघमा अनुशासन कायम गरी त्यसलाई चिरस्थायी राख्न प्रातिमोक्ष र तत्सम्बन्धी अन्य नियमको देशना गर्नुभएको कुराको पनि बुद्धले उल्लेख गर्नुभयो।

### २. महानिदान–सुत्त

यो सुत्तमा प्रतीत्यसमुत्पाद बारे विस्तृत विवरण पाइन्छ। भगवान् बुद्धले आयुष्मान् आनन्दलाई सम्झाउँदै यो प्रतीत्यसमुत्पाद वास्तवमा गम्भीर छ, अझ गम्भीर प्रतीत मात्र नभई चार कारणले गम्भीर आभासपूर्ण छ भन्नुभयो। यो (१) अर्थमा गम्भीर, (२) सिद्धान्तमा गम्भीर, (३) उपदेशमा

गम्भीर र (४) प्रतिपादनमा निकै गम्भीर भएको कुरा भन्नुहुँदै यस धर्मको ज्ञान नभएर नै गाँठो परेको डोरीझैं अल्झी-अल्झी बसेर संसारबाट तरेर जान नसकेको कुरा बताउनुभयो । जरा र मरण जाति(जन्म) को कारणले, जाति भवको कारणले, भव उपादानको कारणले, उपादान तृष्णाको कारणले, तृष्णा वेदनाको कारणले, वेदना स्पर्शको कारणले, स्पर्श नामरूपको कारणले र नामरूप विज्ञानको कारणले हुन्छ । साथै गम्भीर प्रतीत्यसमुत्पाद सिद्धान्त नजानेको कारणले गर्दा नै मनिसहरू आत्माको चक्रमा अल्झिरहेको कुरा बताउनुभयो ।

## ३. महापरिनिब्बान-सुत्त

यस सुत्तमा भगवान् बुद्ध राजगृहस्थित गृधकूटपर्वतमा विराज हुनुभएको बेलामा भिक्षुहरूमा हुनुपर्ने सातसात गरी पाँच थरीका अपरिहानीय धर्म र एक थरी छ अपरिहानीय धर्म बारे, अम्बलट्ठिकमा बस्नुभएको बेलामा शील, समाधि र प्रज्ञाको फल र गुण बारे, पाटलिग्राममा जानुभएको बेलामा उपासक र उपासिकाहरूलाई दुःशील हुनेको पाँच दोष र सुशील हुनेको पाँच गुणको बारेमा, कोटिग्राममा रहनुभएको बेलामा चारआर्यसत्यको बारेमा, नदीकामा जानुभएको बेलामा, मृतक भिक्षु भिक्षुणी, उपासक, उपासिकाहरूको गतिसम्बन्धी साथै, धर्म-आदर्श र धर्म-पर्याय नामकको उपदेश दिनुभयो ।

वैशालीमा जानुभएको बेलामा भिक्षुहरूलाई स्मृति सम्प्रजन्य भईबस्ने बारेमा र वेलुवग्राममा अन्तिम वर्षावास बस्नुहुँदा उहाँले धर्ममा कुनै आचार्यमुष्ठि नभएको कुरा आज्ञा हुनुभयो । धर्ममा स्वाबलम्बी बन्न उपदेश दिनुभयो ।

(१) पहिलो अवस्था हुन् बुद्धत्व प्राप्त गरेको दिन र (२) पछिल्लो अवस्था हुन् तथागत अनुपादिशेष निर्वाण धातुबाट परिनिर्वाण हुने दिन, यी दुई अवस्थामा तथागतको शरीर अति परिशुद्ध हुने, छवि वर्ण पनि परिशुद्ध हुने कुराको वर्णन, तथागतको महापरिनिर्वाणपछि श्रद्धालु कुलपुत्रको निम्ति (१) जहाँ बोधिसत्व जन्मिनुभयो (लुम्बिनी), (२) जहाँ उहाँले बुद्धत्व प्राप्त

गर्नुभयो (बुद्धगया), (३) जहाँ प्रथम धर्मचक्र प्रवर्तन गर्नुभयो (सारनाथ) र (४) जहाँ तथागत अनुपादिशेष निर्वाणधातुबाट परिनिर्वाण हुनुभयो (कुशीनारा)- यी चारस्थान दर्शनीय, संवेजनीय हुने कुरा, चैत्य बनाउनुको निम्ति बुद्धको, प्रत्येक बुद्धको, अर्हत् भिक्षुको तथा चक्रवर्ती राजाको अस्थिधातु योग्य भएको कुरा, बुद्धको उपस्थापक हुने भिक्षुसित हुनुपर्ने सबै योग्यता र गुण आनन्दमा भएको र उसले गरेका सेवाप्रति बुद्धले गर्नुभको प्रशंसा, भगवान् बुद्धले आयुष्मान् आनन्दलाई दिनुभएको अन्तिम उपदेश आदि कुराहरूको विस्तृतरूपमा यस महापरिनिब्बान सुत्तमा बर्णन गरिएको छ ।

### ४.महासुदस्सन–सुत्त

भगवान् बुद्ध कुसीनारास्थित उपवर्तन भन्ने मल्लहरूको सालवनमा यमक सालवृक्षबीच परिनिर्वाण शैय्यामा लेटिरहनुभएको थियो । त्यसबेला आयुष्मान् आनन्दले भगवान्लाई त्यस्तो सानो नगरमा, जंगली प्रदेशमा शाखा नगरमा परिनिर्वाण नहुनुहोस् भनी प्रार्थना गर्दा भगवान् बुद्धले उनलाई त्यस ठाँउको महत्वबारेमा प्रकाश पार्नुभएको कुराको, कुसीनारा समृद्धि वैभवपूर्ण भएको र आफू स्वयं महासुदस्सन राजाभएको बारेमा बताउनुभएको कुराको वर्णन यसमा पाइन्छ ।

### ५. जनवसभ–सुत्त

यो सुत्तको उपदेश पनि भगवान् बुद्धको जीवनको अन्तिम समयतिर भएको हो। भगवान् बुद्ध नादिका गाँउको गिञ्जकावसथ विहारमा बस्नुभएको थियो । त्यसबेला उहाँले काशी, कोशल, वज्जी, मल्ल, चेतीय, वत्स, कुरू, पञ्चाल, मत्स्य र सूरसेनमा बस्ने बुद्ध, धर्म र संघका उपचारकहरू मृत्युपश्चात् फलाना फलाना ठाउँमा फलाना फलाना उत्पन्न भए । फेरी यस लोकमा आउनु नपर्ने भई त्यहीँ नै परिनिर्वाण हुने आदि कुरा बताउनुभयो ।

### ६. महागोविन्द–सुत्त

एक समय भगवान् बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा बसिरहनुभएको

थियो । पञ्चशिख गन्धर्वपुत्र रात्रिको प्रथमयाम बितिसकेपछि सुन्दर रूप धारण गरी भगवान् बुद्धसमक्ष आई उहाँलाई अभिवादन गरी, आफूले त्रयश्त्रिंश देवताहरूको सम्मुख सुनेको र ग्रहण गरेको भनी भगवान् बुद्धका आठवटा यथार्थ गुण, महागोविन्दको कुरा आदिको बारेमा बताउँदा भगवान् बुद्ध स्वयं आफै त्यसबेला महागोविन्द भएको कुरा उनलाई आज्ञा गर्नुभएको आदिको वर्णन यस सुत्तमा पाइन्छ ।

## ७. महासमय-सुत्त

भगवान् बुद्ध पाँचसय अर्हत् भिक्षुहरूको विशाल भिक्षुसंघको साथ शाक्यहरूको कपिलवस्तुस्थित महावनमा बसिरहनुभएको बेलामा भगवान् बुद्ध र भिक्षुसङ्घको दर्शनको निम्ति दशसहस्र लोकधातुका देवताहरू समागम भइरहेको थियो । सुद्धावासका चार देवपुत्रहरू भगवान् बुद्धको सम्मुख प्रकट भए । यी चार देवपुत्रहरूले आ-आफ्नो एक एक गाथा उद्गार व्यक्त गर्दा बुद्धले त्यहाँ उपस्थित भएका नाना थरिका अनेक देवताहरूको नाम भिक्षुहरूलाई सुनाउनुभएको कुरा यसमा उल्लेख छ ।

## ८. सक्कपञ्ह-सुत्त

भगवान् बुद्ध मगध देशस्थित राजगृहदेखि पूर्वतिरको अम्बखण्ड भन्ने ब्राह्मण ग्रामदेखि उत्तरमा रहेको वेदयिक पर्वतको इन्द्रशा गुफामा बसिरहनुभएको बेलामा शक्रलाई बुद्धको दर्शन गर्ने इच्छा भएर पञ्चसिख गन्धर्वपुत्रलाई लिएर वेदियक पर्वतमा गए । त्यहाँ पञ्चसिख गन्धर्वपुत्रले आफ्नो वेलुवपण्ड भन्ने वीणा बजाई बुद्ध, धर्म, सङ्घ, अर्हत् र कामसम्बन्धी गीत गाए ।

पहिला कपिलवस्तुका एक शाक्य छोरीबेटी मृत्युपछि आफूकहाँ उत्पन्न हुने गोपकपुत्रले गन्धर्व कायमा उत्पन्न हुने तीन भिक्षुहरू मध्ये दुई जनालाई उद्धार गरेको कुरा पनि शक्र देवेन्द्रले भगवान् बुद्धलाई बिन्ति गर्दा भगवान् बुद्धले प्रश्नोत्तरको माध्यमद्वारा शक्रको मनमा भएका थुप्रै शंकाहरू समाधान गरी दिनुभयो । शक्र देवेन्द्रले भगवान् बुद्धको उत्तर सुनी अत्यन्त सौमनस्य लाभ गरी पुनर्जीवन पाए ।

## ९. महासतिपट्ठान-सुत्त

भगवान् बुद्ध कुरूस्थित कम्मासधम्म भन्ने कुरूहरूको निगममा बसीरहनुभएको थियो । त्यहाँ उपस्थित भिक्षुहरूलाई सम्बोधन गर्दै सत्व (प्राणी) हरूको विशुद्ध हुने, शोकपरिदेवबाट उत्तीर्ण हुने, दुःख दौर्मनस्यलाई पूर्णतः अन्त गर्ने ज्ञेय (धर्म) प्राप्त गर्ने तथा निर्वाण साक्षात्कार गर्ने एक मात्र मार्ग चार स्मृतिप्रस्थान भनी भन्नुभयो ।

चार स्मृतिप्रस्थान भनेको कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना तथा धम्मानुपस्सना हुन् ।

यी नै चार स्मृतिप्रस्थान हुन जसलाई साधकले अभ्यास गरेमा यही जन्ममा निश्चित अवधिभित्र अर्हत् फल वा उपादान बाँकी भएमा अनागामी फल अवश्य प्राप्त हुनेछ भनी भगवान् बुद्धले तोकेर नै भन्नुभएको छ ।

## १०. पायासिराजञ्ञ-सुत्त

आयुष्मान् कुमारकाश्यप कोशल देशमा पाँचसय भिक्षुहरूको भिक्षुमहासङ्घका साथ चारिका गर्दै सेतब्या भन्ने कोशलहरूको नगरमा जानुहुँदा पायासि राजा सेतव्यमा यो (लोक) पनि छैन, परलोक पनि छैन, सुकृत्य दुष्कृत्य कर्मको फल विपाक छैन, भन्ने खबर धारणा उत्पन्न भइरहेको बेलामा आयुमान् कुमारकाश्यपले पायासि राजालाई अनेक प्रकारका उपमा दिई यो (लोक) पनि छ, परलोक पनि छ, सुकृत्य दुष्कृत्य कर्मको फल पनि भएको कुरा देखाई दिए । अन्ततः पायासि राजाले आफ्नो भूल स्वीकार गरे, साथै उपासकत्व पनि स्वीकार गरे । पायासि राजा मृत्युपछि चातुर्महाराजिक देवताहरूको बीचमा उत्पन्न भए ।

# (ग) पाथिक-वर्ग

## १) पाथिक-सुत्त

भगवान् बुद्ध मल्ल देशको अनुप्रिया भन्ने मल्लहरूको एक निगममा बसीरहनुभएको थियो । एक दिन उहाँ भार्गवगोत्र परिव्राजक कहाँ जानुभयो ।

भार्गवगोत्र परिव्राजकले भगवान् बुद्धलाई छाडेर जाने सुनक्खत लिच्छवी कुमारको उल्लेख गरे । भगवान् बुद्धले उनलाई उत्तरीयमनुष्यधर्म ऋद्धि प्रातिहार्य नदेखाएको कारणले असन्तुष्ट भएको कुरा आज्ञा हुनुभयो । त्यसपछि सुनक्खतले कुक्कुर-व्रातिक अचेल कोरखत्तिय र अचेल कलारमट्टकप्रति श्रद्धा राखेको कुरा देखाइएको छ ।

त्यसपछि भगवान् बुद्धले वैशालीको अचेल पाथिकपुत्रको कुरा आज्ञा हुनुभयो । उनले वैशालीको सभामा यस्तो भन्दै हिंड्दै गरे - "श्रमण गौतम ज्ञानवादी हुन्, म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीयमनुष्यधर्म, ऋद्धिप्रातिहार्य देखाउनुयोग्य छ । श्रमण गौतमले जति उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउँछ म त्यसको दोब्बर ऋद्धिप्रातिहार्य देखाउने छु ।"

पाथिकपुत्रको यो चुनौतिको कुरा सुनक्खतले भगवान् बुद्धकहाँ पुऱ्याए । भगवान् बुद्धले पनि यो चुनौतिलाई स्वीकार गर्नु भई आफू स्वयं पाथिकपुत्रको निवासस्थानमा पुग्नुभयो ।

पाथिकपुत्रले पनि भगवान् बुद्ध आफ्नो निवासस्थानमा आउनुभएको तथा त्यहाँ ठूल्ठूला नामी नामी लिच्छवीहरू, ख्यातिप्राप्त ब्राह्मणहरू, गृहपतिहरू भेला भइसकेको कुरा सुनी भयभीत, सविग्न तथा लोम्हहर्षित भई तिन्दुकखाणु परिव्राजकराममा बसिरहे । उनलाई भगवान् बुद्धसमक्ष उपस्थित गराउन अनेक प्रयत्न गरियो परन्तु त्यहाँ ल्याउन सकिएन । उनले गर्दा सुनक्खतलाई ठूलो धक्का लाग्यो । ऋद्धि प्रातिहार्यमा भगवान् बुद्धभन्दा पनि पाथिकपुत्र सकुशल छ भनी सुनक्खतको विश्वास थियो । तैपनि सुनक्खतले भगवान्को धर्म छाडेर गयो ।

## २) **उदुम्बरिक-सुत्त**

भगवान् बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा बसिरहनुभएको समयमा ३०० महान परिव्राजकहरूका साथ बसिरहेका निग्रोध परिव्राजक उदुम्बरिकाको परिव्राजकाराममा बसिरहनुभएको बेलामा सन्धान गृहपति आइपुग्दा सन्धान गृहपतिले त्यहाँ भगवान् बुद्धको बारे कुरा उठाए ।

निग्रोधले अपमानपूर्वक बुद्धको बारेमा नकारात्मक कुरा गरेको बारेमा भगवान् बुद्धले विशुद्ध अलौकिक दिव्य श्रोतधातुद्वारा सुनी गृधकूट पर्वतबाट ओर्ल्ही निग्रोधलाई शरीरलाई पीडा दिई गरिने तपको निरर्थकता र मन शुद्धि साधनाको सार्थकतामा लाग्नाले आदिब्रह्मचर्यको उद्देश्य पूरा हुने कुरा आज्ञा हुनुभयो । निग्रोधले क्षमा मागे ।

### ३) **चक्कवत्ति–सुत्र**

भगवान् बुद्ध मगधको मातुलामा बसिरहनुभएको थियो । त्यहाँ भगवान् बुद्धले भिक्षुहरूलाई सम्बोधनगरी भन्नुभयो - "भिक्षु हो ! अत्तदीप बनी विहार गर, आफ्नै शरण लेऊ, अर्काको शरण नलेऊ । धर्मद्वीप धर्मशरण भई विहार गर, अर्काको शरण नलेऊ ।"

साथै उहाँले दृढ चक्रवर्ती राजाको वर्णन गर्दै आठौं राजाले चक्रवर्ती व्रत पालन गरी, आफ्नै बुद्धिअनुसार शासन गर्दा जनताको आर्थिक स्थिति बिग्रिएको, जसले गर्दा दरिद्रता वृद्धि भएको, दरिद्रता बढेको कारण चोरी काम र हत्या अपराध बढ्दै देशका जनजीवनको सबै पक्षमा अवनति भएको उदाहरण प्रस्तुत गरी धर्ममा स्वाबलम्बी हुन भिक्षुहरूलाई जोड दिनुभयो ।

### ४) **अग्गञ्ञ–सुत्त**

भगवान् बुद्ध श्रावस्तीस्थित मृगारमाताको प्रासाद पूर्वाराममा बसीरहनुभएको बेलामा भिक्षु हुनुलाई परीक्षण कालमा अर्थात् परिवासमा बसिरहेका वाशिष्ठ र भारद्वाज दुवै भगवान् बुद्धकहाँ आई वाशिष्ठले भगवान् बुद्धसमक्ष - "भन्ते ! ब्राह्मणहरू यसो भन्छन् - 'ब्राहमण मात्र श्रेष्ठ हुन्, अरू वर्ण हीन हुन् । ब्राह्मण मात्र शुक्ल वर्ण हुन्, अरू वर्ण कृष्ण हुन्………" भनेर बिन्ती गर्दा भगवाने बुद्धले ब्राह्मणहरूको यो सिद्धान्त खण्डन गर्नुहुँदै 'ब्राह्मणहरू पनि अन्य वर्णका जस्तै ब्राह्मणीहरूकै गर्भबाट उत्पन्न भएको, मनुष्यको महानता उसको आफ्ना गुणमा भएको र संसारमा मानिसहरू धर्मद्वारा नै सबैभन्दा अग्रगण्य हुन्छ । इहलोक र परलोकको निम्ति धर्म नै श्रेष्ठ हुन् ।' भन्ने कुराको उपदेश दिनुभयो ।

## ५) सम्पसादनीय-सुत्त

भगवान् बुद्ध नालन्दास्थित पावारिक आम्रवनमा बसिरहनुभएको बेलामा आयुष्मान् सारिपुत्रले भगवान्प्रति आफू औधि प्रसन्न भएको कुरा बुद्धसमक्ष राख्दा बुद्धले "सारिपुत्र ! के त भूत, भविष्य र वर्तमानका बुद्धहरूको बारेमा जान्ने चित्त परिच्छेद ज्ञान तिमीमा नभइकन कसरी तिमीले यसरी निर्भिक भई यस वचनलाई ठोकेर भन्न सक्यौ?" भनेर सोध्नुहुँदा आयुष्मान् सारिपुत्रले 'भगवान् बुद्धद्वारा देशित अनुत्तर धर्मदेशनाको विशेषता उल्लेख गर्नुभयो । जस्तो कि अनुत्तर कुशल धर्म (सैंतिस बोधिपक्षिय धर्म), आयतन, गर्भप्रवेश, आदेशनाविधि, दर्शन समापत्ति पुद्गल प्रज्ञप्ति, प्रधान, प्रतिपदा, वाचसिक आचरण, अनुशासन विधि, परपुद्गल विमुक्ति ज्ञान, शाश्वतवाद, पूर्वेनिवासानुस्मृतिज्ञान, सत्वहरूको च्यूति र उत्पत्ति ज्ञान तथा ऋद्धि । यसरी यी विषयहरूमा निरवशेषरूपले जान्न सक्ने भगवान्ले यो भन्दा उत्तरोत्तर जान्नुपर्ने अरू केही छैन । उहाँ भन्दा बढ्ता जान्ने अरू कुनै श्रमण वा ब्राह्मण छैन ।' भनेर व्यक्त धारणाप्रति भगवान् बुद्ध सहमत हुनुभयो ।

## ६) पासादिक-सुत्त

भगवान् बुद्ध शाक्य देशस्थित वेधञ्ञ भन्ने शाक्यहरूको आम्रवनको प्रासादमा बसिरहनुभएको समयमा निर्गण्ठनाथपुत्रको पावामा मृत्यु भएको थियो । उनको मृत्युपछि उनका अनुयायीहरू फूट भई आपसमा लडाई झगडा भइरहेको बेलामा चुन्द समणुद्देश पावामा वर्षावास सिध्याई आयुष्मान् आनन्दलाई सामग्राममा भेटेर निगण्ठ-नाटपुत्रको मृत्युको खबर सुनाए । त्यसपछि दुवैजना भगवान् बुद्धकहाँ गई सविस्तार यस सम्बन्धी बिन्ती गरे ।

भगवान् बुद्धले यी निगण्ठ-नाटपुत्रको अनुयायीहरूको बीच कलह फूट हुनु कुनै आश्चर्यको कुरो होइन । किनकी उनको धर्म स्वाख्यात छैन भनी आज्ञा हुनुभयो । साथै उहाँले स्वाख्यात धर्ममा यस्तो नहुने कुरा पनि आज्ञा हुनुभयो । उहाँले ब्रह्मचर्यका अङ्गहरू कसरी पूर्ण हुन्छ भन्ने कुरा बताउँदै यस धर्म विनयलाई कसरी चिरस्थायी गरी राख्नुपर्छ भन्ने

कुरा सविस्तार चर्चा गर्नुभयो । उहाँले क्षीणाश्रव भिक्षुहरूको विशेषताको सम्बन्धमा बताउनुहुँदै विभिन्नवादको खण्डन गरेको कुरा सुत्तमा उल्लेख गरी धर्मदशना गर्नुभयो ।

**७) लक्खण–सुत्त**

बत्तीस महापुरूष लक्षणसम्बन्धी कुरालाई लिएर भिक्षुहरूलाई भगवान् बुद्धले श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनमा दिनुभएको उपदेशको बारेमा यसमा उल्लेख गरिएको छ । यस्ता लक्षणले युक्त हुने महापुरूषको दुईमध्ये एउटा मात्र गति हुनेछ - यदि उनी घरमा बस्छन् भने धार्मिक धर्मराजा, चतुर्द्वीप विजेता चक्रवर्ती राजा हुनेछ । यदि उनी घरबार छोडी प्रव्रजित भए भने अर्हत् सम्यक्सम्बुद्ध हुनेछ ।

**८) सिङ्गाल–सुत्त**

भगवान् बुद्ध राजगृहस्थित वेणुवणको कलन्दकनिवापमा बसिरहनु भएको बेलामा सिंगालक गृहपतिपुत्र विहान सबेरै उठी राजगृहबाट निस्की भिजेको वस्त्र र भिजेको केशहित दुवै हात जोडी नानादिशाहरू नमस्कार गरिरहेका भिए ।

एकदिन सिङ्गाल गृहपतिपुत्रले सदाभैँ यसरी नमस्कार गर्दै रहेको देख्नुभई भगवान् बुद्धले यसको बारेमा सोध्दा उनले आफूलाई आफ्ना बाबुले मरणासन्न अवस्थामा यस्तो गर्नु भनेर गएकोले बाबुको कुरा मानी यसरी गरीरहेको कुरा बिन्ती गरे ।

भगवान् बुद्धले उनीलाई आर्यविनयमा यसरी नमस्कार गरिन्न भन्नुभई गृहस्थीहरूले चौध प्रकारका पाप हुने कर्मबाट टाढा रही छ दिशाहरूलाई आच्छादित गरी दुवै लोकको विजय गर्नमा प्रतिपन्न हुनुपर्ने कुरा यसमा उल्लेख गर्नुभएका छन् ।

### ९) आटानाटिय-सुत्त

भगवान् बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा बसीरहनुभएको समयमा चातुर्महाराजिक देवताहरू आ-आफ्नो थुप्रै यक्षसेना, गन्धर्वसेना, कुम्भण्डसेना र नागसेनासहित भगवान् बुद्धकहाँ आई 'प्रायः यक्षहरू पञ्चशीलको पालना नगर्ने, भगवान् बुद्धका श्रावकहरू बास गर्ने जंगलमा, वनमा, पर्वत आदि स्थानमा नै यिनीहरूको वासस्थान भएकोले श्रावक भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको रक्षाको निम्ति, पीडा नहोस् भन्नको निम्ति, सुखपूर्वक विहारको निम्ति, तिनीहरूको प्रसन्नताको निम्ति आटानाटिय रक्षा उपदेश गर्नुहोस्' भनी गरेको प्रार्थनालाई स्वीकार गरी बुद्धले दिनुभएको उपदेशको बारेमा यसमा उल्लेख गरिएको छ ।

### १०) सङ्गिति-सुत्त

भगवान् बुद्ध पाँचसय भिक्षुसङ्घका साथ मल्लमा चारिका गर्नुहुँदै पावानगरमा चुन्द कर्मारपुत्रको आम्रवनमा बसिरहनुभएको बेलामा पावावासी मल्लहरूले आफूले भर्खर तयार गरेको उब्भतक भन्ने नयाँ संस्थागारमा आउनको निम्ति भगवान् बुद्धलाई निमन्त्रणा दिए । भगवान् बुद्धले नयाँ संस्थागारमा जानुभई पावावासी मल्लहरूलाई रातको धैरैबेरसम्म धार्मिककथा सुनाइसकेपछि पावावासी मल्लहरूले उहाँलाई अभिवादन गरी फर्के । निरालसी र शान्त भइरहेका भिक्षुहरूलाई हेर्नुभई भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई धर्मदेशना गर्नको निम्ति आज्ञा हुनुभयो ।

आयुष्मान् सारिपुत्रले भर्खरै मात्र निधन भएका निगण्ठनाटपुत्रको कारणले उनका अनुयायीहरूमा फूट भई आपसमा झगडा भइरहेको कुरा उल्लेख गर्नुहुँदै भगवान् बुद्धको स्वाख्यात धर्ममा यस्तो नहुने कुरा बताउनुभयो । साथै धर्मको चिरस्थायिको निम्ति सबै मिल्नुपर्ने कुरामा जोड दिनुभयो ।

## ११) दसुत्तर-सुत्त

भगवान् बुद्ध पाँचसय भिक्षुसङ्घका साथ चम्पाको गग्गरा पोखरीको किनारमा बस्नुभएको थियो । त्यहाँ आयुष्मान् सारिपुत्रले भिक्षुहरूलाई दसुत्तर धर्मदेशना गर्नुभयो ।

उहाँले एक एक गरी एकदेखि दशसम्म अर्थात् जम्मा १०० वटा धर्मको सिद्धान्त सूचि बनाउनुभयो । उदाहरणको निम्ति - “कुन चाहिं एक धर्म बहूपकारी छ ?” “कुशल धर्ममा अप्रमाद हुनु ।” “कुन चाहिं एक धर्म साक्षात्कार गर्नुपर्छ ?” “अटल (अकोप्य, अर्हत्व ज्ञान) चित्त विमुक्ति ।”

# परिच्छेद – ५

# मज्झिमनिकाय

"मज्झिमनिकाय" शीर्षक ग्रन्थ दीघनिकाय भन्दा छोटो खुद्दकनिकायभन्दा लामो अर्थात् मझौला खालको १५२ वटा सुत्तको संग्रह हो। त्रिपिटक वाङ्मयमा मज्झिमनिकायले सर्वोच्च स्थान पाएको देखिन्छ । यो निकाय बुद्धकालीन सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथ्यहरूको अध्ययन, अनुसन्धान गर्ने साधक, विद्वान, विद्यार्थी र सर्वसाधारण जिज्ञासु, पाठकहरूको लागि गहकिलो प्रमाणिक आधार हो। यो मज्झिमनिकाय मूल-पण्णासक, मज्झिम-पण्णासक, उपरि-पण्णासक गरी तीन भागमा विभाजित गरिएको छ । सुत्तको हिसाबले यसमा दसदसवटा सुत्तभएको चौधवटा वर्ग र बाह्रवटा सुत्तभएको चौधौं वर्ग एउटा समेत गरी जम्मा पन्ध्रवटा वर्ग र एकसय बाउन्नवटा सुत्त छन् ।

## (क) मूलपण्णासक

## १. मूलपरियाय वर्ग

**१) मूलपरियाय-सुत्त :**

भगवान् बुद्धले उक्कट्ठाको सुभगवनमा धर्मोपदेश गर्नुभएको यो सुत्त गाम्भीर्यको कारणले बुझ्न नसक्दा उनीहरूले यसको अनुमोदन गर्न सकेनन् ।

भगवान् बुद्धले सत्वहरूलाई उनीहरूको कुरा बुझ्ने क्षमतानुसार ४ भागमा विभाजित गर्नुभएको छ : (१) पथृक्जन, (२) शैक्ष, (३) क्षीणास्रव र (४) तथागत बुद्ध ।

बुद्ध धर्मानुसार पृथकजन् भनेको साधारण मनुष्य हो । उसको बुद्धधर्मसम्बन्धी आधारभूत ज्ञान प्राप्त गरेअनुसार त्यसलाई यथार्थ रूपले देख्नसक्ने क्षमता हुँदैन । अर्को तरिकाले भन्ने हो भने ऊ मार्गफल प्राप्त

गरि सकेको हुँदैन। उसले - १. पृथ्वीलाई पृथ्वी ठान्दछ, २. पृथ्वीलाई पृथ्वी भनेर नै ठानेर पृथ्वी धारण गर्दछ, ३. पृथ्वीबाट उत्पन्न भएको भन्ठान्छ, ४. पृथ्वीबाटै नाश पनि भएको ठान्दछ, ५. यो पृथ्वी आफ्नै हो भन्ठान्छ, ६. पृथ्वीलाई अभिनन्दन गर्दछ। त्यसो के कारणले गर्ने हो ? उसले पृथ्वीलाई यथार्थ रूपले देख्न नसकेको, बुझ्न नसकेको कारणले हो।

यसरी नै अरू विषयमा पनि उसमा यथार्थ ज्ञान हुँदैन । सबै मानिसहरू विद्वान होऊन् वा मूर्ख, सामान्यतः शब्दका उपरोक्त धारणामा टाँसिरहन्छन् आचरण (अभ्यास) ले, विशुद्ध ज्ञानले शैक्ष्य स्तरमा पुगिसकेको मान्छे (साधक) को विचार स्तरमा (मात्र) केही फरक आउँछ।

क्षीणस्रव अर्थात अर्हत्को स्तरमा पुगेपछि साधक उपरोक्त सोचाइबाट बिलकुल विमुक्त हुनेछ। उसको दृष्टिमा वस्तुलाई यथार्थ रूपले अर्थात् जस्ताको तस्तै हेर्ने, देख्ने क्षमता विकसित भइसकेको हुन्छ। फेरी, क्षीणास्रव साधकहरू - (१) राम्ररी, पुरापुर जान्ने, बुझ्ने, (२) राग नष्ट भइसकेका, (३) द्वेष नष्ट भइसकेका, (४) मोह नष्ट भइसकेका हुन्छन्। यी चारवटा भूमि-परिच्छेदको वर्गीकरण गरेर (भगवान् बुद्धले) उपदेश गर्नुभएको छ जुन ध्यानको अभ्यासले देख्नुपर्ने हुन्छ।

तथागतको बारेमा त स्वयं उहाँ (बुद्ध) ले बताउनुभएकै छ। अष्टम भूमि-परिच्छेदको हकमा उहाँले बोधिवृक्षमुनि प्रतीत्यसमुत्पादको ज्ञान-प्राप्तिद्वारा जब सम्यक्सम्बुद्ध हुनुभयो त्यसैबेला उहाँ यस्ता विषयहरूमा पारङ्गत हुनुभएको थियो।

अट्ठकथानुसार भगवान् बुद्धले यस सुत्तको साथै मूलपरियाय जातकमा पनि बताउनुभएको थियो। यो गम्भीर सुत्त देशना गर्दा अन्तसम्म पनि केही भिक्षुहरूले केही पनि विशेषता प्राप्त गर्न सकेनन्। त्यसपछि उहाँले बीसौं सुत्त उपदेश गर्नुभयो। अनि मात्र ती भिक्षुहरूले यस विषयसम्बन्धी गाम्भीर्य बुझ्न सके।

२) **सब्बासव-सत्तः**

यस सुत्तमा भगवान् बुद्धले भिक्षुहरूलाई श्रावस्तीमा सबै आश्रवको

संवर (नियन्त्रण) कसरी गर्ने हो भन्ने बारे व्याख्या गर्नुहुँदै आश्रव-क्षय गर्नको निमित्त योनिसोमनसिकार (यथार्थ विचार) प्राप्त गर्नुपर्दछ भनेर दिनुभएको उपदेशको चर्चा गरिएको छ । आश्रव परित्याग गर्ने तरिका यी हुन् :

१) दर्शनद्वारा परित्याग गर्नुपर्ने आश्रव, २) संवरद्वारा परित्याग गर्नुपर्ने आश्रव, ३) प्रतिसेवनद्वारा परित्याग गर्नपर्ने आश्रव, ४) अधिवासन द्वारा परित्याग गर्नुपर्ने आश्रव, ५) पूरा त्यागद्वारा परित्याग गर्नुपर्ने आश्रव, ६) पूरै हटाएर परित्याग गर्नुपर्ने आश्रव, ७) भावनाद्वारा परित्याग गर्नुपर्ने आश्रव ।

यसरी जसले आफूमा रहेको आश्रव उपरोक्त तरिकाले परित्याग गर्नसक्छ उसले नै अन्तमा दुःखको पनि अन्त गर्न सक्छ भने परमार्थिक रूपले काम सकिएको पनि हुन्छ ।

### ३) **धम्मदायाद-सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले श्रावस्तीमा भिक्षुहरूलाई धर्मदायाद हुने आमिषदायाद नहुने गर्नको निमित्त दिनुभएको उपदेशको चर्चा छ । यस्को दोश्रो भागमा आयुष्मान् सारिपुत्रले शिक्षा पालन नगर्ने भिक्षुहरू कसरी निन्दा गर्न योग्य हुन्छन् तथा शिक्षा पालन गर्ने भिक्षुहरू कसरी तारिफ गर्न योग्य हुन्छन् भन्ने कुरा बताएका छन् । साथै यसमा पाप धर्म नष्ट गर्ने मध्यम मार्गको चर्चा पनि छ ।

### ४) **भयभेरव-सुत्त** :

यस सुत्तमा भगवान् बुद्ध श्रावस्तीमा विहार गरिरहनुभएको बेला सारिपुत्रले - १) लोकमा केही व्यक्ति आफूहरूकहाँ अङ्गण (पापमय इच्छा) भएपनि आफूहरूमा अङ्गण छन् भनेर चाल नपाएका, २) केही व्यक्ति आफूहरूमा अङ्गण छन् भनेर चाल पाएका, ३) केही व्यक्ति आफूहरूमा अङ्गण नभएर पनि सो नभएको चाल नपाएका, ४) केही व्यक्ति आफूहरूमा अङ्गण नभएका र आफूहरूमा सो नभएको चाल पाएका - यी चार प्रकारका

मान्छेहरू हुन्छन् भनेर बताउँदै यिनीहरूमध्ये अङ्गण नभएको भनेर चाल पाएका व्यक्तिहरू उत्तम हुन्छन् भनेर दिएको उपदेश परेको छ ।

**५) अनंगण–सुत्त :**

भगवान् बुद्ध जेतवनविहारमा बसिराख्नुभएको बेलामा सारिपुत्र स्थविरले भिक्षुहरूलाई चार प्रकारका व्यक्तिहरू (१) क्लेश भएर पनि क्लेश छ भनेर थाहा पाउन नसक्ने, (२) क्लेश भएकोलाई क्लेश भएको सत्यलाई थाहा पाउन सक्ने, (३) क्लेश नभएकोलाई क्लेश छैन भन्ने सत्यलाई थाहा पाउन नसक्ने र (४) क्लेश नभएकोलाई क्लेश छैन भन्ने सत्यलाई थाहा पाउन सक्ने गरी, ४ थरी हुन्छन् भनी व्याख्या गरेको कुराहरू यस सुत्तमा उल्लेख गरिएको पाइन्छ ।

**६) आकङ्खेय्य–सुत्त :**

भगवान् बुद्धले जेतवनमा भिक्षुहरूलाई भन्नुभयो - "भिक्षु हो ! शीलसम्पन्न भएर बस, प्रातिमोक्षसंवर सुरक्षित भई विहार गर्ने होऊ, आचारगोचरले सम्पन्न भएर बस, शिक्षापद ग्रहण गरी तिनको अभ्यास गर्दै रहने होऊ ।"

यसो गर्नाले आफूले आशा गरेको ठूलोभन्दा ठूलो आकाङ्क्षा पुरा हुन्छ। त्यसबाहेक शीलादि पुरा गर्ने व्यक्ति स्रोतापत्ति, सकृदागामी, अनागामी हुने मात्र होइन, छवटा अभिज्ञा प्राप्त गरी अर्हत्सम्म पनि हुन्छन् । यसै कारणले भगवान् बुद्धले भिक्षुहरूलाई शील आदिले सम्पन्न भइरहन जोड दिनुभएको हो ।

**७) वत्थ–सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले श्रावस्तीमा भिक्षुहरूलाई दिनुभएको निम्न लिखित उपदेश उल्लिखित छ - मैले कालो देखिएको लुगामा जुन रङ्गले रङ्गाएर पनि नरङ्गिनेजस्तै जसका चित्तमा लोभ, द्वेष, क्रोध आदि सोह्रवटा विकार वा तीमध्ये कुनै एउटा रहन्छ भने त्यस मान्छेको चित्त मैलो नै हुन्छ । जुन व्यक्तिले यी सोह्रवटा अनिष्टकारी उपक्लेशलाई

यथार्थ रूपले देखेर, पहिचान गरेर चित्तबाट हटाउन सक्यो र श्रद्धापूर्वक त्रिशरणमगन गरी ध्यानस्थ भईकन ब्रह्मविहार भावना गर्न सक्यो ऊ अन्तमा जन्म क्षीणभएको अर्हत् हुनेछ । यही व्यक्ति ननुहाएको भए पनि नुहाएको हुनेछ ।

## ८) **सल्लेख-सुत्त :**

यो सुत्तमा भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा आयुष्मान् महाचुन्दलाई दिनुभएको उपदेश हो । आफूमा रहेको अत्तभाव (आत्मभाव) दृष्टिलाई यथाभूत ज्ञानले देख्न सक्यो भने 'यो मेरो होइन, यो म होइन, यो मेरो आत्मा होइन' भनेर अत्तभाव धारणा स्वतः निर्मूल हुन्छ । ध्यानबारे पनि तहपछि तह उक्लेर माथिल्लो ध्यानमा पुगेर पनि 'म', 'मेरो' भन्ने भाव राख्नु उचित हुँदैन । भिक्षुहरूले क्लेशलाई झन्झन् पातलो पार्दै लैजाने प्रक्रियालाई नै सल्लेख भनिएको हो । अरूहरू हिंसक भए (भिक्षुहरूले) हामी हिंसक हुँदैनौं (अहिंसक भइरहन्छौं) भनेर सल्लेख गर्नृपर्दछ । यसरी नै अरूहरू आफ्नो दृष्टि मात्र सत्य हो भन्ने भूल गरी उल्टो दृष्टिले हेरिरहन्छन् भने हामीहरू सीधा बाटोको आलम्बन गर्दै जाने प्रयास गर्नुपर्दछ ।

## ९) **सम्मादिट्ठि-सुत्त :**

यो सुत्त धर्मसेनापति सारिपुत्रले श्रावस्तीस्थित जेतवनमा गरेको सम्यक्दृष्टिको व्याख्या हो । (१) यस सुत्तमा कर्म र कर्मको मूल पहिचान गर्ने सम्यक्दृष्टि, (२) आहार, आहार समुदय, आहार निरोध, आहार निरोगामिनी मार्ग पहिचान गर्नु नै सम्यक्दृष्टि, (३) दुःख, दुःख समुदय( तृष्णा), दुःख-निरोध (दुःखको प्रहाण), दुःख-निरोगामिनी प्रतिपदा (आर्य-अष्टाङ्गिक मार्ग) भनिने चारवटा सत्यको पहिचान गर्नु नै सम्यक्दृष्टि र (४) प्रतीत्यसमुत्पादका बाह्रवटा अङ्गहरूको आपसमा रहेको सम्बन्ध पहिचान गर्नु पनि सम्यक्दृष्टि हो भनेर व्याख्या गरिएको छ ।

## १०) **महासतिपट्ठान-सुत्त :**

भगवान् बुद्ध कुरूस्थित कुरूहरूको कम्मासदम्म भनिने निगममा

विहार गरिरहनुभएको बेलामा भिक्षुहरूलाई (यसो) भन्नुभयो - "भिक्षु हो ! सत्वहरूको विशुद्धिको निमित्र दुःख, दौर्मनस्य मास्नको निमित्र, आर्यमार्गमा गमन गर्नको निमित्त तथा निर्वाण तथा निर्वाण साक्षात्कार गर्नको निमित्त एउटै मात्र बाटो छ। त्यो हो - चार स्मृतिप्रस्थान ।

चार स्मृतिप्रस्थान यी हुन् - कायानुपस्सना, वेदनानुपस्सना, चित्तानुपस्सना र धम्मानुपस्सना ।

## सीहनाद वर्ग

### ११) चूलसीहनाद-सुत्त :

भगवान् बुद्धले श्रावस्तीमा भिक्षुहरूलाई अरू धर्ममा श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत् छैन भनेर बताउनुभयो । भगवान्को धर्म अन्य वाद वा धर्मदेखि के-के कुरामा फरक छ भनेर उनीहरूसितै प्रश्नोत्तर गरी उनीहरूका प्रश्नहरूका जवाफ दिनुपर्छ भनेरपनि भगवान्ले भन्नुभयो । फेरी यस सुत्तमा श्रद्धाको स्वरूप कस्तो हन्छ र वीतरागदेखि अर्हत्को चरणसम्म कसरी पुग्न सकिन्छ भन्ने बारे भगवान्ले दिनुभएको उपदेश पनि समाहित गरिएको छ ।

### १२) महासीहनाद-सुत्त :

भिक्षुत्व त्यागेर(फेरी) गृहस्थ बनेका सुनक्खत लिच्छवीपुत्रले बुद्धको निन्दा गर्दैरहेको सुन्ने आयुष्मान् सारिपुत्रले भगवान्लाई यसबारे निवेदन गरेपछि उहाँले वैशालीमा यो सुत्त देशना गर्नुभएको हो । यस सुत्तमा सिद्धार्थ बोधिसत्वले बुद्धत्व प्राप्त गर्न अगाडिको चरणमा गर्नुभएको कठिन तपस्यासम्बन्धी र विस्तृत वर्णन पनि छ। यसरी बुद्ध जीवनीको दृष्टिले यो सुत्त ज्यादै महत्वपूर्ण छ ।

### १३) महादुक्खक्खन्ध सुत्त :

अन्य सम्प्रदायका अनुयायीहरूले भगवान्को धर्म र उनीहरूको धर्ममा कुनै अन्तर छैन भनेका कुरा सनेर भिक्षुहरूको एक टोली गएर

भगवान्सँग यसबारे सोधे । भगवान्ले ती भिक्षुहरूलाई (बुद्ध) धर्मसम्बन्धी बताउनुभएको विशेषताहरूको चर्चा यस सुत्तमा छ ।

१४) **चूलदुक्खक्खन्ध-सुत्त** :

महानाम शाक्यले यस्तो प्रश्न गरेका थिए -'के कुरा हटि नसकेकोले मेरो चित्त लोभयुक्त, द्वेषयुक्त, मोहयुक्त रहेको हो ?'

भगवान् बुद्धले उनलाई लोभादि अकुशल धर्म भित्रैदेखि नहटेको कारणले कहिलेकाहीँ त्यसो हुनु स्वभाविक हो भन्दै कामगुणको आस्वाद, आदीनव, निस्सरण सम्बन्धी दिनुभएको उपदेशको चर्चा यस सुत्तमा छ । त्यसरी नै घोर तपस्याको साधनाद्वारा पाप मोचन गर्न खोज्ने अरू तैर्थिकहरूले अकुशलधर्म त्याग्नुपर्दछ, कुशलधर्म सङ्ग्रह गर्नुपर्दछ भन्नेसम्म पनि जानेका हुँदैनन् भन्ने उल्लेख पनि यस सुत्तमा गरिएको छ ।

१५) **अनुमान-सुत्त** :

यो सुत्त आयुष्मान् महामौद्गल्यायनले भर्ग जनपदको संसुमार गिरिस्थित भेसकलावनमा भिक्षुहरूलाई दिएको उपदेश हो। उदाहरणार्थ-ऐनामा आ-आफ्ना अनुहार हेरेर दाग लागेको वा नलागेको थाहा पाउँछन्, दाग लागेको देखिएमा त्यसलाई सोध्दछ । यसरी नै आफूमा अकुशलधर्म भेटिएमा त्यसलाई हटाउने कोशिस गर्नुपर्दछ । यसरी आफूमा अकुशल धर्म समाप्त भएको प्रत्यवेक्षण गरी प्रहीण भएको चाल पाउनेबित्तिकै प्रीति प्रामोद्य कुशलधर्ममा रहनुपर्छ, रहन सिक्नुपर्छ भनेर आयुष्मान् महामौद्गल्यायनले दिएको उपदेश यसमा चर्चित छ ।

यो सुत्त आचार्य बुद्धघोषले आफ्नो व्याख्यानमा पुराण भिक्षुहरूको निमित्त भिक्षु प्रातिमोक्ष नाउँले विदित थियो स्वयं प्रत्यवेक्षण प्रत्येक भिक्षुले दिनको तीनपल्ट गर्नुपर्छ भनेर उल्लेख गरेका छन् ।

१६) **चेतोखिल-सुत्त** :

बुद्ध, धर्म, सङ्घ र शिक्षा (उपदेश) मा अविश्वास गर्नुको साथै ब्रह्मचारीहरूप्रति असन्तुष्ट भई रिसाउनु - यी पाँच थोक चेतोखिल अर्थात्

मनका ढाँचा हुन् । (आफूमा) यी काँढाहरू भएसम्म सत्मार्गतिर प्रगति गर्न सकिन्न । त्यसै कारणले भिक्षुहरूले यस्ता (काँडा) लाई प्रहीण गरी, ध्यानको अभ्यासद्वारा मार्ग सिद्ध गरी परम पद प्राप्त गर्नुपर्दछ ।

### १७) **वनपत्थ-सुत्त :**

यस सुत्तमा ध्यानको अभ्यास गर्न कस्तो एकान्तवास अनुकूल हुन्छ, कस्तो अनुकूल हुँदैन भन्ने शिक्षाबारे चर्चा गरिएको छ। खान-लाउन र बास बस्न पनि सुविधा उपलब्ध भएपनि आफूमा स्मृतिको वृद्धि गर्न सकिएन भने, योगक्षेम प्राप्त गर्न सकिएन भने त्यस ठाउँमा रहनु हुँदैन, त्यो ठाउँ छाड्नुपर्छ ।

### १८) **मधुपिण्डिक-सुत्त :**

भगवान् बुद्धले शाक्य जनपदको न्यग्रोधाराममा दण्डपाणि शाक्यले उठाएको प्रश्नका लागि दिनुभएको उत्तर नै यो सुत्त हो । संक्षिप्तरूपले दिइएको यस उपदेशलाई भगवान्ले भिक्षुहरूलाई दोहोऱ्याएर बताईसकेपछि त्यहाँबाट उठी विहारतिर प्रस्थान गर्नुभयो । अनि आयुष्मान् महाकात्यायनले भिक्षुहरूको प्रार्थनामा यस संक्षिप्त उपदेशलाई प्रतीत्यसमुत्पाद सिद्धान्तको आधारमा व्याख्या गरे । आयुष्मान् महाकात्यायनले गरेको यस व्याख्याको अनुमोदन पछि स्वयं भगवान्ले गर्नुभयो । अनि आयुष्मान् आनन्दको विश्लेषणानुसार यस सुत्तलाई मधुपिण्डिक-सुत्र भनिएको हो ।

### १९) **द्वेधावितक्क-सुत्त :**

यस सुत्तको उपदेश भगवान्ले श्रावस्तीमा दिनुभएको हो । यस सुत्रअनुसार वितर्कलाई दुई भागमा छुट्टाएर हेर्नुपर्दछ - (१) कुशल र २) अकुशल । अकुशल वितर्क अनर्थकारी हो । त्यसलाई त्याग्ने प्रयास गर्नुपर्दछ । कुशल वितर्क चाहिँ साधनाको निमित्त हितकारी हो । त्यसैले त्यसलाई धारण गर्ने कोशिस गर्नुपर्दछ । काम वितर्क, व्यापाद वितर्क र विहिंसा वितर्क भिक्षुहरूको निमित्त त्याज्य हुन् । अनि नैष्क्रम्य वितर्क, अव्यापाद वितर्क, अविहिंसा वितर्क चाहिँ साधनाको निमित्त अनुकूल हुन् ।

## २०) **वितक्कसण्ठान–सुत्त :**

यो सुत्त भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनाराममा भिक्षुहरूलाई दिनुभएको उपदेश हो । यस उपदेशअनुसार भिक्षुहरूले आफ्नो चित्त अकुशल कर्मबाट हटाई कुशल कर्मतिर लगाउनुपर्छ। अकुशल कर्मका दुष्परिणामबारे सोच्नुपर्छ । खराब विचारहरूको पहिचान गरी त्यसप्रति ध्यान दिनुपर्छ । आफ्नो मनैले मनलाई दबाउनुपर्छ । यसो गर्न सकेमा भिक्षु जीवन सफल हुन्छ ।

# उपमा वर्ग

## २१) **ककचूपम–सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले श्रावस्तीमा भिक्षु मोलियफग्गुनले भिक्षुणीहरूसित अत्याधिक हिमचिम गरिहेको प्रसंङ्गमा करौतीको उपमा दिएर गर्नुभएका उपदेश समाहित छ ।

मान्छेहरूले कुरा गर्ने तरिका पाँच प्रकारका छन् :- (१) सामायिक वा असामायिक, (२) सत्य वा असत्य, (३) स्नेहपूर्वक वा कठोरतापूर्वक, (४) सार्थक वा निरर्थक, (५) मैत्रीपूर्ण चित्तले वा द्वेषपूर्ण चित्तले । यी मध्ये जुनसुकै तरिका अपनाएर कुरा गरे पनि मान्छेहरूले आफ्नो चित्तलाई पृथ्वीसमान, आकाससमान, गङ्गा नदीसमान व्यापक बनाएर मैत्री चित्त राख्ने अभ्यास गर्नुपर्दछ भनेर भगवान्ले भिक्षुहरूलाई उपदेश दिनुभएको छ ।

## २२) **अलगद्दूपम–सुत्त :**

भगवान्ले श्रावस्तीमा भिक्षुहरूलाई यसो उपदेश गर्नुभयो - “सर्पलाई समातेर बेसरी कस्ने मान्छेले सर्पलाई वशमा पार्न सक्छ, डराएर खुकुलोसँग मात्र समात्ने मान्छेलाई सर्पले टोक्छ। त्यसरी नै राम्ररी भित्रदेखि दरोसँग पालन गरेको धर्म निकै सार्थक हुन्छ, खुकुलोसँग पालन गरेको धर्म अनर्थकारी हुन्छ ।”

यस सुत्तको अर्को एउटा विशेषता छ - धर्म भनेको डुङ्गाजस्तो हो भनेर तुलना गरिएको उपमा दिने गरिन्छ । किनभने मान्छेहरू डुङ्गाको भरोसा लिएर नदि पार गर्दछन्, त्यसरी नै मानिसहरूले धर्मको अभ्यास गरेको भरोसाले जन्ममरणरूपी संसारबाट तर्नुपर्दछ । नदी पार गरेको मान्छेलाई डुङ्गा नरहेजस्तै परमपद निर्वाण प्राप्त गरेको मान्छेको निमित्त धर्मको आवश्यकता रहन्न । धर्म भनेको केवल माध्यम मात्र हो । यसरी विमुक्त भएको भिक्षुलाई उत्क्षिप्त-परिध, संकीर्ण परिध, अव्यूढहरिसिक, निरर्गल, आर्य, पन्थध्वज, पन्तभार, विसंयुक्त भनिन्छ । अर्हत् भइसकेको साधकको हकमा गर्नुपर्ने काम सम्पन्न भइसकेको हुन्छ, अनागामिको हकमा यस लोकमा (मरणपछि फेरी) आउनुपर्ने हुन्छ, सकृदागामी केवल एकपल्टमात्र आउनुपर्ने हुन्छ, स्रोतापन्न साधक निश्चिन्त सम्बोधिपरायण भएको हुन्छ, श्रद्धानुसारी, धर्मानुसारी साधकहरू पनि धर्मको मार्गमा अग्रसर भएका हुन्छन् । यस्तो स्वाख्यात धर्ममा गरिएको श्रद्धाले मात्र पनि स्वतः सद्गति प्राप्त हुन्छ ।

## २३) **वम्मिक-सुत्त** :

यस सुत्रमा भिक्षु कुमारकाश्यपले 'धमिराको गोला भनेको यो मानव शरीर हो, दिनभरी काम गरी राति विचार गर्नु(उब्जिन) लाई राति धुवाँको मुस्लो निस्केको भनिन्छ, ज्याभल भनेको प्रज्ञा हो, चुकुल भनेको अविद्या हो, दोबाटो भनेको विचिकित्सा (संशय), कछुवा भनेको पाँच उपादानस्कन्ध, नाग भनेको क्षीणस्रवी भिक्षु हुन्' भनेर उत्तर दिनुभयो ।

यस उपदेशको सार के हो भने भिक्षुले भगवान् बुद्धको उपदेशद्वारा अविद्यालाई प्रज्ञाले चूर्ण पारेर, नीवरणलाई हटाएर, तृष्णालाई प्रहीण गर्दछ ।

## २४) **रथविनीत-सुत्त**:

धर्मसेनापति सारिपुत्रले राजगृहको कलन्दकनिवापमा भगवान् बुद्धसमक्ष भिक्षुहरूद्वारा पूर्ण मन्त्राणिपुत्रको प्रशंसा गरिएको सुनेर पूर्ण मन्त्राणिपुत्रलाई जहिले भएपनि एक चोटि भेट्ने कोशिस गरे ।

धर्मसेनापति सारिपुत्रले पूर्णमन्त्राणिपुत्रसित भेट हुँदा भगवान् बुद्धको

समक्ष ब्रह्मचर्य पालन गर्नाको उद्देश्य केहो भनेर सोधे । प्रश्नको उत्तर दिने क्रममा पूर्ण-मन्त्राणिपुत्रले सारिपुत्रलाई रथ-बिसौनीको उपमाद्वारा बताए । शील-विशुद्धि भनेको चित्त-विशुद्धिको निमित्त, चित्त-विशुद्धि भनेको दृष्टि-विशुद्धिको निमित्त, दृष्टि-विशुद्धि, शंका निवारण भनेको मार्गमार्ग ज्ञानदर्शनको निमित्त, मार्गमार्गज्ञानदर्शन-विशुद्ध भनेको अनुपादान परिनिर्वाणको निमित्त हो भन्ने कुरा रथको एउटा बिसौनीबाट अर्को बिसौनी फेर्दै गन्तव्य स्थानमा पुग्ने जस्तै एक चरणपछि अर्को चरणसित सम्बन्ध रहेको कुरा बताए । आयुष्मान् सारिपुत्रले पूर्ण मन्त्राणिपुत्रको व्याख्यान सुनेर ठूलो प्रशंसासहित तिनको कुराको अनुमोदन गरे । फेरी आयुष्मान् पूर्ण मन्त्राणिपुत्रले पनि आफ्नो श्रोता स्वयं धर्मसेनापनि सारिपुत्र रहेछ भनेर जानकारी पाउँदा हर्षले विभोर भए । अनि एक अर्काको धर्मसम्बन्धी कुराको प्रशंसा गरे ।

### २५) **निवाप–सुत्त** :

यो सुत्त भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा भिक्षुहरूलाई बताउनुभएको हो । चार थरी मृग-बथानको उपमाद्वारा दिइएको यस उपदेशअनुसार सांसारिक विषय वासना भनेको माररूपी व्याधाले रोपेको खेतको बालीजस्तै हो जसमा साधारण मानिसहरू सजिलैसंग फस्छन् र त्यहीँ अड्किएर तीव्र कष्ट भोगिरहन्छन्, तर ज्ञानीजनहरू मारको जाललाई पहिचान गरी त्यसमा नफसीकन निर्वाण प्राप्त गर्ने साधनामा लागेर सफलता प्राप्त गर्छन् ।

### २६) **पासरासि–सुत्त** :

यस सुत्रअनुसार संसारबाट मुक्त हुनेबारे खोजी गर्नु आर्य पर्यवेषणा हो, विषय-भोग बारे खोज गर्नु अनार्य पर्यवेषणा हो ।

यस सुत्तमा बुद्धले बोधिसत्व भईरहेको अवस्थामा बुद्धत्वको खोजमा लाग्दै दुष्कर मार्ग अनुगमन गरेर अन्तमा बुद्धत्व प्राप्त गरेको वर्णन गरेको छ । बुद्ध भएपछि उहाँले ऋषिपतन मृगदावनमा धर्मचक्र प्रवर्तन गरी मानिसहरूलाई परमपद लाभ गराउनुभएको कुरा पनि यस सुत्तमा चर्चित छ ।

बुद्ध जीवनीको दृष्टिले यो सूत्र महत्वपूर्ण छ ।

## २७) **चूलहत्थिपदोपम–सुत्त** :

पिलोतिक परिव्राजकको कथानुसार भगवान् बुद्धलाई पहिचान गर्ने भगवान् बुद्धकै स्तरको मान्छेले मात्र पहिचान गर्नसक्छ । उहाँप्रति यस्तो उच्च सम्मान देखाइएकोबाट आकर्षित भएका जानुस्सोणि ब्राह्मणलाई पिलोतिकले तथागतमा रहेको चारवटा विशेषताको वर्णन हात्तीको चारप्रकारका पदचिन्हको उपमाद्वारा गरे । त्यो सुनेर ब्राह्मण बुद्धप्रति अतीव श्रद्धालु बने । अनि उनले भगवान् बुद्धसमक्ष गएर त्यही कुरा निवेदन गर्दा उहाँले हस्ति-पदको उपमाद्वारा दिनुभएको यस सुत्तमा चर्चित छ ।

## २८) **महाहत्थिपदोपम–सुत्त** :

श्रावतीस्थित जेतवनमा धर्मसेनापति सारिपुत्रले भिक्षुहरूलाई दिएको यस उपदेशमा हस्तिपदको उपमाद्वारा जति पनि कुशलधर्म छ त्यो सबै आर्यसत्य हो अर्थात् दुःख, दुःखसमुदय, दुःखनिरोध, दुःखनिरोधगामिनी मार्गअन्तर्गत पर्दछ भन्ने कुरा समाहित छ ।

## २९) **महासारोपम–सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले देवदत्तको भनाइको प्रसङ्गमा रूखको काठको भित्रीसारको उपमाद्वारा विमुक्तिको लाभ भनेकै धर्म साधनाको सार हो भनेर साधकहरूलाई दिनुभएको उपदेश रहेको छ । लाभ, सत्कार आदिमा भुल्ने भिक्षुहरू पातहरूले भरिएको सिप्किनो ग्रहण गर्नेजस्ता मात्र हुन्, शीलपालन मात्र गर्ने भिक्षुहरू रूखका बोक्रा ग्रहण गर्ने जस्ता मात्र हुन् । त्यसैले जन्म, जरा र मरणले मुक्त हुने निर्वाण लाभ गर्ने भिक्षुहरू नै भित्री काठको सारको काम लिने व्यक्तिजस्ता हुन्छन् ।

## ३०) **चूलसारोपम–सुत्त** :

यस सुत्तमा पनि भगवान् बुद्धले रूखको सार भित्री काठको उपमाद्वारा विमुक्तिको लाभ नै धर्म साधनाको सार हो भनेर पिङ्गलवच्छ ब्राह्मणलाई दिनुभएको उपदेश समाहित छ । त्यस उपदेशअनुसार लाभ, सत्कार भनेको रूखको पातपतिङ्गर जस्तै मात्र हुन्, शीलपालन भनेको

बोक्राजस्तो मात्र हो, समाधि भनेको रूखको भिल्लीजस्तै मात्र हो, ज्ञान दर्शन भनेको (बोक्रा भित्र वा बाहिरको) सारहीन वस्तु हो, अनि च्यूत नहने चित्तविमुक्ति नै यस ब्रह्मचर्य (बुद्धधर्म) कै सार हो ।

## यमक वर्ग

### ३१) **चूलगोसिङ्ग–सुत्त** :

भगवान् बुद्धले गोसिङ्ग सालवनमा रहेका अनुरूद्धहरूसित दूधमा पानी मिसाएजस्तै उत्तरी-मनुष्य-धर्म अलमार्य ज्ञानदर्शन विशेष सुख-विहार प्राप्त गरिरहेका छौ कि छैनौ भनेर सोध्नुहुँदा उनीहरूले दिएका आफ्ना अनुभवको कुराहरू यस सुत्तमा चर्चित छन् ।

### ३२) **महागोसिङ्ग–सुत्त** :

गोसिङ्ग सालवनमा रहेका सारिपुत्र, महामौद्गल्यायन, महाकाश्यप लगायत प्रमुख श्रावक शिष्यहरू मिलेर धर्मचर्या गरिरहँदा एउटा प्रश्न उठ्यो - सुगन्ध फूल फुलेर राम्रो, रमाइलो गोश्रृङ्ग शालवन कस्तोभिक्षुका कारणले शोभायमान हुन्छ होला ? सबैले आ-आफ्नो विचार अनुसार प्रश्नको जवाफ दिए । तिनीहरू सबैले भगवान्समक्ष आफुहरूले व्यक्त गरेका विचारहरू निवेदन गरेपछि कसको विचार ठीक छ भने सोधे, अनि भगवान्ले यसो भन्नुभयो :-

"सारिपुत्र ! पर्यायद्वारा सबैले भनेका कुराहरू ठीक छन् । जुन कारणले भिक्षुहरूद्वारा गोश्रृङ्ग सालवन शोभायमान हन्छ, त्यसबारे मेरो पनि केही कुरा सुन, यहाँ भिक्षुले भोजनपछि पलेटी कसी ध्यानगरेर, जीउ ठाडो पारी मुखअगाडि स्मृति राखी - 'तबसम्म यो पलेंटी कसी गरेको ध्यान भङ्ग गर्दिन बसम्म उपादानरहित आस्रवबाट चित्तविमुक्ति हुने छैन' भनेर प्रतिज्ञा गर्दछ । त्यस्तो भिक्षुद्वारा गोसिङ्ग सालवन शोभायमान हुन्छ ।

### ३३) **महागोपाल–सुत्त** :

एघारवटा कुरा नजान्ने (ज्ञान-गुण नभएको) गोठालो नालायक

भएजस्तै एघारवटा कुरा नजान्ने भिक्षुले आफूलाई बुद्धधर्ममा अगाडि बढाउन सक्दैन । जुन भिक्षुले (१) रूप चिन्न सक्दैन, (२) कर्मको लक्षण जान्न सक्दैन, (३) काम विर्तक, व्यापाद वितर्क, विहिंसा वितर्क, अकुशल वितर्क छाड्न सक्दैन, (४) आफ्ना इन्द्रियहरूको संयम गर्दैन, (५) आफुले जानेका कुरा अरूलाई बुझाउँदैन, (६) आफुले नजानेको कुरा अरूसँग सोध्दैन, (७) तथागतको धर्म जान्न, बुझ्न सक्दैन, (८) धर्मको बाटो ठम्याउन सक्दैन, (९) चारवटास्मृति प्रस्थानलाई यथाभूत रूपले जान्दैन, (१०) गृहस्थहरूले दिएको वस्तुहरू (उपभोग गर्ने) मात्रा जान्दैन, (११) संघमा आदर गर्नुपर्ने भिक्षुहरूलाई आदर गर्दैन ।

उसले सफलता प्राप्त गर्न सक्तैन । यी कुराहरूको ठीक विपरीत अर्थात् असल एघारवटा गुण जुन भिक्षुमा हुन्छन्, उसले आफूलाई बुद्धधर्ममा अगाडि बढाउन सक्छ ।

### ३४) **चूलगोपाल–सुत्त** :

यस सुत्तमा अघिल्लो सुत्रमा जस्तै गोठालाको उपमाअनुसार कुनै सिपालु गोठालाले बूढा साँढेहरूदेखि कलिला बाछाबाछीहरूलाई जसरी गङ्गा नदीका धारबाट कुशलतापूर्वक पार तार्छ त्यसरी नै अर्हत्, अनागामी, सकृदागामी, स्रोतापन्नहरू मात्र होइनन् धर्मको बाटोमा परेका व्यक्तिहरूलाई सम्म पनि तथागतले जन्म-जरा-मरणरूपी नदीबाट पार तार्नुभएको कुराको चर्चा छ ।

### ३५) **चूलसच्चक–सुत्त** :

सच्चक निगण्ठपुत्र त्यसबेला एक ठूला तार्किक थिए । उसले अभिमानका साथ यसो भन्थ्यो - 'मैले यस्तो कुनै श्रमणब्राह्मण देखेको छैन जोसित मैले वाद-विवाद गर्दा काप्दैन, काखीबाट पसीना काढ्दैन । मैले चेतनशील थामसित मात्र शास्त्रार्थ गरेपनि त्यो मेरो वादको कारणले हल्लिन थाल्छ, लगलग काम्न लाग्छ भने मान्छेहरूको त के कुरा गर्ने ?'

एक दिन भगवान् बुद्धले आफूसित वाद-विवाद गर्नआएका सच्चकको सवालको जवाफमा बढी प्रचलित शिक्षा रूप, वेदना, संज्ञा,

संस्कार र विज्ञान अनित्य हुन्, अनात्म हुन् भनेर व्याख्या गर्नुभयो । अन्तमा सच्चकले आफ्नो गल्ती स्वीकारेको चर्चा यस सुत्तमा समाहित गरिएको छ ।

### ३६) **महासच्चक-सुत्त** :

उही सच्चक निगण्ठपुत्रले फेरी भोलिपल्ट आएर भगवान् बुद्धसित सोधेको सवालको जवाफमा उहाँले उसलाई कायभावना र चित्तभावनाको अभ्यास गर्नुपर्ने आश्यकताबारे उपदेश गर्नुभयो । प्रसंगवश भगवान्ले आफ्नो बोधिसत्व चर्याको पनि चर्चा गर्नुभयो । सच्चकको दार्शनिक शंका-समाधान भयो । अन्तमा उसले भगवान्प्रति आफ्नो श्रद्धा व्यक्त गऱ्यो । यही कुरा यस सुत्तमा परेको छ ।

### ३७) **चूलतण्हासंखय-सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले देवेन्द्र शक्रलाई दिनुभएको उपदेश उल्लेखित छ । भगवान्ले देवेन्द्र शक्रलाई यसो भन्नुभयो - "सबै धर्ममा अभिनिवेश (झुकाउ/ढल्काइ) गर्नु योग्य (उचीत) हुँदैन । सबै धर्मलाई जानेर परित्याग गरीकन जस्तोसुकै वेदना अनुभव भएपनि त्यसमा अनित्यानुपश्यी, विरागानुपश्यी, निरोधानुपश्यी, प्रतिनिस्सगार्नुपश्यी हुनुपर्छ । अनि मात्र त्यस (साधक) ले संस्कारलाई ग्रहण गरिरहन्न । यही तृष्णा क्षय भएर विमुक्ति प्राप्त हुन्छ ।"

### ३८) **महातण्हासंखय-सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा त्यही एउटा विज्ञान शरीरभरि सरेर एक जन्मबाट अर्को जन्ममा सर्दै आत्माको काम गरिरहन्छ भन्ने गलत दृष्टि राख्ने भिक्षु सातिको प्रसङ्गमा भिक्षुहरूलाई दिनुभएको उपदेश चर्चित छ ।

भगवान् बुद्धले उसलाई अनेक प्रकारले निन्दा गर्दै विज्ञान भनेको प्रतीत्यसमुत्पन्न हो, विनाप्रत्ययले विज्ञान उत्पन्न हुन्न भन्ने उपदेश दिनुभयो । आँखा, कान, जिब्रो, शरीर र मनबाट उत्पन्न हुने विज्ञानलाई जानी बुझी कसरी (त्यसबाट) विमुक्त हुन सकिन्छ भन्नेबारे भिक्षुहरूलाई भगवान्ले दिनुभएको विस्तृत व्याख्या यसमा समाहित छ ।

### ३९) **महाअस्सपुर-सुत्त :**

भगवान् बुद्धले भिक्षुहरूलाई साँच्चैको भिक्षु बन्नलाई के के गर्नुपर्छ भन्नेबारे गर्नुभएको देशना यस सुत्तमा दिइएको छ ।

(१) लज्जा र सङ्कोच भएको हुनुपर्छ । (२) शुद्ध काय-समाचार भएको हुनुपर्छ । (३) शुद्ध वची समाचार भएको हुनुपर्छ । (४) शुद्ध मनो-समाचार भएको हुनुपर्छ । (५) शुद्धआजीविका समाचार भएको हुनुपर्छ । (६) इन्द्रिय-संयम भएको हुनुपर्छ । (७) भोजनमा मात्र ज्ञान भएको हुनुपर्छ । (८) जागरणमा तत्परता भएको हुनुपर्छ । (९) स्मृति-सम्प्रजन्य भएको हुनुपर्छ । (१०) नीवरण प्रहाण गर्नसक्ने हुनुपर्छ । (११) ध्यान-लाभी हुनुपर्छ । (१२) अन्तमा त्रिविद्यामा पारङ्गत भएर, जन्म मरणले मुक्त रहेको अरहत्व ज्ञान प्राप्त गर्न सकेमात्र ऊ (भिक्षु साधक) श्रमण हुन्छ, ब्राह्मण हुन्छ, दक्ष हुन्छ, श्रोतिय हुन्छ, आर्य हुन्छ, अर्हत् हुन्छ ।

### ४०) **चूलअस्सपुर-सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले अङ्ग देशको अश्यपुर नगरमा दिनुभएको उपदेशहरू परेका छन् । भगवान् बुद्धले देशना गर्दै भन्नुभयो - “कसैले संङ्घाटी धारणा गर्देमा उसलाई भिक्षु भन्न मिल्दैन, रूखमुनि आसन गर्दैमा उसलाई भिक्षु भन्न मिल्दैन ।” भगवान्ले फेरी भन्नुभयो - “चतुब्रह्मविहारले युक्त भईकन सामीचि-प्रतिपदामा लागेको भए जुनसुकै कुलमा जन्मेको भएपनि उसले भित्त-विमुक्ति र प्रज्ञा-विमुक्तिलाई यसै जन्ममा पहिचान गरी साक्षात्कार गऱ्यो भने उसलाई श्रमण भनिन्छ ।”

## चूलयमक वर्ग

### ४१) **सालेय्य-सुत्त :**

भगवान् बुद्धले सालवासी ब्राह्मणहरूलाई सुगति दुर्गतिका कारण बताई उनीहरूलाई धर्माचरण र अधर्माचरणबारे दिनुभएको उपदेश यस सुत्तमा परेको छ ।

शरीरले गर्ने तीन थरी - (१) प्राणीघात, (२) अदिन्नादाना, (३) व्यभिचार, वचनले गर्ने चार थरी - (१) झूटो बोल्नु, (२) चुग्ली गर्नु, (३) कठोर वचन बोल्नु, (४) निरर्थक, बकम्फुसे कुरा गर्नु तथा मनले गर्ने चार थरी (१) लोभ गर्नु, (२) व्यापाद (द्वेष) गर्नु, (३) मोह (मिथ्यादृष्टि) राख्नु - यी सबै गरेका दशवटा अधर्माचरणलाई त्यागेर दशवटा धर्मको आचरण गर्ने व्यक्तिले आफूले चिताएको लोकमा वा ठाउँमा जन्मिन पाउँछ । यस उपदेशबाट प्रभावित भई सालवासी ब्राह्मणहरू भगवान्को शरणमा गए ।

### ४२) **वेरञ्जक-सुत्त** :

यस सुत्तमा पनि भगवान् बुद्धले वेरञ्जावासी ब्राह्मणहरूलाई सुगति र दुर्गतिका कारण बताई उनीहरूलाई धर्माचरण र अधर्माचरणबारे विस्तृत रूपले दिनुभएको उपदेश उल्लेख गरिएको छ ।

### ४३) **महावेदल्ल-सुत्त** :

यस सुत्तमा भगवान् बुद्ध श्रावस्तीमा विहार गरिरहनुभएको बेला आयुष्मान् सारिपुत्रले आयुष्मान् महाकोट्ठिकलाई कस्तोलाई जान्ने बुझ्ने भन्ने र कस्तोलाई नजान्ने नबुझ्ने भन्ने बारे बताएको कुरा दिइएको छ । त्यस उपदेशअन्तर्गत जान्नेबुझ्ने र नजान्ने नबुझ्नेको बीचमा रहेको भेदको साथै वेदना, संज्ञा र विज्ञानमा के के भेद छन्, यिनीहरू सँगसँगै रहन्छन् भन्ने कुरा पनि चर्चित छन् । प्रथमध्यानदेखि संज्ञावेदयितनिरोध समापत्तिसम्म तथा अकोप्य चित्तविमुक्ति अर्थात् अर्हत्सम्मको वर्णन पनि यसमा समावेश गरिएको छ । यस सुत्तमा सुत्तहरूका विवरणहरू राम्ररी समाविष्ट गरिएकोले यसलाई केही विद्वानहरूले मज्झिमनिकायको मुटु ठानेका छन् ।

### ४४) **चूलवेदल्ल-सुत्त** :

यस सुत्तमा भिक्षुणी धम्मदिन्नाले विशाख उपासकले सोधेका प्रश्नहरूका उत्तरमा भनेका कुराहरूको अनुमोदन भगवान् बुद्धबाट भएको चर्चा गरिएको छ । विशाख उपासकले आफ्नी पूर्व पत्नी अर्हत् भिक्षुणी

धम्मदिन्नासित सोधेका प्रश्नहरूको उत्तरमा तिनले सत्काय, सत्काय समुदय, सत्काय निरोध, सत्काय निरोधगामिनी प्रतिपदाबारे एक एक छुट्याएर व्याख्या गरिन् । तिनले विशाखलाई संस्कार विभिन्न प्रकारका भएको कुरा बताउँदै संज्ञावेदनियनिरोध समापत्ति ध्यानमा बसेका भिक्षुको अवस्थाको वर्णन पनि गरिन् ।

### ४५) **चूलधम्मसमादान-सुत्त :**

यस सुत्तमा चारथरी साधनको प्रसङ्ग चर्चित छ । त्यसअनुार (१) वर्तमान समयमा सुखद्, भविष्यमा दुःखद्, (२) वर्तमान समयमा पनि दुःखद्, भविष्यमा पनि दुःखद्, (३) वर्तमान समयमा दुःखद् भविष्यमा सुखद् । (४) वर्तमान समयमा पनि सुखद्, भविष्यमा पनि सुखद् हुन्छ । पहिलो साधनलाई पालि साहित्यमा कामसुखल्लिकानुयोग, दोस्रोलाई अत्तकिलमथानुयोग, तेस्रो साधन त्यस्ता भिक्षुहरूको हो जो प्रव्रजित भइकन यसै जीवनमा दुःख सहेर प्रयत्न गर्छन् र मरण पछि स्वर्गलोकमा पैदा हुन्छन् । चौंथौं साधनाका साधकहरूले ध्यान भावनामा सफलता प्राप्त गर्छन् र मरणपछि स्वर्गलोकमा पैदा हुन्छन् ।

### ४६) **महाधम्मसमादान-सुत्त :**

यस सुत्तमा पनि चूलधम्मसमादान सुत्तमा उल्लेख भएजस्तै भगवान् बुद्धले चार थरी धम्मसमादानको बोध गराउन क्रमशः विष भएको भाँडो, वर्ण, गन्ध, रस भएको विषयको भाँडो, औषधीको रूपमा गाईको मूत अनि दही, मह आदि औषधीको उपमाद्वारा भगवान्ले उपदेश गर्नुभयो । चौथो थरीको धम्मसमादान गर्ने साधकको व्यक्तित्व शरदकालीन सूर्यसमान हुन्छ भनेर बुद्धले भन्नुभयो ।

### ४७) **वीमंसक-सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा भिक्षुहरूलाई गुरुप्रति अन्धभक्त नबन्नका लागि गर्नुभएको उपदेश छ । गुरुसँग यथार्थ गुण र प्रामाणिक ज्ञान भएको र नभएको जाँचेर यथार्थता थाहापाएपछि मात्र

श्रद्धापूर्वक गुरुको अनुगमन गर्नुपर्छ । यसकै प्रसङ्गमा भगवान्ले दर्शनजन्य आकारवती श्रद्धाबारे गर्नुभएको कुरा पनि यहाँ चर्चित छ ।

४८) **कोसम्बिय-सुत्तः**

यस सुत्तमा कौशाम्बीका झगडालु भिक्षुहरूलाई भर्त्सना गर्दै भगवान् बुद्धले दिनुभएको उपदेश परेको छ । भगवान्ले भिक्षुहरूको मेलमिलापका लागि ६ वटा सारणीय धर्म बताउनु भयो । साथै, स्रोतापति फल साक्षत्कार गर्न आवश्यक अङ्ग भइरहेका लोकत्तरसम्बन्धी सातवटा आर्य ज्ञान प्राप्त गर्ने बारे भगवान्ले बताउनुभएको कुरा पनि यसमा चर्चा गरिएको छ ।

४९) **ब्रह्मनिमन्तनिक-सुत्त :**

यस सुत्तमा बक ब्रह्माको नित्यवाद सम्बन्धी मिथ्यादृष्टि हटाउन भगवान् बुद्धले उसलाई दिनुभएको उपदेश छ । बक ब्रह्माले आफ्नो दिव्य शक्तिले आफूकहाँ आउनुभएको भगवान् बुद्धलाई आफ्नो वशमा पार्न असफल प्रयास गऱ्यो । अन्तमा त्यो ब्रह्मा, ब्रह्मापरिषद्, ब्रह्मपरिषद्हरूले भगवान् बुद्धको उपदेशद्वारा आफूहरू भवबाट उन्मुक्त भएकोमा कृतज्ञता प्रकट गरे । यसको अन्तमा आफूलाई विघ्नबाधा पुऱ्याउन आएको मारलाई तथागतले आफ्नो गुण प्रकट गरी देखाउनुभयो ।

५०) **मारतज्जनीय-सुत्त :**

यस सुत्तमा आयुष्मान् महामौद्गल्यानले आफ्नो पेटभित्र पसेको पापी मारसित गरेको मारको चर्चा छ । महामौद्गल्यायनले त्यस मारलाई आफ्नै भान्जा भनेर पहिचान गरेको, आफू पनि ककुच्छन्द बुद्धको समयमा पापीमार भइसकेको एवं ककुच्छनद भगवान्का अग्रश्रावकहरूमध्ये एक जना आयुष्मान् विधुरको टाउको फुटालेको कारणले महानरकमा गइ सकेको कुरा बताउँदै उसलाई मारको काम नगर भनेर सम्झाए ।

## (ख) मज्झिमपण्णासक

### गृहपति वर्ग

१) **कन्दरक–सुत्त** :

कन्दरक परिव्राजकले चम्पास्थित गग्गरा पोखरीको किनारमा शान्तपूर्वक रहेका भिक्षुसंघलाई देखेर भगवान्को प्रशंसा गरे । भगवान् बुद्धले कन्दरक परिव्राजकलाई त्यस सभामा चार स्मृतिप्रस्थानमा सुप्रतिष्ठित भएका, अर्हत् भएका, (अर्हत्) नभएका भिक्षुहरू पनि थिए भनेर बताउनुभएको कुरा यस सुत्तमा परेको छ ।

२) **अट्ठकनागर–सुत्त**:

भगवान्ले गर्ने उपदेश कस्तो खालको हुन्छ भनेर दशम गृहपतिले सोधेको बेला भगवान्का उपस्थापक आयुष्मान् आनन्द भिक्षुले उसलाई प्रथमध्यानदेखि आस्रव-क्षयज्ञानसम्म प्राप्त गर्ने विषयमा दिएको उपदेश यस सुत्तमा वर्णित छ ।

३) **सेख–सुत्त** :

कपिलवस्तुमा निर्मित नयाँ संस्थागारको सर्वप्रथम उपभोग भगवान् बुद्धलाई गर्न दिइएको अवसरमा उहाँले बेलुका अबेरसम्म शाक्यहरूलाई उपदेशद्वारा सम्प्रहर्षित पार्नुभयो । अनि उहाँले शाक्यहरूलाई शैक्ष्य प्रतिपदासम्बन्धी धर्मोपदेश गर्न आयुष्मान् आनन्दलाई अऱ्हाएर आफू सिंहशैय्यामा लेटिरहनुभएको कुरा यस सुत्तमा परेको छ ।

४) **पोतलिय–सुत्त** :

यस सुत्तमा गृहपति भइकन पनि सबै किसिमका व्यवहार समुच्छिन्न गरिसकें भन्ठान्ने पोतलियलाई भगवान् बुद्धले बुद्धधर्मअनुसार व्यवहार र सांसारिक जञ्जाल समुच्छिन्न हुनेबारे दिनुभएको उपदेश दिइएको छ ।

५) **जीवक–सुत्त** :

श्रमण गौतमले जीवक कौमारभृत्यलाई (१) नदेखिएको, (२)

नसुनिएको, (३) शंका नलागेको - यी तीन प्रकारका मासुमात्र भोज्य हुन्छ भन्नुभयो । साथै उहाँले प्राणीहरूलाई मार्दा पाँच प्रकारको अपुण्य प्राप्त हुन्छ भनेर पनि बताउनुभयो । अनि जीवक कौमारभृत्य आजीवन बुद्धको शरणमा गए ।

### ६) **उपाली सुत्त :**

उपालि गृहपतिलाई उसका आचार्यहरूले कायकर्म नै वचीकर्म र मनोकर्मन्दा बलियो, प्रभावशाली हुन्छ भन्ने विवाद बनाएर भगवान्‌समक्ष पठाए । उसलाई भगवान् बुद्धले अनेक उदाहरणद्वारा मनोकर्म, कायकर्म र वचीकर्मभन्दा बलियो हुन्छ भनेर सम्झाउनुभयो । पहिलो एउटा उदाहरणबाटै ज्यादै प्रसन्न र सन्तुष्ट भएका उपालि गृहपति अन्तमा बुद्ध, धर्म र संघको शरणमा गए । भगवान् बुद्धले अरू बताउनुभएको दानकथा, शीलकथा आदि आनुपूर्विककथा एवं दुःख, समुदय, निरोध र मार्गसम्बन्धी उपदेश सुनेर उपालि गृहपति स्रोतापत्ति फलमा प्रतिष्ठित भए ।

### ७) **कुक्कुरवतिक-सुत्त :**

यो सुत्त मान्छेहरूले संसारबाट मुक्त हुन भनेर कस्ता-कस्तासम्म आचरण गर्दछन् भन्ने कुराको नमूना हो । गो-व्रत धारण गर्ने पूर्ण कोलिय-पुत्र र कुक्कुर-व्रत धारण गर्ने अचेल सेनियलाई भगवान् बुद्धले कोलियको हलिद्दवनमा जाँदा भेटे । तिनीहरूले एकले अर्को चाँहीको अभिसम्परायिक गतिबारे सोध्यो । भगवान्‌ले दुईपल्टसम्म तिनीहरूको प्रश्नको उत्तर दिनुभएन । तेस्रो पल्टपनि तिनीहरूले सोधेपछि बुद्धले यसो भन्नुभयो - “कुकुरको ब्रत धारण गर्ने अन्तमा कुकुरहरूकै सहवासमा र गाईको ब्रत धारण गर्ने साँढेगाईहरूकै सहवासमा जन्मने छन् । यी ब्रत धारण गरेर देवताहरूको सहवासमा जन्मने भनेर दृष्टि कसैले राख्छ भने त्यो मिथ्यादृष्टि हो । मिथ्यादृष्टि राख्ने व्यक्तिको गति नरक वा तिर्यक दुईटामध्ये एउटा हुन्छ ।”

भगवान् बुद्धले तिनीहरूलाई (१) सेतो कर्म, कालो विपाक, (२) सेतोकर्म, सेतो विपाक, (३) कालो-सेतो कर्म, कालो-सेतो विपाक र (४)

कालो पनि नभएको, सेतो पनि नभएको कर्म, कालो पनि नभएको सेतो पनि नभएको विपाकबारे विस्तारपूर्वक व्याख्या गर्नुभएपछि गोब्रती बुद्धको शरणागत उपासक बन्यो । कुकुरब्रती चाँहि भिक्षु भईकन अन्तमा अर्हत् भयो ।

**८) अभयराजकुमार–सुत्त :**

तथागतले अरूहरूलाई अप्रिय र अपमानजनक वचन बोल्नु हुन्छ कि हुन्न भन्ने विषयमा जाली विवाद बनाई (केही निगण्ठहरूले) समयसम्ममा अभयराजकुमारलाई भगवान् बुद्धसमक्ष पठाउने गरेको घटनाका विवरण यस सुत्तमा दिएको छ ।

**९) बहुवेदनीय–सुत्त :**

यस सुत्तमा वेदनासम्बन्धी विवादको क्रममा भगवान्ले गर्नुभएको उपदेश समाहित गरिएको छ ।

भगवान्ले कहिलेकाहीँ पर्यायरूपले उपदेश दिने हुनाले कहिलेकाहीँ त्यस्तो उपदेशसम्बन्धी विवाद श्रावकहरूको बीचमा उठ्ने गर्थ्यो । एकपल्ट वेदनासम्बन्धी उपदेशलाई दुईजनाको बीचमा विवाद उठेको कुराको आयुष्मान् आनन्दले भगवान्लाई निवेदन गर्दा उहाँले वेदना सम्बन्धी विस्तृत रूपले उपदेश गर्नुभयो ।

**१०) अपण्णक–सुत्तः**

यस सुत्तमा भगवान् बुद्धले सालाका कोशल ब्राह्मणहरूलाई अयोग्य गुरु जाँच्ने कसौटीबारे दिनुभएको उपदेश परेको छ । भगवान्ले उनीहरूलाई कसैले केही कुरा बताए भने उसले भनेकै भरमा त्यसलाई स्वीकार नगर्न जोड दिनुभयो । बुद्धले ती ब्राह्मणहरूलाई लोकमा पाइने चारथरी पुद्गलसम्बन्धी विस्तृत रूपले व्याख्या गर्नुभयो । उहाँले मानिसहरू उपदेश सुनेर, बुझेर गृहत्यागी प्रव्रजित भएर शील, समाधि, प्रज्ञाद्वारा आफूहरू दुःखबाट मुक्त हुने स्थितिको बोध आफैले गर्नसक्ने भन्ने कुरा समेत क्रमशः बताउनुभयो ।

# भिक्षु वर्ग

## ११) अम्बलट्ठिकराहुलोवाद-सुत्त :

यो भगवान् बुद्धले आयुष्मान् राहुललाई झूटो नबोल्नेबारे दिनुभएको उपदेश हो ।

जानाजान झूठो बोल्न कति पनि लाज नमान्ने मान्छेहरू हुन्छन् भनेर बताउँदै भगवान् बुद्धले राहुललाई सङ्ग्राममा गएको हात्तीले आफ्नो सूँडको रक्षा गर्न छोडेपछि उसले सङ्ग्राममा नगर्ने काम कुनै बाँकी नरहने जस्तै जानाजान झूटो बोल्न लाज नमान्ने मान्छेले यस लोकमा नगर्ने पाप कुनै बाँकी रहन्न भन्ने कुरा जानेर ख्यालठट्टामा पनि झूटो बोल्दिन भनेर शिक्षा लिन उपदेश गर्नुभयो ।

आफूले कुनै काम थाल्नुअगाडि मान्छेहरूले आ-आफ्नो अनुहार ऐनामा हेर्नेजस्तै त्यस कायकर्म, वचीकर्म र मनोकर्मले आफूलाई पनि अरूलाई पनि पीडादायक हुन्छ कि हुँदैन भनेर अघिबाटै प्रत्यवेक्षणद्वारा जान्नुपर्दछ । सुख वृद्धि गर्ने खालको कायकर्म, वचीकर्म, मनोकर्म भएदेखि त्यसको प्रतिवेक्षण रातदिन पटक-पटक गर्नु भनेर भगवान् बुद्धले राहुललाई उपदेश दिनुभयो ।

यसरी अतीत कालमा, भविष्यमा र वर्तमान कालमा पनि श्रमण-ब्राह्मणहरूले कायकर्म, वचीकर्म, मनोकर्म परिशुद्ध गरेकोबाट, गरिरहेकोबाट, गर्नेबाट तिमीले पनि सिक्नुपर्दछ भनेर भगवान् बुद्धले राहुललाई उपदेश गर्नुभयो ।

## १२) महाराहुलोवाद-सुत्त :

यस सुत्तमा भगवान् बुद्धले आयुष्मान् राहुललाई पञ्चस्कन्ध 'न मेरा हुन्, न म हुँ, न मेरा आत्मा हुन्' भनेर यथार्थतः रूपले विपश्यनाज्ञानद्वारा बोध गरी राम्ररी हेर्न सक्नुपर्दछ भनेर गर्नुभएको उपदेश समाहित भएको छ ।

भगवान्को उपदेश सुनेर भोजन नै नगरीकन आयुष्मान् राहुललाई

एउटा रूखमुनि ध्यानमा बसिरहेको देखेर आयुष्मान् सारिपुत्रले आनापानस्मृति भावना गर भने । र भगवान् बुद्धले आयुष्मान् राहुललाई चित्तलाई अलग गर्ने तरिका, चार महाभूत समान व्यापकरूपले भावना गर्नाले चित्तमा उब्जिने मन परेको, मन नपरेको स्पर्शलाई दह्रोसँग समाउन नसक्ने कुराको उपदेश, चतुब्रह्म विहारको भावना गनाृले क्रमशः व्यापाद, विहिंसा नियाँस्रो र संघर्ष टाढिने, अशुभ भावनाले रागलाई हटाउने, अनित्य संज्ञाको भावनाले चित्तमा रहने 'म' भन्ने अभिमान (अहंकार) बिलाउने आदिको विस्तृतरूपमा वर्णन गरेका छन् ।

### १३) **चूलमालुक्य –सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले दशवटा कुरा अव्याकृत भनेर दिनुभएको उपदेश छ । (१) लोक शाश्वत हो ........(१०) तथागत मरणपछि हुँदैन वा नहुनेपनि होइन् ।.......... । मालुक्यपुत्रले भगवान्समक्ष आएर के भने भने यदि भगवान्बाट यी कुराहरू बताउनुभयो भने उनी चीवर त्यागेर गृहस्थ हुन्छ । भगवान् बुद्धले उनलाई जन्म, जरा, मरण शोक आदि दुःखमा डुबिरहेका सत्वहरूका निमित्त यी दशवटा कुरा जान्नु निरर्थक हो भनेर वाण लागेको मान्छेको उपमाद्वारा ब्याख्या गर्नुभयो ।

### १४) **महामालुक्य–सुत्त** :

यस सुत्तमा पाँचवटा संयोजनबाट मुक्त हुने उपाय, अवरभागीय संयोजक नाश गर्ने ध्यानबारे भगवान् बुद्धले दिनुभएको उपदेशहरू समाहित छन् ।

### १५) **भद्दालि–सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले भिक्षु भद्दालिलाई भिन्नभिन्न प्रकारका भिक्षुहरू र भिक्षु नियम सम्बन्धमा दिनुभएको उपदेश परेको छ ।

शास्ताको शासन पूरा नगर्ने भिक्षुले यस बुद्धशासनमा कुनै प्रगति गर्न नसक्ने तर शास्ताको शासन पालन गर्ने भिक्षुले आर्य ज्ञानदर्शन प्राप्त गर्छ भन्ने करा बोध गराउन भगवान्ले प्रथम ध्यानदेखि चतुर्थ

ध्यानसम्मको ब्याख्या गर्नुभयो तथा तीनवटा विद्या अर्थात् पूर्वजन्मसम्बन्धी ज्ञान, मृत्यु र (भावी) जन्मसम्बन्धी ज्ञान एवं आश्रवक्षय ज्ञान लाभ गर्ने प्रक्रिया बताउनुभयो ।

**१६. लटुकिकोपम-सुत्तः**

मामुली खालका संयोजन पनि भिक्षहरूले त्यागनुपर्नेबारे भगवान्ले अनेक उपमाद्वारा दिनुभएको उपदेश यस सुत्तमा दिइएको छ ।

भगवान् बुद्ध भन्नुहुन्छ - 'यो छाड' भन्दा कसैले यसो भन्ने गर्छन् - 'यो श्रमणले त यस्ता ससाना कुरामा जिद्दी गरिरहन्छ ।' पूर्तिलताको जालीमा फँसेको गौथलीको निमित्त त्यो जाली दह्रो नभए पनि उसको लागि मृत्युसरह नै हन्छ । त्यसरी नै घर झुत्रो, स्वास्नी नराम्री र आफू पनि गरीब भएको मान्छेले कुनै सुखी भिक्षु देखेर पनि ऊ भिक्षु हुन सक्दैन भने उसको लागि त्यो घरबार दह्रो बन्धन हो । यसको विपरीत कुनै धन्धान्यले परिपूर्ण, कूलमा जन्मेको गृहपतिको लागि उसको घरबार चटक्कै छाड्न सक्यो भने उसको लागि त्यो घरबार कुनै दह्रो बन्धन नभई फितलो बन्धन हुन्छ, खुकुलो बन्धन हुन्छ, निस्सार बन्धन हुन्छ । त्यसरी नै भगवान्ले छाड भन्नुभएको संयोजनलाई सानो ठान्नु हुँदैन । चारथरी पुद्गलमध्ये जो उपधि (पुनर्जन्मगराउने कारण) नै दुःखको मूल जरा हो भनेर जसले बोध गरी त्यसबाट विमुक्त भएको छ ऊ नै यथार्थमा विसंयोगी हो । पञ्चकामगुणबाट प्राप्त हुने सु-सौमनस्य भनेको तुच्छ, नीच हो, त्यति मात्र होइन, प्रथमध्यान द्वितीय ध्यान, तृतीयध्यान र चतुर्थध्यानबाट पाइने सुख निश्चल सुख हो भनिन्छ । तर त्यतिले मात्र पुग्दैन भनेर भगवान् बुद्धले भन्नुभयो । त्यस चरणबाट पनि उत्तरोत्त ध्यान गर्दै अरूपावचरध्यान-नैवसंज्ञानासंज्ञायतनसम्म पुगेर त्यस चरणलाई पनि नाघी संज्ञावेदयितनिरोध समापत्ति ध्यानमा पग्नुपर्छ । त्यसकारणले भगवान् बुद्धले बताउनुभएको संयोजनलाई त्यागनुपर्ने भनेर सोच्नु हुँदैन ।

**१७) चातुम-सुत्त :**

यस सुत्त भगवान् बुद्ध र हल्लागुल्ला गर्ने केही भिक्षुहरूको बीचमा

घटेका घटनाको विवरण हो ।

भगवान् बुद्ध चातुममा रहनुभएको बेला उहाँको दर्शन गर्न आएका सारिपत्र र महामौद्गल्यानका साथ आएका भिक्षुहरू ठूल्ठूलो स्वरले कराएबाट हल्ला मच्चिएको सुनेर भगवान्ले आनन्द भिक्षुसँग माझीहरूजस्तो कराई रहनेहरू को हुन् भनेर सोध्नुभयो । भगवान्ले ती भिक्षुहरूलाई बोलाई निकाल्नुभयो ।

संस्थागारमा जम्मा भइरहेको शाक्यहरूले निकालिएका सारिपुत्र-मौद्गल्यायन लगायत भिक्षुहरूको कुरा सुनेपछि भर्खर जन्मेको बाछीको र भरखर टुसाएको बिऊको उपमासहित कुरा गरेर भगवान्लाई प्रसन्न पारे । त्यसरी नै सहम्पत्ति ब्रह्माले पनि त्यही उपमाद्वारा भगवान्लाई प्रसन्न गरेपछि सारिपुत्र र मौद्गल्यायन फेरी भगवान्को सम्मुख गए ।

### १८) **नलकपान–सुत्त** :

यो सुत्त भगवान् बुद्धले पलाँसको वनमा भिक्षु अनुरूद्धसित गर्नुभएको संलापबारे हो । भगवान् बुद्धले भिक्षु अनुरूद्धलाई प्रव्रजित भएको साधकलाई आफूमा अविद्या, व्यापाद, थिनमिद्ध, उद्धच्चकुकुच्च, विचिकित्सा, अरति, तन्दी(आलस्य) बाँकी रहुञ्जेल शान्ततर सुख प्राप्तगर्न सकिन्न भने उपदेश दिनुभयो ।

### १९) **गोलियानि –सुत्त** :

यो सुत्त धर्मसेनापति सारिपुत्रले आरण्यिक भिक्षु गोलियानिलाई लक्ष गरेर आरण्यिक भिक्षुहरूमा हुनुपर्ने गुणहरूको बारे बताउनु भएको विवरण हो ।

### २०) **कीटागिरि–सुत्त**:

यो सुत्त भगवान् बुद्धले काशीमा विकाल भोजनबाट विरक्त नभएका अश्वजित र पुनर्वसु भिक्षुहरूको सम्बन्धमा दिनुभएको उपदेश हो ।

अर्हत् भइसकेका भिक्षुहरूलाई भगवान्ले 'प्रमादरहित होऊ' भनेर उपदेश गर्नु आवश्यक हुँदैन । शैक्ष्य चरणमा रहेका (अर्थात् अर्हत् चरणमा

पुग्न लागेका) भिक्षुहरूलाई मात्र 'प्रमादरहित हुनु' भनेर भगवान्ले उपदेश दिनुभएको हो ।

## परिव्राजक वर्ग

### २१) **तेविज्जवच्छ–सुत्त** :

यस सुत्तमा वत्सगोत्र परिव्राजकको सवालको जवाफमा भगवान् बुद्धले दिनभएको उपदेश छ ।

भगवान् बुद्धले वत्सगोत्र परिव्राजकलाई कसैले श्रमण गौतम सर्वज्ञ, सर्वदर्शी दैव अपरिशेष, ज्ञानदर्शन भएका हुन् भनेर प्रशंसा गरे भने उहाँले तीन वटा विद्या जान्ने भन्नुपर्छ । यी तीन विद्या हुन् - (१) पूर्वजन्मसम्बन्धी ज्ञान, (२) दिव्यचक्षुसम्बन्धी ज्ञान, (३) आस्रवक्षयसम्बन्धी ज्ञान । स्मरणीय छ - भगवान् बुद्धलाई सर्वज्ञ भनेर चर्चा गर्दा त्यसको अर्थ केवल आर्जन (विचार, गौर, ध्यान) गरीकन जान्न सक्ने ज्ञानले सम्पन्न भएको भन्ने अर्थमा मात्र लिनुपर्छ ।

### २२) **अग्गिवच्छगोत्त–सुत्त**:

यस सुत्तमा दशवटा अव्याकृत प्रश्नको उत्तरमा भगवान् बुद्धले अग्गिवच्छगोत्त परिव्राजकमा रहेको दृष्टिगत भ्रम निवारण गर्नुभएको विवरण छ । फेरी विमुक्त भइसकेको भिक्षुको स्थिति निर्वाणपछि कस्तो हुन्छ भन्ने उसको प्रश्नको उत्तरमा भगवान्ले निभिसकेको आगोको उपमाद्वारा बुझाउनु भयो । यस प्रसङ्गमा भगवान्लाई उसले आफू (भगवान्) मा रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान प्रहीन भइसकेका छन् भनेर बताए । यसरी तथागतद्वारा देशित धर्मदेशना सुनेर प्रसन्न भएका अग्गिवच्छगोत्तले अन्तमा भगवान्को शरणमा गएको बेला "भगवान् ! तपाइको वचनमा पात, बोक्रा, सिप्किनो आदि फग्लु (निस्सार) कुरा कुनै नभएको, शुद्ध सार मात्र भएको हो" भनेर आफ्नो उद्‌गार व्यक्त गरे ।

## २३) **महावच्छगोत्त-सुत्त :**

यस सुत्तमा वच्छगोत्त परिव्राजकलाई  नै भगवान् बुद्धले दिनुभएको अरू उपदेशको वर्णन छ ।

धेरै दिनपछि भगवान् बुद्धले दर्शन गर्न राजगृहमा आएको वच्छगोत्त परिव्राजकलाई भगवान् बुद्धले दशकुशल र दश अकुशल धर्म संक्षिप्तरूपले बताउनुभयो । अर्हत् भइसकेको भिक्षुको स्थिति टुप्पा भाँचिएको खजूरको रूखको ठुटोजस्तो हुन्छ भन्ने कुरा पनि भगवान्ले गर्नुभयो ।

उनले गरेको अर्को प्रश्नको उत्तरमा भगवान्ले उनलाई यस्ता अर्हत्हरू बुद्धशासनमा धेरै संख्यामा विद्यमान भएको जानकारी दिँदै यस बुद्धशासनको अभिन्न अङ्ग भएर उन्नति गरिरहेका श्वेतवस्त्रधारी उपासक-उपासिका अनगिन्ती छन् भनेर पनि बताउनुभयो ।

## २४) **दीघनख-सुत्त :**

यो सुत्त भगवान् बुद्धले दीघनख परिव्राजकलाई दिनुभएको उपदेश हो । बुद्धको समयमा विभिन्न सिद्धान्त अर्थात् धर्म मान्नेहरूमध्ये एकजना आयुष्मान् सारिपुत्रको भान्जा दीर्घनख परिब्राजक पनि थिए । उनमा भएको दृष्टि निवारण गर्न भगवान् बुद्धले उनलाई वेदनासम्बन्धी उपदेश दिंदै यस्ता वेदनाहरूप्रति विरक्ति उब्जाउन सकियो भने अन्तमा विमुक्ति प्राप्त हुने कुरा बताउनुभयो ।  यी उपदेश सुनेर भिक्षु बनेको केवल पन्ध्र दिन मात्र भएका सारिपुत्र अर्हत् भए भने उनका भान्जा स्रोतापति फलमा प्रतिष्ठित भए ।

## २५) **मागण्डिय-सुत्त :**

मागण्डिय परिव्राजकले बुद्धलाई भुनहु भनेर गाली गऱ्यो । त्यसैबेला त्यहाँ पुगेका भगवान् बुद्धले इन्द्रिय सुख र भोगसुखका दुष्परिणामलाई ध्यानमा राखी तिनप्रति संयमी हुनुपर्ने उपदेश दिनुभयो । सबै प्रसङ्गमा उहाँले बोधिसत्व रहेको बेलासम्म पनि यस्ता सुखप्रति विरक्त भई पछि बुद्धत्व प्राप्त गरेर आरोग्य परम लाभ हो, निर्वाण परम सुख हो, अमृत चरणमा लैजाने मार्गहरूमध्ये आर्यअष्टाङ्गिकमार्ग मंगलमय हो भनेर बताउनुभयो ।

## २६) **सन्दक-सुत्तः**

यो सुत्त आयुष्मान् आनन्दले सन्दक परिव्राजकलाई दिएको उपदेश हो । भिक्षु आनन्दले चार प्रकारका अब्रह्मचर्यावास र चार प्रकारका आश्वासनरहित ब्रह्मचर्यावासको विस्तृत व्याख्या गर्दै यस्ता ब्रह्मचर्यमा कोही पनि विज्ञ पुरूषहरू रहँदैन, रहेपनि ब्रह्मचर्यमा सफल हुँदैनन् भनेर बताए । भगवान् बद्धले यस लोकमा उत्पन्न भएपछि उहाँको धर्म सुनी प्रव्रजित भएर शील, समाधि र प्रज्ञा प्राप्त भएपछि अन्तमा कसरी क्षीणास्रव हुन्छ भन्ने कुरा पनि आयुष्मान् आनन्दले बताए ।

## २७) **महासकुलुदायी-सुत्तः**

यस सुत्तमा भगवान् बुद्धले सकुलुदायीलाइ दिनुभएको उपदेश छ । त्यसबखत नाउँ चलेका धर्म गुरु भनिएका - पूर्ण काश्यप, मक्खली गोशाल, अजित केशकम्बल, प्रकुध कात्यायन, सञ्जय बेलट्ठपुत्र र निगण्ठनाटपुत्रहरू पनि संयोगवश राजगृहमा नै वर्षावाष बसिहेका थिए ।

भगवान् बुद्धले शिष्यहरूले आफूलाई सम्मान गर्नका कारण अर्कै पाँचवटा भएको र आफूले देखाएको बाटोमा लागेर भिक्षुहरूले कसरी भगवान्को आश्रयमा रहेर आ-आफ्ना आस्रवक्षय गरेका हुन् क्रमैसँग बताउनुभएको कुराको व्याख्या यसमा पाइन्छ ।

## २८) **समणमुण्डिक-सुत्तः**

यो सुत्त उग्गमान परिव्राजकलाई अर्हत् मार्गमा पुग्नेबारे भगवान् बुद्धले दिनुभएको उपदेश हो ।

भगवान् बुद्धले उग्गहमान परिब्राजकको सिद्धान्तको अस्वीकार गर्दै के भन्नुभयो भने उसको सिद्धान्तअनुसार त नवजात शिशु पनि (केही समयको लागि भएपनि) अर्हत् हुन्छ । यसै प्रसङ्गमा भगवान् बुद्धले पञ्चकङ्ग थपतिलाई वास्तवमा आर्यअष्टाङ्गिकमार्गद्वारा नै अर्हत् मार्गमा पुग्न सक्ने उपदेश विस्तारपूर्वक गर्नुभयो ।

### २९) **चूलसकुलुदायी–सत्त :**

यो सुत्त सकुलुदायी परिव्राजकले राजगृहमा आफ्नो आत्मा र शीलसम्बन्धी शंका निवारणार्थ भगवान्‌समक्ष गरेको प्रश्नको उत्तरमा उहाँले दिनुभएको उपदेश हो । उनलाई विस्तृतरूपले धर्मदेशना गर्दै भगवान् बुद्धले के भन्नुभयो भने तथागत पूर्वापर जन्म विषयक सबै ठूला-साना प्रश्नहरूका उत्तर दिन समर्थ हुन्छ, तथागत भगवान्‌को धर्म सुनी भिक्षु जीवनको मूल उद्देश्य सम्पन्न गर्न शीलदेखी आस्रव-क्षयसम्म जानी अर्हत् प्राप्त गर्नुपर्दछ ।

### ३०) **वेखनस–सुत्त :**

यो सुत्त भगवान् श्रावस्तीस्थित जेतवनमा विहार गरिरहनु भएको बेलामा वेखनस परिव्राजकलाई दिनुभएको उपदेश हो ।

भगवान् बुद्धले वेखनस परिव्राजकलाई पञ्चकामगुणबाट पाइने सुख भनेको क्षीणास्रवबाट प्राप्त हुने सुखको दाँजोमा तुच्छ भएको करा बताउनुभयो । बद्धद्वारा उपदेशित धर्मको अक्षरशः पालन कसैले आचरणमा गऱ्यो भने उसले यो धर्म त साँच्चीकै अविद्यारूपी बन्धनबाट मुक्त हुने मार्ग रहेछ भनेर बोध गर्न सक्नेछ भनेर पनि उहाँले बताउनुभयो । वेखनस परिव्राजक भगवान्‌को शरणमा गए ।

## राजवर्ग

### ३१) **घटीकार–सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले आफू भगवान् काश्यप बुद्धको समयमा ज्योतिपाल माणवक भइरहेको बेलामा आफ्नो साथी घटिकारले आफूलाई उपकार गरेको कुरा आयुष्मान् आनन्दलाई बताउनुभयो ।

घटिकार कुमारकाश्यप बुद्धको अग्रउपस्थापक थिए । त्यस घटिकारले आफ्ना साथी जातीय अभिमानको कारणले बुद्धधर्ममा श्रद्धा नगर्ने ज्योतिपाललाई काश्यप बुद्धको समक्ष लैजान एकपल्ट गरेको जुक्ति यस सुत्तमा वर्णित छ ।

### ३२) **रट्ठपाल–सुत्त** :

रट्ठपाल भिक्षु हुनलाई आफू भूख हड्ताल गरेको चर्चा यस सुत्तमा छ, पछि उनले राजा कोरव्यका प्रश्नको सिलसिलामा दिएको उत्तर पनि यसमा परेको छ ।

गृहस्थी जीवन श्रद्धापूर्वक त्यागेर प्रव्रजित भएका साधकहरूमध्ये प्रथमस्थान प्राप्त गर्ने राष्ट्रपाल प्रारम्भमा भगवान् बुद्धको उपदेश सुनेर धर्मप्रति श्रद्धालु बनेका थिए ।

राजा कौरव्यले (१) जरा-हानी, (२) व्याधि-हानि, (३) भोग-हानि, (४) ज्ञाति-हानिको विषयमा उठाएको प्रश्नको उत्तरमा भिक्षु राष्ट्रपालले सविस्तार गरेको व्याख्या पनि यस सुत्तमा दिइएको छ । 'यो लोक कहिले पनि तृप्त हुँदैन, जहिले पनि मानिस तृष्णाको दास भई, कमी र चाहनामा रूमल्लिरहन्छ ।' भन्ने गहन कुराको गहन व्याख्या पनि यसमा रहेको छ ।

### ३३) **मखादेव–सुत्त** :

यो सुत्त भगवान् बद्ध मिथिलामा मखादेव आम्रवन विहार गरिरहनुभएको बेला आयुष्मान् आनन्दलाई दिनुभएको उपदेश हो ।

भगवान् बुद्धले भन्नुभयो - "म बोधिसत्व भइरहेको बेला मखादेव राजा भए मैले जुन कल्याण मार्गको संस्थापन गरेँ त्यसको परम्परा राजा निमिको समयसम्म कायम भएको थियो । तर त्यो कल्याण मार्गको परम्परा न त निर्वेदको निमित्त हो, न त निर्वाणको निमित्तको लागि हो । अहिले तिमीरूको लागि भनेर जुन कल्याणपरम्परा (मार्ग) स्थापना गरेको छु, त्यो निर्वेदको निमित्त हो, निर्वाणको निमित्त हो । मैले स्थापना गरेका कल्याण मार्गको परम्परालाई अगाडि बढाउँदै जाओ, तिमीहरू मेरा अन्तिम पुरूष (अनुयायी) नहोओऊ ।"

### ३४) **मधुर–सुत्तः**

भगवान् बुद्धको महापरिनिर्वाण भएपछि आयुष्मान् महाकात्यायनले राजा मधुरलाई दिएको उपदेश नै यो सुत्त हो ।

राजा मधुरको भनाइ थियो - 'ब्राह्मण मात्र श्रेष्ठ वर्ण हो, अरूहरूको वर्ण हीन हो। ब्राह्मण मात्र शुक्ल वर्ण हो, अरू वर्ण कृष्णवर्ण हो। ब्राह्मण मात्र शुद्ध हो, अरूहरू अशुद्ध हुन्, ब्राह्मण मात्र ब्रह्माको मुखबाट निस्केको औरसपुत्र हो, ब्रह्मनिर्मित हो र ब्रह्मदायाद हो।' आफ्नो यस भनाईलाई सवाल बनाउँदै राजा मधुरले यसप्रति आयुष्मान् महाकात्यायनको कस्तो विचार छ भनी सोध्दा आयुष्मान् महाकात्यायनले अनेकौं उदाहरणद्वारा उपरोक्त भनाइ ठीक छैन भनेर राजा मधुरलाई बोध गराए।

### ३५) **बोधिराजकुमार-सत्त :**

यो सुत्त भगवान् बुद्धले बेधिराजकुमारलाई दिनुभएको उपदेश हो भगवान् बुद्धले स्वयम् आफ्नै शब्दमा बताउनु भएको आफ्नो गृहत्यागदेखि बुद्धत्व प्राप्तिसम्मको जीवनीको वर्णन यस सुत्तमा छ।

### ३६) **अङ्गुलिमाल-सुत्तः**

यो सुत्त भगवान् बुद्धले अङ्गुलिमाललाई दिनुभएको उपदेश हो।

करूणामय भगवन्ले क्रुर अङ्गुलिमालको जीवन परिवर्तन गर्नुभएको कुराको वर्णन यस सुत्तमा पाइन्छ। प्रव्रजित गरी संघमा समावेश भएपछि आयुष्मान् अङ्गुलिमाल चाँडै अर्हत् भए। अनि उनले अनेक गाथाद्वारा आफ्ना भाव व्यक्त गरिरहे।

### ३७) **पियजातिक-सुत्तः**

(अति प्यारो) छोरा मरेको एकजना बाबुचाहिंलाई भगवान् बुद्धले प्रेमकै कारणले शोकसन्ताप हुन्छ भनेर दिनुभएको उपदेश एक कान दुई कान हुँदै राजा प्रसेनजितको कानसम्म पुग्यो। राजाले मल्लिकालाई भगवान् बुद्धको प्रेमको कारणबाट शोक-सन्ताप हुन्छ, भन्नुभएको कुरा बताए। मल्लिकाले यदि भगवान्ले त्यसो भन्नुभएको भए त्यो कुरा ठीकै हुन्छ भनिन्। राजाले मल्लिकालाई (भगवान् जे भने पनि अर्थात् नमिल्ने कुरा गरे पनि ठीक हो भन्ने भनेर) हटाए (अर्थात् आफ्नो सामुन्ने नआउन आदेश दिए)। पछि मल्लिकाले अनेक उपाय गरीकन राजालाई भगवान्को यस वचनको सार सम्झाइन्। राजा प्रसेनजित अतीव प्रसन्न भए।

### ३८) **बाहितिक–सुत्तः**

यो सुत्त राजा प्रसेनजितले भगवान् बुद्धबारे गरेको प्रश्नको आयुष्मान् आनन्दले दिएको उत्तर हो ।

राजा प्रसेनजितको प्रश्नको उत्तरमा आयुष्मान् आनन्दले भने-" भगवान् बुद्धले त यस्तो कायिक, वाचिक र मानसिक आचरण गर्नुहुन्न जसको कारणले श्रमण - ब्राह्मणहरूले खोट लाऊन्। तथागत सबै अकुशल धर्म प्रहीण गरेर सबै कुशल धर्मले सम्पन्न हुनुभएको छ ।"

अन्तमा कोसलराज प्रसेनजितले दान गरेको बाहित राष्ट्रमा निर्मित वस्त्र आयुष्मान् आनन्दले स्वीकार गरेको कुरा पनि सुत्तमा वर्णित छ ।

### ३९) **धम्मचेतिय–सुत्त** :

यस सुत्तमा भगवान् बुद्धको प्रश्नको उत्तरमा कोसलराज प्रसेनजितले भगवान्प्रति गरेको आफ्नो अभिव्यक्तिको चर्चा छ ।

भगवान् बुद्धको एउटा प्रश्नको उत्तरमा राजा प्रसेनजितले यसो भने - "भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सुआख्यात्, भगवान्को संघ सुप्रतिपन्न हो भन्ने धर्मन्वय धारणा आफूमा छ । दूधमा पानी मिल्नेजस्तै भिक्षुहरू आपसमा मिलिजुलि बसेका छन् । भिक्षुहरू हेर्दा नै हेर्न योग्य देखिन्छन् । भिक्षु परिषद् सुविनीत छ । भगवान्सित विवाद गर्न आउनेहरू भगवान्कै शिष्य बन्छन् । अनि राजाका नोकरहरूले राजालाईभन्दा भगवान्प्रति बढी सम्मान गर्छन् । आदि अनेक कारणले मैले धर्मलाई बुझ्केको छु ।"

### ४०) **कण्णकत्थल–सुत्त** :

यो सुत्त भगवान् बुद्धले कोशलराजा प्रसेनजितलाई दिनुभएको उपदेश हो । कण्णकत्थल मृगदावनमा राजा प्रसेनजितले भगवान्सित भेटघाट गरे । त्यसबेला राजाले उठाएको सर्वज्ञातसम्बन्धी प्रश्नको उत्तरमा भगवान्ले भन्नुभयो - "त्यस्तो श्रमण, ब्राह्मण छैन जसले सबै थोक एकैचोटि जान्न सकेको होस्, देख्न सकेको होस् ।"

# ब्राह्मण वर्ग

## ४१) **ब्रह्मायु-सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले ब्रह्मायु ब्राह्मणलाई दिनुभएको उपदेश छ, साथै उहाँमा भएका बत्तीसवटा महापुरूष लक्षण र उहाँको अत्युत्तम क्रियाको चर्चा पनि गरिएको छ। सात महिनासम्म भगवान् बुद्धको छायाँजस्तै पिछा गरि निकट रूपले उहाँबारे अध्ययन गर्न उत्तर माणवकले ब्रह्मायुलाई भगवान् बुद्धमा भएका महापुरूष लक्षणहरू एवं उहाँको बसाइ, हिँडाई, खवाइ, लवाई, धर्मदेशनाको तरिका, बोलाइको स्वर आदिबारे एकएक थोक सविस्तार बताए । यस्तो कुरा सुनी प्रसन्न भएका ब्रह्मायु ब्राह्मण बुद्धकहाँ गएर स्वयं हेर्न जाँदा बुद्धको चार आर्यसत्यको उपदेशबाट प्रभावित भएर अभ्यास गर्दै मरणासन्न अवस्थामा अनागामी भए ।

## ४२) **सेल-सुत्तः**

यो सुत्त बुद्धले सेल ब्राह्मणलाई गर्नुभएको उपदेश हो । ३०० माणवकका साथ बुद्धकहाँ जाँदा सेल निकै प्रसन्न भए । भगवान् बुद्धले गर्नुभएको उपदेश सुनेर उनी सबै शिष्यहरूसहित प्रव्रजित भए । प्रवज्या लिएको आठौं दिनमा नै धर्मको अभ्यासको फलस्वरूप शिष्यलगायत आफैं पनि अर्हत् भए । अर्हत् भएपछि उनले गाथाद्वारा आफ्ना अनुभूतिहरू अभिव्यक्त गरे ।

## ४३) **अस्सलायन-सुत्त :**

यो सुत्त भगवान् बुद्धले श्रावस्तीमा अस्सलायन ब्राह्मणलाई बताउनुभएको हो । यसमा उहाँले अस्सलायन ब्राह्मणले चर्चा गरेको जातिवादको खण्डन गर्नुभएको छ । प्रसङ्गवस जातिवाद सिद्धान्तका विरोधी असित देवलको पनि उल्लेख गरिएको छ । अन्तमा अस्सलायन ब्राह्मण बुद्धको शरणमा गए ।

## ४४) **घोटमुख-सुत्त :**

यो सुत्त आयुष्मान् उदेनले धार्मिक प्रव्रज्या भन्ने कुरै केही हुँदैन

भन्ने भ्रममा परेको घोटमुखलाई दिएको उपदेश हो । भगवान् बुद्धको परिनिर्वाणपछि आयुष्मान् उदेन वाराणसीस्थित खेमिय आम्रवनमा विहार गरिरहँदा घोटमुख (ब्राह्मण) लाई प्रव्रजित भएका व्यक्तिहरू र अप्रव्रजित व्यक्तिहरूको बीचमा रहेको भेदबारे बताउँदै पुद्गल चार प्रकारका हुन्छन् भन्नेबारे उपदेश दिए। अनि आयुष्मान् उदेनको उपदेशबाट प्रभावित भएका घोटमुख बुद्ध, धर्म र सङ्घको शरणमा गए ।

४५) **चङ्की-सुत्तः**

यस सुत्तमा भगवान् बुद्धले आफै सत्य साक्षात्कार नगरीकन अन्धपरम्परागत रूपले मात्र सत्य यही हो, अरू तुच्छ छन् भन्ने सिद्धान्तको अनुयायी चङ्की ब्राह्मणलाई दिएको उपदेश समाहित छ। चङ्की ब्राह्मणहरूसित वेदका सत्यबारे भएको संवादको सिलसिलामा भगवान्ले उनीहरूलाई सत्यको रक्षा गर्नु, सत्यको अनुबोध गर्नु भनेकै सत्य प्राप्तिको निमित्त गरिनुपर्ने उपायबारे सविस्तार उपदेश गर्नुभएको, अन्तमा आफूहरूमा रहिआएको भ्रम निवारण भएकोमा प्रसन्न चङ्की ब्राह्मण भगवान्को शरणमा गए ।

४६) **एसुकारी-सुत्त :**

जुनसुकै कुलबाट प्रभावित भएपनि भगवान् बुद्धबाट उपदेश गरिएको धर्मअनुसार जोसुकै पनि सम्यक्दृष्टि राखेर न्याय कुशल धर्मको आधारमा (साधन, आचरण) गर्न सक्ने कुरा यस सुत्तमा चर्चित छ ।

४७) **धनञ्जानि-सुत्त :**

यो सुत्त धर्मसेनापति सारिपुत्रले धनञ्जानि ब्राह्मणलाई दिएको उपदेश हो । धनञ्जानि ब्राह्मण प्रमादी भइरहेको कुरा सुनेर धर्मसेनापति सारिपुत्र राजगृहस्थित वेणुवनमा रहेको कलन्दकनिवापमा गएर धनञ्जानिलाई सदाचारी बन्ने उपदेश दिनुभयो । पछि फेरी सारिपुत्रले एकपल्ट उनलाई ब्रह्मलोकसम्म पुग्ने मार्ग बताए । सोहीअनुसार गरी उनी (धनञ्जानि) ब्राह्मण मरणपछि ब्रह्मलोकमा उत्पन्न भए ।

### ४८) **वासेट्ठ-सुत्त :**

यो सुत्त भगवान् बुद्धले वाशिष्ठ र भारद्वाज ब्राह्मणहरूलाई जन्मले ब्राह्मण हुँदैन, न जन्मले ब्राह्मण नै हुन्छ भन्ने विषयमा दिनुभएको उपदेश हो । मानिसहरूका हातगोडा, नाक, कान आदि अङ्गप्रत्यङ्ग सबै समान भए पनि जाति भेदको सोचाई राख्नु अस्वाभाविक हुन्छ । संसारका जलचर, थलचर प्राणीहरू, पशुपंछी, कीटपतङ्गहरूमा जन्मदेखि आएको जाति भेद भइकनपनि जाति विवाद छैन । कर्मले नै किसान हुन्छ, कर्मले नै कर्मी हुन्छ, कर्मैले व्यापारी हुन्छ, कर्मले प्रेष्यक (नोकर, दूत) हुन्छ ।

जातिवादको खण्डन गरिएको दीर्घनिकायमा दिइएको वाशिष्ठ र भारद्वाजसम्बन्धी एउटा सुत्त तेविज्ज-सुत्त वाठकवर्गले हेर्न योग्य छ ।

### ४९) **सुभ-सुत्त :**

यो सुत्त भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा शुभ माणवक तोदय्यपुत्रलाई दिनुभएको उपदेश हो । तोदेय्यपुत्र शुभ माणवकको एउटा प्रश्नको उत्तरमा भगवान् बुद्धले उसलाई गृहस्थ र प्रव्रजित व्यक्तिहरूको दैनिक कर्महरूमा कुशलतामा रहेको भेद राम्ररी छुट्याइकन व्याख्या गर्दै कुशल कर्म गर्ने नै श्रेष्ठ हुन्छ भनेर बताउनुभयो ।

### ५०) **सङ्गारव-सुत्तः**

यो सुत्त धनञ्जानि ब्राह्मणीको प्रेरणामा आफूकहाँ आएका तिनकै देवर सङ्गारव ब्राह्मणलाई भगवान् बुद्धले दिनुभएको उपदेश हो । यसकै सिलसिलामा भगवान् बुद्धले दृष्ट धर्म अभिज्ञाव्यावसान पारमी प्राप्त गरेर तीन थरीमध्ये म नै श्रेष्ठ हुँ भन्नुभयो ।

## (ग) उपरिपण्णासक

## देवदह वर्ग

### १. **देवदह-सुत्तः**

यो सुत्त भगवान् बुद्धले शाक्यहरूको देवदह निगममा भिक्षुहरूलाई दिनुभएको उपदेश हो ।

"यस जन्ममा जति पनि दुःख, सुख, अदुःख, असुख भोग गरिन्छ त्यो सबै अघिल्लो जन्मको कारण हो । त्यसैले पुरानो कर्म (फल) नगरे स्वतः दुःखक्षय हुन्छ ।" भन्ने सिद्धान्तको खण्डन भगवान् बुद्धले सविस्तार व्याख्या गर्नुभयो । त्यसरी नै उहाँले दुःख निरोध हुने मागको साथसाथै तथागत प्रशंसित हुनाका दशवटा कारण पनि बताउनुभयो ।

२. **पंचत्तय-सुत्तः**

यो सुत्त भगवान् बुद्धले श्रावस्तीस्थित जेतवन विहारमा भिक्षुहरूलाई दिनुभएको हो जसमा उहाँले भन्नुभयो -

"केही अपरान्त-कल्पिक श्रमण ब्राह्मणहरूले प्राणीहरू मरेपछि तिनीहरूका आत्मा संज्ञी (होशी) र निरोगी हुन्छ भन्छन्, फेरी केही मरणपछि आत्मा न संज्ञी न असंज्ञी हुन्छ भन्छन्, केही मरणपछि प्राणी (सत्व) हरूको उच्छेद, विनाश, अन्त हुन्छन् भन्छन् । फेरी केही यसै जन्ममा निर्वाण हुन्छ भन्छन् । यी श्रमण-ब्राह्मणहरूका सिद्धान्तहरूको खण्डन एकले अर्काको चाहिं गर्छ ।

यसरी नै भगवान् बुद्धले पूर्वान्तानुदृष्टि राख्नेहरू विभिन्न सिद्धान्तहरूबारे पनि बताउनुभयो । त्यसपछि भगवान्ले पूर्वान्त अपरान्त दृष्टि दुवैलाई त्यागेर बुद्धशासनदेखि परका साधकहरूले कसरी द्वितीयध्यानदेखि चतुर्थध्यान प्राप्त गरी पूर्वान्त उपादानलाई वा अपरान्त दृष्टिलाई वा काम संयोजनलई वा प्रतिवेक प्रीतिलाई वा निरामिष सुखलाई  वा अदुःख असुखलाई समेत अतिक्रमन गरी 'म शान्त हुँ, म निवृत्त हुँ, म अनुपदान हुँ' भनेर ध्यानले देख्ने हुन्छ भनेर पनि बताउनुभयो । भगवान्ले यतिसम्म पनि संस्कृत हो, स्थूल हो, निरोध हुने संस्कार हो भन्ने निस्सरणदर्शी तथागतले देखेर यस्ता वादहरूबाट अलग रहेको छु भनेर पनि भिक्षुहरूलाई बताउनुभयो ।

३. **किन्ति-सुत्तः**

यो सुत्त भगवान् बुद्धले कुशीनगरको बलिहरण वनखण्डमा

भिक्षुहरूलाई दिनुभएको उपदेश हो । भगवान्ले भिक्षुहरूलाई चीवर, पिण्डपात, शयनासन र उत्तम, उत्तम जन्म प्राप्त गर्नका निमित्त उपदेश दिइरहेको होइन भन्दै के बताउनुभयो भने भिक्षुहरूको चार स्मृतिप्रस्थान, चार सम्यक्प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग र अष्टाङ्गिकमार्गमा अर्थात् सप्तत्रिंशत् बोधीपक्षिय धर्ममा सबै एकजूट भइकन दुःख क्षयको निम्ति अभ्यास (साधना) गर्नुपर्दछ । कथंकदाचित् भिक्षुहरूको उपदेशमा मतभेद भएमा समाधान खोज्ने उपाय बारेपनि भगवान्ले निर्देशन दिनुभयो ।

## ४. **सामगाम–सुत्तः**

यस सुत्तमा भगवान् बुद्धले आयुष्मान् आनन्दलाई भगवान् बुद्धको महापरिनिर्वाण पछि बुद्धशासनमा मतभिन्नता आउन नदिनेबारे दिनुभएको उपदेश हो ।

पावामा निगण्ठ-नाटपुत्रको निधन (कैवल्य) पछि उनका शिष्यहरूको बीचमा भएको विवादबारे आयुष्मान् आनन्दले भगवान् बुद्धको महापरिनिर्वाणपछि पनि श्रावकहरूको बीचमा उपदेशसम्बन्धी यस्तो विवाद नआओस् भन्ने मनसायले भगवान्समक्ष यही कुरा निवेदन गरे । भगवान्ले आनन्दलाई सप्तत्रिंशत् बोधिपक्षीय धर्ममा कुनै पनि भिक्षुहरूको बीच मतभिन्नता हुँदैन, तर आयुष्मान् आनन्दले धर्मको विषयमा नभएमा पनि आजीव र प्रातिमोक्षको विषयमा विवाद उठ्न सक्ने आशंका व्यक्त गर्दा भगवान्ले विवाद उब्जिन सक्ने छ वटा कारण हटाउने उपाय पनि बताउनुभयो । विवाद उठ्यो भने विनयका नियमअनुसार सात प्रकारका अधिकरण समथ प्रयोग गरेर समस्या समाधान गर्नुपर्दछ भन्ने उपदेश पनि दिनुभयो ।

## ५. **सुनक्खत्त–सुत्त** :

यो सुत्त भिक्षु सुनक्खत्तले अर्हत् प्राप्त गरेका भनिएका केही भिक्षुहरूको बारेमा शङ्का व्यक्त गर्दै उठाएको प्रश्नको उत्तरमा भगवान् बुद्धले दिनुभएको उपदेश हो ।

भगवान् बुद्धले उनलाई उत्तरमा के भन्नुभयो भने जहाँसम्म (साँच्चीकै) अर्हत्व प्राप्त गरिसकेका भिक्षुहरू छन् । तिनीहरूका सम्बन्धमा कुनै समस्या छैन (अर्थात् केही गर्नुपर्दैन) ज-जसले धाक (अभियान) का लागि मात्रै अर्हत् भएको स्वांग गर्दछन् तिनीहरूलाई धार्मिक उपदेशद्धारा यथार्थबोध गराउनपर्दछ। तर तथागतसमक्ष आएर प्रश्नको लागि मात्र प्रश्न गर्नेहरूको सम्बन्धमा केही पनि गर्न सकिन्न । साथै भिक्षु सुनक्खत्तलाई भगवान्ले ध्यान र चित्त संयमबारे पनि उपदेश दिनुभयो ।

**६. आनेञ्जसप्पाय-सुत्तः**

यो सुत्त भगवान् बुद्धले कुरू राज्यको निगममा भिक्षुहरूलाई काम विषयभोगबारे दिनुभएको उपदेश हो जसअनुसार कामविषय भोग भनेको अनित्य हुन्, झूटा हुन्, नाशवान् हुन् । यी भोगबाट मायाबाट पैदा भएका हुन्, केटाकेटीको खेलौना जस्तै । यस जीवनमा काम भनेको बन्धन हो । यस्ता विषयमा अल्झेका व्यक्तिलाई बुद्धशासनमा आफ्नो विकास गर्न विघ्नबाधा तेर्सिएका हुन्छन् ।

साथै भगवान् बुद्धले आयुष्मान् आनन्दलाई कस्तो भिक्षु परिनिर्वाणी (अर्थात् निर्वाण प्राप्त गर्न) हुन्छ भन्ने कुरा बताउँदै (उनलाई) तथागत जीवित रहेकै समयमा चाँडै ध्यानाभ्यास गरी जीवन मुक्त हुन कोशिस गर भनेर पनि जोड गर्नुभयो ।

**७. गणकमोग्गल्लान-सुत्त :**

यस सुत्तमा गणकमोग्गल्लानले बद्धशासनमा (साधकले प्रगति गर्दै जाने) प्रक्रियाहरू छन् कि छैन भनेर सोधेको प्रश्नबारे भगवान्ले दिनुभएको उत्तर चर्चित छ ।

एकजना सिपालु घोडा तालिम गर्नेको उपमाद्वारा आफूकहाँ आउने साधकहरू प्रारम्भमा शीलवान् हुँदै कसरी अर्हत्सम्म हुन्छन् भन्ने कुराको उपमा दिनुहुँदै तथागतले भन्नुभयो - तथागतले बताउनु भएको बाटोमा जो अगाडि जान्छ ऊ निर्वाणसम्म पुग्छ । तर यदि राजगृह जान चाहने मान्छेले सोध्दा राजगृह जाने बाटो बताउँदा पनि ऊ बताइएको बाटोबाट नगएकोले

राजगृह पुगेन भने त्यो बाटो बताउने मान्छे दोषी मान्न सकिन्न । त्यसरी नै तथागतले मार्ग निर्देशन गर्दागर्दै पनि साधक त्यस बाटोमा नलागेकोले निर्वाणतिर पुगेन भने तथागतको के दोष हुन्छ ?

जो तथागतको मार्ग निर्देशनअनुसार इमान्दारी साथ अनुगमन गर्छ उसले छिट्टै तथागतको अग्रिम स्थानमा रहेको धर्म उपलब्ध गर्न सक्छ भनेर गणकमोग्गल्लानको अन्तमा आफ्ना भावना अभिव्यक्त गरे ।

## ८. **गोपकमोग्गल्लान-सुत्तः**

यस सुत्तमा गोपक मोग्गल्लान ब्राह्मणको प्रश्नको उत्तरमा आयुष्मान् आनन्दले बताएका कुराहरू छन् ।

आयुष्मान् आनन्दले भगवान् बुद्धको चर्चाको सिलसिलामा उहाँ अनुत्पन्न मार्गका उत्पादक, अज्ञात मार्गलाई ज्ञात गर्ने, नबताइएको मार्ग बताउने मार्गज्ञ हो, मार्गविद् र मार्गकोविद् हुनहुन्थ्यो भने ।

मगध महामात्य वर्षाकारको एउटा प्रश्नको उत्तरमा आयुष्मान् आनन्दले भगवान् बुद्धले आफ्नो परिनिर्वाणपछिको लागि भनेर कुनै एक भिक्षुलाई पनि उत्तराधिकारी नियुक्त गर्नुभएको थिएन भन्दै धर्मकै कारणले एकताबद्ध भइकन धर्मका आश्रय लिइरहेको छु भन्ने कुरा बताए । साथै आयुष्मान् आनन्दले अरू के पनि बताए भने जुन भिक्षुमा दशवटा प्रसादनीय धर्म हुन्छ उसलाई भिक्षुसंघले सत्कार गरी, गौरव गरी, पूजा गरी उपनिश्रय दिइरहन्छन् ।

## ९. **महापुण्णम-सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले उपादान, उपादानबाट निस्सरण हुने, जातिजन्म निरोध हुने सम्बन्धमा दिनुभएको उपदेश परेको छ ।

## १०. **चूलपुण्णम-सुत्तः**

यस सुत्तमा सत्पुरूष र असत्पुरूष छुट्याउने बारे विस्तृत व्याख्यान एवं सत्पुरूष मृत्युपछि आफूले इच्छा गरेको कुल वा लोकमा जन्मन पाउने कुराको चर्चा छ ।

# अनुपद वर्ग

## ११. अनुपद–सुत्त :

यस सुत्तमा भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा भिक्षुहरूलाई आयुष्मान् सारिपुत्रका विलक्षण प्रतिभा र गुणबारे गर्नुभएको प्रशंसा चर्चित छ । यस सुत्तअनुसार सारिपुत्रले आर्यविनयअनुरूप सबै साधना सम्पन्न गरिसकेका छन् । उनी आर्यशीलमा आर्यविमुक्ति अधिकार प्राप्त भएका, पारमी प्राप्त भएका र भगवान्को औरसपुत्र उत्पन्न भएका हुन्, धर्म उत्पन्न भएका हुन्, धर्मदायाद हुन् । भगवान्को औसरपुत्र भनेर साँच्चै भन्ने हो भने आयुष्मान् सारिपुत्रलाई नै भन्नुपर्छ । भगवान् बुद्धले प्रवर्तित गर्नुभएको धर्मचक्रलाई फेरी एकपल्ट अनुप्रवर्तित गर्न उनै सारिपुत्र मात्रै सक्षम छन् ।

## १२. छब्बिसोधन–सुत्तः

कुनै भिक्षु अरहत्व प्राप्त गरेको हो वा होइन हेर्ने बारे भगवान्ले दिनुभएको उपदेश यस सुत्तमा समाहित छ । यस उपदेशअनुसार अर्हत् भएको भिक्षुले क्रमिक रूपले (१) चार व्यवहार, (२) पाँच उपादान स्कन्ध, (३) छ वटा धातु, (४) आध्यात्मिक र बाह्य छवटा आयतनबाट विमुक्तभएको हुन्छ, (५) फेरी सबै निमित्तमा ममत्व प्रहाण गरेको हन्छ ।

## १३. सप्पुरिस–सुत्त :

यस सुत्तमा भगवान् बुद्धले सज्जन भिक्षु र दुर्जन भिक्षुका लक्षणहरू बताउनुभएको छ । सज्जन भिक्षुका लक्षण यी हुन् - (१) उच्चकुलीनताको अभिमान गर्दैन । (२)आफ्नो प्रख्यातिको अभिमान गर्दैन, (३) चीवर आदि भौतिक वस्तुका लाभी भएकोमा अभिमान गर्दैन, (४) आफू जान्ने सुन्ने भएकोमा अभिमान गर्दैन, (५) विनयधर भएको कारणले अभिमान गर्दैन, (६) ध्यानलाभी भएको कारणले अभिमान गर्दैन । सत्पुरूष भरहेको भिक्षुले आस्रव क्षय गर्दछ । यसको विपरीत असत्पुरूष भइरहेको भिक्षुसित यसका विपरीत लक्षणहरू हुन्छन् ।

## १४. सेवितब्बासेवितब्ब–सुत्तः

भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा भिक्षुहरूलाई सेवनीय र असेवनीय दुई पक्ष हुन्छन् भनेर दिनुभएको यस सुत्तमा चर्चित छ । यस उपदेशअनुसार कायकर्म, वचीकर्म, मनोकर्म, चित्त उत्पत्ति, संज्ञा प्रतिलाभ, दृष्टि र आत्मभाव प्रतिलाभ यी मध्ये प्रत्येकको सेवनीय र असेवनीय पक्ष दुईवटा हुन्छन् । भगवान् बुद्धले संक्षेपमा मात्र बताउनुभएको यस सुत्तको एक एक बुँदा आयुष्मान् सारिपुत्रले भगवान्को सम्मख नै सविस्तार व्याख्या गरे । अन्त्यमा भगवान् बुद्धले आयुष्मान् सारिपुत्रको व्याख्याको अनुमोदन गर्नुभयो ।

## १५. बहुधातुक–सुत्त :

यस सुत्तमा भगवान् बुद्धले आयुष्मान् आनन्दलाई पण्डित भिक्षु विमर्शक हुनेबारे दिनुभएको उपदेश परेको छ। जति पनि भय, उपद्रव संसर्ग उत्पन्न हन्छ ती सबै मूर्खहरूको तर्फबाट हुन्छन्, पण्डितको तर्फबाट हुँदैनन् भन्ने भगवान्को उपदेश सुनेर आयुष्मान् आनन्दले "पण्डित भिक्षु कसरी विमर्शक हुन्छ ?" भन्ने प्रश्नको उत्तर दिनुहुँदै भगवान् बुद्धले -"आनन्द ! भिक्षु जब धातु-कुशल हुन्छ, आयतन कुशल हुन्छ, प्रतीत्यसमुत्पाद-कुशल हुन्छ, स्थान-अस्थान-कुशल हुन्छ, आनन्द ! त्यस पण्डित भिक्षुलाई विमर्शक भन्न हुन्छ । "

यस सम्बन्धमा विस्तृत उपदेश भगवान् बद्धबाट सुनेर आश्चर्यचकित भएका आयुष्मान् आनन्दले गरेको एउटा प्रश्नको उत्तरमा भगवान्ले भन्नुभयो - "यस सुत्तको नाउँ (१) बहुधातुक भनेपनि हुन्छ (२) चतु:परिवर्त भनेपनि हुन्छ, (३) धर्मादर्श भनेपनि हुन्छ, (४) अमृतदुन्दुभि भनेपनि हुन्छ अथवा (५) अनुत्तरसंग्रामविजय भनेपनि हुन्छ ।"

## १६.इसिगिलि–सुत्त :

भगवान् बुद्धले भिक्षुहरूलाई राजगृहसमीप अवस्थित (१) वेभार पर्वत, (२) पाण्डव पर्वत, (३) वैपुल्य पर्वत, (४) गृधकूट पर्वत, (५) ऋद्धिगिरि

पर्वतबारे कुरा गर्नुभयो । उहाँले प्रसङ्गवश ऋषिगिरि पर्वतको नाउँ कसरी त्यसो रहन गयो भन्ने कुरा गर्नुभयो । यी पर्वतहरूमा प्राचीन समयमा रहेका अनेकौं प्रत्येक बुद्धहरूका नामले चर्चा गर्नुभयो ।

### १७. **महाचत्तारीसक–सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले भिक्षुहरूलाई दिनुभएको सम्यक् समाधिसम्बन्धी विस्तृत उपदेश छ । कुशलपक्ष सम्बन्धि २० वटा गरी ४० वटा धर्मसम्बन्धी कुरा बताउँदै भगवान्ले यी धर्मलाई अहेतुवादी, अक्रियावादि, नास्तिकवादीहरूसम्मले पनि अस्वीकार गर्दैनन् भनेर पनि भगवान्ले भिक्षुहरूलाई बताउनुभयो ।

### १८. **आनापानस्सति–सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले आनापानस्मृतिबाट हुने लाभबारे उपदेश दिनुभएको छ । श्रावस्तीस्थित मृगारमाताको पूर्वारामप्रासादमा रहेका भिक्षुहरूको प्रशंसा गर्दै भगवान्ले आनापानस्मृतिद्वारा स्मृतिप्रस्थानको भावना पूर्णहुने र स्मृतिप्रस्थानद्वारा सातैवटा सम्बोध्यङ्ग पनि पूर्ण हुने कुराको उपदेश दिनुभयो ।

### १९. **कायगतिसति–सुत्त**:

यस सुत्तमा कायको यथास्थिति बोध गरी भावना गर्ने बारे उपदेश दिनुभएको छ । भिक्षु अरण्यमा गएर वा रूखमूनि गएर वा शून्यागारमा गएर पलेटी कसि आफ्नो जीउ सीधा पारी स्मृति सामुन्य राखी बस्छ । उसले स्मृति राखी श्वास भित्र्याउँछ, स्मृति राखी श्वास बाहिर निकाल्छ । यो प्रक्रिया आनापान स्मृति भनिन्छ । फेरी भिक्षुले हिँडिरहँदा हिँडिरहेछु, उभिरहँदा उभिरहेछु, बसिरहँदा बसिरहेछु, भनेर होस गरिरहन्छ । उसको कायको स्थिति जसोजसो भइरहन्छ त्यसोत्यसो चाल पाइरहन्छ (होस राखी रहन्छ) भिक्षु अगाडि बढ्दा अगाडि बढिरहेछु भनेर संप्रजन्य (चाल पाइरहेको) भइरहन्छ । सोझो (सीधा) हेर्दा वा बाङ्गो हेर्दा त्यसो गर्दा त्यसो गरेको स्मृति राखी चाल पाइरहन्छ । हातगोडा खुम्च्याउँदा वा तन्काउँदा

त्यसो गरिरहेछु भन्ने स्मृति राखी चाल पाइरहन्छ । यही प्रक्रिया उसको कायगतानुस्मृति हुन्छ ।

कायगतानुस्मृतिको क्रममा यो कायलाई यसको स्थिति अनुसार, यसको रचनाअनुसार जस्तो छ उस्तै हेरी, देखी, धातुको स्वभावअनुसार प्रत्यवेक्षण गर्दछ । यो शरीरमा पृथ्वी धातु, आपोधातु, तेजो धातु, वायु धातु छन् । यसरी भिक्षुको कायमा कायगतानुस्मृति भावना गर्दछ । त्यसपछि भिक्षुले क्रमशः प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान प्राप्त गरी कायगतानुस्मृति भावना गर्दछ । जुन भिक्षुले कायगतानुस्मृतिको अभ्यास बारम्बार गर्दछ, भाविता गर्दछ भने मारले कुनै तरहले मौका छोपी उसलाई बिगार्न सक्दैन । यस्तो भिक्षु अभिज्ञाबाट लिनुपर्ने काम सबै पूरा गर्दछ अर्थात् अरहन्तसम्म पनि हुन्छ जुन कायगतानुस्मृतिको दशौं आनिशंस (शुभ परिणाम) हो ।

### २०. **सङ्खारूपपति–सुत्त** :

यस सुत्तमा राम्रो संस्कारको प्रतिफलको चर्चा छ । जुन व्यक्तिको संस्कार राम्रो छ । श्रद्धा, शील, श्रुति, त्याग र प्रज्ञा हुन्छन् उसले आफूले इच्छा मात्र गऱ्यो भने जुनसुकै कुल वा लोकमा जन्म लिन सक्छ ।

## शून्यतावर्ग

### २१. **चूलसुञ्ञत–सुत्त** :

आयुष्मान् आनन्दको एउटा प्रश्नको उत्तरमा भगवान् बुद्धले उनलाई दिनुभएको उपदेश रहेको यस सुत्तमा शून्यता विहार अभ्यास गर्ने साधक निर्वाणसम्म पुग्नसक्ने कुरा बताइएको छ ।

### २२. **महासुञ्ञत–सुत्त** :

यो सुत्त भगवान् बुद्धले कपिलवस्तुमा कालक्षेमक शाक्यको विहारमा भीडभाड गरिरहेको भिक्षुहरूका सम्बन्धमा भिक्षु आनन्दलाई बताउनुभएको हो । यस सुत्तअनुसार भिक्षुहरू समूह बाँधेर बस्नुहुँदैन, न त यिनीहरू अरू

सम्प्रदायवालाहरूसित मिलजुल गरेर बस्नुहुन्छ । यसो गर्न भिक्षुहरू प्रमुख उद्देश्यबाट विमुख हुन्छन् । त्यसैले (भिक्षुहरूको निमित्त) एकान्त सेवन हितकर हुन्छ ।

### २३. **अच्छरियअब्भुत-सुत्तः**

यस सुत्तमा दीघनिकायको महापदान  सुत्तमा जस्तै श्रावस्तीमा भिक्षुहरूले बुद्धको पूर्वजन्मसम्बन्धी ज्ञान बारे चर्चा गरिरहँदा त्यहीँ आइपुग्नुभएका भगवान् बुद्धले तथागतसित आश्चर्यलाग्दो अद्भूत धर्म हुन्छ भनेर बताउनुभएको छ ।

### २४. **बाकुल-सुत्त :**

यस सुत्तमा राजगृहका वेणुवन निवासी १२० वर्ष उमेर पुगेका आयुष्मान् बाकुलले आफ्नो साथी अचेल काश्यपको एउटा प्रश्नको उत्तरमा आफ्नो ८० वर्षको भिक्षु जीवनमा तितिक्षामय (सहिष्णुतापूर्ण) अद्भूत धर्म साधना गरेको कुरा बताएका छन् । आयुष्मान् बाकुलबाट प्रव्रज्या र उपसम्पदा प्राप्त गरेर आयुष्मान् काश्यप छिट्टै अर्हत् भए । अन्तमा आयुष्मान् बाकुल आफू परिनिर्वाण हुनुअगाडि भिक्षुहरू सबैलाई (सामुन्ने) बोलाई संघको बीचमा नै परिनिर्वाण भए ।

### २५. **दन्तभूमि-सुत्तः**

यस सुत्तमा भगवान् बुद्ध राजगृहको कलन्दकनिवापस्थित वेणुवनमा विहार गरिरहनुभएको बेला जयसेन राजकुमार र श्रामणेर अचिरवतको बीचमा भएको कुरो चर्चित छ । श्रामणेर अचिरवतले आफूले बोलाएको कुराबाट चित्त नबुझेपछि राजकुमार जयसेन त्यहाँबाट गएको व्यहोरा भगवान् बुद्धलाई निवेदन गरे । भगवान् बुद्धले अबोध नसुधारिएको पशु र पर्वतको फेदीमा उभिरहेको मान्छे समान नै राजकुमार जयसेन हो भनेर अदान्त (अनियन्त्रित) पशु र पर्वतको उपमाद्वारा स्पष्ट पार्नुभयो ।

### २६. **भूमिज-सुत्त :**

यस सुत्तमा राजा जयसेन र भिक्षु भूमिजको बीचमा राजगृहमा

भएको कुरा दिइएको छ । (भिक्षु भूमिजले राजकुमार जयसेन) आफूसित भएको कुरा भगवान् बुद्धसँग निवेदन गरेपछि उहाँले तेल, दूध, नौनी, आगोको उपमा दिएर विस्तृत रूपले उपदेश गर्नुभयो ।

## २७. **अनुरूद्ध–सुत्त** :

यस सुत्तमा भगवान् बुद्ध श्रावस्तीस्थित जेतवनाराममा विहार गरिरहनुभएको बेला आयुष्मान् अनुरूद्धले पञ्चकङ्ग स्थविरको एउटा प्रश्नको उत्तरमा उनलाई अप्रमाण र महग्गत चित्तविमुक्ति चारथरी भव उत्पत्ति, परित्ताभा, अप्रमाणाभा, संक्लिष्टाभा र परिशुद्धभा देवताहरूको बारे गरेको उपदेश छ ।

## २८. **उपक्किलेस–सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले चित्त उपक्लेशको प्रहण गर्नेबारे भिक्षुहरूलाई दिनुभएको उपदेश छ । कौशाम्बीका आपसमा झगडा गरिर हने भिक्षुहरूलाई भगवान् बुद्धले तीनपल्टसम्म उनीहरूको झगडा साम्य पार्ने प्रयास गर्दा पनि उनीहरू नमानेपछि उहाँले गाथाद्वारा यसो अभिव्यक्ति गर्नुभयो - 'मूर्खहरूको सङ्गत गर्नुभन्दा बरू एक्लै विचरण गर्नु जाती हुन्छ ।' त्यसपछि बुद्धले बालक-लोणकार ग्राममा बसिरहेका भिक्षु आयुष्मान् भृगुलाई भेटेर उपदेश गर्नुभयो । त्यहाँबाट पनि प्राचीन बंशदावमा जानुभई उहाँले आयुष्मान् अनुरूद्ध, आयुष्मान् नन्दिय र आयुष्मान् किम्बिलहरूलाई दूधमा पानी घोलिएजस्तै आपसमा मिलेर बस्नुपर्छ भनेर उपदेश दिनुभयो ।

## २९. **बालपण्डित –सुत्त** :

यस सुत्तमा भगवान् बुद्धले बाल अर्थात् मूर्खका र पण्डितका लक्षणहरूका बारे दिनुभएको उपदेश समाहित भएको छ। यस उपदेशअनुसार (१) चिन्ता लिनुपर्ने नपर्ने कुरामा चिन्ता, (२) दुर्वचन बोल्ने गर्नु, (३) कुकर्म गर्ने हुनु - यी मूर्खका लक्षण हुन् । मूर्खले यसै जीवनमा यी तीन प्रकारका दुःख अनुभव गर्छ - (१) लोकले निन्दा गराएर रहनुपर्ने हुन्छ, (२) दण्ड खप्नु पर्ने हुन्छ, (३) जहिले पनि चिन्तित रहनुपर्ने हुन्छ । दुष्कर्मको कारणले ऊ

नरकगामी हुन्छ । यस्तो व्यक्तिको निमित्त फेरी मनुष्य जीवन पाउनु दुर्लभ हुन्छ । कथं कदाचित् मनुष्य जीवन पाइहाले पनि ऊ साह्रै कष्टमय जीवन गुजार्नु पर्ने कुलमा मात्र जन्मन्छ । पण्डितको लक्षण भनेको यस्को ठीक विपरीत हुन्छ । सुकर्मको कारणले उसले सप्तरत्न भएको चक्रवर्ती (राजा) को सुखभोगभन्दा पनि धेरै बढी सुख पाउँछ ।

### ३०. **देवदूत-सुत्त :**

भगवान् बुद्धले श्रावस्तीमा भिक्षुहरूलाई दिनुभएको उपदेश परेको छ । भगवान् पाँचजना देवदूतहरूको उपमाद्वारा जीवनमा पाँच अवस्था - जन्म, जरा, व्याधि, कर्म र मृत्युको बारेमा उपदेश दिनुभयो । यसै क्रममा पञ्च बन्धन भनिने दण्डसम्बन्धी विस्तृत व्याख्या गर्दै भगवान्ले पापकर्मदेखि डराई त्यसबाट टाढा रहनुपर्छ भनेर उपदेश गर्नुभयो ।

## विभङ्ग वर्ग

### ३१. **भद्देकरत्त-सुत्तः**

यो सुत्त भगवान् बुद्धले श्रावस्तीमा रहेका भिक्षुहरूलाई दिनुभएको उपदेश हो । यस उपदेशको सिलसिलामा भगवान्ले भन्नुभयो - "अतितबारे व्यर्थ चिन्ता नगर, जुन आइ नसकेको भविष्य हो त्यसको पनि चिन्तन नगर, जुन वर्तमान समय हो त्यसको सदुपयोग गर । मनुष्य जीवनमा हटाउन खोजेर नसकिने, रोक्न खोजेर रोक्न नसकिने समस्या (अर्थात् जन्म, जरा, मरण) बाट मुक्त हुन निरन्तर प्रयत्न गर ।" यही नै यस सुत्तको मूल उद्देश्य हो ।

### ३२. **आनन्दभद्देकरत्त-सुत्त :**

भगवान् बुद्धले उपदेश गर्नुभएको भद्देकरत्त सुत्तको व्याख्या आयुष्मान् आनन्दले विस्तृत रूपले गरे । आयुष्मान् आनन्दको व्याख्या अनुमोदन भगवान्ले गर्नुभयो ।

### ३३. **महाकच्चान भद्देकरत्त-सुत्त :**

भगवान् बुद्धले श्रावस्तीमा बताउनुभएको भद्देकरत्त सुत्तको जुन विस्तृत व्याख्या आयुष्मान् महाकात्यायनले राजगृहमा तपोदारमा आयुष्मान् समिद्धिप्रमुख भिक्षुसंघको सन्मुख गरे त्यही यो सुत्त हो । आयुष्मान् महाकात्यायनको त्यस व्याख्यालाई पनि भगवान्ले अनुमोदन गर्नुभयो ।

### ३४. **लोमसकङ्गियभद्देकरत्त-सुत्त :**

कपिलवस्तुमा चन्दन देवपुत्रको प्रेरणाबाट आयुष्मान् लोसमकङ्गिय भद्देकरत्त सुत्त जान्ने मनसुवाले श्रावस्तीस्थित जेतवनमा गएर भगवान् बुद्धसमक्ष यो सुत्त बताउनको लागि निवेदन गरे । उनलाई भगवान् बुद्धले भद्देकरत्त सुत्त बताउनु भयो ।

### ३५. **चूलकम्मविभङ्ग-सुत्त :**

यस सुत्तमा भगवान् बुद्धले तोदेय्यपुत्र शुभमाणवकलाई मानिसहरूमा निहित हुने आ-आफ्ना हीनता र उच्चता आदिको हेतु बताउनु भएको छ ।

### ३६. **महाकम्मविभङ्ग-सत्त :**

यो सुत्त भगवान् बुद्धले राजगृहस्थित वेणुवन कलन्दकनिवापमा आयुष्मान् आनन्द र समृद्धि भिक्षुहरूलाई दिनुभएको महाकर्म विभङ्ग बारेको उपदेश हो । महाकर्मविभङ्ग अनुसार (१) केही व्यक्तिहरू पाणातिपात आदि दश अकुशल कर्ममा लागेर मृत्युपछि नरकमा उत्पन्न हुन्छन् । (२) केही व्यक्तिहरू प्राणतिपात आदि दश कुशल कर्ममा लागेर मर्नुअगाडि अन्तमा सम्यक्दृष्टि पाई मृत्युपछि स्वर्गमा उत्पन्न हुन्छन् । (३) केही व्यक्तिहरू दश कुशल कर्ममा लागेर मृत्युपछि स्वर्गमा उत्पन्न हुन्छन् । (४) केही व्यक्तिहरू प्राणातिपात आदि रहित दशकुशल कर्ममा सम्यक्दृष्टि राख्छन् तर अन्त्यमा मर्नु अगाडि मिथ्यादृष्टि राखेर मृत्युपछि नरकमा उत्पन्न हुन्छन् । बुद्धशासनदेखि बाहिरका कर्मका कुरा गर्ने ध्यानी व्यक्तिहरूसम्मले पनि ध्यानको माध्यमद्वारा नरक र स्वर्गमा गएका मान्छेहरूलाई देखेर कर्मको विषयमा भ्रम धारण गरी अनेक प्रकारका सिद्धान्त बनाएको देखिन्छ ।

भगवान् बुद्धले आयुष्मान् आनन्दलाई (१) अकुशल कर्मलाई अकुशल कर्म वा (२) अकुशल कर्मलाई कुशल कर्मले वा (३) कुशल कर्मलाई कुशल कर्मले वा (४) कुशल कर्मलाई अकुशल कर्मले प्रभावित गर्नसक्ने कर्महरूको व्याख्यान गर्नुभयो ।

### ३७. **सलायतनविभङ्ग–सुत्त :**

भगवान् बद्धले श्रावस्तीस्थित जेतवनमा रहेका भिक्षुहरूलाई छ आयतनलाई एउटा एउटा गरी छुट्याएर विस्तृत रूपले गर्नुभएको व्याख्यान नै यो सुत्त हो । साधकले (१) ६ वटा आध्यात्मिक आयतन, (२) छ वटा बाह्य आयतन, (३) ६ वटा विज्ञान काय, (४) ६ वटा स्पर्श, (५) अठारवटा मनोप विचार, (६) छत्तीसवटा सप्तपद, (७) यो सप्तपदमध्ये कुन-कुनलाई छाडेर कुन-कुनलाई ग्रहण गर्नुपर्दछ, अन्तमा तीनवटा स्मृतिप्रस्थान पनि जान्नुपर्दछ भनेर पनि भगवान् बुद्धले बताउनुभयो ।

### ३८. **उद्देसविभङ्ग–सुत्त :**

भगवान् बुद्धले श्रावस्तीस्थित जेतवनमा भिक्षुहरूलाई दिनुभएको यस सुत्तको उपदेश अनुसार साधकले त्यस त्यस तरिकाले उपपरिक्षण गरी हेर्नुपर्दछ, जुन जुन तरिकाले उपपरिक्षण गरी हेर्दा आफ्नो बाहिरी विज्ञान विक्षिप्त हुँदैन, फेरी भित्री (विज्ञान) पनि स्थित नभएको कारणले नहोस् । यसरी अभ्यास गर्ने साधककोनिमित्त भावि जरा-जन्म-मरणरूपी दुःख उत्पत्ति हुने कारण (बाँकी) रहन्न ।

### ३९. **अरणविभङ्ग–सुत्त :**

भगवान् बुद्धले श्रावस्तीमा रहेका भिक्षुहरूलाई दिनुभएको उपदेश यस सुत्रअनुसार दुई थोक सेवन गर्नु हुँदैन - (१) हीन, ग्राम्य, पृथक् जनलाई (मात्र) योग्य (सुहाउँदो), अनार्य, अनर्थयुक्तकाम-सुखमा लाग्नु र (२) दुःखद, अनार्य, अनर्थयुक्त, आत्म-पीडादायक क्लेश कर्ममा लाग्नु । यी दुईथोक अति (उग्रता) लाई त्यागेर मध्यममार्गको अनुसरण गर्नुपर्छ । यसको अनुसरणले (साधकलाई) सम्यक् ज्ञान र निर्वाण मार्गतिर डोऱ्याउँछ ।

## ४०. **धातुविभङ्ग–सुत्त** :

यो सूत्र भगवान् बुद्धले राजगृहमा रहने भार्गव कुम्भकारको घरमा बास गरिरहेका साधनारत पुक्कुसातिलाई दिनुभएको उपदेश हो । यो सुत्रअनुसार मान्छे, (१) ६ वटा धातु (२) ६ वटा स्पर्श आयतन, (३) अठारवटा मनोपविचार, (४) चारवटा अधिष्ठान भएको हुन्छ । प्रज्ञापूर्वक अप्रमादी भई सत्यको रक्षा गरी, त्यागमय जीवन निर्वाह गरी मार्गफलको अभ्यास गर्नु नै धातु विभङ्गको उद्देश्य हो । भगवान् बुद्धले अन्तमा अर्हन्त भएको साधक नै शान्तमुनि कहलाइन्छ पनि भन्नुभयो । यस सूत्रसम्बन्धी एउटा कुराले के प्रष्ट पार्दछ भने भगवान् बुद्ध सामुन्ने उपस्थित हुँदाहुँदै पनि उहाँकै उद्देश्यलाई मनन गरी प्रव्रजित भएका पुक्कुसातिले उहालाई चिन्न नसकेको तथ्यले के कुराको सङ्केत गर्दछ भने भगवान् बुद्ध हामीहरूजस्तै मानव भईकन पनि महामानव हुनुभएको हो ।

## ४१. **सच्चविभङ्ग–सुत्त**:

यस सूत्रमा आयुष्मान् सारिपुत्रको धर्मचक्रसम्बन्धी पूर्णज्ञानतिर सङ्केत गरिएको छ ।

भगवान् बुद्धले ऋषिपत्तन मृगदावनमा गर्नुभएको धर्मचक्र प्रवर्तन आयुष्मान् सारिपुत्रले पनि अनुप्रवर्तन गर्नसक्छ भन्ने बुद्धवचनअनुसार आयुष्मान् सारिपुत्रले वाराणसीस्थित ऋषिपतनको मृगदावनमा रहेका भिक्षुहरूलाई चारआर्यसत्यको विस्तृतरूपले व्याख्या गरे ।

## ४२. **दक्खिणाविभङ्ग–सुत्त** :

यो सूत्र भगवान् बुद्धले आफ्नी आमा बराबरकी सानीआमा महाप्रजापति गौतमीलाई संघलाई दिइएको दान व्यक्तिलाई दिइएको भन्दा श्रेष्ठत्तर हुन्छ भन्नेबारे दिनुभएको उपदेश हो । व्यक्तिगत दानमध्ये पशुपंक्षीहरूलाई दिइने दानदेखि तथागत अर्हत् सम्यक्सम्बुद्धसम्मलाई दिइने दानका फलहरूको वर्णन पनि यसमा छ । फेरी यस सुत्तमा सात प्रकारका संघदानको चर्चा छ ।

# अववाद वर्ग

## ४३. अनाथपिण्डिकोवाद-सुत्तः

यो सूत्रमा जीवनको अन्तिम समयमा पथारा (मरणशैय्या अवस्था) मा परिरहेका अनाथपिण्डिकलाई आयुष्मान् सारिपुत्रले दिएको उपदेश हो । उनलाई आयष्मान् सारिपुत्रले अतीव गम्भीर बुद्धोपदेशलाई बुँदाबुँदा छुट्याएर सरल ढङ्गले व्याख्या गरे । केहीमा पनि आसक्त हुनु हुन्न भनेर अन्तिम अवस्थामा बताइएको उपदेश सुनेर अनाथपिण्डिकले आफ्नो जीवनमा यसभन्दा अगाडि यस्तो गम्भीर उपदेश कहिल्यै सुन्न पाएको थिएन भनेर आयुष्मान् सारिपुत्रलाई उनले बताए । आफ्नो मृत्युपछि देवपुत्र भएर जन्मेका अनाथपिण्डिक (देवपुत्र) ले भगवान् बुद्धसमक्ष आफूले बनाएर दान दिएको जेतवन विहारको प्रशंसा गर्दै आफ्नो मनको भाव के भनेर व्यक्त गरे भने यदि कसैको आफ्नो हित गर्ने इच्छा भए जेतवनजस्तो विहार निर्माणगरेर सारिपुत्रजस्ता प्रज्ञावान्, शीलवान्, उपशान्त र पारङ्गत भिक्षुहरूलाई अर्पित गर्नुपर्छ ।

## ४४. छन्नोवाद-सुत्तः

यो सूत्र रोगग्रस्त आयुष्मान् छन्नले आफूलाई भएको असह्य पीडाको सिलसिलामा गरेको प्रयास बारेको हो । रोगको कारणले आफूलाई असह्य पीडा भइरहेको अवस्थामा पनि उनले आयुष्मान् सारिपुत्रले सोधेको अनात्मभावसम्बन्धी प्रत्येक प्रश्नको खुलस्त उत्तर दिए । अनित्य, दुःख र अनात्मको यस्तो सूक्ष्म (गहन) उत्तर दिन सक्ने भईकन पनि मार्गफल प्राप्त गर्ने चरणमा नपुगेका आयुष्मान् छन्नले तीव्र वेदना (पीडा) सहन नसकेर आत्महत्या गर्ने चेष्टा गरे । यसै चेष्टाको क्रममा विपश्यना गर्दागर्दै उनी अर्हत् भए । त्यसपछि भगवान् बुद्धले सारिपुत्रलाई आयुष्मान् छन्नको पुनर्जन्म हुने कुरा बताउनुभयो ।

## ४५. पुण्णोवाद-सुत्त :

यस सूत्रमा सूनापरान्त जान लागेका भिक्षु पूर्ण (पुण्ण) ले भगवान् बुद्धलाई निवेदन गरेको जवाफ समावेश गरिएको छ । भगवान् बुद्धको प्रश्नको उत्तरमा भिक्षु पूर्णले निवेदन गरे - "भन्ते ! यदि मलाई सूनापरान्तका

निवासीहरूले गाली गरे, जथाभावी भन्यो भने म मनमनै यसो सोच्छु - 'सूनापरान्त निवासीहरू असल छन्, साहै असल छन्, उनीहरूले मलाई हातले पिटेनन्।' भगवान् मलाई यस्तो लाग्छ। त्यति मात्र होइन। उनीहरूले मार्न आए भने पनि उनीहरू असलै हुन् भन्छु किनभने अरूहरूलाई मार्ने मान्छे (हत्यारा) खोज्नुपर्ने हुन्छ। मलाई त सजिलैसँग हत्यारा मिल्यो।"

यसरी कठिन परीक्षाबाट उत्तीर्ण भएका आयुमान् पूर्णलाई सूनापरान्तमा जान भगवान्ले अनुमति दिनुभयो। सूनापरान्तमा पुगेर आयुष्मान् पूर्णले वर्षावासको तीन महिनाभित्र कैयन् उपासक-उपासिकाहरूलाई धर्म बोध गराई आफू निर्वाण भए।

### ४६. **नन्दकोवाद-सुत्त** :

यो सूत्र आयुष्मान् नन्दकले भिक्षुणीहरूलाई दिएको उपदेश हो। आयष्मान् नन्दकले भिक्षुणीहरूलाई प्रश्नोत्तरको माध्यमद्वारा भित्री र बाहिरी इन्द्रिय, तिनको विषय र विज्ञानको अनित्यताबारे उपदेश दिए। भगवान् बुद्धले उनलाई पुनः त्यही उपदेश दिन लगाउनुभयो। त्यस उपदेशलाई सुनेर त्यहाँ उपस्थित पाँच सय भिक्षुणीहरूमध्ये कोहीकोही स्रोतापन्न भए, कोहीकोही सकृदागामी, कोहीकोही अनागामी र कोहीकोही अरहन्त भए।

### ४७. **चूलराहुलोवाद-सुत्त** :

यो सूत्र भगवान् बुद्धले आयुष्मान् राहुललाई दिनुभएको उपदेश हो। भगवान् बुद्धले आयुष्मान् राहुल उमेर पुगेर विमुक्तिज्ञान प्राप्त गर्न सक्षम भएको देखेपछि उनलाई वनमा लगेर एउटा रूखमुनि बसेर उनलाई भित्री र बाहिरी इन्द्रिय, तिनका विषय र विज्ञानको अन्तिम, दुःख, परिवर्तनशीलताबारे उपदेश गर्नुभयो। उपदेशकै अन्तमा आयुष्मान् राहुल अरहन्त भए।

### ४८. **छछक्क-सुत्त** :

यस सूत्रमा (नाउँअनुसार) छ छ वटा भएको छ वटा समूह - (१) छ वटा अध्यात्मिक आयतन, (२) छ वटा बाह्य आयतन, (३) छ वटा विज्ञान काय, (४) छ वटा वेदनाकाय र (५) छ वटा तृष्णाकाय गरी जम्मा (३६) छत्तीसवटा उत्पत्ति र विनाश देखेर (बुझेर) तिनबाट कसरी विमुक्त हुने भन्नेबारे दिइएको उपदेश छ।

**४९. महासलायतन-सुत्त :**

यस सूत्रमा भगवान् बुद्ध श्रावस्तीस्थित जेतवनमा विहार गरिरहनुहुँदा त्यहाँ भिक्षुहरूलाई दिनुभएको उपदेश छ, जसअनुसार (जो कोही व्यक्ति) आसक्त भएपछि दुःख अनुभव गर्छ, अनासक्त भएपछि सुख अनुभव गर्छ, विषयहरूमा अनासक्त भएको साधकले मार्ग साधना सम्पन्न गर्छ ।

**५०. नगरविन्देय्य-सुत्त :**

यस सूत्रमा भगवान् बुद्धले कस्ता श्रमण-ब्राह्मणहरूलाई सत्कार गर्ने र कस्ता श्रमण-ब्राह्मणहरूलाई सत्कार नगर्ने भन्नेबारे दिनुभएको उपदेश छ । यस सुत्तले हामीहरूलाई सच्चा (वास्तविक) गुरुहरू पहिचान गर्न मद्दत गर्दछ ।

**५१. पिण्डपातपारिसुद्धि-सुत्त :**

यो सूत्र भगवान् बुद्धले आयुष्मान् सारिपुत्रलाई शून्यता विहारको महत्वबारे दिनुभएको उपदेश हो । यस विषयमा प्रकाश पार्दै भगवान् बुद्धले साधकको निमित्त साँच्चैको साधना मार्ग शून्यता साधनाको अभ्यास हो भन्नुभयो । यसरी साधनामा अभ्यासरत भएको साधकले प्रत्यवेक्षण गरी आफ्नो मनको स्थिति बुझेर रातदिन त्यस कुशल धर्ममा ध्यानमग्न हुनुपर्दछ । यसरी आ-आफ्ना जीविका परिशुद्ध गर्ने जति पनि साधकहरू छन् तिनीहरू सबैले यही प्रत्यवेक्षणको माध्यमले गरेका हुन् भने पनि भगवान् बुद्धले बताउनुभयो ।

**५२. इन्द्रियभावना-सुत्त :**

यो सूत्र भगवान् बुद्धले आयुष्मान् आनन्दलाई इन्द्रिय संयम गर्ने पद्धतिको श्रेष्ठताको सम्बन्धमा दिनुभएको उपदेश हो । यस सुत्तमा इन्द्रिय भावना, शैक्ष-प्रतिपद् र भावितेन्द्रिय-आर्यबारे बोल्दै भगवान्ले भिक्षुहरूलाई अहिले नै साधनामा तल्लीन भईकन गर्नुपर्ने काम सबै गर्न पनि जोड गर्नुभयो ।

# परिच्छेद - ६

## संयुक्त-निकाय

त्रिपिटक अन्तर्गत सुत्तपिटकको क्रममा तेश्रो महत्वपूर्ण ग्रन्थ संयुत्तनिकाय (संयुक्तनिकाय) हो । यसमा लामो, छोटो सबै प्रकारका सुत्तसंग्रह भएकोले यसको नाम संयुक्तनिकाय भएको देखिन्छ । यसमा प्रायःगरी छोटा-छोटा सूत्रहरू छन् । परम्परागत मान्यताअनुसार यसमा ७,७६२ वटा सुत्तहरू छन् । यसमा पाँचवटा ठूल्ठूला वर्ग अर्थात् ५ भाग छन् । ती हुन् - (१) सगाथा वर्ग, (२) निदान-वर्ग, (३) खन्ध वर्ग, (४) सलायतन वर्ग र (५) महावर्ग ।

प्रत्येक मुख्य वर्गहरू ५६ वटा समूहमा विभाजित छन्, जसलाई संयुक्त भनिन्छ। जसमा सम्बन्धित समूहमा विषयहरू हुन्छन्। संयुक्तहरूको नाम, जुन विषयहरूले व्यवहार गर्दछ, त्यसपछि राखिएका छन्। उदाहरणको लागि सातवटा तथ्यहरूको बुद्धत्वमा बोज्झंग संयुत्त, वा केहि प्रमुख व्यक्तिहरूको पछि, उक्त नाम रहन गएको छ, जस्तो सारिपुत्र महास्थविर, कोशलका राजा प्रसेनजितसँग सम्बन्धित छन् । यस संयुत्तलाई विभिन्न खण्डमा विभाजन गरिएको छ, जुन स्वतन्त्र सूत्रहरूबाट निर्माण भएका छन्। यसप्रकार प्रसिद्ध धम्मचक्कप्पवत्तन सुत्त सच्चसंयुत्तको दोश्रो खण्डमा पहिलो प्रवचन हो, जुन संयुक्तनिकायको महावर्गमा आउँदछ । संयुत्तनिकायको तलको उद्धरणहरूमध्येबाट केहि सुत्तहरूले प्रत्येक प्रमुख प्रकारका सूत्रहरूको प्रतिनिधित्व गरेका छन् ।

### (क) सगाथा वर्ग संयुक्त पालि

संयुत्तनिकायको सगाथा वर्गमा तिनीहरूमा देखापर्ने चरित्र, देवताहरूको राजा, देवताहरू, ब्रह्मा, मार, कोशल राजा, भिक्षुहरू र भिक्षुणीहरूमा देखापर्ने चरित्रको बारेमा उल्लेख गरिएको हुन्छ । सगाथा वर्ग, प्रायःगरि प्रवचनको क्रममा विभिन्न व्यक्तित्वहरूसँगको बुद्धसँग भएको कुराकानीमा वा वातचितबाट उत्पन्न भएका छन् । यस ग्रन्थमा जम्मा ११

वटा संयुत्तहरू छन् । ती हुन्-

(१) **देवतासंयुत्त** - देवताहरूको विषयमा संग्रह गरिराखेको ८१ वटा सुत्तहरूको विषय ।

(२) **देवपुत्तसंयुत्त** - देवपुत्रहरू भगवान् बुद्धकहाँ गई उहाँसँग सोधेका प्रश्नहरूको उत्तरहरूको विषय । यसमा जम्मा ३० वटा सुत्तहरू छन् ।

(३) **कोसलसंयुत्त** - कोशल राजालाई दिनुभएको उत्रहरूको विषय । यसमा जम्मा २५ वटा सुत्तहरू छन् ।

(४) **मारसंयुत्त** - मारहरूलाई दिनुभएको २५ वटा उत्तरहरूको विषय ।

(५) **भिक्खुनीसंयुत्त** - बुद्धले भिक्षुणीहरूलाई अलग अलग गरी दिनुभएको १० वटा धर्मदेशनाहरूको विषय ।

(६) **ब्रह्मसंयुत्त** - बुद्धले ब्रह्माहरूलाई दिनुभएको १५ वटा धर्मदेशनाहरूको विषय ।

(७) **ब्राह्मणसंयुत्त** - ब्राह्मणहरूलाई विभिन्न अवस्थामा बुद्धले दिनुभएको २२ उत्तरहरूको विषय ।

(८) **वंगीससंयुत्त** - वङ्गीस थेरको विषयमा बताइराखेको १२ वटा सुत्त ।

(९) **वनसंयुत्त** - जंगलमा बस्नुभएका भिक्षुहरूलाई मात्र बुद्धले दिनुभएको १४ वटा उपदेशहरूको विषय ।

(१०) **यक्खसंयुत्त** - यक्षहरूलाई बुद्धले दिनुभएको १२ वटा उपदेशहरूको विषय ।

(११) **सक्कसंयुत्त** - शक्रदेवलाई बुद्धले दिनुभएको २५ वटा उपदेशहरूको विषय ।

## देवता संयुत्त

बुद्धले यस संयुक्त अन्तर्गत ब्रह्माको अनुरोधमा ओघसरण सुत्तमा देशना गर्नुहुन्छ की उहाँले इन्द्रिय (कायिक) इच्छाका अस्तित्वका गलत विचारहरूका तथा अज्ञानताका भेल (बाढी) लाई तर्नुहुन्छ न निस्क्रिय बस्दै न त अविरत (परिश्रमी) प्रयासहरू गरेर नै । जो निस्क्रिय रहन्छ, उसलाई चक्रिय पोखरीमा तानिएको हुन्छ, उच्छृंखल प्रयासहरू गर्नाले उसलाई बाढीको प्रवाहले (भेलले) बगाएको हुन्छ । उहाँले मध्यममार्ग अपनाउनु

हुन्छ । बुद्धले पनि यस संयुत्तको अरू सुत्तहरूमा भन्नुभएको छ सबै प्राणीहरू ६ भित्री इन्द्रियहरूका आधार र ६ बाहिरी इन्द्रियहरू वस्तुहरूले ल्याएको जालमा फसेका छन् । ती जंजालहरूबाट छुट्नका लागि शीलमा स्थापित हुनुपर्दछ, उच्च ज्ञानको स्वतन्त्रतालाई पूर्ण रूपमा हासिल गर्नको लागि ध्यानमा एकाग्रता र परिज्ञान (अन्तर्दृष्टि) ध्यानको विकास गर्नुपर्दछ।

पूर्णरूपले मार्गको विकास नभएसम्म तृष्णाले पुनर्जन्म गराउन सक्छ। यो तथ्य समण नामक देवताको कथाबाट उत्पन्न भएको हो, जुन कुरा आचार सुत्तमा दिइएको छ । बुद्धको शिक्षामा विश्वास राख्ने एक नवयुवक आफैं बुद्धशासनमा प्रव्रजित भए। त्यसपछि आफ्नै इच्छाअनुसारको विषयमाथि ध्यानको अभ्यास गर्नुभयो, उसले एउटा एक्लो जंगलको बासस्थान मर्मत गर्दछ र त्यहिँ बसेर भित्रिरूपमा ध्यान भावनाको अभ्यासमा लाग्छ।

उसले ध्यानको अभ्यास अत्यन्त परिश्रमपूर्वक गरिरहेको थियो यसप्रकार दिन, रात ध्यानको अभ्यासमा उद्योग गरिरहेको र प्रयाप्त पौष्टिक खानाको अभावमा अकस्मात् उसलाई वायुग्रस्त भई आघात पऱ्यो, फलस्वरूप तुरून्तै उसको निधन भयो । यद्यपि उसले ध्यानको अभ्यास कार्यमा ठूलो प्रयास गरिरहेको थियो, श्रोतापत्ति फलको अवस्थामा नपुग्दै उः मृत्युको मुखमा पर्नुपऱ्यो ।

किनभने उसले अहिलेसम्म तृष्णालाई निर्मूल गर्न सकेको थिएन । उसले अझै पनि यस संसारमा जन्मको चक्करमा पर्नुभयो । तर ध्यानको अभ्यासको पुण्य कार्यले तावतिंस देवलोकमा शोभायमान दिव्य राजदरबारले उसलाई पर्खिरहेको थियो ।

निद्राबाट बिउँझेझैं दिव्य आवरणले पहिऱ्याई दिव्य लोकमा स्वतः प्रादुर्भाव भयो । उसले नयाँ संसारमा आफूले जन्म लिएको कुराको अनुभव नै गर्न सकेन । उसले विचार गर्दै थियो कि 'म अहिले पनि मनुष्य लोकमा भिक्षुको रूपमा नै छु ।' देवलोकमा उसको आगमनमा पर्खीरहेको देवकन्याहरूले शरिर जत्रो ऐना देवताको अगाडी ल्याएर राख्यो । ऐनामा आफ्नो अनुहारको छायाँ देखेर उसले थाहापायो कि आफूले मनुष्य लोकको

भिक्षु जीवनको संसार छोडेर दिव्यलोकमा उत्पन्न भएको कुराको ।

त्यसपछि श्रमण देवता अत्यन्त आकुल भएको हुन्छ, ऊः पुनः स्मरण गर्छ । उसले ध्यान अभ्यास गरेको कुनै पवित्र जमिनमा जन्म लिनको लागि नभई अर्हत्फल प्राप्त गर्नका लागि हो । अतः भव्य महलमा प्रवेश नगरी बुद्धको उपस्थितिमा हत्तपत्त आफूलाई सोध्छ - 'कसरी पहिलेको तावतिंस देवलोकको त्यो मोहन बगैँचालाई त्याग्न सकिन्छ जहाँ पूरै सुन्दर परीहरू, जो देख्दा उसलाई राक्षसहरू जस्तो लाग्छ र अगाडी बढ्न सकिन्छ ?' बुद्धले उसलाई सल्लह दिनुहुन्छ - 'छिटो भाग्नको लागि, सीधा बाटो आर्यअष्टाङ्गिक मार्ग, जसमा दुईपाङ्गे विपस्सना गाडी, जसमा शारीरिक प्रयास र मानसिक प्रयासका दुईवटा पाङ्गाहरूलाई अपनाउनुपर्दछ । बुद्धले तीनवटा वर्गमा धर्मोपदेश दिइरहनुहुँदा श्रमण देवता विपस्सना ज्ञानहरूलाई खुड्किलो गर्दै छिटो बढाउन सफल हुन्छ र ऊ पहिलो फल र मार्गमा पुग्न समर्थ हुन्छ ।'

## देवपुत्त-संयुत्त

यस संयुत्तको रोहितस्स सुत्तमा, रोहितस्स देवता कुनै अर्को समस्या दिएर बुद्धकहाँ आउनुभयो । उसले बुद्धलाई भन्नुभयो - ऊ पूर्वजन्ममा एक तपस्वी थियो, ऊसँग त्यस्तो अलौकिक शक्ति थियो, जसबाट संसारमा अनन्त वेगले फड्को मार्न सकिन्थ्यो । उसले यस संसारको सयभन्दा बढी पटक अनन्त वेगले फड्को मारिसक्यो, तर संसारको अन्तमा पुग्न सफल भएको छैन । ऊ भ्रमण गरेर जान्न चाहन्थ्यो कि जहाँ न जन्म छ न मृत्यु, त्यस्तो संसारको अन्त बारे थाहा पाउन, देख्न र पुग्न सम्भव छ वा छैन भनेर । बुद्ध भन्नुहुन्छ उहाँ ठोकुवा गर्नु हुन्न की त्यो संसारको अन्त छ जहाँ न जन्म न त मृत्यु बारेमा थाहा भएको वा देखिन आएको छ वा यात्राद्वारा पुगिएको छ । अझै पनि उहाँले भनेको छैन कि निर्वाणमा नपुगीकन दुःखको अन्त गर्न सकिन्छ । यो आफ्नै एउटा अनुभव र चित्त भएको जस्तै छ फिट लम्बाइको शरीरमा छ, जसलाई संसार भनेर बुद्धले संसारको व्याख्या गर्नुहुन्छ । बुद्धद्वारा निर्दिष्ट संसारको अन्तको बाटो भनेको आर्यअष्टाङ्गिकमार्गलाई अपनाउनु हो ।

**कोसल–संयुत्त**

यस सुत्तमा रमाइला सुत्तहरू छन्, जसले कोशलका राजा प्रसेनजितको बुद्धसँग भएका पटक-पटकका भेटहरूको व्याख्या गर्दछन् । उनका रानी मल्लिकाको तर्फबाट बुद्धको कीर्तिको बारेमा राजाले सुनेको थियो । तर जब कोशल राजाले बुद्धलाई भेटे, जब प्रश्न राख्नुभयो - 'यद्यपि गौतम बुद्धले बुद्धत्व प्राप्त गर्नुभएको छ भनेर दाबी गर्दछ ।' उसले भन्यो - ' यहाँ अरू धार्मिक गुरूहरू पनि छन्, जस्तो पुरणकाश्यप, मक्खली गोसाल, निगण्ठ नाटपुत्र, संजय पक्कुध र अजितसँगसँगै तिनीहरूको आफ्नै शासन छ । आफ्नै अनुयायीहरू छन्, जो बुद्धभन्दा धेरै पाको (बूढा) भइसकेका छन् र साधारणतया अर्हत्को रूपमा मानिन्छन् । यस्ता गुरूहरूले समेत बुद्धत्व प्राप्त गरेको कुरामा दाबी गरेका छैन ।'

बुद्धले जवाफ दिनुभयो - सही अर्थमा भन्ने हो भने बुद्धत्व प्राप्त गरेको आफू मात्र छ । बुद्धले थप्नुभयो- हामीले चारवटा कुराहरूमा तल-माथि र तुच्छ ठान्नु हुँदैन ताकि तिनीहरू युवा वा भर्खरको छन् भनेर । तिनीहरू हुन् - युवा राजकुमार, सर्प, आगो र भिक्षु । युवा राजकुमार, जो बुद्धिमानी कुल (वंश) को छ, लाई तुच्छ ठान्नु हुँदैन । ऊ एकदिन शक्तिशाती शासक हुनसक्छ र शाही बदला लिनसक्छ । छटपटाइरहेको सर्प वेगले दगुर्न सक्छ, उसले आक्रमण गर्नसक्छ र असावधानी मानिसलाई टोक्न सक्छ । सानो आगोको झिल्का, जसलाई असावधानीपूर्वक ख्याल गरिँदैन, तीब्र वेगले सल्की ठूलो क्षति गर्न सक्दछ । एउटा मान्छे जसले सदाचारी भिक्षुलाई हेला, उपेक्षा गर्दछ, उसलाई नराम्रा अनिच्छित परिणामहरू आउन सक्दछ । जस्तो ऐश्वर्य (वैभव) कम हुनु र उसबाट वंश चलाउन सन्ततीको अभाव हुनु ।

दुतिया अपुत्तक सुत्तले अर्को घटनाको वर्णन गर्दछ । जब राजा प्रसेनजितले एकजना करौडौं करोडका मालिक मानिसको मृत्यु पश्चात तुरून्त ठूलो राशीको सम्पत्ति थुपारिसकेपछि बुद्धलाई निमन्त्रणा गर्नुहुन्छ । मरेको मान्छेले एकसयलाख मूल्यको सम्पत्ति छोडेर जान्छ, जुन दाबी गर्ने

कुनै हकवालाको अनुपस्थितिमा राजाको सम्पत्ति बन्न जान्छ। राजाले उक्त मृत लखपति ठूलो लोभी भएको, छुच्चो भएको, आफू स्वयंको ऐश, आराम भएको, डाह गर्ने खालको थियो भनेर प्रतिवेदन दिन्छ। उसले नराम्रो, भुत्रो लुगा लगाउँदथ्यो, खस्रो र कमसल खालको खाना खान्थ्यो र लर्खराउँने, छाना नभएको बाहनमा यात्रा गर्थ्यो।

राजाले भनेको कुरामा बुद्ध निश्चिन्त थियो कि उक्त लखपति साँचो थियो र लखपत्तिको कञ्जूसीपनाबारे भन्यो - 'पूर्वजन्ममा उसले बाटोमा भिक्षाटन गरिरहेको प्रत्येक बुद्धलाई भेटेको थियो। उसले परिवारलाई प्रत्येक बुद्धलाई भोजन दानको लागि अनुमति दियो र आफ्नो व्यवसायको क्रममा बाहिर गयो । कार्य सकिएर फर्किएको बेलामा बाटोमा प्रत्येक बुद्धलाई भेट्यो र सोध्यो- 'उसको परिवारजनले केही दान दियो कि दिएन ?' र पात्रमा हेर्नुभयो । पात्रभरी स्वादिष्ट खानाहरू देखेर, उसको मनमा खराब विचारहरू उत्पन्न भयो कि यस्तो खाना प्रत्येक बुद्धलाई दिनुभन्दा बरू आफ्ना नोकरहरूलाई दिएमा बढी फाइदाजनक हुन्छ।

उसले आफ्नो परिवारलाई प्रत्येक बुद्धप्रति दान दिनको लागि अनुमति दिएको राम्रो कामले देवलोकमा सातजन्मसम्म र मनुष्यलोकमा लखपति भएर सात जन्मसम्म जन्म लिन पायो । तर उसको नराम्रो विचारको कारण राम्रो लुगा, राम्रो खाना र आरामदायी बाहनमा बसेर कहिल्यै पनि विलासी जीवनमा रहन सकेन।

**ब्राह्मण-संयुत्त**

भारद्वाज गोत्रका थुप्रै ब्राह्मणहरू बुद्धका अनन्य चेलाहरू भए र अन्तमा अर्हत्व प्राप्त गर्न सफल भए। शुरूमा ती सबैले अमित्रवत् व्यवहार गर्दथे तर विपक्षी चाहिं थिएन। भारद्वाज गोत्र, धनञ्जानी सुत्तमा यसप्रकारले ब्राह्मणको उल्लेख गरिएको छ। यद्यपि उसकी श्रीमती धनञ्जानी बुद्धका भक्त थिए र बुद्धका अनन्य भक्त थिए, तर भारद्वाज गोत्र र उसका ब्राह्मण गुरुहरू बुद्ध र उहाँका शिक्षाप्रति उपेक्षा गर्दथे।

एकपटक भारद्वाज ब्राह्मण, उसका ब्राह्मण गुरुहरूलाई भोज

दिइराखेको थियो, उसकी श्रीमती, जो ब्राह्मणहरूको पर्खाइमा थियो, अचानक ब्राह्मणहरूसँग ठोक्किन पुग्यो र उनले आफूलाई सन्तुलनमा ल्याउन खोज्दा उत्तेजित स्वरमा ध्यान चित्तले '**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**' भनेर ३४ पटक उच्चारण गर्नुभयो । '**बुद्ध**' भन्ने शब्द सुनेर ब्राह्मण गुरुहरू कागको समूहमा ढुङ्गा फ्याँकेजस्तै हडबडमा चारैदिशामा बसेको ठाउँबाट उठेर गए ।

उनको श्रीमतीलाई जोडतोडका साथ 'सिद्धान्तको प्रतिस्पर्धामा बुद्धलाई परास्त गर्नेछु' भन्दै भारद्वाज ब्राह्मण बुद्धकहाँ गयो । बुद्धसँगको वार्तालापका अन्तमा भारद्वाज ब्राह्मणले बुद्धशासनमा प्रवेशको लागि अनुमति मागे र बुद्धशासनमा प्रवेश गरेर अन्तमा अर्हत्व प्राप्त गरे ।

अक्कोस सूत्रले भारद्वाज ब्राह्मणको कान्छो भाइ अक्कोस भारद्वाजको उल्लेख गरेको छ, जसले आफ्नो जेठो दाजु बुद्धशासनमा प्रवेश गरेकोले अति नै जङ्गिन्छ, क्रोधित हुन्छ । रीसले चुर भएर ऊ बुद्ध भएतिर बेतोडले पुग्छ र उहाँलाई अति अश्लिल, अपमानजनक, विभत्स र घृणित भाषामा निन्दा गर्छ र दोष लगाउँछ ।

अत्यन्त शान्त र महाकरूणाले बुद्धले कान्छो भारद्वाजलाई सोध्नुभयो - 'तपाईले कहिल्यै आफ्नो साथी र आफन्तहरूलाई उपहार दिएका छौं ?' ब्राह्मणले भन्नुभयो - 'यथार्थमा मैले साथी र आफन्तहरूलाई त्यस्तो उपहार दिएको छु ।' त्यसपछि बुद्धले सोध्नुभयो - 'यदि उक्त उपहार तपाईको साथी र आफन्तहरूले अस्वीकार गरेमा उक्त उपहार के गर्नुहुन्छ ।'

भारद्वाजले जवाफ दिनुभयो - "तिनीहरू मसँग मेरो आफ्नै सम्पत्ति जस्तै रहन्छ ।"

त्यसपछि बुद्धले भन्नुभयो - "तपाईले हामीमाथि अपमानजनक भाषाहरू थुपार्नुभएको छ, जसले तपाईमाथि कुनै एक शब्द पनि बोलेको छैन र गाली गरेको छैन ।"

एक समय भगवान् राजगृहको वेणुवनको कलन्दकनिवापमा विहार गरिरहनुभएको बेलामा 'भारद्वाज गोत्र ब्राह्मण श्रमण गौतमकहाँ घर त्यागी

अनागारिक भई प्रव्रजित भयो' भन्ने कुरा सुनी आक्रोशित (रिसाहा) भारद्वाज ब्राह्मण रिसायो र भगवान्कहाँ गई असभ्य भाषाले निन्दा गर्‍यो ।

यसरी निन्दा गरिसकेपछि भगवान्ले आक्रोशकलाई सोध्नुभयो - 'हे ब्राह्मण ! के तिम्रो घरमा कोही साथी, आफन्तहरू आउँछ र ?'

'भो गौतम ! कहिलेकाहीं आउने गर्छ ।'

'उनीहरूलाई केही खाने, पिउने दिने गरेको छ होला नि ?'

'गरेको छु ।'

'यदि उनीहरूले खाइदिएन र पिइदिएन भने कसले लिन्छ ?'

'भो गौतम ! उनीहरूले लिएन भने, त्यो म आफै लिन्छु ।'

'हे ब्राह्मण ! त्यस्तै गरी तिमीले हामी आक्रोश नगर्नेहरूलाई आक्रोश गर्‍यौ, रीस नभएकाहरूसँग रिसायौ, झगडा नगर्नेहरूसित झगडा गर्‍यौ, त्यो हामीले ग्रहण गरेका छैनौं । हे ब्राह्मण ! त्यो तिम्रो नै भयो ।'

उपदेशको क्रममा आक्रोशक भारद्वज ब्राह्मणले भगवान्सँग प्रव्रज्या मागी प्रव्रजित भए र अन्तमा अर्हन्त हुनुभयो ।

कसिभारद्वाज-सुत्तले भूमि (जग्गा) का धनी कसिभारद्वाज ब्राह्मणको बुद्धसँगको भेटबारेमा उल्लेख गर्दछ ।

धान रोप्ने समयमा कसिभारद्वाज ब्राह्मण पाँचसय वटा हलोको साथमा खेत जोतिरहेको थियो । त्यसपछि, भगवान् पूर्वाण्ह समयमा चीवर धारण गरी कसिभारद्वाजको खेतको काम गरिराखेको ठाउँमा गयो । त्यसबेला कसिभारद्वाज ब्राह्मण ज्यामीहरूलाई खुवाउने कार्यमा व्यस्त थियो । त्यसपछि, भगवान् जहाँ खानपिनको कार्य भैरहेको थियो, त्यहाँ एक छेउमा उभिरहनुभयो, भिक्षाको निम्ति उभिरहनुभएको भगवान्लाई देखी कसिभारद्वाज ब्राह्मणले भन्यो - 'श्रमण ! मैले जोतेको पनि छु, रोपेको पनि छु, जोत्ने, रोप्ने गरी जीविका गरेको छु । श्रमण ! तपाईले पनि यस्तैगरी जीविका गर्नु ।'

बुद्धले भन्नुभयो - 'ब्रह्मण ! मैले पनि जोत्ने, रोप्ने गरेको छु र

त्यसैगरी खाने गरेको छु ।'

हामीले त तपाईसँग जुवा, हलो फाली, हल, लट्ठि, गोरू केही पनि देखेका छैनौ । तैपनि तपाई भन्दै हुनुहुन्छ - 'ब्राह्मण ! मैले पनि जोत्ने, रोप्ने गरेको छु र त्यसैगरी खाने गरेको छु ।'

त्यसपछि बुद्धले भन्नुभयो- 'ब्राह्मण ! मेरो बिउ श्रद्धा हो, मेरो पानी (वृष्टि) तप हो, मेरो युगनङ्गल (हलो) प्रज्ञा हो, मेरो ईसा (हरिस) लज्जा हो, मेरो बन्धन चित्त हो, स्मृति मेरो हलो र लट्ठि हो । कायसंयम, वचनसंयम, आहारसंयम भई सत्यद्वारा असत्य (घाँस) उखेली, सुन्दर निर्वाणद्वारा प्रमुक्त हुन्छु । मेरो वीर्य नै धुर वहन गर्ने गोरूहरू हो, जसले योगक्षेम (निर्वाण) तर्फ लग्छ । त्यो दिशामा लग्छ, जुन दिशामा पुगेपछि फेरि फर्कनुपर्ने छैन, जुन दिशामा शोक पनि छैन । यसप्रकारको खेती कार्यमा बालि लाएपछि अमृतफल प्राप्त हुन्छ, यस्तो खेतको कार्य गर्नेहरू सबै दुःखबाट मुक्त हुन्छ ।'

त्यसपछि कसिभारद्वाज ब्राह्मणले एउटा ठूलो सुनको थालमा खीर (पायस) राखी भगवान्को सामुन्ने राखी भन्नुभयो - 'तपाईले खीर भोजन गर्नुहोस् र तपाई कृषक हुनुभयो, तपाईले अमृत फलदायी खेती गर्नुभएको छ ।'

भगवान्ले भन्नुभयो - 'धर्मोपदेश सुनाएर प्राप्त भएको भोजन मलाई स्वीकार्य छैन, ब्राह्मण ! ज्ञानीहरूको यो धर्म होइन, धर्म रहेसम्म यो लागू भइरहन्छ ।'

'भो गौतम ! त्यसो भए यो खीर कसलाई दिऊँ त ?'

'ब्राह्मण ! तथागतले वा तथागत-श्रावकहरूले बाहेक देवलोकसहित, मारलोकसहित, ब्रह्मलोकसहित, प्रजा तथा देवसहित मनुष्यहरूमध्ये यो हव्यशेष (खीर) खाई पचाउन सक्ने कोही देखेको छैन । ब्राह्मण ! त्यसैले त्यो पायस हरियो घाँस नभएको ठाउँमा वा प्राणी नभएको पानीमा बगाइ दिनुस् ।

कसिभारद्वाजले त्यस्तै गर्नुभयो । त्यसमछि उक्त पायस पानिमा पर्नेबित्तिकै चिचित, चितचित आवाज आइ धुवाँ र बाफ निस्कियो ।

जसरी दिनभरी घामले तातेको कोदाली पानीमा राख्दा चिचित चितचित आवाजमा कराउँछ, त्यसरी नै उक्त हव्यशेष (खीर, पायस) पानीमा राख्दा बाफ निस्क्यो ।

त्यसपछि, कसिभारद्वाज ब्राह्मण संदिग्ध भई, रोमाञ्चित भई भगवान्कहाँ गई प्रव्रज्यात्व मागे र प्रव्रजित भए र अरूहरूभैँ अन्तमा अर्हन्त भए ।

गहट्ठवन्दना-सुत्तमा भगवान्ले आज्ञा हुनुभयो- 'सौम्य मातलि । हजारवटा घोडाको रथ तयार गर । शुभभूमि उद्यान हेर्नजानुपऱ्यो । मातलिले शक्र देवेन्द्र वैजयन्त प्रासादबाट रथ तयार भइसकेपछि खबर गर्नुभयो । त्यसपछि शक्र देवेन्द्र वैजयन्त प्रासादबाट ओर्ल्हदै-ओर्ल्हदै बिन्ति गर्दै सबै दिशामा नमस्कार गर्नुभयो । त्यसपछि मातलि संग्राहकले देवेन्द्रलाई भन्नुभयो - 'पृथ्वीका सबै सकल क्षत्रियहरू, ब्राह्मणहरूले, ठूल्ठूला प्रतापि देवताहरूले र चतुर्महाराजिकहरूले तपाईलाई नमस्कार गर्छ भने, कस्ता यक्षलाई तपाई नमस्कार गर्दै हुनुहुन्छ ।' त्यसपछि शक्र देवेन्द्रले भन्नुभयो- 'तपाईले भन्नुभएजस्तै सबैले मलाई नमस्कार गर्छ । तर म शीलवान्, ध्यानवान्, राम्ररी प्रव्रजित भएकाहरू, श्रेष्ठ, ब्रह्मचर्य पालन गरेकाहरू, पुण्य गर्ने गृहस्थीहरू, शीलवान उपासकोपासिकाहरू, धर्मपूर्वक जहान, छोराछोरीहरूलाई भरण-पोषण गर्नेहरूलाई नमस्कार गरिरहेको छु ।'

### (ख) निदान-वर्ग संयुत्त पालि

यस दोश्रो ठूलो निदान-वर्ग संयुत्त पालिमा नौ (९) संयुत्तहरू संग्रहित छन् । सबै संयुत्तहरू सिद्धान्तका आधारभूत पक्षहरूको बारेमा सम्बन्धित छन् । मुख्यतया यो उपदेशले प्रतीत्यसमुत्पादको बारेमा व्याख्या गर्दछ । ती हुन्-

(१) **अभिसमयसंयुत्त** - बोधिज्ञान प्राप्त भएको विषय ।

(२) **धातुसंयुत्त** - धातुहरूको विषयमा व्याख्याको विषय ।

(३) **अनमतग्गसंयुत्त** - संसारवत्तको विषय ।

(४) **कस्सपसंयुत्त** - महाकस्सपको विषय ।

(५) **लाभसक्कारसंयुत्त** - लाभसत्कारको विषय ।

(६) **राहुलसंयुत्त** - बुद्धले राहुललाई विभिन्न स्थानमा दिनुभएको धर्मदेशनाहरूको विषय ।

(७) **लक्खणसंयुत्त** - लक्षणहरूको विषय ।

(८) **ओपम्मसंयुत्त** - तुलनात्मक रूपमा बताइराखेको विषय ।

(९) **भिक्खुसंयुत्त** - भिक्षुहरूको विषय ।

कुनै कुरा वा तत्व उत्पन्न हुनको लागि हेतु र प्रत्यय चाहिन्छ । हेतु र प्रत्यय भएर नै उत्पन्न हुन सकेको हो । अनि निरोध भएर जाने पनि हेतु र प्रत्ययलाई क्रमशः छोडेर गएपछि क्रमशः निरोध भएर जाने हुन्छ भनेर देखाइराखेको छ । निदान भनेको हेतु र प्रत्ययलाई नै विचार गरी निदान वग्ग भनेको हो ।

## निदान–संयुत्त

प्रतीत्यसमुत्पाद-सुत्त (Theory of Cause and Effect), यस संयुत्तको पहिलो सुत्त हो । अविद्या (Ignorance) रहेमा संस्कार (Volitional Activities) रहेमा विज्ञान रहन्छ । विज्ञान (Consciousness) रहेमा नामरूप हुन्छ । नामरूप रहेमा षडायतन रहन्छ । षडायतन (Six Sensebases) रहेमा स्पर्श रहन्छ । स्पर्श (Contact) रहेमा वेदना रहन्छ । वेदना (Sensation) रहेमा तृष्णा रहन्छ । तृष्णा *(*Craving*)* रहेमा उपादान रहन्छ । उपादान (Clinging) रहेमा भव रहन्छ । भव रहेमा जाति (Rebirth) रहन्छ । जाति रहेमा जरा, मरण (Aging and Death) शोक, परिदेव (Lamentation), दुःख (Bodily Pain), दौर्मनस्य (Distress of Mind) र उपायास (Agony) हुन्छ । यस प्रकार यो केवल (सम्पूर्ण) दुःखसमूह (स्कन्ध) को समुदय उत्पन्न भयो । यसैलाई नै प्रतीत्यसमुत्पाद भनिन्छ ।

पञ्चवेरभय-सुत्तमा बुद्धले एक श्रमण भिक्षुले पालन गर्नुपर्ने योग्यताहरूको बारेमा उल्लेख गरेको छ । यदि भिक्षु पाँच प्रकारका वैर-भयबाट उपशान्त हुन सकेमा, (१) प्राणीघात, (२) अदिन्नादाना (नदिइकन लिने बानी वा चोरी कार्य गर्ने), (३) व्यभिचारी, (४) मृषावाद, (५) बेहोश

हुने वा मात्तिने वस्तुहरूको सेवन गर्नु, यदि चारवटा श्रोतापत्ति-अंगमा सु-सम्पन्न, (१) बुद्धशासनमा आर्यश्रावक, बुद्धप्रति, (२) धर्मप्रति (३) संघप्रति, (४) आर्यकान्त शीलप्रति अटल उत्कृष्ट प्रसन्नताले सम्पन्न हुन्छ र यदि आर्यश्रावक प्रतीत्यसमुत्पादलाई राम्ररी भावनाद्वारा मनमा राख्छ, यो रहेमा यो रहन्छ र यो निरोध भएमा यो निरोध हुन्छ भनेर जानेर लिन्छ, उसले निरयगति, तिरश्चीन गति, प्रेतगति, अपायगति र विनिपातगतिबाट क्षीण भइ श्रोतापन्न, अविनिपाती र सम्बोधिपरायण हुन्छ ।

पुत्तमंसूपम-सुत्तले चार प्रकारका आहारहरूको व्याख्या गर्दछ । उत्पन्न प्राणीहरूको स्थितिको निम्ति तथा उत्पन्न हुनेहरूले अनुग्रहको निम्ति आहार ४ प्रकारका छन् । ती हुन्-(क) कवलीकारआहार (स्थूल वा सूक्ष्म आहार), (ख) स्पर्श, (ग) मन सञ्चेतना, (घ) विज्ञान ।

यस सुत्तले विशेषतः भर्खरै बुद्ध-शासनमा प्रवेश गरेका भिक्षुहरूलाई सम्बोधन गरेको छ ।

जस्तो पतिपत्नी खानेकुरा बोकी लामो यात्रा गरिरहेको थियो, साथमा एक्लो छोरा पनि थियो । बीच बाटोमा खानाको अभावले धेरै दिनसम्म अनाहार बस्नुपर्‍यो । खानाको अभावमै एक्लो छोरोको मृत्यु भयो । ती पतिपत्नीले आफ्ना जीवन चलाउनको निम्ति मरेको छोराको मासु खाने निर्णय गर्‍यो र विना स्वाद, आनन्दको अनुभूति विना बाँकी यात्रा पुरा गर्नको लागि खायो । त्यस्तै गरेर भिक्षुहरूले भोजन गर्दा स्वादमा आसक्त नभई, आनन्दित नभई जीउनको लागि मात्र गर्नुपर्दछ ।

बुद्धले तीनवटा बाँकी पौष्टिक आहारहरूका बारेमा बुझाउन सुहाउँदो अरू उखानहरू दिनुभएको छ । जब एकजनाले पौष्टिक आहारहरूको वास्तविक स्वभाव बुझ्छ, जसमा जीवन निर्भर रहन्छ, उसले सम्पूर्ण दुःखका जिम्मेवार रहर (लालसा) तृष्णालाई बुझ्छ । फलस्वरूप सर्वोच्च मुक्ति, अर्हत्वको बाटो खुल्छ ।

सुसिम परिव्राजक सुत्तले अस्पष्ट (छिपेर रहेको) उद्देश्यहरूका साथ बुद्धशासनमा प्रवेश गरेको घुमन्ते परिव्राजक सुसिमको कारणमा

बताउनुभएको हो । वर्षावासपछि धेरै भिक्षुहरू बुद्धलाई वन्दना र आदरभाव व्यक्त गर्न र आफुहरूले अर्हत् प्राप्त गरेको कुरा व्यक्त गर्न आएको थियो । जब सुसिम परिव्राजकले ती अर्हत् भिक्षुहरूबाट आफूहरूमा सुन्ने अलौकिक शक्ति, देख्ने अलौकिक शक्ति वा अरू मानिसको मनको कुरा जान्ने अलौकिक शक्ति नभएको कुरा थाहा पाएर साह्रै निराश हुनुभयो, जो केवल यस्ता शक्तिहरू प्राप्त गरेर प्रसिद्धि पाउने हिसाबले मात्र आएको थियो ।

सुसिम परिव्राजक बुद्धकहाँ गई सोध्नुभयो- 'कुनै देवी र अलौकिक शक्ति बिना कसरी अर्हत् भएको भने दावी गर्नसक्नु हुन्छ ?' भनेर सोध्नुभयो । त्यसपछि बुद्धले भन्नुभयो- 'सुसिम ! पहिला धर्मस्थितिज्ञान (विपश्यना ज्ञान) उत्पन्न हुन्छ । त्यसपछि मात्र निर्वाण ज्ञान उत्पन्न हुन्छ । केवल विपश्यना ध्यानबाट मात्र नाम र रूपको वास्तविक स्वभावहरू धर्मस्थितिज्ञान देख्न सक्छन् । जसको अभ्यासबाट मात्र सम्यक् प्रज्ञाले निर्वाणको अवस्थामा पुग्न सक्दछन् ।'

बुद्धले उसलाई विभिन्न प्रकारले प्रश्नहरू तेर्स्याई 'जुन अनित्य, दुःख र विपरिणामधर्म (स्वभाव) को हो, त्यसलाई 'यो मेरो हो', 'यो म हुँ', 'यो मेरो आत्मा हो' भन्ने सम्झनु ठीक होइन' भन्ने कुराहरू बुझाई विपश्यना ध्यानमा लगाउनुभयो । उपदेशको अवसानमा सुसिम परिव्राजकले धर्मलाई बुझिलिनुभयो र विना अलौकिक शक्ति अर्हत्व प्राप्त गर्नुभयो ।

## धातु–संयुत्त

राजगृहस्थित गृद्धकूट पर्वतमा बसिरहनुभएको बेलामा बुद्धले चङ्कम-सुत्तमा धातुको नानात्व (स्वभाव) को विषयमा आज्ञा गर्नुभएको हो । त्यस समयमा आयुष्मान् सारिपुत्र, महामौद्गल्यायन, पूर्णमन्त्राणिपुत्र, उपालि, आनन्द, देवदत्त भगवान्को अविदूरमा (टाढा नभई नजिक) भिक्षुहरूको साथमा चंक्रमण गरिराखेको थियो । त्यसबेला बुद्धले भन्नुभयो- 'भिक्षुहरू ! एक समूह भिक्षुहरूको साथ चंक्रमण गरिराखेका प्रज्ञावान् भिक्षुहरूका अग्र सारिपुत्र, त्यस्तै एक समूह भिक्षुहरूका साथ चंक्रमण गरिराखेका ऋद्धिवान् भिक्षुहरूमध्ये अग्र महामौद्गल्यायान, महर्द्धिकहरूमध्ये अग्र अनुरूद्ध,

धुताङ्गधारीहरूमध्ये अग्र महाकाश्यप, धर्मकथिकहरूमध्ये अग्र मन्त्राणिपुत्र, विनयधरहरूमध्ये अग्र उपालि, बहुश्रुतहरूमध्ये अग्र आनन्द भिक्षुहरूका साथ चंक्रमण गरिराखेका छन् । भिक्षुहरू हो ! धातु स्वभावअनुसार सत्वप्राणीहरू सँगसँगै मिलेका हुन्छन् । हीन-नीच प्रवृत्ति भएका सत्वहरू हीन प्रवृत्ति भएकाहरूसँग ........... कल्याण प्रवृत्ति भएकाहरू कल्याण प्रवृत्ति भएकाहरूसँग मिलेका हुन्छन् । यस्तो क्रम अतीत काल, अनागतकाल ............. अहिले पनि धातु (स्वभाव) अनुसार सत्व प्राणीहरू सँगसँगै हुन्छन्, मिल्छन् ।'

त्यो आकर्षणले यसरी काम गर्दछ कि नातागोता (नजिकका) आत्माहरूलाई सँगै जम्मा गर्दछ, ती खराब मिजास (चित्तवृत्ति) लाई एउटा समूह र ती लाभदायक (असल) प्रवृत्तिहरू (इच्छाहरू) लाई अर्को । यो आकर्षणको नियम पूर्वकालमा सत्य भैसकेको छ किनकी यो अहिले सत्य छ र भविष्यमा पनि सत्य नै हुनेछ ।

यस संयुत्तको विभिन्न सूत्रहरूमा, बुद्धले संसारको अस्तित्वको चक्र, निरन्तर उत्पति र विनाश हुने खन्ध, आयतन र धातुहरूको बारेमा उल्लेख गरेका छन् । यो लगातार चलिरहने धातुको उद्विकास र विघटन हुने प्रक्रिया (नाम र रूपको आधारभूत तत्व) र खन्ध (धातुहरूको मिश्रण) अनन्त छ । अभिज्भाले गर्दा नेत्रहिन, निरणहरू र बाधाहरूले गर्दा अविद्या, तण्हा, राग र बन्धन यी चक्रहरूले गर्दा एक जन्मबाट अर्को जन्म, एक संसारबाट अर्को संसारमा धेरै लामो समयको लागि उत्पन्न हुन पुग्छन् । प्राणीहरूले भोगिरहनुपर्ने दुःखहरूको अनन्तलाई एक तथ्यको रूपमा प्रकाश पार्दै उदाहरणको रूपमा अस्सु सुत्तमा चार समुद्र र वेपुल्ल पहाड दिनुभएको छ । रोग, मृत्यु, प्रियजनबाट छुट्नु, अप्रियसँग बस्नुपर्ने आदि विभिन्न दुःखहरूको कारणले गर्दा सबै मानिसहरूको आँसुले चार समुद्रका किनाराहरू भरिन सक्छन् । प्रत्येक जन्मको अस्तित्वमा मरण हुँदाको हाडहरूलाई एक निश्चित ठाउँमा जम्मा पार्ने हो र हराउने, सड्नेबाट बचाएर राख्ने हो भने वेपुल्ल पहाडभन्दा अग्लो हुन्छ, जुन गृद्धकूट पर्वतको उत्तरतिर पर्दछ ।

यस अन्त नहुने दुःखको चक्रबाट टाढा हुने एक मात्र उपाय भनेको

विपश्यना ध्यानको अभ्यासबाट खन्धहरूको वास्तविक स्वभाव थाहा हुनु हो, जबसम्म तिनीहरूबाट मोह हट्दैन । यसरी राग र मोहलाई त्यागेर उसले निर्वाणको अनुभूति गर्न सक्छ ।

बुद्धले अरू विभिन्न सुत्तहरूमा भन्नुभएको छ - हामीले संसारको लामो चक्रमा त्यस्ता कोही छैन, जो कसैको आमा-बाबु, दिदी-बहिनी, छोरा-छोरी नभएको होस् ती सबैप्रति मैत्री भावनाको विकास गर्नुपर्दछ ।

**कस्सप-संयुत्त**

यस संयुत्तको चन्दूपम-सुत्तमा बुद्धले भिक्षुहरूलाई चन्द्रमाको उपमा दिँदै 'जस्तो पुरानो इनार देखी वा प्रपात देखी वा दुर्गम नदी देखी मानिसले काय संयम गरी, चित्त संयम गर्छ, त्यस्तै काय संयम गरी चित्त संयम गरी नित्य नयाँ भएकोले कुलगृहमा गर्व नगरी चन्द्रमा समान भई कुलगृहमा जानुपर्छ' भनेर भन्नुभएको छ ।

त्यस्तै अर्को उपमा दिँदै बुद्धले 'जस्तो यो आकाशमा कहिं पनि हात ठक्कर खाँदैन, न समाइराखेको छ, न कहिं अड्कीरहेको नै छ, त्यस्तै गरी भिक्षु कुलगृहमा जाँदा जसको चित्त कुलगृहमा अड्कीदैन, चित्तले कुनै वस्तु समाउँदैन, चित्त फस्दैन, लाभ गर्नेले लाभ हुनुपर्छ, पुण्य गर्नेले पुण्य हुनुपर्छ' भनेर जान्छ । जस्तो आफ्नो लाभद्वारा प्रसन्न हुन्छ, खुसी हुने जस्तै अर्काको लाभमा पनि प्रसन्न हुन्छ, खुसी हुन्छ । यस्तो भिक्षु कुलगृहमा जान योग्य हुन्छ ।'

त्यस्तै जुन भिक्षुले 'भगवान्को धर्म सु-आख्यात छ, सान्दृष्टिक छ, समय बिताउनु नपर्नेगरी फल दिन्छ, आऊ, हेर्न आऊ भनी देखाउन योग्य छ, निर्वाणमा पुऱ्याईदिने, विज्ञजनले स्वयं आफूले थाहा पाउन योग्य छ । अहो ! मेरो धर्मदेशना सुनोस्, सुनेर धर्मलाई बुझ्न सकोस्, बुझेर त्यस्तो फल प्राप्तिको निम्ति आचरण गर्नुपर्छ ।' यसप्रकारको सुधर्मताको कारणले नै अरूलाई धर्मदेशना गर्छ, करूणाको कारणले र अनुदयाको कारणले, अनुकम्पा राखी अरूलाई धर्मदेशना गर्छ । यस्ता भिक्षुको धर्मदेशना परिशुद्ध हुन्छ ।

सद्धम्मप्पतिरूपक-सुत्तमा बुद्धले महाकाश्यपको प्रश्नको उत्तर दिँदै भन्नुभएको छ- 'काश्यप ! प्राणीहरू क्षीण हुने बेलामा र सद्धर्म अन्तर्धान हुने बेलामा यस्तै हुन्छ । धेरै शिक्षापदहरू हुन्छन्, कम भिक्षुहरू अरहत्वमा प्रतिष्ठित हुन्छन् । जबसम्म सद्धर्म जस्तो (नकली धर्म, सद्धम्मपतिरूप) लोकमा देखिंदैन तबसम्म सद्धर्म लोप हुँदैन । जब सद्धर्म जस्तो (नकली धर्म) लोकमा देखिन्छ, तब सद्धर्म लोप हुन्छ । जस्तो सुन-चाँदी तबसम्म लोप हुँदैन, जबसम्म सुन-चाँदी जस्तो अर्को वस्तुहरू लोकमा देखिदैन । जब सुन चाँदी जस्तो अर्को वस्तुहरू लोकमा देखापर्छ, तब सुन-चाँदी लोप हुन्छ । त्यस्तैगरी तबसम्म सद्धर्म लोप हुने छैन, जबसम्म सद्धर्म जस्तो अर्को (नकली) धर्म लोकमा देखापर्ने छैन । जब सद्धर्म जस्तो धर्म लोकमा देखापर्दछ, तब सद्धर्म लोप हुन्छ ।'

'काश्यप ! यो पृथ्वीधातुले पनि सद्धर्म लोप गर्दैन, आपो धातुले पनि, तेजोधातुले पनि............ वायु धातुले पनि सद्धर्म लोप गर्ने छैन । बरू यहाँ नै त्यस्ता मोघपुरूष देखापर्छ, जसले सद्धर्म लोप गर्छ ।'

निदानवग्गको अन्तिम केही सुत्तहरूमा अष्ट भिक्षु र भिक्षुणीहरूको अदृष्ट, डरलाग्दो उपदेशहरू र सर्वसाधारण मानिसले पूर्व जन्ममा गरिएका नराम्रा कार्यहरूको वर्णन गरिएको छ । महामौद्गल्यायनले प्रेतलोकमा तीब्र रूपमा दुःखले रूमल्लिरहेकाहरूलाई देख्नुभयो र विभिन्न प्रकारले तिनीहरूको अवस्थाको बारेमा व्याख्या गरेका छन् । बुद्धले निश्चितताका साथ मौद्गल्यायनले वर्णन गरेका कुराहरूको व्याख्या गरेका छन् ।

### (ग) खन्धवग्ग-संयुत्त पालि

यस विभाजनको धेरैजसो सुत्तहरूको मुख्य विषयवस्तु भनेको खन्ध, पाँच स्कन्धहरू (पञ्चस्कन्ध), जसलाई प्राणी भनेर ............ । यस स्कन्ध समूहको प्रत्येक अंगहरू जस्तो - नाम, रूप, विज्ञान, संस्कार, वेदना र चेतना, जसले दुःखहरूको भुप्पालाई देखाउँदछ । १३ वटा संयुत्तहरूले बनेको, अत्ता, अनत्ता, नित्यता, उन्मूलन जस्ता विषयहरूको सैद्धान्तिक दृष्टिकोणहरू खन्ध वग्गहरू समाहित छन् । ती हुन्-

(१) **खन्धसंयुत्त** - खण्डको विषयमा ।

(२) **राधसंयुत्त** - राध भन्ने ब्राह्मणको विषयमा ।

(३) **दिट्ठिसंयुत्त** - पाँचवटा खण्डको कारणले उत्पन्न भएको विचार विषयमा ।

(४) **ओक्कन्तसंयुत्त** - पुथुजन वा तलको भूमिबाट मुक्त भएको विषयमा ।

(५) **उपपादसंयुत्त** - आँखा, नाक, कान उत्पन्न हुनु दुःख उत्पन्न हुने भ्रैं हो भन्ने विषयमा ।

(६) **किलेससंयुत्त** - मनमा आउने नराम्रो विचारले मनलाई दूषित पार्ने विषयमा ।

(७) **सारिपुत्तसंयुत्त** - सारिपुत्रको विषयमा ।

(८) **नागसंयुत्त** - नाग अथवा सर्पको विषयमा ।

(९) **सुपण्णसंयुत्त** - गरूद्ध (एक प्रकारका पंक्षी)को विषयमा ।

(१०) **गन्धबकायसंयुत्त** - गन्धर्व भन्ने देवताहरूको विषयमा ।

(११) **वलाहकसंयुत्त** - बादलको विषयमा ।

(१२) **वच्छगोत्तसंयुत्त** - वच्छगोत्त परिब्बाजकको विषयमा ।

(१३) **समाधिसंयुत्त** - मनलाई बलियो पार्ने समाधिको विषयमा ।

नकुलपित-सुत्तमा नकुलपिता गृहपतिले बुद्धलाई सोध्नुभयो- 'भन्ते ! म जराजीर्ण (frail) बूढा हुँ, जन्मले जेठो हुँ, उमेर छिपिसकेको, तीनवटै वैश बितिसकेको हुँ, आतुर हुँ, सधैं विरामी हुँ । अब मैले भगवान्को र मनोभावनीय (who inspire meritorious thoughts) भिक्षुहरूको सधैं दर्शन गर्न जान सक्दिन । म तपाईसँग प्रार्थना गर्दछु, मलाई अववाद (to exhort) गर्नुहोस् । भन्ते ! मलाई अनुशासन (instruct me) गर्नुहोस, जुन मेरो निम्ति दीर्घकालसम्मको लागि हित र सुखको निम्ति हुन्छ ।'

जवाफमा बुद्धले भन्नुभयो- 'गृहपति । यस्तै नै हो । यो शरीर भनेको सधैं नै दुःखपूर्ण, रोगग्रस्त र बेचैन हुने हो । यो शरीर भनेको फुल जस्तो फुट्न सक्ने (fragile like an egg) पातलो छालाले ढाकेको (छोपेको) हो, रोगै रोगले भरिएको, केही क्षण भए नि आरोग्य सम्झीराख्नु - यो मूर्खता

हो, (he is nothing but a fool) । अतः तिमीले जान, बुझ - 'आतुर (रोगग्रस्त) काय (शरीर) भएको म चित्तलाई अनातुर (निरोग) गरिराख्छु ।'

यसको बारेमा सारिपुत्र स्थविरले व्याख्या गर्दै भन्नुभएको छ- यहाँ (बुद्धशासनमा) आर्यहरूको दर्शन नगर्ने, आर्यधर्ममा दक्षता नभएको, आर्यधर्ममा विनीत नभएका, सत्पुरूषहरूका दर्शन नगरेका सत्पुरूष धर्ममा दक्षता नभएका, सत्पुरूष धर्ममा विनीत नभएका अश्रुत्वान पृथक्जनले 'रूप' आत्मा हो भनी हेर्छ (देख्छ), रूपत्वलाई 'आत्मा हो' भनी हेर्छ (देख्छ), आत्मामा 'रूप छ' भनी हेर्छ (देख्छ) अथवा रूपमा 'आत्मा छ' भनी हेर्छ (देख्छ) । म रूप हुँ भनी (चातुर्महाभौतिक शुद्ध रूपमा) पयुत्थान भई अर्थात् त्यसैमा तल्लीन भई डुबीरहन्छ । 'म रूप हुँ', 'मेरो रूप हो' भनी (तृष्णा र दृष्टिले) त्यसमै तल्लीन भई रहेकाको रूप विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा बस्दैन । त्यो 'रूप' विपरिणाम अन्यथाभाव प्राप्त हुने बित्तिकै उसलाई शोक, सन्ताप, दुःख, दौर्मनस्य तथा मानसिक बेचैनी (उपायान) हुन्छ ।

त्यस्तैगरी वेदना, संज्ञा, संस्कार विपरिणाम अन्यथाभाव प्राप्त हुने वित्तिकै शोक, सन्ताप, दुःख, दौर्मनस्य तथा मानसिक बेचैनी (उपायास) हुन्छ ।

'गृहपति ! यहाँ आर्यहरूको दर्शन भएको, आर्यधर्ममा दक्षता भएको, आर्यधर्ममा विनीत, सत्पुरूषहरूको दर्शन भएको, सत्पुरूषधर्ममा दक्षता भएको, सत्पुरूषधर्ममा विनीत भएको श्रुतवान् आर्यश्रावकले 'रूप' आत्मा हो भनी हेर्दैन (देख्दैन) न आत्मामा 'रूप छ' भनी हेर्छ (देख्छ) । 'म रूप हुँ', 'मेरो रूप हो' भनेर पनि त्यसमा तल्लीन (डुबी) हुँदैन, त्यस्ताको विपरिणाम हुन्छ, अन्यथा हुन्छ, आफ्नो स्वभाव रही रहँदैन । उक्त 'रूप' विपरिणाम अन्यथाभाव प्राप्त भए पनि उसलाई शोक, सन्ताप, दुःख, दौर्मनस्य र मानसिक बेचैनी हुँदैन । त्यस्तै म संज्ञा, संस्कार, वेदना, विज्ञान हुँ, मेरो हो भन्ने कुरामा डुबीरहँदैन, त्यस्ताको मानसिक बेचैनी हुँदैन ।'

'भार-सुत्त'मा बुद्धले भन्नुभएको छ - यहाँ भार (burden) भनेको

(पञ्चउपादानस्कन्ध) रूप-उपादानस्कन्ध, वेदना-उपादानस्कन्ध, संज्ञा-उपादानस्कन्ध, संस्कार-उपादानस्कन्ध र विज्ञान-उपादानस्कन्ध हो। भारहार (बोक्ने) पुद्‌गल (मानिस) हो, जुन यस आयुष्मान् यश नाउँको यश गोत्रको हो, यसलाई नै 'भार बोक्ने' भनिन्छ। 'भारदान' भनेको जुन तृष्णा हो, जसले पुनर्जन्म गर्ने, आशक्ति र राग भएको, त्यहाँ रमाउने, जस्तो काम-तृष्णा, भव-तृष्णा र विभव-तृष्णा। 'भार अड्याउने' को अर्थ हो- त्यस्तो तृष्णालाई विराग-निरोध-त्याग-मुक्ति गराउने (अर्थात् निर्वाण प्राप्त गर्नु) हो।

'यमक-सुत्त' ले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानको अनित्य स्वभावको व्याख्या गर्दछ। यिनीहरूलाई आफ्नै शत्रुको रूपमा हेर्नुपर्छ। अनित्य, दुःख र अनात्म स्वभावलाई बुझेर २० प्रकारका नराम्रा विचारहरूलाई त्यागेर पञ्चोपादनस्कन्धलाई (दृष्टिद्वारा) ग्रहण नगरेमा, उपादान नटाँसेमा उसको दीर्घकालसम्म हित र सुख हुन्छ।

'वक्कलि-सुत्त'मा भगवान् राजगृहको वेलुवन कलन्दकनिवापमा बसिरहनुभएको बेलामा आयुष्मान् वक्कलि, जो एक कुम्हाले घरमा रोगी, दुःखी, अति बिरामी भई बसीरहेको थियो। त्यहाँ स्वयं जानुभई 'यो फोहोर अशुचिले भरिएको शरीरको दर्शन गरेर केही नपाउने, जसले धर्मलाई देख्छ, बुझ्छ, उसले तथागतलाई देख्छ। रूप, वेदना, संज्ञा, संस्कार र वेदना अनित्य हो, दुःख हो तथा विपरिणाम स्वभावको हो, त्यसलाई 'यो मेरो हो', 'यो म हुँ', 'यो मेरो आत्मा हो' भनी हेर्नु (देख्नु) ठीक होइन, त्यसपछि छन्द-राग-प्रेम राख्नुहुँदैन भन्ने उपदेश दिनुभएको छ।

'खेमक-सुत्त'मा आयुष्मान् खेमक र स्थविरहरूको समूहको बीचमा भएको वार्तालापको कुरा देखाइएको छ। खेमकसँग भिक्षुहरूले पञ्चउपादानस्कन्धमध्ये कुनै एकमा पनि 'आत्मा' वा 'आत्मीय' भनी देखेन भने अवश्य तपाई श्रीणाश्रव अर्हत् हुनुपर्छ भनेर सोध्दा उहाँले आफू अर्हत् नभएको, पाँच उपादानस्कन्धमा 'अस्मि' (म छ हो) बुद्धि (धारणा) छ, यद्यपि मैले 'म' भनेको के हो भन्ने थाहा छैन। जस्तो उत्पल अथवा पद्म अथवा पुण्डरिक कमलको सुगन्ध, कसैले 'यो पातको सुगन्ध हो' अथवा 'यो रंगको गन्ध हो' अथवा परागको सुगन्ध हो भनी भन्नु भन्दा 'यो फूलको सुगन्ध हो'

भन्दा ठीक हुन्छ। त्यस्तैगरी मैले रूपलाई 'म हुँ' भनेको छैन। वेदनालाई, संज्ञालाई, संस्कारलाई, विज्ञानलाई 'म हुँ' भनेर भनेको छैन।

जस्तो (उदाहरणको लागि) एक अति फोहोर कपडालाई मालिकलाई धुनको लागि धोबीलाई दिन्छ। धोबीले साबुन वा खरानी वा गोबरले पानीमा धोएर मालिकलाई बुझाउँछ। परन्तु उक्त कपडामा साबुन वा खरानी वा गोबरको गन्ध रही रहन्छ। त्यसलाई मालिकले सुगन्धित पानीले धुन्छ, अनि कपडामा भएको गन्ध हटेर जाने जस्तै आर्यश्रावकले पाँचवटा बन्धन काटिसकेपछि पनि उसँग पाँच उपादानस्कन्ध रहीरहन्छ। 'म हुँ' भन्ने मान, छन्द (इच्छा) र अनुशय हटाउनुपर्ने बाँकी नै हुन्छ। त्यसपछि उसले पाँच उपादानस्कन्धमा उदय र व्यय देख्दै विहार गरिरहन्छ - यो रूप हो, यो रूपको अस्त हो, यो वेदना ..........।

यसप्रकार पाँच उपादानस्कन्धमा उदय र व्यय देख्दादेख्दै विहार गर्दा उसमा भएको पाँच उपादानस्कन्ध भएको 'म हुँ' भन्ने मान, छन्द (इच्छा) र अनुशय हटेर जान्छ।

'पुष्प-सुत्त' मा भगवान्‌ले भन्नुभएको छ- भिक्षुहरू ! मैले लोक (संसार)सँग विवाद गरेको छैन, बरू लोक नै मसँग विवाद गर्छ। धर्मवादीले कसैसँग विवाद गर्दैन। भिक्षुहरू ! संसारमा पण्डितहरूले 'छैन' र 'छ' भन्छन् त्यसलाई मैले पनि 'छैन' र 'छ' भन्छु। संसारमा पण्डितहरूले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान अनित्य हो, परिवर्तनशील हो भन्छन्, मैले पनि त्यसै 'छ' भनेको हुँ। रूप संसारमा भएको यथार्थ धर्म हो, जसलाई तथागतले सम्यक् तरिकाले जानी, बुझी, देखी त्यसलाई विस्तारपूर्वक बताउनुभयो, उपदेश गरी बुझाउनुभयो। तथागतले यसरी राम्रोसँग विस्तारपूर्वक बताउनु भएता पनि, सिद्ध गर्नु भएता पनि, उघारेर देखाएता पनि कैयौं मानिसले जानी लिएन, देखी लिएन भने ती मूर्ख, पृथक्‌जन, अन्धा, आँखा नदेख्ने, नबुझ्ने अज्ञ मानिसहरूलाई म के गर्नसक्छु।

'फेणुपिण्डुपम-सुत्त'मा भगवान्‌ले भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभएको छ - 'भिक्षुहरू ! जस्तो (उपमाको निम्ति) यस गंगा नदीमा पानीको फोका पिजाको ढिक्का (a very large mass of foam) बगाएर

लगिराखेको हुन्छ । आँखा भएको मानिसले त्यसलाई देखी राम्ररी हेर्छ, ध्यानपूर्वक जाँच गर्छ । त्यसलाई देखी, राम्ररी हेरी, ध्यानपूर्वक जाँचिसकेपछि त्यस (पिजाको ढिक्का) को कुनै काम नभएको, सार नभएको देख्छ । त्यस्तैगरी रूप अतीत, अनागत (भविष्य) हो, त्यो पनि सार नभएको, काम नभएको हुन्छ । यस्तै प्रकारले वेदना, संज्ञा, संस्कार, विज्ञानमा पनि कुनै सार हुँदैन । रूपस्कन्धलाई पिजाको ढिक्काभ्कैं, वेदनास्कन्धलाई पानीको फोकाभ्कैं, विज्ञानस्कन्धलाई मृगतृष्णाभ्कैं, संस्कारस्कन्धलाई केराको बोटभ्कैं, विज्ञानस्कन्धलाई जादूगरभ्कैं भाविता गर्नुपर्छ । जति गम्भीरतापूर्वक हेरेर जान्छ, देख्दै जान्छ, ध्यानपूर्वक जाँच गरी जान्छ, उसलाई पाँचस्कन्ध भनेको काम नलाग्ने, रित्त र तुच्छ लाग्छ । हेर, यस रूप शरीरलाई, तीनवटा धर्मले छाडेकाले आयु, उष्ण (तातो प्रकाश) र विज्ञान, यी तीनवटा छाड्नासाथ शरीर, यो बेकार चेतनशील भई पल्टिन्छ, अरूको निम्ति आहार (किटाणु, जीवाणु र पशुपंक्षीको निम्ति खाना) भएकोले । यस्तो प्राकृतिक स्वभाव भएको शरीर हो । यसरी भिक्षुले यस स्कन्धलाई सधैं दिन र रात उत्साहित भई, सम्प्रजन्य र स्मृतिवान् भई बस्नुपर्दछ ।'

### (घ) सलायतन वर्ग संयुत्त पालि

त्रिपिटकको यस ग्रन्थमा छ आयतनको विषयको व्याख्या गरिएको छ । छ आयतन भनेको आँखा, नाक, कान, शरीर, जिब्रो र मन हो । यसमा संयुत्तको हिसाबले नछुट्याई, पण्णासकको हिसाबले लिइराखेको छ । जम्मा चार पण्णासक छन् । ती ४ पण्णासकभित्र २०० वटा सुत्तहरू छन् । त्यसमा आँखा, नाक, कान, जिब्रो आदि विषयका व्याख्या गरिराखेको छ । त्यसपछि मात्र संयुत्तको रूप आउँछ । संयुत्तको रूपबाट आइराखेको १० वटा संयुत्त छन् । ती हुन्-

(१) **सलायतनसंयुत्त** - आयतनको विषयमा ।

(२) **वेदनासंयुत्त** - वेदनाको विषयमा व्याख्या गरिराखेको ।

(३) **मातुगामसंयुत्त** - स्त्रीजातिको विषय ।

(४) **जम्बुखादकसंयुत्त** - सारिपुत्रसँग वादविवाद गर्ने जम्बुखादक परिब्राजकको विषय ।

(५) **सामण्डकसंयुत्त** - सामदण्डको विषय ।

(६) **मोग्गल्लानसंयुत्त** - मौद्गल्यायनको विषय ।

(७) **चित्तगहपतिपुच्छासंयुत्त** - चित्तगृहपतिको प्रश्नको विषय ।

(८) **गामणिसंयुत्त** - गाउँका द्वारेहरूलाई भगवान् बुद्धले उपदेश दिनुभएको विषय ।

(९) **असंखतसंयुत्त** - प्रत्ययद्वारा उत्पन्न नगर्ने विषय ।

(१०) **अब्याकतसंयुत्त** - वादविवादको लागि मात्र काम नलाग्ने भएर भगवान् बुद्धले व्याकरण गर्नु भएन ।

यसमा खासगरी छ आयतनहरू क्रमशः आँखा, नाक, कान, जिब्रो, शरीर र मन अनित्य हो, दुःख हो, अनात्म हो, जुन न म हुँ, न मेरो आत्मा हो । यसलाई जस्तो छ, त्यस्तै यथार्थ रूपले प्रज्ञापूर्वक जानी लिनुपर्छ । यसरी देख्ने श्रुतवान् आर्यश्रावकसँग छ आयतनबाट निर्वेद हुन्छ, निर्वेद भएपछि विमुक्त हुन्छ, विमुक्त भएपछि ज्ञान हुन्छ, जाति (जन्म) क्षीण हुन्छ, ब्रह्मचर्यवास पूरा गर्नुपर्ने हुँदैन भनेर जानी लिन्छ । जसले छ आयतनको अभिनन्दन उत्पत्ति, स्थिति तथा पुनः हुने (पुनर्जन्म), प्रादुर्भाव (प्रकट) हुने भनेको हो । यसको मूल कारकतत्व तृष्णा हो । विपश्यना भावनाको अभ्यासबाट मात्र यी सबै प्रकारका दुःखहरूको छेदन र निर्मूल गर्न सकिन्छ । निर्वाणको अवस्थामा पुगेपछि मात्र यी सबैबाट छुट्कारा पाउन सकिन्छ भनेर सुत्तहरूमा व्याख्या गर्नुभएको छ ।

बुद्धले पहिलो दुईवटा सुत्तहरूमा व्याख्या गर्नुभएको छ । छ भित्री आयतन र छ बाहिरी आयतनहरूमा अनित्यताको स्वभाव रहेको हुन्छ, ती साँच्चिकै दुःख हुन्छ । भिक्षुहरू ! ती बाह्र आयतनहरूको वास्तविक स्वभावलाई जानी 'यो मेरो हो', 'यो म हुँ', 'यो म आफैं हुँ' भन्ने भावना राख्नुहुँदैन । वास्तविक स्वभावहरू उत्पन्न नभएसम्म स्थीरतापूर्वक, डटेर ध्यान चित्तले विपश्यना भावनाको अभ्यास गर्दै रहनुपर्दछ ।

'आदित्त-सुत्त' मा भगवान् बुद्धले भन्नुभएको छ - चक्षु, घ्राण, जिह्वा, काय, मन, धर्म, मनोविज्ञान मनोस्पर्श बलिराखेको छ । जुन मनोस्पर्शको प्रत्ययले सुख, दुःख, अदुःख, असुख वेदना हो, त्यो पनि बलिराखेको छ ।

रागाग्निले, द्वेषाग्निले, मोहाग्नि, जाति, जरा, शोक, परिदेव, दौर्मनस्य र उपायासले बलिराखेको छ । यसलाई देखी आर्यश्रावक यी सबैमा नरमाइलो मान्छ । नरमाइलो मानेपछि राग हटेर जान्छ, राग हटेर गएपछि विमुक्त भएर जान्छ, विमुक्त भएर गएपछि विमुक्त भयो भन्ने ज्ञान हुन्छ । जाति (जन्म) क्षीण हुन्छ ................ ज्ञान हुन्छ ।

'पठममिगजाल-सुत्त'मा भगवान् बुद्धले आयुष्मान् मृगजालको प्रश्नको उत्तर दिदैँ भन्नुभएको छ - जुन चक्षुविज्ञेय रूप छ, जुन इष्ट (अभीष्ट), कान्त (सुन्दर), मनाप (मन लोभ्याउने), प्रियरूप (मनपरेको), कामूपसंहिता (इच्छा उत्पन्न गरिदिने) तथा रजनीय (राग बढाइदिने) हो । त्यस्तै जुन चक्षुविज्ञेय रूप, श्रोतविज्ञेय शब्द, घ्राणविज्ञेय गन्ध, जिह्वाविज्ञेय रस, कायविज्ञेय स्पर्श, मनविज्ञेय धर्म (धम्म) ............ । कुनै भिक्षु वा कसैले त्यसलाई अभिनन्दन, प्रशंसा गऱ्यो, त्यसमा टाँसिराख्यो भने, त्यसको कारणले तृष्णा उत्पन्न हुन्छ । तृष्णा भएपछि सराग हुन्छ, सरागले संयोग हुन्छ । तृष्णाको जालमा फसेको भिक्षुलाई 'सद्वितीय विहारी' भनिन्छ भने यदि कुनै भिक्षु वा कसैले त्यसलाई अभिनन्दन, प्रशंसा गरेन, त्यसमा टाँसिराखेन भने त्यसको कारणले तृष्णा उत्पन्न हुँदैन । तृष्णा र संयोजनबाट अलग भएको भिक्षुलाई 'एक-विहारी' भनिन्छ ।

'पुण्ण-सुत्त' मा आयुष्मान् पूर्णको अनुरोधलाई स्वीकार गर्दै भगवान्ले संक्षिप्त धर्म उपदेश गर्नुभयो । चक्षुविज्ञेय रूप, श्रोतविज्ञेय शब्द, घ्राणविज्ञेय गन्ध, जिह्वाविज्ञेय रस, कायविज्ञेय स्पर्श, मनविज्ञेय धर्म (धम्म) इष्ट (अभीष्ट), कान्त (सुन्दर), मनाप (मन लोभ्याउने), प्रियरूप (मनपरेको), कामूपसंहिता (इच्छा उत्पन्न गरिदिने) तथा रजनीय (राग बढाइदिने) हो । कुनै भिक्षु वा कसैले त्यसलाई अभिनन्दन, प्रशंसा गऱ्यो, त्यसमा टाँसिराख्यो भने, त्यसको कारणले नन्दी (तृष्णा) उत्पन्न हुन्छ । नन्दी समुदय (उत्पत्ति) हुने बित्तिकै दुःखको पनि समुदय हुन्छ । यसको विपरीत चक्षुविज्ञेयरूप ........ आदिको प्रशंसा, अभिनन्दन गरेन भने नन्दी हराएर जान्छ (निरोध हुन्छ) । नन्दी निरोध भएपछि दुःखको पनि निरोध हुन्छ ।

त्यसपछि भगवान्ले आयुष्मान्लाई- "पूर्ण ! यो अववाद (उपदेश)

सुनेर कुन जनपदमा बस्न जान्छौ ?" भनी सोध्नुभयो ।

"भन्ते ! सूनापरान्त भन्ने जनपदमा बस्न जान्छु ।"

"पूर्ण ! सूनापरान्तका मानिसहरू साह्रै चण्डाल छन् । कडा वचन बोल्ने खालका छन् । तिनीहरूले तिमीलाई गाली गऱ्यो, जथाभावी गऱ्यो भने तिमीलाई के हुन्छ ?"

"भन्ते ! यदि त्यहाँका मानिसहरूले गाली गऱ्यो, जथाभावी भन्यो भने मलाई यस्तो हुन्छ - 'सूनापरान्तका मानिसहरू राम्रा छन्, उनीहरूले मलाई पिट्न त आएको छैन ।"

"पूर्ण ! यदि त्यहाँका मानिसहरूले तिमीलाई हातले पिट्न आए भने, तिमीलाई के हुन्छ ?"

"भन्ते ! त्यहाँका मानिसहरूले पिट्न आयो भने मलाई यस्तो हुन्छ - 'त्यहाँका मानिसहरू साह्रै राम्रा छन्, उनीहरूले मलाई माटोको डल्ला, ईट्टा र ढुङ्गाले त हान्न आएको छैन ।'

"पूर्ण ! यदि त्यहाँका मानिसहरूले माटोको डल्ला, ढुङ्गा, ईट्टा, हतियार आदिले हान्न आयो, मार्न आयो भने के हुन्छ ?"

"भन्ते ! मलाई यदि तिनीहरूले त्यस्तो गर्न आए भने मलाई यस्तो हुन्छ - उहाँ भगवान्का कैयौँ श्रावकहरू जीउनबाट दिक्क भई, हिच्किच्याएर घृणा भई (आत्महत्याको लागि) शस्त्रहारक खोज्न जान्छ । मलाई यस्ता शस्त्रहारक खोज्नुनपर्ने गरी भेटेँ ।" त्यसपछि भगवान्ले साधुकार दिई सम, दमले युक्त भई सूनापरान्त जनपदमा जान योग्य समय लिई वास गर्न जानू भन्नुभयो र आयुष्मान् पूर्ण उक्त ठाउँमा जानुभई त्यही वर्षावासभित्र तीन विद्या साक्षात्कार गरी परिनिर्वाण हुनुभयो ।

'भारद्वाज-सुत्त' मा आयुष्मान् पिण्डोल भारद्वाज र कौशाम्बीका राजा उदयनको बीचमा भएको चाखलाग्दो कुराकानीको उल्लेख गरिराखेको छ । राजाले भारद्वाजसँग प्रश्न गर्नुभयो - "भारद्वाज ! कुन हेतु र प्रत्ययले नयाँ भर्खरका युवकहरू कोमल, कालो कपाल भएका, भर्खरका (भद्रयौवन)

समयमा संसारको सुख उपभोग गर्न नपाइकन जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्नेजस्तो लामो यात्रामा लागिपरेको ?"

"महाराज ! वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धले थाहा पाएर नै, देखेर नै यस्तो आज्ञा हुनुभएको हो- ''भिक्षुहरू ! तिमीहरूले यो शरीरको पाइतालादेखि माथिसम्म अनि कपाल भएको टाउकोदेखि पाइताला मुनिको छालासम्म नानाप्रकारको फोहर असुचि वस्तुले भरिएको मनन गर, जस्तो कि यो कायमा (शरीरमा) कपाल (केसा) छ, जिउको रौं (लोमा) छ, नंग (नखा) छ, दाँत (दन्त) छ, छाला (तचो) छ, मासु (मंसं) छ, कलेजो (न्हारू) छ, हाड (अट्ठि) छ, मासी (नलीहाड भित्रको अट्ठिमिञ्जं) छ, मृगौला छ, हृदय (हदयं) छ, कलेजो (यकनं) छ, फियो (किलोमकं) छ, पातलो जाली (पिहकं) छ, फोक्सो (पप्फासं) छ, ठूलो आन्द्रा (अन्तं) छ, सानो आन्द्रा (अन्तगुणं) छ, पेट (उदरियं) छ, मल (करीसं) छ, गिदी, पित्त (पित्तं) छ, खकार, पीप, रगत (लोहितं) छ, पसिना (सेदो) छ, आँसु (अस्सु) छ, थुक (खेलो) छ, सिंगान (सिङ्घानिका) छ, पसिना (सेदो) छ, पिसाब (मुत्तं) छ भनेर मनन गर । यही हेतु र प्रत्यय हो नयाँ भर्खरका युवकहरू संसारको सुख उपयोग गर्न नपाइकन जीवनभर परिपूर्ण तथा परिशुद्धरूपले ब्रह्मचर्य पालन गर्नेजस्तो लामो यात्रामा लागिपरेको ।"

"भिक्षुहरू ! तिमीहरूले इन्द्रिय संयम गरी बस, चक्षु इन्द्रिय असंयमी हुनेबेलामा जुन अविद्या (राग, लोभ), दौर्मनस्य, पापक, अकुशल चित्त उत्पन्न हुनसक्ने हो, त्यसलाई हटाउन चक्षु इन्द्रिय संयम गरी बस ।"

'पठमदारूक्खन्धोपम-सुत्त' मा भगवान् कौशाम्बीको गंगानदीको छेउमा विहार गरिराख्नुभएको बेलामा नदीको पानीको धारले बगाएर ल्याएको एक ठूलो काठको मूढालाई दृष्टान्त दिंदै भिक्षुहरूलाई भन्नुभयो- "भिक्षुहरू ! यदि त्यो काठको मूढा वारि पनि, पारि पनि रोकेन, डुबेर पनि गएन, भुईमा पनि अडेन, कुनै मनुष्य वा अमनुष्यले समाएन वा भवरमा फसेन, कहिँ बीचमा रोकेन, कुहिएर गएन भने समुद्रमा नै पुगी खस्छ, किनकी गंगानदीको पानी अन्तमा समुद्रमा नै पुग्ने हो ।"

"त्यस्तैगरी तिमीहरू पनि यता वारि पनि, पारि पनि रोकेन, डुबेर पनि गएन, भुईमा पनि अडेन, कुनै मनुष्य वा अमनुष्यले समाएन वा भँवरमा फसेन, कहिँ बीचमा रोकेन, कुहिएर गएन भने निर्वाणमा नै पुग्ने हुन्छ । किनकी सम्यक्‌दृष्टि निर्वाणसम्म पुगी निर्वाणमा नै जाने हो ।"

यसको अभिप्राय प्रष्ट पार्दै भगवान्‌ले भन्नुभयो- वारि भनेको ६ आध्यात्मिक आयतन, पारि भनेको ६ बाह्य आयतन, भूँईमा अड्किनुको मतलब अस्मिमान, मानिसले समाउनु भनेको कुनै भिक्षु गृहस्थीहरूको संसर्गमा परी उनीहरूको खुशी, शोक, दुःख, सुख आदिमा पर्नु हो । अमनुष्यले समाएको भनेको कोही त्यस्ता भिक्षुहरू छन्, जसको फलाना देवलोकमा उत्पन्न हुन सकुँ भनेर ब्रह्मचर्यवासमा बस्ने गर्छ । म यो शील, व्रत, तप वा ब्रह्मचर्यले कुनै देव हुन सकुँ । भँवर भनेको पञ्चकामगुण, बीचमा कुहीएर जानु भनेको कुनै भिक्षु दुःशील हुन्छ - पापमय धर्म गर्ने, अपवित्र, नराम्रो आचरण गर्ने, भित्रभित्रै नराम्रो काम गर्ने, अश्रमण, अब्रह्मचारी, हुन-नहुने गरी श्रमण वा ब्रह्मचारीको ढोँगी कार्य गर्दै हिंड्ने, भित्र-भित्रै क्लेश भरिभराउ भएको हुन्छ ।

'छप्पाणकोपम-सुत्त' मा बुद्धले एक दृष्टान्त बताउनु हुँदै संयम र असंयमको बारेमा बताउनुभएको छ । जस्तो पाकेको घाउले भरिएको एक व्यक्ति हिलैहिलो भएको जंगलमा जाँदा, उसको पाइतालामा कुश घाँस वा काँडाले घोच्छ, जसले गर्दा अत्यन्त पीडा हुन्छ । त्यस्तैगरी कुनै भिक्षु गाउँ वा अरण्यमा गएर बस्दा उक्त भिक्षुको बारेमा कुरा उठाउँछ - यसले यस्तो गरिदियो, यसको चालचलन, स्वभाव यस्तो भएर, यो गाउँको लागि काँडा समान भयो । यसरी कुरा सुनी उसमा भएको संयम वा असंयमलाई थाहा पाउनुपर्छ । कसरी असंयम हुन्छ भने - यहाँ भिक्षुले चक्षुबाट योग रूप देखि (हेरी) त्यसप्रति मूर्च्छित हुन्छ, मन नपरेको रूपलाई देखि खिन्न हुन्छ । उसले आत्मचिन्तन नगरी चंचल चित्त राखेर बस्छ । उसले चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई जस्तो हो, त्यस्तो थाहा पाउँदैन । उसँग जुन पापमय अकुशल धर्म रहने हो, त्यो बाँकी नभई निरूद्ध भएर जाँदैन । श्रोत.....। घाण.....। जिव्हा......। काय........। मन.......।

जस्तो कुनै मानिसले ६ वटा प्राणीहरूलाई समाई विभिन्न ठाउँमा राखी डोरीले बाँधिराख्छ। सर्प, गोही, कुकुर, स्याल, बाँदर, चरालाई समाई बेस्सरी बाँधिराख्छ। सबैलाई अर्को एउटा डोरीले बाँधी अर्को डोरीको टुप्पोको गाँठो फुकाई एकै ठाउँमा छाडिदिन्छ भने, ती ६ प्राणीहरू आ-आफ्ना ठाउँमा जान मन पराउँछन्। त्यसबेलामा सबै यसरी बाँधिराखेकोले (कोशिस गरेको कारणले) थाक्छ र निर्बलियाहरू सबै बलियाको पछिपछि जानुपर्ने हुन्छ। त्यस्तैगरी जोसँग कायगता-स्मृति राम्ररी भाविता गरेको हुँदैन, बारम्बार अभ्यास गरेको हुँदैन, उसलाई चक्षुले मनपरेको रूपतिर लान खोज्छ, मन नपरेको रूपबाट पछि हट्न खोज्छ। ............ मनले मनपरेको धर्म (मनविषय) ........ । यसरी असंगत हुन्छ। यसको विपरित भिक्षुले चक्षुलाई मनपरेको रूप देखी (हेरी) त्यसप्रति मूर्च्छित हुँदैन, मन नपरेको रूपलाई देखि खिन्न पनि हुँदैन। उसले आत्मचिन्तन गरी अप्रमत्त चित्त राखी बस्छ। उसले चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई जस्तो हो, त्यस्तोरूपमा जानि लिन्छ। ऊसँग जुन पापमय अकुशल धर्म रहने हो, त्यो बाँकी नभई निरूद्ध भएर जान्छ। श्रोत............। घाण.........। जिह्वा............। काय..........। मन...........। यसरी संयम हुन्छ।

'भद्दक-सुत्त' मा भद्रक गामणिको अनुरोधलाई स्वीकार गर्दै भन्नुभएको छ - उरूवेलकप्पका मानिसहरूप्रति (कसैले) मार्ने बित्तिकै, बन्धनमा राखेमा, नाश गरेमा वा निन्दा परिचर्चा गरेमा उनीहरूप्रति भएको छन्दरागको कारणले शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास हुन्छ।

त्यस्तै छन्दराग नभएमा उनीहरूप्रति शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास हुँदैन। त्यस्तैगरी अतीतकाल र अनागतकालमा पनि दुःख उत्पन्न हुनुको मूल कारण छन्द नै हो।

### (ङ) महावर्ग संयुक्त पालि

त्रिपिटकको यस ग्रन्थमा ठूल्ठूलो १२ वटा संयुत्तको विषयमा उल्लेख गरिराखेको छ। ती हुन्-

(१) **मग्गसंयुत्त** - ८ वटा मार्गानुसार आचरण गरी दुःखलाई अन्त गर्नसक्ने विषय।

(२) **बोज्भंगसंयुत्त** - ज्ञान प्राप्त हुने प्रज्ञा, स्मृति इत्यादि ७ वटा बोज्भङ्गको विषय ।

(३) **सतिपट्ठानसंयुत्त** - स्मृति राखी बस्नुपर्ने चार ठाउँमा पनि स्मृति राखी चारस्मृतिप्रस्थानलाई भाविता गरेर बस्ने विषय ।

(४) **इन्द्रियसंयुत्त** - आ-आफ्नो ठाउँमा आ-आफ्नै स्थान भएको ५ इन्द्रियधर्मको विषयमा राम्ररी थाहापाइ राख्नु इत्यादि ।

(५) **सम्मपधानसंयुत्त** - ४ प्रकारले राम्ररी मेहेनत गरी उत्पन्न नभएको अकुशल कर्मलाई उत्पन्न नै नगराउन कोशिस गर्ने इत्यादि ।

(६) **बलसंयुत्त** - श्रद्धा, विश्वास इत्यादि धर्मको बल ५ वटाको विषय ।

(७) **इद्धिपादसंयुत्त** - छन्द, मन प्रशन्न हुने इत्यादि सफलता प्राप्त गर्ने ४ प्रकारका इद्धिपादधर्मको विषय ।

(८) **अनुरूद्धसंयुत्त** - भगवान् बुद्धको भाइ भन्नुपर्ने अनुरूद्धको विषय ।

(९) **भ्कानसंयुत्त** - आफ्नो आरम्मणलाई हेर्दाहेर्दै चित्तलाई शान्त गरी प्रथम ध्यानदेखि चतुर्थ ध्यानसम्म पुगी गर्ने ध्यानको विषय ।

(१०) **आनपानसंयुत्त** - एक प्रकारको महत्वपूर्ण चित्तलाई शान्त गर्ने उपाय हो ।

(११) **सोतापतिसंयुत्त** - चार तहका आर्यहरूमध्ये सबभन्दा पहिलाको तहमा पुग्ने श्रोतापन्नको विषय हो ।

(१२) **सच्चसंयुत्त** - बुद्धधर्मको महत्वपूर्ण चार आर्यसत्यको विषय ।

'कुण्डलिय-सुत्त' मा भगवान् साकेतको अञ्जनपन मृगदायमा विहार गरिराख्नु भएको बेलामा कुण्डलिय परिव्राजकको उत्तर दिँदै भन्नुभयो- भिक्षुले चक्षुबाट रूपदेखि रूपमा आशा गर्दैन, हर्षित हुँदैन, राग राख्दैन । उसको काय र चित्त स्थीर भइराख्छ, भित्र राम्ररी स्थीर र सुविमुक्त हुन्छ । चक्षुले रूपदेखि अप्रसन्न हुँदैन, खिन्न हुँदैन, अप्रतिष्ठित हुँदैन, फेरी दौर्मनस्य हुँदैन, उसको काय र चित्त स्थिर भइराख्छ, भित्र राम्ररी स्थीर र सुविमुक्त हुन्छ । त्यस्तै भिक्षुले श्रोतले शब्द सुनी....... घाणले गन्ध पाई....... जिव्हाले रस पाई....... कायले स्पर्श गरी........ मनले धर्म थाहा पाई.....।

त्यस्तै जब भिक्षु चक्षुबाट रूपदेखी प्रिय-अप्रिय रूपमा काय र चित्त

स्थीर राखेर बस्छ, भित्र सुप्रतिष्ठित भइ सुविमुक्ति हुन्छ..... मनले धर्म (मनको विषय) जानी प्रिय-अप्रिय धर्ममा काय र चित्त स्थीर राखी बस्छ। यसरी इन्द्रिय संयम भाविता गऱ्यो भने तीन सुचरित्र पूरा हुन्छ।

तीन सुचरित्र भाविता गरेपछि चार सतिपट्ठान हुन्छ। चार सतिपट्ठान भाविता गरेपनि सार बोध्यङ्ग पूरा हुन्छ। सात बोध्यङ्ग भाविता गरेपनि विद्या विमुक्ति पूरा हुन्छ।

'उदायि-सुत्त' मा भगवान् सुम्भ (जनपद) को सेतक भन्ने सुम्भहरूको निगममा विहार गरिराख्नुभएको बेलामा आयुष्मान् उदायिले आफूले बोध्यङ्गको भाविताको परमार्थ प्राप्त गरेको कुरा बताएका छन्। भगवान्प्रति भएको प्रेम, दयाले आफू प्रव्रजित भएको र भगवान्ले उपदेश गरेअनुसार 'यो रूप हो, यो रूपको समुदय हो, यो रूपको निरोध हो, यो रूपको निरोधगामिनी मार्ग हो, वेदना, संज्ञा, संस्कार, विज्ञान...........।' को जानेर एकान्तस्थानमा बसी पञ्चउपादानस्कन्धलाई सुल्टा-उल्टा गरी चिन्तना गर्दागर्दै 'यो रूप हो, यो रूपको समुदय हो, यो रूपको निरोध हो, यो रूपको निरोधगामिनी मार्ग हो' भनी यथार्थरूपले धर्मलाई चिनें, मार्गलाई भेट्टाएँ। यसैलाई बारबार भाविता, अभ्यास र विहार गरेर परमार्थ प्राप्त गरें। जाति (जन्म) क्षीण भयो,.... भनी थाहा पाएँ। त्यस्तै स्मृति-सम्बोध्यङ्गलाई प्राप्त गरें। जाति (जन्म) क्षीण भयो, ....... भनी थाहा पाएँ।

'सकुणग्घि-सुत्त'मा भगवान्ले एक चरा समाउने व्याधाको उदाहरण दिंदै भन्नुभएको छ - पहिला पहिला चरा समाउँदै हिंड्नेले लोभमा परी संयोगवश एक पोथी बाजलाई समायो। बाटोमा लगिराखेको बेलामा उक्त बाजले आफ्नो जन्मस्थानमा छोडिदिन विलाप गर्दा उक्त व्यक्तिले आफ्नो चलाखीको फूर्ति गरी छोडिदियो। त्यसपछि पोथी बाजले हलो जोतिराखेको खेतका माथि माटोको थुप्रोमा गई उक्त व्यक्तिलाई ललकाऱ्यो - "हे व्याधा! यहाँ आऊ।" अनि व्याधा आफ्नो चलाखीको फूर्ति गर्दै दौडँदै बाजको अगाडि पुग्दा पोथी बाज माटोको थुप्रोमा पस्यो र व्याधा छातिको बलले माटोको थुप्रोमा लड्न पुग्यो।

त्यसरी नै हामीहरूले आफ्नो स्थानलाई छोड्नुहुँदैन, होइन भने मारले आफ्नो वशमा लिन्छ । यहाँ कुठाउँ भन्नाले पञ्चकामगुण हो । भिक्षुको निम्ति आफ्नो गौचर भनेको चार स्मृतिप्रस्थान हो ।

'चिरट्ठिति-सुत्त' मा आयुष्मान् भद्रले आनन्दसँग प्रश्न गर्नुभयो - "आवुसो आनन्द ! तथागतको परिनिर्वाणपछि चीरकालसम्म धर्म स्थीर नहुनेको के कारण र प्रत्यय हो ?"

"आवुसो भद्र ! (भिक्षुहरूले) चार स्मृतिप्रस्थानको भावना र बारबार अभ्यास गरेन भने तथागतको परिनिर्वाणपछि चिरकालसम्म धर्म स्थीर हुँदैन ।"

'इच्छानङ्गल-सुत्त' मा भगवान् बुद्धले आर्यविहारको बारेमा प्रष्ट पार्दै भन्नुभएको छ - स्मृति राखी सास भित्र-बाहिर गरी, लामो सास भित्र-बाहिर गरी होश राखीराख्नु वा आनापानस्मृति समाधिलाई नै आर्यविहार वा ब्रह्मविहार वा तथागतविहार भनिन्छ । जुन भिक्षुहरू अहिले पनि शैक्ष्य छन्, आफ्नो उद्देश्य अहिलेसम्म प्राप्त गर्न सकेको छैन, अनुत्तर योगक्षेम (निर्वाण)को निम्ति प्रयत्नशील छ भने उनीहरूले आनापानस्मृति समाधि भावितालाई अभ्यस्त गऱ्यो भने आस्रवक्षय भएर जान्छ ।

जो भिक्षुहरू अरहन्त भइसक्यो, क्षीणाश्रव भइसक्यो, जसको ब्रह्मचर्यवास पूरा भइसक्यो, कृतकृत्य, जसको भार बिसाइसक्यो, जसले परमार्थ प्राप्त गरिसक्यो, जसको मनसंयोजन परिक्षीण भइसक्यो, अनि जसले परम-ज्ञान प्राप्त गरी विमुक्त भइसक्यो, तिनीहरूको निम्ति आनापान स्मृति समाधि भावितालाई अभ्यस्त गऱ्यो भने आफ्नो यस जीवनमा नै सुखपूर्वक विहार गरी स्मृति र सम्प्रज्ञताको निम्ति हुन्छ ।

'महानाम-सुत्त' मा महानाम शाक्यले भगवान्लाई 'कसरी उपासक हुन्छ ?' भनेर सोध्दा 'जब बुद्ध, धर्म र संघको शरणमा जान्छ, तब उपासक हुन्छ ।' भनेर उत्तर दिनुभयो ।

"भन्ते ! कसरी उपासक शीलसम्पन्न हुन्छ ?"

"महानाम ! जब उपासकले पञ्चशीलको पालना गर्दछ, तब शील सम्पन्न हुन्छ ।"

त्यस्तैगरी महानाम शाक्यको प्रश्नहरूको उत्तर दिंदै भगवान्ले भन्नुभएको छ - जब उपासकले तथागतको बोधित्वप्रति श्रद्धा राख्छ, उहाँ अर्हत् हुनुहुन्छ भनेर श्रद्धा राख्छ, तब उपासक श्रद्धा सम्पन्न हुन्छ । त्यस्तै उपासक मात्सर्य मल नभएको चित्त राखी घरमा बसिराख्छ, त्यागी भई, दानकर्मद्वारा हात शुद्ध गरी, याचक पात्र भई दान कार्यमा अग्रसर भई विविध प्रकारले दान दिनुमा संलग्न भई, घरमा बसिराख्छ भने 'त्यागसम्पन्न' हुन्छ । उदयासतगामिनी प्रज्ञाले युक्त, आर्यनिर्वेधिक प्रज्ञाद्वारा सबै दुःख क्षयगामिनी प्रज्ञाले युक्त, आर्यनिर्वेधिक प्रज्ञाद्वारा सबै दुःख क्षयगामिनी प्रज्ञा हुन्छ । यसरी उपासक 'प्रज्ञा-सम्पन्न' हुन्छ ।

'धम्मचक्कप्पवत्तन-सुत्त', यस सुत्र भगवान् वाराणसीको ऋषिपतन मृगदावनमा विहार गरिराख्नुभएको बेलामा पञ्चवर्गीय भिक्षुहरूलाई आमन्त्रण गरी भन्नुभएको छ - "भिक्षुहरू ! यी दुईवटा अन्त (चरम बाटो)लाई प्रव्रजितहरूले सेवन गर्नुहुँदैन । १. जुन यो हीन, ग्राम्य, पृथक्जनहरूलाई योग्य, अनार्य (सेवित), अनर्थ युक्त कामवासनामा काम-सेवनलिप्त हुने हो, २. जुन यो दुःखमय, अनार्य (सेवित), अनर्थ युक्त आत्मपीडा (कायक्लेश)मा लाग्ने हो । भिक्षुहरू ! यी दुईवटा अन्तमा नगई तथागतले मध्यम प्रतिपदा (मार्ग) थाहा पाउनुभयो, (जुन कि) आँखा देखाइदिने, ज्ञान राखिदिने, शान्तिको निम्ति, अभिज्ञाको निम्ति, सम्बोधिको निम्ति, निर्वाणको निम्ति हो ।"

समष्टिगतरूपमा पञ्चउपादानस्कन्ध नै दुःख आर्यसत्य हो । फेरी फेरी जन्म गराउने प्रीति र रागले युक्त, उत्पन्न भएको ठाउँमा रमाइलो गराउने तृष्णा, जस्तो कि (१) कामतृष्णा (२) भवतृष्णा (जन्म सम्बन्धी तृष्णा) (३) विभवतृष्णा (उच्छेदको तृष्णा) दुःख समुदय आर्यसत्य हो । जुन तृष्णाको सर्वप्रकारले विराग, निरोध हुने हो, त्यागप्रति निःसर्ग, मुक्ति (अलग हुने), लीन नहुने हो, त्यो नै दुःख निरोध आर्यसत्य हो । आर्यअष्टाङ्गिक मार्ग नै दुःखनिरोधगामिनी प्रतिपदा आर्यसत्य हो ।

## परिच्छेद - ७

# अंगुत्तर-निकाय

सुत्तपिटक अन्तर्गत चौथौं ग्रन्थ अंगुत्तरनिकाय हो । धर्मलाई अंकअनुसार संग्रह गरी जम्मा गरेको हो, जस्तो कि एक एकवटा मात्र भइराखेको धर्मलाई जम्मा गरी त्यसलाई एककनिपात भनियो, दुई दुईवटा धर्म जम्मा गरी त्यसलाई दुकनिपात भनियो, यसै रूपले दशसम्म रहेको छ। यस अन्तर्गत ९,५५७ वटा साना सुत्तहरू ११ वटा भागमा विभाजित छन्, जसलाई निपात भनिन्छ । प्रत्येक निपात, पुनः विभिन्न वग्गमा विभाजित छन्, जसमा १०/१० वटा सुत्तहरू छन् ।

### १) एककनिपात पालि (एउटा मात्र भएको धर्मको समूह)

भगवान् बुद्धले श्रावस्तीमा बस्नुभएको बेलामा धेरै भिक्षुहरूलाई भन्नु भएको उपदेशहरू यस निपातमा एउटै धर्म विषयको उपदेशहरू संग्रहित छन् । तर केही सुत्तहरू सारिपुत्र स्थविर र आनन्द भिक्षुलाई दिनुभएको सुत्तहरू उल्लेखित छन् ।

यसमा ठूल्ठूलो ६ अध्याय रहेका छन् । ती हुन्-

(क) **एकधम्माधिपालि** (पालिअनुसार एउटा भएको धर्म इत्यादी)

(ख) **एकपुग्गलपालि** (पालिअनुसार एक व्यक्तिको विषय)

(ग) **एतदग्गपालि** (पालिअनुसार एतदग्ग प्राप्तहरू)

(घ) **अट्ठानपालि** (हुन नसक्ने विषय)

(ङ) **अपरा एकधम्मादिपालि** (पालिअनुसार एक धर्म इत्यादीको विषय)

(च) **पसादकरधम्मादिपालि** (पालिअनुसार श्रद्धा इत्यादी उत्पन्न गरिदिने विषय)

यस ६ वटा अध्यायको धर्मलाई जम्मा गर्दा १,००० वटा सुत्तहरू छन् । कुनै अध्याय धेरै भएको पनि छ त कुनै कम पनि । साधारण रूपले १० वटा सुत्तको एउटा वर्ग हुने गर्दछ । ५० वटा सुत्तको एउटा पण्णासक

हुन्छ । यसमध्ये केहि सुत्तहरू यहाँ उल्लेख गरिएका छन् ।

(क) त्यस्तो कुनै रूप छैन, जुन रूपबाट पुरूषको चित्तलाई अड्काई तान्नसक्ने हो, उक्त रूप स्त्रीको रूप हो, स्त्रीको शब्द, गन्ध, रस, स्पर्शबाट पनि पुरूषको चित्तलाई जति आकर्षण गरी तान्नसक्ने हो, उति तान्न सक्ने कुनै पनि शब्द, गन्ध, रस, स्पर्श छैन । स्त्रीलाई पुरूषको रूप, शब्द इत्यादिले जति आकर्षण गरी तान्न सक्ने हो, त्यति तान्न सक्ने कुनै पनि रूप, शब्द इत्यादि छैन ।

(ख) त्यस्तो कुनै एउटा वस्तु छैन, जसले धेरै बेफाइदा र बेखुशी ल्याउँछ, जति अविकसित र अनियन्त्रित मनले ल्याउँछ । विकसित र नियन्त्रित मनले मात्र फाइदा र खुशी ल्याउँछ ।

(ग) मन जतिको परिवर्तन हुने वस्तु अर्को छैन । यथार्थतः मन शुद्ध र उज्यालो हुन्छ । यो लोभ, द्वेष र अविद्याले गर्दा दूषित हुन्छ ।

(घ) चुट्की बजुञ्जेलसम्म भएपनि यदि भिक्षुले मैत्री भावनाको ध्यान गर्दछ र छोटो समयसम्म भएपनि ध्यानको विकास गर्छ, बुद्धको उपदेशअनुसारको आज्ञालाई पालन गर्दछ भने, त्यस्तो भिक्षु सर्वसाधारणले दिएको दान भोजन खान उपर्युक्त हुन्छ ।

(ङ) बहुजन हितार्थ, बहुजन सुखार्थ लोकानुकम्पार्थ तथा देवमनुष्यहरूका कल्याणार्थ, हितार्थ र सुखार्थ एक व्यक्ति लोकमा उत्पन्न हुने गर्छ वा उत्पन्न हुन्छ, त्यो हो तथागत अर्हत् सम्यक्सम्बुद्ध ।

एउटै लोकधातुमा, एकै समयमा दुईजना अर्हत् सम्यक्सम्बुद्ध उत्पन्न हुने सम्भव छैन ।

(च) एक धर्मलाई भाविता गर्नाले, वृद्धि गर्नाले शरीर पनि शान्त हुन्छ, चित्त पनि शान्त हुन्छ, वितर्क विचार पनि शान्त हुन्छ, समस्त विद्यापक्षीय धर्महरूको भावना परिपूर्ण भएर आउँछ । अविद्या नाश हुन्छ, विद्या उत्पन्न हुन्छ, अभिमान नाश हुन्छ, क्लेश समूल नष्ट भएर जान्छ र संयोजन नाश हुन्छ, त्यो हो - कायागतानुस्मृतिको भावना ।

(२) **दुक निपात पालि (दुईवटा भएको धर्मको समूह)**

यस अध्यायलाई ४ भागमा विभाजन गरिएको छ। यसमा नाम सार धर्मको रूपमा नलिइकन एक पण्णासक, दुई पण्णासक र तीन पण्णासकको रूपमा लिइएको छ । अनि पण्णासकमा नपरेकोलाई पाँचवटा वग्गमा विभाजन गरिएको छ। वग्गमा १०/१० वटा सुत्तहरू रहेका छन् ।

**(क) पठमपण्णासक (पहिलो पण्णासकको पहिलो सुत्त)**

पहिलो कम्मकरणवग्ग (दण्ड दिने विषय)

दोस्रो अधिकरणवग्ग (अधिकरणको विषय)

तेस्रो बालवग्ग (बालजनहरूको विषय)

चौथौं समचित्तवग्ग (चित्तलाई समताभावमा राख्ने विषय)

पाँचौ परिसवग्ग (परिषद्हरूको विषय)

**(ख) दुतियपण्णासक (दोस्रो पण्णासक)**

यसमा वग्गको हिसाबले ५ भागमा विभाजन गरिराखेको छ, एक वग्गमा १० सुत्त छन् । पहिलो वग्गमा व्यक्तिहरूको विषय, दोस्रो वग्गमा सुखको विषय, तेस्रो वग्गमा चिन्हको विषय, चौथौं वग्गमा धर्मको विषय र पाँचौ वग्गमा मूर्खहरूको विषयमा उल्लेख गरिराखेको छ ।

**(ग) ततियपण्णासक (तेस्रो पण्णासक)**

५० वटा सुत्त भएको पाँचवटा वग्ग यस प्रकारका छन् - पहिलो वग्गमा इच्छा गर्ने विषय, दोस्रो वग्गमा माग्ने विषय, तेस्रो वग्गमा दान दिने विषय, चौथौं वग्गमा स्वागत गर्ने विषय र पाँचौं वग्गमा समापतिको विषयमा उल्लेख गरिराखेको छ ।

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गरिएको छ ।

(क) गृहस्थले भिक्षुलाई चीवर, भोजन, शयनासन, औषधी र परिष्कारहरू दान दिनु भनेको दुष्कर हुन्छ। त्यागी प्रव्रजित भएकोले सम्पूर्ण क्लेशबाट मुक्त हुनु पनि दुष्कर हुन्छ। यी दुईमध्ये सम्पूर्ण क्लेशबाट मुक्त

हुनु नै अति उत्तम हो ।

(ख) पाप-कर्ममा निर्लज्ज र निर्भय हुनु कृष्ण धर्म (कालो धर्म) हो । लज्जा र भय यी दुई शुक्ल धर्म हो । लज्जा र भय यी दुईले लोकलाई पालन गरिराखेको छ । यदि यी दुई नभएमा आफन्त र गौरव गर्न योग्य व्यक्तिलाई चिन्न सक्ने छैन । यो लोक एकदमै गड्‌बड् हुनेछ अनि पशुसरह हुनेछ ।

(ग) पापीहरूले यस जीवनमा र अर्को जन्ममा पापको फल भोग्नु पर्नेछ भनी विचार गरेर पापकर्मबाट मुक्त भई शरीर, वचन र मनद्वारा सुकर्म गरी परिशुद्ध भएर बस्छ अनि राग, द्वेष र मोहबाट मुक्त भएर बस्नुपर्छ भनी भावना गर्छ । यी दुईलाई नै विचार बल र भावना बल भन्दछन् ।

(घ) समथ र विपश्यना भावना यी दुई धर्महरू विद्यापक्षीय हुन् । समथ भावना गर्दा चित्त भाविता हुन्छ, चित्तमा भाविता हुँदा राग प्रहीण हुन्छ । विपश्यना भावना गर्दा प्रज्ञा भाविता हुन्छ, प्रज्ञा भाविता हुँदा अविद्या प्रहीण हुन्छ । राग र अविद्याद्वारा चित्त कलुषित भएमा प्रज्ञाको भावना हुन सक्दैन । रागबाट मुक्त भई विराग हुँदा चित्त विमुक्ति हुन्छ अनि अविद्याबाट मुक्त भए प्रज्ञा विमुक्ति हुन्छ ।

(ङ) गृहस्थ सुख र प्रव्रजित सुख, यी दुई प्रकारका सुखहरू हुन् । यी दुई सुखमध्ये प्रव्रजित सुख नै उत्तम छ । यसरी नै काम-भोग सुख र नैष्क्रम्य सुख, लौकिक सुख र लोकोत्तर सुख, साश्रव सुख र अनाश्रव सुख, आमिष सुख र निरामिष सुख, आर्य सुख र अनार्य सुख, शारीरिक सुख र अनासिक सुख, प्रीति सुख र प्रीति विरहित सुख, आस्वाद सुख र उपेक्षा सुख, समाधिरहित सुख र समाधि सुख, प्रीतियुक्त आलम्बन सुख र प्रीतिरहित आलम्बन सुख, आस्वाद आलम्बन सुख र उपेक्षा आलम्बन सुख, रूप आलम्बन सुख र अरूप आलम्बन सुख । यहाँ उल्लेख भएको सम्पूर्ण नै सुखहरू हुन् । तर यी मध्ये नैष्क्रम्य, लोकोत्तर, अनाश्रव, निरामिष, आर्य, मानसिक, प्रीति विरहित उपेक्षा, समाधि, प्रीतिरहित आलम्बन, उपेक्षा आलम्बन सुख र अरूप आलम्बन सुख नै उत्तम हुन् ।

(३) **तिक निपात पालि (तीनवटा भएको धर्मको समूह)**

यस अध्यायलाई पनि दुक निपात पालिमा झैं ४ भागमा विभाजन गरिएको छ । यसमा नाम सार धर्मको रूपमा नलिइकन एक पण्णासक, दुई पण्णासक र तीन पण्णासकको रूपमा लिइएको छ । अनि पण्णासकमा नपरेकोलाई पाँचवटा वग्गमा विभाजन गरिएको छ ।

**(क) पठमपण्णासक (पहिलो पण्णासकको पहिलो सुत्त)**

पहिलो बालवग्ग (मूर्खहरूको विषय)

दोस्रो रथकारवग्ग (रथ बनाउने सिकर्मीको विषय)

तेस्रो पुग्गलवग्ग (पुद्‌गलहरूको विषय)

चौथौं देवदूतवग्ग (देवदूतको विषय)

पाँचौं चूलवग्ग (पकिनक विषय)

**(ख) दुतियपण्णासक (दोस्रो पण्णासक)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा ब्राह्मण वग्ग- ब्राह्मणहरूको विषय, दोस्रो वग्गमा महावग्ग- ठूल्ठूला वग्ग, तेस्रो वग्गमा आनन्दवग्ग - आनन्दको विषय, चौथौं वग्गमा समणवग्ग - श्रमणहरूको विषय र पाँचौं वग्गमा लोणफलवग्ग - डल्लो नूनको विषयमा उल्लेख गरिराखेको छ ।

**(ग) ततियपण्णासक (तेस्रो पण्णासक)**

यस पण्णासकमा पनि ५ वग्ग छन् । पहिलो वग्गमा सम्बोधिवग्ग - बोधिज्ञान प्राप्त भएको विषय, दोस्रो वग्गमा आपायिकवग्ग - अपाय जानेहरूको विषय, तेस्रो वग्गमा कुसिनारवग्ग - कुशिनगरको विषय, चौथौं वग्गमा अयोधाजीववग्ग - सैनिकहरू र योद्धाहरूको विषय र पाँचौं वग्गमा मङ्गलवग्ग - मङ्गलको विषयमा उल्लेख गरिराखेको छ ।

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गर्न चाहन्छु ।

(क) शरीर, वचन र मनद्वारा गरिने कर्ममा दुश्चरित्रको भएमा

उसलाई मूर्ख भनी जान्नुपर्छ । शरीर, वचन र मनद्वारा दुष्कर्म गर्ने व्यक्ति, त्यसैमा लागिरहने मूर्ख, अव्यक्त असत्पुरूषले आफूलाई हानि पुऱ्याई रहेको हुन्छ । सदोषी हुन्छ, विज्ञजनद्वारा निन्दनीय हुन्छ र धेरै नै पापोत्पत्ति गर्ने हुन्छ ।

(ख) जन्मस्थल, राज्याभिषेक र सङ्ग्राम विजयी यी तीन कुराहरू राजालाई यावत जीवन स्मरण भईरहन्छ । प्रव्रजित भएको स्थान, चार आर्यसत्यलाई बोध गरेको अनि आश्रवलाई क्षय गरी चित्त विमुक्ति, प्रज्ञा विमुक्तिलाई यसै जीवनमा साक्षात्कार, अभिज्ञात र उपलब्ध गरेको यावत जीवन भिक्षुलाई स्मरण भईरहन्छ ।

(ग) आफूभन्दा पनि शील, समाधि र प्रज्ञामा हीन भएको व्यक्तिसँग सङ्गत नगर्नु, साथमा नलाग्नु र सेवा गर्नुहुँदैन । शील, समाधि र प्रज्ञामा आफू समान भएमा सङ्गत गर्नु, साथमा लाग्नु र सेवा गर्नुपर्छ । शील, समाधि र प्रज्ञामा आफूभन्दा पनि उन्नतशीलको भएमा आदर गौरवसहित सङ्गत गर्नुपर्छ, साथमा लाग्नुपर्छ र सेवा गर्नुपर्छ ।

(घ) राम्रोसँग तयार पारेको खेत वा बारीमा असल खालको बीउ लगाएर त्यसमा पानी लगाए बीउ उम्रिन्छ अनि बढेर आई ठूलो हुन्छ । यसरी नै जुन कर्मको मूलमा लोभ, द्वेष र मोह हुन्छ त्यस लोभ, द्वेष र मोहको कारणले कर्मको उत्पत्ति हुन्छ । कर्मको उत्पत्तिले आत्मभावको उत्पन्न हुन्छ । आत्मभावबाट नै कर्म परिपक्व हुन्छ, अनि कर्म परिपक्व भएपछि कि त यसै जन्ममा वा पुनर्जन्ममा भोग्नुपर्ने हुन्छ ।

(ङ) यौवनमत्ता, आरोग्यमत्ता र जीवनमत्ता यी तीनमा मत्ता भएकोले दुष्कर्म गर्ने हुन्छ । वृद्ध, रोगी र मृत्युको हातमा एक दिन म पनि पर्नेछु भन्ने विचार गरे मत्ताभाव हटेर गई दुष्कर्म गर्नबाट बचिन्छ ।

## ४) **चतुक्क निपात पालि (चारवटा भएको धर्मको समूह)**

यस त्रिपिटक अन्तर्गत चारवटा भएको समूह संग्रह गरिराखेको छ । ठूल्ठूला अध्यायको धर्महरू छुट्याई देखाइराखेको समेत गरी ३०० वटा सुत्तहरू छन् । त्यसो भनेको यस ग्रन्थमा ५० वटा सुत्तसंग्रह भइराखेको ४

वटा अध्याय छन् । त्यस्तै ५० वटा सुत्तभएको अलग (लामो ७ वर्ग छन्, जसमा ७ वटा सूत्र छन् ।) त्यस्तै ५० वटा सुत्तभन्दा बाहिरको (अध्यायभन्दा बाहिरको सानो छन्) ।

**(क) पठमपण्णासक (५० वटा सूत्र पहिलो अध्याय)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा भण्ढगाम (गाम) वग्ग - भण्ढगाममा बताउनुभएको विषय, दोस्रो वग्गमा चरवग्ग - दैनिक इरियापथको विषयमा बताउनुभएको, तेस्रो वग्गमा उरूवेलवग्ग - उरूवेलमा बताउनु भएको विषय, चौथौं वग्गमा चक्कवग्ग - धर्मचक्रको विषयमा बताउनुभएको विषय र पाँचौं वग्गमा रोहितस्सवग्ग - रोहित देवपुत्रको विषयमा बताउनु भएको विषयमा उल्लेख गरिराखेको छ ।

**(ख) दुतियपण्णासक (पण्णासकको दोस्रो सुत्त)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा पुञ्ञाभिसण्ड वग्ग - पुण्य बाढी आउने विषयमा बताइराखेको, दोस्रो वग्गमा पत्तकम्मवग्ग - कर्मको विषयमा, तेस्रो वग्गमा अपण्णकवग्ग - गल्ती नहुने गरी आचरण गर्ने विषय, चौथौं वग्गमा अचलवग्ग - विचलित नभएका श्रमणको विषय र पाँचौं वग्गमा असुरवग्ग - असूरहरूको विषयमा उल्लेख गरिराखेको छ ।

**(ग) ततियपण्णासक (पण्णासकको तेस्रो सुत्त)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा वलाहक वग्ग पानी आउने विषयमा, दोस्रो वग्गमा केसीवग्ग - घोडालाई तालीम दिने केसीको विषयमा, तेस्रो वग्गमा अभयवग्ग - भयको विषय, चौथौं वग्गमा पुग्गलवग्ग - व्यक्तिहरूको विषय र पाँचौं वग्गमा आभारवग्ग - सेतो प्रकाशको विषयमा उल्लेख गरिराखेको छ ।

**(घ) चतुत्थपण्णासक (पण्णासकको चौथौं सुत्त)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा इन्द्रिय वग्ग ठूलो भएको धर्मको विषयमा, दोस्रो वग्गमा पटिपदावग्ग - आचरणको विषयमा, तेस्रो वग्गमा सञ्चेतनियवग्ग - चेतनाको विषय, चौथौं वग्गमा

योद्धाजीववग्ग - योद्धाहरूको विषय र पाँचौं वग्गमा महावग्ग- ठूलो विषयमा उल्लेख गरिराखेको छ ।

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गरिएको छ ।

(क) भगवान् बुद्धले चार प्रकारका व्यक्तिहरूको बारेमा भन्नुभएको छ - (१) पानी बगेजस्तै गइरहनेहरू, त्यसो भनेको काम सेवन गरिराख्नेहरू, पापकर्म गर्नेहरू हुन् । (२) पानी बगे जस्तै नगई माथि गइरहनेहरू, त्यसो भनेको काम सेवन नगर्नेहरू, पाप नगर्नेहरू हुन् । दुःख दोमनस्स भई रोइ-रोई भएपनि ब्रह्मचर्य पालन गरिराख्नेहरू हुन् । (३) आफूले आफ्नो रक्षा गर्नेहरू, त्यसो भनेको अनागामीहरू हुन् । (४) पार तर्ने हुन्छ, तरिसकेपछि छेऊमा उभिराख्ने हुन्छ, त्यसो भनेको अर्हत्हरू हुन् ।

(ख) पाप उत्पन्न हुन नदिनको लागि प्रयास गरिराख्नु, उत्पन्न भइसकेको पापलाई हटाउन प्रयास गर्नु, राम्रो कार्य गर्नु, उत्पन्न भइसकेको राम्रो कार्यलाई रक्षा गरिराख्नु यी चार सम्मप्पधानहरू हुन् ।

(ग) श्रद्धा उत्पन्न हुने चारवटा कारणहरू छन्- (१) सत्वहरूमध्ये तथागत उत्तम हो । (२) उत्पन्न हुने प्रत्यय भएको धर्ममध्ये आर्यअष्टाङ्गिक मार्ग अंगले पूर्ण भएको उत्तम हो । (३) उत्पन्न हुने प्रत्यय नभएको धर्ममध्ये विराग धम्म (निर्वाण) उत्तम हो । (४) समूहहरूमध्ये चार जोर अरिय संघहरू, आठ पुद्गलहरू उत्तम हो ।

(घ) चार प्रकारले उत्तर दिनुपर्छ - (१) सीधा जवाफ दिने, (२) अलग अलग गरी जवाफ दिने, (३) उसलाई नै सोध्ने र (४) चूप लागेर बस्ने (जवाफ नदिने) ।

(ङ) गल्ती हुने, अर्थको अनर्थ हुने, चार प्रकारका छन्- (१) सञ्ञाविपलास, (२) चित्तविपल्लास, (३) दिट्ठिविपल्लास (विपल्लास भएको थाहा पाउने चिन्ह चित्त हो) १. अनित्यलाई नित्य भन्ने, २. दुःखलाई सुख भन्ने, ३. म नभएकोलाई म भन्ने र ४. नराम्रोलाई राम्रो भन्ने ।

(च) जसले भोजन दान दिने गर्छ उसलाई चार प्रकारको दिव्यसम्पत्ति प्राप्त हुने गर्दछ ती हुन्- (१) आयु, (२) वर्ण, (३) सुख र (४) बल ।

(छ) (१) धर्म जान्ने (नौ अंगले सम्पन्न शास्ताको शासनलाई जान्ने), तर चार आर्यसत्यलाई जस्ताको त्यस्तै नजान्ने, (२) धर्मलाई नजान्ने - तर चार आर्यसत्यलाई जस्ताको तस्तै जान्ने, (३) धर्म पनि नजान्ने, चार आर्यसत्यलाई पनि जस्ताको तस्तै नजान्ने र (४) धर्मलाई पनि चार आर्यसत्यलाई पनि जान्ने गरी चार प्रकारका व्यक्तिहरूको गुण सम्पत्ति फरक फरक हुन्छ ।

### (५) **पञ्चक निपात पालि (पाँचवटा भएको धर्मको समूह)**

यस समूहका पण्णासकलाई ५ भागमा विभाजन गरिराखेको छ । एउटा भागमा पाँचवटा वग्ग छन् । एउटा वग्गमा १० वटा सुत्त छन् । जम्मा गर्दा ३०० वटा जति सुत्तहरू छन् ।

### (क) **पठमपण्णासक (पहिलो पण्णासक)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा सेखवल वग्ग सेखको धर्मको बलको विषयमा, दोस्रो वग्गमा बलवग्ग - धर्मको बलको विषयमा, तेस्रो वग्गमा पञ्चङ्गिकवग्ग - पाँच अंग भएको धर्मको विषय, चौथौं वग्गमा सुमनवग्ग - सुमन राजकुमारीको विषय र पाँचौं वग्गमा जनमुण्ढराजवग्ग - मुण्ढराजाको विषयमा उल्लेख गरिराखेको छ ।

### (ख) **दुतियपण्णासक (दोस्रो पण्णासक)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा नीवरणवग्ग - नीवरणको विषय, दोस्रो वग्गमा सञ्ञावग्ग - मनमा उत्पन्न गर्ने विषयमा, तेस्रो वग्गमा योद्धाजीववग्ग - योद्धाहरूको विषय, चौथौं वग्गमा थेरवग्ग - थेरभिक्षुहरूको विषय र पाँचौं वग्गमा ककुधवग्ग - कोलिय क्षत्रीको छोरा ककुधको विषयमा उल्लेख गरिराखेको छ ।

### (ग) **ततियपण्णासक (तेस्रो पण्णासक)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा फासुविहार वग्ग - सुखपूर्वक बस्ने विषयमा, दोस्रो वग्गमा अन्धकविन्दवग्ग - अन्धविन्दनगरको घटनाको विषयमा, तेस्रो वग्गमा गिलानवग्ग - विरामीहरूको विषय, चौथौं

वग्गमा राजवग्ग - राजाहरूको विषय र पाँचौं वग्गमा तिकण्ढकीवग्ग - तिकण्ढकी जंगलको घटनाको विषयमा उल्लेख गरिराखेको छ ।

(घ) **चतुत्थपण्णासक** (**चौथौं पण्णासक**)

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा सधम्म वग्ग - सत्धर्मको विषयमा, दोस्रो वग्गमा आघातवग्ग - आघातको विषयमा, तेस्रो वग्गमा उपासकवग्ग - उपासकहरूको विषय, चौथौं वग्गमा अरञ्ञवग्ग - अरञ्ञको विषय र पाँचौं वग्गमा ब्राह्मणवग्ग - ब्राह्मणहरूको विषयमा उल्लेख गरिराखेको छ ।

ङ) **पञ्चमपण्णासक** (**पाँचौं पण्णासक**)

यस पण्णासक ५ वग्गमा किम्बिलवग्ग - किम्बिलको विषयमा बताइराखेको विषयमा, दोस्रो वग्गमा अक्कोसवग्ग - गालि गर्न आएको विषयमा, तेस्रो वग्गमा दीघचारिकवग्ग - टाढा टाढा जाने विषयमा, चौथौं वग्गमा अवासिकवग्ग - आवासिय भिक्षुहरूको विषय र पाँचौं वग्गमा दुच्चरितवग्ग - दुश्चरित्रको विषयमा उल्लेख गरिराखेको छ ।

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गरिएको छ ।

(क) शील भनेको शरीर, वचनलाई राम्रो पार्नु हो, समाधि भनेको मन स्थीर गर्ने हो, प्रज्ञा भनेको सत्यलाई चिन्नु, विमुक्ति भनेको मुक्त हुनु, विमुक्तिञ्ञाणदस्सन भनेको ज्ञानद्वारा मुक्त भइसक्यो भनेर थाहा पाउनु हो । यसलाई पाँच धम्मक्खन्ध भनिन्छ ।

(ख) जुन भिक्षुसँग परस्परप्रति गौरव हुँदैन, उससँग सेखहरूको धर्म, शील, राम्ररी हेर्ने, राम्ररी ध्यान गर्ने, समाधि र प्रज्ञापूर्ण गर्न सकिंदैन । जुन भिक्षुसँग गौरव हुन्छ, शरण भएको हुन्छ, ब्रह्मचारी साथीहरूप्रति उचित व्यवहार गर्न जान्ने हुन्छ, उसले मात्र उक्त धर्मको परिपूर्ण गर्नसक्छ ।

(ग) काममा प्रसन्न हुनेमा, हतोत्साहि हुनेमा, मन उकुसमुकुस भई दिक्दार भई शंकाउपशंका भई निर्णय गर्न नसक्ने हुनुमा, चित्तमा नरमता नभई काम लिन नसक्नुमा, परिशुद्ध नभएकोमा, आस्रवलाई हटाउनेमा स्थीर

नभएकोले मनलाई कलुषित हुने गर्दछ। जस्तो सुनलाई फलाम, धातु, चाँदी, सिल्भर आदिले नराम्रो बनाउँछ।

(घ) प्रव्रजित, गृहस्थ, स्त्री, पुरूषले बरोबर यस्तो विचार गर्नुपर्छ- (१) म बूढा हुने स्वभावधर्मको हुँ, बूढा हुनेबाट अलग हुन सक्दिनँ, (२) म रोगबाट ग्रसित हुनु स्वभावधर्म हो, यसबाट म अलग हुनसक्दिनँ, (३) म मर्नुपर्ने स्वभावधर्मको हुँ, यसबाट अलग हुन सक्दिनँ, (४) म प्रियजनहरूबाट अलग हुनुपर्छ, (५) मेरो आफ्नै कर्म छ, जस्तो कर्म बनाउँछु, त्यसको फल भोग गर्नैपर्छ।

(ङ) राग भएको, दुःख दिने विचार भएको, मोहित भएको, उत्पन्न गराई त्यस राग इत्यादिमा नै डुबिराख्ने भिक्षुलाई सब्रह्मचारी साथीहरूले मन पराउँदैन, ऊदेखि प्रसन्न पनि हुँदैन।

(च) आफूले आघात गरिराखेकाहरूप्रति मैत्री, करूणा, उपेक्षा गरिराख्ने, अनि उनिहरूप्रति ध्यान नदिने।

(छ) उपासकोपासिकाहरूले प्राणीहरूलाई मार्ने शस्त्र, जीवित प्राणी, मासु, अमलपदार्थ, विष आदिको व्यापार गर्नु हुँदैन।

### (६) छक्क निपात पालि (छवटा भएको धर्मको समूह)

यस निपातमा पण्णासकको हिसाबमा २ वटा पण्णासक र पण्णासकबाहिर परेको २ वटा छन्। यसमा जम्मा १०० वटा सुत्त छन्।

### (क) पठमपण्णासक (पहिलो पण्णासक)

यस पण्णासकमा ५ वग्ग छन्। पहिलो वग्गमा आहुनेय्यवग्ग - आव्हान गर्न योग्य विषयमा, दोस्रो वग्गमा सादिणियादिवग्ग - सम्झनुपर्ने धर्मको विषयमा, तेस्रो वग्गमा अनुत्तरिवग्ग - जोडा नभएको धर्मको विषय, चौथौं वग्गमा सेखपरिहानियवग्ग - शिक्षा लिइराख्नेहरूलाई हानि धर्मको विषयमा र पाँचौं वग्गमा धम्मिकवग्ग - धर्ममा बसिराख्नेहरूको विषयमा उल्लेख गरिराखेको छ।

**(ख) दुतियपण्णासक (दोस्रो पण्णासक)**

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा महावग्ग - ठूलो वर्ग विषयमा, दोस्रो वग्गमा देवतावग्ग - देवताहरूको विषमा, तेस्रो वग्गमा अरहन्तवग्ग - अर्हत्हरूको विषय, चौथौं वग्गमा सीतवग्ग - चिसो भएको विषय र पाँचौं वग्गमा आनिसंसवग्ग - आनिशंसको विषयमा उल्लेख गरिराखेको छ ।

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गर्न चाहन्छु ।

(क) जुन भिक्षु रूप, शब्द, गन्ध, रस, फस्स, उत्पन्न भएता पनि धर्मलाई जानी त्यसमा प्रसन्न पनि हुँदै, घृणा पनि गर्दैन, सति र सम्प्रजञ्ञा बढाइ बस्छ, त्यस्ता भिक्षुलाई गौरव राख्न योग्य हुन्छ, दक्षिणादान दिन योग्य हुन्छ, नमस्कार गर्न योग्य हुन्छ ।

(ख) भिक्षुहरूको एक आपसमा सम्झीराख्नुपर्ने ६ वटा धर्महरू छन् - (१) कायकर्म, (२) वचीकर्म, (३) मनोकर्मद्वारा ब्रह्मचारी साथीहरूप्रति मैत्री फैलाएर बस्नु, (४) प्राप्त भएको लाभ ब्रह्मचारी साथीहरूलाई बाँडिदिने, (५) समानशील बनाइराख्नु र (६) ब्रह्मचारी साथीहरूको विचारसँग मिलेर बस्नु ।

(ग) यी ६ वटा त्यागन नसकेसम्म अनागामीफल प्राप्त गर्न सकिँदैन- (१) श्रद्धा नभएको, (२) लज्जा नभएको, (३) पापदेखि नडराउने, (४) अलसि, (५) स्मृति नभएको र (६) प्रज्ञाहीन ।

(घ) यी ६ वटा धर्मलाई त्यागन नसकेसम्म अरहतफल प्राप्त गर्न सकिँदैन (१) निराश भएमा, (२) अलसि भएमा, (३) मन चंचल भएमा, (४) दिक्क लाग्नाले, (५) श्रद्धा नभएको, र (६) प्रमादि भएको ।

(ङ) धेरै तेज भएको, धेरै मेहनत गर्ने, धेरै होश राख्ने, धेरै संतोष नभएको (कुशलधर्ममा) कुशलधर्मको कार्य नछोड्ने, मेहेनतको कार्य जारीराख्ने भिक्षुले कम समयमा नै ठूलो धर्मलाई प्राप्त गर्न सक्दछ ।

### (७) सत्तक निपात पालि (सातवटा भएको धर्मको समूह)

यस निपातमा पण्णासकको हिसाबमा १ वटा पण्णासक र पण्णासकबाहिर परेको १ वटा छ । पण्णासकमा ५० वटा सुत्त छन् । यसमा जम्मा ८० वटा सुत्त छन् ।

### पण्णासक (५० वटा सुत्त भएको पण्णासक)

यस पण्णासकमा ५ वग्ग छन् । पहिलो वग्गमा धनवग्ग - धनको विषयमा, दोस्रो वग्गमा अनुसयवग्ग - अनुसयको विषयमा, तेस्रो वग्गमा वज्जीवग्ग - वज्जीजनपदको घटनाको विषय, चौथौं वग्गमा देवतावग्ग - देवताहरूको विषय र पाँचौं वग्गमा महायज्ञवग्ग - ठूल्ठूला यज्ञहोम गरी पूजा गर्ने विषयमा उल्लेख गरिराखेको छ ।

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गरिएको छ ।

(क) लाभको इच्छा गर्ने, सत्कार गराई मान्न लगाउने इच्छा गर्ने, अरूले हेला नगराउने इच्छा गर्ने, लज्जा नभएको, पापदेखि नडराउने, अयोग्य इच्छा गर्ने, गल्तीगरी हेरिराख्ने, यी सात प्रकारका धर्म भएको भिक्षुलाई कसैले पनि मन पराउँदैन, सब्रह्मचारीहरूले उसलाई गौरव राखी प्रशंसा गर्दैन ।

(ख) सात प्रकारका व्यक्तिहरूलाई वन्दना गर्नुपर्छ- (१) सबै संसार नित्य होइन भनेर देखी आस्रव नभएको दुईवटा विमुत्ति प्राप्त गरिराख्नेहरू, (२) सबै संसार अनित्य हो भनी देखि आस्रव पनि सकि आयु पनि सकिएको, (३) सबै संसार अनित्य हो भनी देखी अन्तरापरिनिबायी अनागामीहरू हो, (४) उपहच्चपरिनिब्बायी, (५) असंखारपरिनिब्बायी, (६) ससंखारपरिनिब्बायी र (७) उद्धंसोतो अकनिट्ठगामी ।

(ग) घाँसको टुप्पोमा रहेको पानीको शीतझैं, पानी पर्दा देखापर्ने पानीको फोकाजस्तै, पानीमा लट्ठिले धर्का तान्नेजस्तै, तातो फलाममा मासुको एक टुक्रा फ्याँकेजस्तै मानिसहरूको आयु साह्रै छोटो छ र मृत्युको नजिक पुगिरहेको हुन्छ ।

## ८) अट्ठक निपात पालि (आठवटा भएको धर्मको समूह)

यस पण्णासकमा पाँच वग्ग छन्, एक वग्गमा १० वटा सुत्त छन् । पहिलो मेत्तावग्ग, मैत्रीको विषयमा हो । दोस्रो महावग्ग, ठूलो विषयमा हो । तेस्रो गहपतिवग्ग, गृहपतिहरूको विषय हो । चौथौं दानवग्ग, त्याग गर्ने विषयमा हो । पाँचौं उपोसथवग्ग, उपोसथशील पालन गर्ने विषयमा हो ।

## पण्णासक (५० वटा सुत्त भएको अध्याय)

(क) मैत्रीको ८ वटा आनिशंस हुन्छन् । ती हुन् (१) सुते पनि सुख हुन्छ, (२) उठे पनि सुख हुन्छ, (३) डरलाग्दो सपना देख्दैन, (४) मनुष्यहरूको प्रिय हुन्छ, (५) अमनुष्यहरूको पनि प्रिय हुन्छ, (६) देवताहरूले पनि रक्षा गर्छ, (७) आगो, विष, शस्त्रले पनि हानि गर्न सक्दैन, (८) माथिमाथिको धर्मलाई प्राप्त गर्न नसकेतापनि ब्रह्मलोकसम्म भएपनि पुग्न सकिन्छ ।

(ख) यी ८ प्रकारका लोकधर्महरू हुन् - लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख, दुःख ।

(ग) बच्चाहरूको बल रूने हो, स्त्रीहरूको बल रिसाउने हो, चोरहरूको बल हतियार हो, राजाको बल ऐश्वर्यबल हो, मूर्खहरूको बल अर्काको दोष खोज्ने हो, पण्डितहरूको बल आफ्नो दोषलाई खोज्नु हो, बहुश्रुतहरूको बल विचार गर्ने हो, समण ब्राह्मणहरूको बल खन्ति (सहनु) हो । यी आठ बलहरू हुन् ।

(घ) ब्रह्मचर्यको आचरण गर्नलाई अनुकूल नभएको ८ वटा अवस्थाको विषय यस प्रकारका छन् - (१) नरकमा परिराख्यो भने, (२) तिरच्छान भएर गयो भने, (३) प्रेत भइराख्यो भने, (४) आयु लामो भएको देवता भइराख्यो भने, (५) सिमानाको नजिक भएको जनपदमा जन्म लियो भने, (६) ज्ञान नभएको मिलक्ख व्याधा भयो भने, (७) मध्यप्रदेशमा जन्म भएतापनि गलत धारणा भएको भएमा, (८) मध्यप्रदेशमा जन्म भएतापनि प्रज्ञा हीन भइराखेको अवस्थामा ।

(ङ) आर्यहरूले आठ प्रकारले बोल्ने गर्दछन् । ती हुन् - (१)

नदेखेकोलाई, उसले देखेको छैन भन्छ, (२) नसुनेकोलाई, सुनेको छैन भन्छ। (३) थाहा नपाएकोलाई, थाहा पाएको छैन भन्छ, (४) होश नभएकोलाई होश भएको भन्दैन, (५) देखेर, देखेको छु भन्छ, (६) सुनेर, सुनेको छु भन्छ, (७) थाहापाएर, थाहा पाएको छु भन्छ र (८) होस भएर, होस भएको छु भन्छ।

## (९) **नवक निपात पालि (नौ वटा भएको धर्मको समूह)**

यस नवक निपातमा पनि पाँचवटा वग्ग छन्। पहिलो सम्पबोधवग्ग, ज्ञान प्राप्त गर्ने विषय हो। दोस्रो सीहनादवग्ग, सिंहनाद गर्नुभएको विषय हो। तेस्रो सत्तावासवग्ग, सत्वहरू बस्ने ठाउँको विषय हो। चौथौं महावग्ग, ठूलो विषय हो। पाँचौं पञ्चालवग्ग, पञ्चालचण्ड देवपुत्रको विषय हो।

### **पण्णासक (५० वटा सुत्त भएको अध्याय)**

(क) अरहत्हरूले नौवटा कार्य गर्दैनन् - मार्छु भनेर मार्ने, चोर्ने, कामेसुमिच्छार कार्य गर्ने, जानीजानी झूठो कुरा गर्ने, गृहस्थावस्थामा झैं जम्मा पार्ने, जानीजानी ४ अगतिको बशमा जानु, त्यसो भनेको मन परेको कारणले पक्षपात गर्नु, मन नपरेको कारणले पक्षपात गर्नु, नजानेको कारणले पक्षपात गर्नु, डरको कारणले पक्षपात गर्नु हो। बुद्धलाई स्वीकार नगर्नु, धर्मलाई स्वीकार नगर्नु, संघलाई स्वीकार नगर्नु।

(ख) नौ प्रकारका व्यवहार भएका व्यक्तिको कूलमा भित्र जानु हुँदैन। ती हुन् - (१) स्वागत नगर्ने ठाउँमा, (२) प्रसन्नपूर्वक आसन नराख्ने ठाउँमा, (३) भएको वस्तु पनि लुकाउने ठाउँमा, (४) धेरै भएर पनि थोरै दिने ठाउँमा, (५) प्रणीतको भएर पनि नराम्रो दिने ठाउँमा, (६) अगौरवपूर्वक दिने ठाउँमा, (७) अभिमान नगर्ने ठाउँमा, (८) अगाडि गई उपदेश नसुन्ने ठाउँमा र (९) भिक्षुहरूको कुरा सुन्नमा प्रसन्न नहुने।

(ग) तृष्णा मूल भएर उत्पन्न हुने नौ धर्म छन्। ती हुन् - तृष्णाको कारणले खोज्न जाने, खोज्न गएको कारणले प्राप्त हुन्छ, यहि क्रमले क्रमशः निर्णय गर्ने हो। मन परेकोले तृष्णा उत्पन्न हुन्छ, अनि त्यसैमा नै टाँसिने हुन्छ।

(घ) अर्हत्व फल प्राप्त गर्नको लागि तलका नौ वटा वस्तुहरूमाथि विजय प्राप्त गर्नुपर्ने हुन्छ । ती हुन् - अविद्या, रीस, लोभ, वासना, द्वेष, मात्सर्य (ईर्ष्या), ईख, कृतघ्नता ।

## (१०) **दशक निपात पालि (दशवटा भएको धर्मको समूह)**

### **पठमपण्णासक** (**पहिलो पण्णासक**)

यस पण्णासकमा ५ वग्ग छन् । एक वग्गमा १० सुत्त छन् । पहिलो आनिशंसवग्ग, यसमा राम्रो फल प्राप्त हुने विषयमा बताइराखेको छ । दोस्रो अनाथवग्ग, शरण लिनुपर्ने धर्मको विषयमा । तेस्रो महावग्ग, ठूलो विषय । चौथौं उपालिवग्ग, उपालिको विषयमा र पाँचौं अक्कोसवग्ग, गालि गर्ने विषय छन् ।

### **दुतियपण्णासक** (**दोस्रो पण्णासक**)

यस पण्णासकमा पनि ५ वग्ग छन् । पहिलो सचितवग्ग, आफ्नै चित्तको विषयमा, दोस्रो यमकवग्ग - जोर जोर भएको धर्मको विषयमा, तस्रो आकङ्खवग्ग - इच्छा गर्ने विषय, चौथौं थेरवग्ग - विविध थेरहरूको विषयमा र पाँचौं उपासकवग्ग - उपासकहरूको विषय छन् ।

### **ततियपण्णासक** (**तेस्रो पण्णासक**)

यस पण्णासकमा पनि ५ वग्ग छन् । पहिलो समणसञ्ञावग्ग - यसमा समणको विषयमा, दोस्रो पच्चोरोहणिवग्ग - पापबाट अलग हुने विषयमा, तेस्रो पारिसुद्धिवग्ग - परिशुद्धताको विषय, चौथौं साधुवग्ग - राम्रो विषयमा र पाँचौं अरियवग्ग - अरियमग्गका विषय छन् ।

### **चतुत्थपण्णासक** (**चौथौं पण्णासक**)

यस पण्णासकमा पनि ५ वग्ग छन् । पहिलो पुग्गलवग्ग, यसमा पुद्गलहरूको विषयमा, दोस्रो जानुस्सोणिवग्ग - जानुस्सोणिब्राह्मणको विषयमा, तेस्रो सुन्दरवग्ग - राम्रो विषयमा, चौथौं सेट्ठवग्ग - उत्तम विषयमा र पाँचौं सेवितब्बा सेवितब्बवग्ग - संगत गर्न योग्य व्यक्तिहरू र संगत गर्न अयोग्य व्यक्तिहरूको विषय छन् ।

**पञ्चकपण्णासक (पाँचौं पण्णासक)**

(यसमा नाम उल्लेख नभएको विशेष वग्ग रहेको छ । जुन एउटै गरी संग्रह गरिराखेको छ । )

यसमध्ये केही सुत्तहरू यहाँ उल्लेख गरिएको छ ।

(क) कुशल हुने शीलको आनिशंस १० प्रकारका छन् । ती हुन् (१) दुःख हुँदैन, (२) मन हलुँगो हुन्छ, (३) मनमा आनन्द हुन्छ, (४) मन शान्त हुन्छ, (५) सुख हुन्छ, (६) समाधि हुन्छ, (७) यथाभूतञाणदस्सन प्राप्त हुन्छ, (८) निब्बिदा प्राप्त हुन्छ, (९) विराग प्राप्त हुन्छ र (१०) विमुत्तिञाणदस्सन प्राप्त हुन्छ ।

(ख) प्रव्रजितहरूले निम्न १० प्रकारको विचार गर्नुपर्छ - (१) अब मेरो भेष गृहस्थहरूको भेषसँग फरक भइसक्यो, (२) अब मेरो जीवन अर्काको आधारमा भयो, (३) अर्को राम्रो आचरण हुनुपर्ने बाँकी छ भन्ने विचार, (४) अब म मेरो शीललाई निन्दा गर्न योग्य छ वा छैन भन्ने विचार, (५) मेरो शीलको कारणले मलाई जान्ने बुझ्नेहरूले निन्दा गर्ने ठाउँ छ वा छैन भन्ने विचार, (६) म मनपर्नेहरूसँग छुट्टिनुपर्छ कि भन्ने विचार, (७) मैले राम्रो वा नराम्रो कर्म बनाए पनि त्यसको फल मैले नै भोग गर्नुपर्ने विचार, (८) दिनरात बितिराखेको छ, मैले के गरिराखेको छु भन्ने विचार, (९) म खालि घरमा बस्न मनपराउँछु कि मनपराउँदिन भन्ने विचार र (१०) मैले मनुष्यधर्मबाट माथिको धर्म प्राप्त गरिसकें कि सकिनँ भन्ने विचार ।

(ग) आर्यश्रावकहरूले उत्तम हुने गरी बृद्धि गर्नुपर्ने १० वटा बन्धनहरू हुन्- (१) खेतबारी (२) धन, (३) श्रीमती, छोरा (४) दास र ज्यामी, (५) चार खुट्टा टेक्ने सत्वहरू, (६) श्रद्धा, (७) शील, (८) बहुश्रुत हुनु, (९) त्याग र (१०) प्रज्ञा ।

(घ) अर्हत् भइसकेकाले निम्न १० वटा धर्महरू पूर्ण गरेका हुन्छन् - (१) सम्यक् दृष्टि, (२) सम्यक् विचार (३) सम्यक् वचन (४) सम्यक् कर्मान्त, (५) सम्यक् वायाम, (६) सम्यक् आजीविका, (७) सम्यक् सति (८) सम्यक् समाधि, (९) सम्यक् ज्ञान र (१०) सम्यक् विमुत्तिः (Liberation)

(११) **एकादशक निपात पालि (एघारवटा भएको धर्मको समूह)**

यसमा ५० वटा सुत्त भएको अध्याय छैन। पहिलो वग्ग निस्सयवग्ग, यसमा आश्रय लिने विषय रहेको छ। दोस्रो वग्गको नाम दिएको छैन, त्यसपछि ५० वटा सुत्त भएको अध्यायको अतिरिक्त विषय हो।

(क) दुःख नहुने, रमाइलो हुने, मन प्रफुल्लित हुने, शान्त हुने, सुख हुने, समाधि, सत्यलाई चिन्नु, नरमाइलो हुने, राग कम भएर जानु, ज्ञानद्वारा मुक्त भयो भन्ने थाहा भएको, यी १० वटा शीलको आनिशंस हुन्।

(ख) श्रद्धा, वीर्य, समाधि, स्मृति, प्रज्ञा, यी पाँच विहार धर्महरू हुन्। बुद्धगुण, धर्मगुण, संघगुण, शील, त्याग, देवता (त्यसो भनेको देवता हुनको लागि चाहिने गुण धर्म हो), यी ६ वटा गुणहरूलाई बृद्धि गर्दै लैजानुपर्दछ।

(ग) शीलवान हुनु, बहुश्रुत हुनु, राम्रोको संगत गर्नु, सिकाउन सजिलो हुनु, ब्रह्मचारी साथीहरूको काममा सहयोग गर्नु, धर्मलाई मनपराउनु, उद्योग गर्नु, पहिलाको जन्मको कुरा थाहा पाउनु, दिव्यचक्षु प्राप्त गर्नु, आस्रव नभएको चेतोविमुत्ति र पञ्ञाविमुत्ति हुनु। यी प्रव्रजित हुन आउनेहरूको ११ प्रकारका सद्धापदानहरू हुन्।

## परिच्छेद - ८

# खुद्दकनिकाय

यस खुद्दक-निकायमा दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय र अंगुत्तरनिकायको शीर्षकमा उल्लेख नभएको यताउताको धर्महरू संग्रह गरिराखेको धर्महरू रहेका छन् । खुद्दकको साधारण अर्थ 'सानो' हो । यसमा सानो सानो शीर्षक भएको १५ वटा शीर्षकहरू रहेका छन् ।

(१) **खुद्दकपाठ**

यताउताको विषयमा संग्रह गरिराखेको ग्रन्थ हो - खुद्दकपाठ । यसलाई ६ भागमा विभाजन गरिराखेको छ । ती हुन्-

(क) **सरणागमन**, यसमा बुद्ध, धर्म र संघको तीनपटकसम्म शरणमा जानु हो ।

(ख) **दससिक्खापद**, दश प्रकारका अकुशल कम्मपदबाट अलग हुनु हो । प्राणीहिंसा गर्ने, चोर्ने, असत्य कुरा गर्ने, अमलपदार्थ सेवन गर्ने, विकाल भोजन गर्ने, बाजा बजाउने, गीत गाउने, सुगन्धित फूलको माला लगाउने, अग्लो खातमा सुत्ने, सुन-चाँदी स्वीकार गर्ने आदि १० अकुशल कम्मपद हुन् ।

**(ग) ३२ प्रकारका आकार ।**

**(घ) श्रामणेरको प्रश्न हो -**

(१) एकवटा भनेको के हो ? - सत्वहरू जीवित भइराख्न सक्नु नै आहारको कारणले हो ।

(२) दुईवटा भनेको के हो ? - नाम र रूप ।

(३) तीनवटा भनेको के हो ? - तीन प्रकारका वेदना ।

(४) चारवटा भनेको के हो ? - चारआर्यसत्य हो ।

(५) पाँचवटा भनेको के हो ? - पाँच प्रकारका उपादान स्कन्ध हो ।

(६) छवटा भनेको के हो ? - ६ आयतन ।

(७) सातवटा भनेको के हो ? - सप्तबोध्यङ्ग ।

(८) आठवटा भनेको के हो ? - आर्यअष्टाङ्गिकमार्ग ।

(९) नौवटा भनेको के हो ? - नौ सत्तावास हो ।

(१०)दशवटा भनेको के हो ? - दश प्रकारका अकुशल कम्मपद हो ।

(ङ) **मंगलसुत्त**, केलाई भनिन्छ ? भन्ने देवताहरूको प्रश्नको उत्तर दिदैं भगवान् बुद्धले मङ्गल गर्नको लागि आचरण गर्नुपर्ने ३८ प्रकारका विषयमा उत्तर दिनुभएको कुराको वर्णन यसमा पाइन्छ ।

(च) **रत्न सुत्त**, बुद्ध धर्म र संघको गुण वर्णन गरी त्यसको सत्यको आनुभावले स्वस्ति मङ्गलको इच्छा गर्नु हो ।

(छ) **तिरोकुद्दकाण्ड**, यस सुत्तमा मरण भइगएकाहरूलाई पुण्य छाडीदिने विषयमा उल्लेख गरिराखेको छ ।

(ज) **निधिकाण्ड**, गाडिराखेको धन स्थीर नहुने विषयमा यसमा वर्णन गरिराखेको छ ।

(झ) **करणीयमेत्त सुत्त**, यसमा सबै सत्वहरूलाई सुख होस् भन्ने मैत्री फैलाईराखेको छ ।

## (२) **धम्मपद**

'धम्मपद' सुत्तपिटकको खुद्दकनिकायको दोस्रो ग्रन्थ हो । धम्मको पद, वाक्य, गाथा, उपदेशअनुसार 'धम्मपद' शब्द सार्थक देखिन्छ । 'धम्मपद' मा उल्लेख भइराखेको छ - पृथ्वी जित्नेभन्दा निर्वाणको मार्गमा गइराखेको शैक्षले, जान्ने र बुझ्ने मालीले राम्रा राम्रा फूलहरू छानेर लिने झैं बुद्धले राम्ररी देशना गरिराखेको 'धम्मपद' छानेर लिन्छ । (धम्मपद पृ. ३९)

नैतिकअनुसार धम्मपदको उपदेश अति उत्तम, श्रेष्ठ छन् । अनि मानव जीवनको अनुभूतिले राम्ररी आफ्नो भनी अपनाउन सक्ने उपमाले गर्दा प्रसादगुणले पनि अति नै राम्रा छन् । अतः बुद्धको उपदेशमा 'धम्मपद' अति नै राम्रो, यस जीवनलाई अति आवश्यक र निर्वाणमा पुग्न सहयोगी हुनसक्छ । पालि 'धम्मपद' मा २६ वटा वर्ग र ४२३ वटा गाथाहरू छन् ।

धम्मपदको संझायनाको परम्परा बुद्धको समयदेखि हालसम्म चलिराखेको छ। थेरवादी बौद्ध देशहरूमा धर्म देशनाको क्रममा उपमाअनुसार बीचमा प्रमाणको रूपमा, उदानको रूपमा, संवेगको रूपमा धम्मपदको गाथा पढी अर्थ प्रष्ट्याउने गरिन्छ। धम्मपदको माथिदेखि तलसम्म दिनहुँ २/४ वटा गाथाहरू संझायना गरेमा हामीलाई मानसिक शान्ति दिन्छ। यसले हाम्रो चारित्रिक विकासमा सहयोग गर्दछ।

(३) **उदान**

अट्ठकथाचार्यहरूले उदानलाई आठ वर्ग गरी देखाइराखेको छ। सुत्तको हिसाबले ८० वटा सुत्तहरू छन्। गाथाको हिसाबले ९५ वटा पदहरू छन्। यस उदानको महत्वपूर्ण कुरा के हो भने कुनै कारण उत्पन्न भयो कि भगवान् बुद्धले त्यहि कारणलाई लिई धर्मको सार कुरा प्रकट गर्नुहन्थ्यो। उदानमा ८ वर्ग रहेकोमा प्रत्येक वर्गमा १०/१० वटा सुत्तहरू रहेका हुन्छन्।

(४) **इतिवुत्तक**

'इतिवुत्तक' त्रिपिटकअन्तर्गत सुत्तपिटकको खुद्दक-निपातको चौथौं ग्रन्थ हो। 'इतिवुत्तक' को अर्थ हो 'यसो भनिराखेको' अर्थात् 'भगवान्ले यसो बताइराख्नुभएको'। यस ग्रन्थमा जम्मा ४ वटा निपातमा विभक्त गरिराखेको छ। पहिलो निपातमा २७ वटा सुत्तहरू छन्। दोस्रो निपातमा २२ वटा, तेस्रो निपातमा ५० वटा र चौथौं निपातमा १३ वटा सुत्तहरू छन्। अंगुत्तर निकायमा जस्तै एक एक स्वभाव धर्मसँग सम्बन्धित सबै एउटै निपातमा संग्रहित गरिएका छन्। यस्तै गरी संख्या फरक फरक भएअनुसार क्रमशः दोस्रो, तेस्रो र चौथौं निपातमा विभक्त गरिराखेको छ। यसप्रकारले यस ग्रन्थमा जम्मा १२२ वटा सुत्तहरू छन्।

(५) **सुत्तनिपात**

'सुत्तनिपात' खुद्दक निकाय अन्तर्गत पन्ध्रवटा ग्रन्थहरूमध्ये एक हो। यसमा ५ वर्ग र ७२ वटा सुत्तहरू छन्।

तथागतको अमृत उपदेश जसरी भएपनि मनुष्यहरूकहाँ उच्चस्तरमा पुऱ्याउने र परमशान्ति प्रदान गर्ने हो । साथै हामीले यस सुत्तमा केही विशेषता पनि पाउन सक्छौं । यसमा एकापट्टि निर्वाण प्राप्त गर्न तत्पर एकान्तवासी भिक्षुको निम्ति खग्ग विसाण, धम्मचरिय, सम्मा परिबवाजनिय, धम्मिक, सारिपुत्र जस्ता सुत्तोपदेश रहेको छ भने, अर्को ठाउँमा संसारमा रहेका गृहस्थहरूको निम्ति पराभव, मङ्गल, हिरी, धम्मिक इत्यादि उपदेशहरू छन् ।

पवज्जा, प्रधान, नालक तथा अत्तदण्ड सुत्तले जन्मदेखि लिइ सम्बोधि प्राप्तिसम्म भगवान्को अनुपम जीवनीको महत्वपूर्ण घटनाहरू धेरै प्रकाश गरिराखेको छ ।

वसल तथा वासेट्ठ सुत्तमा जाति भेद र सुन्दरिक भारद्वाज आदि सुत्तमा यज्ञ होमको विषयमा भगवान्को विचार स्पष्ट गरिराखेको छ । ब्राह्मण धम्मिक सुत्तमा त्यस समयमा तथा त्यो भन्दापनि पहिलाका ब्राह्मणहरूका विभिन्न चित्र पाउन सकिन्छ ।

'सुत्तनिपात' मा हामीलाई भगवान् बुद्धको धर्म तथा दर्शनमा प्रचुर सामाग्री प्राप्त गर्न सकिन्छ । यसप्रकारले धर्मदर्शन तथा इतिहासको दृष्टिले पनि सुत्तनिपात अत्यन्त महत्वपूर्ण ग्रन्थ हो ।

### (६) **विमानवत्थु**

'विमानवत्थु' को आशय हो विमान अथवा देवभूमिहरूको प्रकरण । यस ग्रन्थमा २ भाग छन् । (१) इत्थिविमान तथा (२) पुरिसविमान । पहिलो भागमा स्त्री र दोस्रो भागमा पुरूषहरूको देवभूमिको वर्णन ।

'विमानवत्थु' मा ८४ देवभूमिहरूको वर्णन गरिराखेको पाइन्छ, यसमा ७ वटा वर्गमा विभाजित भएको छ । यसमध्ये ५० वटा इत्थिविमान र ३५ वटा पुरिसविमान अन्तर्गत पर्दछ । यी सबैमा फलाना देवताले अथवा देवद्वारा आफ्नो मनुष्य जीवनमा जुन पुण्यकर्म गरिराखेको छ, जसले परिणामस्वरूप उसलाई देवभूमि प्राप्त भयो ।

देवभूमिहरूको नाम, आकारहरू र केही आमोद प्रमोदलाई त्यागी ती सबैको वर्णन शैली र मूल भावना लगभग उस्तै देखिन्छ ।

मनुष्य जीवनमा सम्पादित पुण्य कर्महरूको केहि उदाहरण यस प्रकारका छन् -

- अतिथिहरूलाई आसन दिने, उनीहरूलाई हात जोडी अभिवादन गर्ने र योग्य दान दिने ।

- भिक्षाटनमा जाँदा भिक्षुलाई खीर, रोटी, काँक्रो, एक मुट्ठी तरकारी अथवा छाता, जुत्ता, पंखा इत्यादि दिने ।

- विपन्न भएपनि वृद्ध आमा-बाबुहरूलाई भरण पोषण गर्ने ।

- विहारमा वृक्षारोपण र अति गर्मि हुने बेलामा रूखविरूवामा पानी दिने ।

- प्रसन्न चित्तले आफ्नो हातले भगवान्‌को स्तूपमा माल्यार्पण गर्ने ।

- विद्या र आचरणले सम्पन्न, तृष्णाक्षय प्राप्त, बहुश्रुत, यशश्वी, शीलवान श्रमणहरूलाई देख्नेवित्तिकै प्रसन्न चित्तले सत्कारपूर्वक जलपान गराउने र सक्दो दान दिने ।

शील सदाचारको जीवन व्यतीत गर्न र उक्त प्रकारले दान दिनाले पनि देवभूमिहरू प्राप्त हुने देखाइराखेको छ, अर्थात् प्राणीहिंसाबाट विरत हुने, नदिएको वस्तु ग्रहण नगर्ने, बेहोश हुने जाँड, रक्सी आदि मादक पदार्थ सेवन नगर्ने, भूठ कुरा नगर्ने, पति पत्नी बीचको परस्पर सम्बन्धमा सन्तुष्ट हुने र प्रसन्न चित्तले सत्कार पूर्वक जलपान गराउने र धेरै दान दिने ।

यसरी नै प्रमुदित मनले उपोसथ व्रतमा बस्ने, अर्हत्‌हरूलाई सम्मान गर्ने, संघलाई उद्देश्य राखी दान दिने, इत्यादिले पनि देवयोनि प्राप्त हुने देखाइराखेको छ ।

'विमानवत्थु' मा एक यस्ता देवता पनि छ, जसको धारण छ कि देवभूमि विषेश प्राप्त गरेर पनि मेरो पुण्यकर्म पूर्णरूपले परिपक्व भएको छैन, फेरि उसको आशा छ कि संभवतः म 'सकृदागामिनी' हुनेछु ।

(७) **पेतवत्थु**

सुत्तपिटकअन्तर्गत खुद्दक निकायको सातौं ग्रन्थमाला पेतवत्थु हो । यसमा जम्मा ५१ जना व्यक्तिहरूको कुराहरू समावेश भएको छ । यसमा आइराखेको कुरालाई ४ भागमा विभाजन गर्न सकिन्छ - (क) मरेर गइसकेकालाई सम्झि शोकाकुल भइराखेकालाई शोकबाट मुक्त गराइदिनु, (ख) नर्कमा जन्म भएको, (ग) विमानक र विमानिका प्रेत, (घ) खाने, बस्ने र लाउने नभई महादुःखकष्टपूर्वकले जीवन व्यतित गरिरहेका प्रेत । प्रेत दुई थरिका हुन्छन् - परदत्तूपजीवि प्रेत र कर्मानुसारको आफ्नो मासु आफैंले खानुपर्ने, घिनलाग्दो सिंगान, रगत, खकार र दिसा आदि खाई जीवन व्यतित गर्ने प्रेतहरू । 'परदत्तूपजीवी' प्रेतका आफन्तहरूले वा साथीहरूले सम्झेर आएको उपलक्ष्य लिई दानादि धर्म गरेपछि मात्र ती प्रेतहरूलाई खाने, लाउने र पिउने आदि प्राप्त हुनेहुन्छ । त्यसरी तिनीहरूको (प्रेतको) उद्देश्य लिई दानादि धर्म नगरेसम्म खाने, लाउने, पिउनेबाट वञ्चित भइराख्ने हुन्छ । जसरी कि तिरोकुट्ट प्रेतको कुरामा फुस्स बुद्धको पालामा दानादि धर्म गरिराखेको ठाउँमा ईर्ष्या गर्नेहरूले दान वस्तुहरू चोरी लिने पापकर्म गरेर आएकोले नर्कमा दुःख भोग गरिसकेपछि कस्सप बुद्धको पालामा ती प्रेत भइ जन्म लियो । त्यस समयमा प्रेत भइ जन्म लिनेहरू अरू प्रेतहरूको नामबाट दान दिने बेलामा उनीहरूले पाउने गर्छन् । तर नर्कबाट मुक्त भई प्रेत हुनेहरूलाई भने केहि नहुने भएकोले कस्सप बुद्धकहाँ गई ती प्रेतहरूले सोध्यो - "भन्ते ! हामीहरूलाई पनि यसरी सम्पत्ति लाभ कहिले हुन्छ ?" कस्सप बुद्धले भन्नुभयो - अब तिमीहरूलाई हुनेछैन । अनागतमा गोतम बुद्धको पालामा तिमीहरूको आफन्त राजा बिम्बिसारले उहाँ बुद्धलाई तिमीहरूको उद्देश्य लिई दान दिएपछि मात्र लाभ हुन्छ । कस्सप बुद्धको पालादेखि गौतम बुद्धको अगाडिसम्म खान नपाई, पिउन नपाई र लाउन नपाई बस्नुपर्‍यो । कस्सप बुद्धको पालादेखि गौतम बुद्धको पालासम्म ९२ कल्प बितेर गयो । त्यतिसम्म पापकर्मको फल भोग गर्नुपर्ने कम आश्चर्यको कुरा होइन ।

## (८) थेरगाथा

सुत्तपिटक अन्तर्गत खुद्दक निकायको आठौं ग्रन्थमाला थेरगाथा हो । यसमा जम्मा २६४ बुद्ध प्रमुख महास्थविर भन्तेहरूको गाथाहरू छ । किम्बिल र पारापरिय भन्तेहरूको गाथाहरू कारणवश दुई ठाउँमा छन् । त्यसैले २६२ जनाको यसमा गाथाहरू संकलन भइराखेको छ । हामीहरूले यो सोच्नुहुँदैन कि बुद्ध प्रमुख भगवान्का शिष्यहरू अर्हत् हुनुभएका जम्मा २६२ जना मात्र छन् । २०,००० भन्तेहरू धर्मचक्र प्रवर्तनपछि राजगृहबाट पहिले कपिलबस्तुमा जानुभएको बेलामा अर्हत् भइसकेका थिए । लाखौंलाख अर्हत् भन्तेहरू मध्येमा २६२ जना भन्तेहरूबाट सुख, शान्ति र आनन्दको रसपान गर्दै भित्री मनको कुरा मुखबाट शब्दको रूपमा निकाली सहर्षपूर्वक प्रकट गरेका शब्दहरूको संकलन थेरगाथाभित्र समेटिएका छन् ।

पहिलो निपातमा सूभूति भन्तेदेखि इसिदत्त भन्तेका गाथासम्म एक एकवटा गरी आइराखेको छ । दोस्रो निपातमा उत्तर भन्तेदेखि सन्धित भन्तेको गाथा सम्म दुई दुईवटा गरिआइराखेको छ। तेस्रो निपातमा अङ्गणिक भन्तेदेखि विमल भन्तेको गाथाहरू तीन तीनवटा गरी आइराखेको छ। यसरी नै क्रमशः सोह्रवटासम्म, सोह्र-सोह्रवटा गरी गाथाहरू आइराखेको छ। बीसौं निपातमा ३२ वटादेखि ३६ वटा गाथा, चालिसौं निपातमा ४० वटा गाथा, पचासौं निपातमा ५५ वटा गाथा, साठीऔं निपातमा ६९ वटा गाथाहरू छन् । महानिपातमा ७१ वटा गाथाहरू छन् । लाखौं भन्तेहरूमध्ये ४१ जना भन्तेहरूको भगवान्बाट 'एतदग्ग पद लाभीहरू हो' दारूचीरिय भन्ते र सागत भन्ते दुईजनालाई छाडी ३९ जना 'एतदग्ग' लाभी भन्तेहरूको गाथा पनि यसमै समावेश छन् ।

## (९) थेरीगाथा

"थेरीगाथा" ग्रन्थ बुद्धवचन संग्रहित त्रिपिटकको तेस्रो पिटकमध्ये सुत्तपिटकअन्तर्गत अपदान ग्रन्थको पछिल्लो भाग हो । यसमा बुद्धकालका थेरी अर्थात् स्थविरका - उमेरले काम नलाग्ने भइसकेका, ज्ञानले परिपक्व भइसकेका, दिव्यचक्षु छर्लंग भएका क्लेश, राग नभएका, भगवान् बुद्धको

संगतले अर्थ, धर्म, निरूक्ति र प्रतिभाणमा ज्ञानले पूर्णहरू, तृष्णाको बन्धन चुँडालिसकेका, आश्रव निर्मूल पारीसकेका, तीन विद्या, चार प्रतिसम्भिदा, आठ विमोक्ष र छ अभिज्ञा प्राप्त गरी बुद्धको शासन पूरा गरिसकेका, ऋद्धिमती भिक्षुणीहरू आत्मकथालाई पहिला पहिलाका आचार्यहरूले पद्यमय किसिमले सम्पादन गरीराखेको हो ।

विभिन्न विभाजनअनुसार हेर्दा थेरीगाथा ग्रन्थमा सुमेधा, एकूपोसथिक, कुण्डलकेसा, खत्तिया गरी जम्मा ४ वर्ग छन् । प्रत्येक वर्गमा १०-१० कथा गरी जम्मा ४० वटा अपदानहरू छन् । यसमा सबभन्दा छोटो १/३ मण्डपदायिकाथेरी अपदानमा पाँचवटा मात्र गाथा भए सबभन्दा लामो २/७ महाप्रजापति गौतमी थेरी अपदानमा ११२ वटा गाथाहरू छन् । कुनै अपदानमा मूलपात्र र सम्बन्धित पात्रहरूले बोलेका बाहेक आचार्यहरूले समावेश गरिराखेका गाथाहरू पनि छन् । यस ग्रन्थमा जम्मा १,३४७ वटा गाथाहरू छन् । उदान गाथाहरू समेत गर्दा १,३७५ वटा गाथाहरू छन् ।

## (१०) जातकपालि

खुद्दक-निकायको दशौं पालि ग्रन्थअनुसार "जातकपालि" हो । यसमा दुई भाग छन् - (क) पहिलो भाग र (ख) दोस्रो भाग । पहिलो भाग एकक निपातदेखि शुरू भएर तिंस निपातसम्म छन् । ती सबै "जातकपालि" गाथाको रूपमा अथवा श्लोकको रूपमा छ ।

"जातक" खुद्दकनिकाय १५ औं ग्रन्थमा परेको पालि ग्रन्थ जस्तै नवांग बुद्ध-शासनभित्र (७) नवौं अंगमा समावेश ग्रन्थ पनि हो । त्यसैले जातकको आफ्नो महत्व र अस्तित्व पनि छ । "जातक" कथाहरू सबै सामान्य हिसाबले ५५० वटा छन् भनिन्छ । तर सालाखाला ५४७ वटा भएको विद्वानहरूको परम्परा छ । चरियापिटकमा उल्लेख भइराखेको जति पनि चरियाहरू जातकअनुसार पनि उल्लेख भइराखेको छ । चरियापिटक खुद्दकनिकाय १५ औं ग्रन्थको अन्तिम ग्रन्थ हो । यसमा जम्मा ३५ वटा चरियाहरू छन् । त्यसमध्ये महागोविन्द चरिया एउटा मात्र जातकमा देखिंदैन । अर्को ३४ वटा चरियाहरू जातक अनुसार पनि रहिआएको छ ।

जातकमा उल्लेख भए अनुसार निपातहरू एककदेखि तेरसक निपातसम्म क्रमशः १४ औं चुद्दसक निपातलाई "पकिण्णक निपात" भनेर दिइराखेको छ। त्यसपछि वीसति निपात, तिंस, चत्तालीस, पण्णासक, सट्ठी, सत्तति र असीति निपात भनी उल्लेख भएको छ। अनि "वग्ग" अनुसार पनि विभाजन गरिराखेको छ।

जातकमा केवल बोधिसत्वको जीवनी कथानुसार मात्र महत्वपूर्ण होइन, यसमा पूरा जस्तै विषयवस्तुलाई समेटिएको जनसाहित्यजस्तै यसमा मनोरञ्जन, उपदेश, नीति, व्यंग, बुद्धि विकासको मार्ग, भौगोलिक, आर्थिक, धार्मिक, राजनीतिक, सामाजिक आदि विषयहरूको साथै परिचय दिने अतुलनीय ग्रन्थ हो।

(११) **निद्देश**

खुद्दकनिकायको १५ वटा ग्रन्थहरूमध्ये ११ औं ग्रन्थ निद्देश हो। निद्देशलाई २ भागमा विभाजन गरिराखेको छ। ती हुन्- (१) महानिद्देश र (२) चूलनिद्देश।

निद्देशलाई सुत्तनिद्देश भनेर देखाइराखेको छ। त्यसको अभिप्राय हो सुत्तको व्याख्या। संक्षेपमा निद्देशको अर्थ हो व्याख्या। निद्देश खुद्दकनिकायको पाँचौ ग्रन्थ सुत्तनिपातको उरगवग्गको खग्गविसाण-सुत्त, अट्ठकवग्ग र पारायणवग्गको भाष्य हो। निद्देशको पहिलो भाग महानिद्देश ग्रन्थमा अट्ठकवग्गको भाष्य भए पनि चूलनिद्देशमा जम्मा ११८ वटा सुत्तहरू छन्, पारायण वग्गमा १८ वटा सुत्त र खग्गविसाण-सुत्तमा ४१ वटा सुत्तको एक एक शब्दको विस्तृत व्याख्या गरिएको छ। विद्वानहरूको दार्शनिक विचार अनुसार चुल्लनिद्देश सुत्तनिपातको खग्गविसाणसुत्त बुझ्नको लागि र पारायण वग्गको अजितमाणवक सहित पन्ध्रजना माणवकको प्रश्नहरू बुझ्नको लागि सहयोग गर्दछ। यस ग्रन्थमा बुद्धको समयमा भएको धर्मको नाममा अनेक आश्चर्य मिथ्या व्रत बुझ्न सकिन्छ। साथै सून्यतानुपस्सना (शून्यतानुपश्यना) लाई देख्न सकिन्छ।

(१२) **पटिसम्भिदामग्ग**

यस त्रिपिटक पनि सारिपुत्र भाषित हो । विविध धर्मको शब्दहरू विचित्र ढंगले व्याख्या गरिराखेको छ। उक्त व्याख्याको शैली यस प्रकारको छ - यदि भगवान् बुद्धले व्याख्या गरिनराखेको शब्दहरू भएमा उक्त बुद्धभाषित शब्दहरू अगाडि राखी फेरि त्यसलाई व्याख्या गरिराखेको हो । त्यसो भनेको उहाँले उक्त पदहरू अगाडि राखी त्यसलाई राम्ररी विश्लेषण गरिराखेको छ ।

पदधर्मलाई अगाडी राखी व्याख्या गरिराखेका ३० वटा शब्दहरू छन् । वग्गको हिसाबले ३ वटा छन् ।

पहिलो वग्ग महावग्ग हो । यसमा जम्मा १० वटा छन् । ती हुन् - १) ञाण (ज्ञान), २) दिट्ठि (धारणा), ३) आनापान (सास भित्र बाहिर गर्ने), ४) इन्द्रिय (आ-आफ्नो काममा आफैं ठूलो हुन्छ), ५) विमोक्ख (मुक्त हुने), ६) गति (जाने ठाउँ), ७) कम्म (काम), ८) विपल्लास (देखिनु र हिंड्नेमा फरक), ९) मग्ग (बाटो) र १०) मण्डपेय्य (शुद्ध पानीसँग गुणधर्मलाई तुलना गरिराखेको) ।

दोस्रो वग्ग युगन्ध वग्ग, यसको सँगसँगै आउने धर्म, त्यो कसरी भने समथ र विपस्सना यस्तै गरेर दशसम्म छन् । ११) युगन्ध (सँगसँगै आउने), १२) सच्च (सत्य), १३) बोज्झङ्ग (बोधिज्ञान प्राप्त हुने अंग), १४) मेत्ता (सुखको इच्छा गर्ने मैत्रीचित्त), १५) विराग (राग नभएको), १६) पटिसम्भिदा (राम्ररी छुट्याउन सक्ने), १७) धम्मचक्क (धर्मको चक्र), १८) लोकुत्तर (संसारबाट मुक्त भएको धर्म), १९) बल (धर्मको बल) र २०) सुञ्ञ (शून्य) ।

तेस्रो वग्ग पञ्ञावग्ग, प्रज्ञाले सुर हुनु हो । यसमा पनि दशवटा छन् । ती हुन् २१) महापञ्ञा (ठूलो प्रज्ञा), २२) इद्धि (ऋद्धि अथवा सफलता), २३) अभिसमय (ज्ञान प्राप्त हुने), २४) विवेक (एकान्त), २५) चरिया (आचरण), २६) पाटिहारिय (प्रातिहार्य), २७) समसीस (शान्त र शीर भएको), २८) सतिपट्ठान (स्मृति राख्ने), २९) विपस्सना (राम्ररी देख्ने) र ३०) मातिका (मूलपद) हो ।

### (१३) अपदान

त्रिपिटकको यस ग्रन्थमा बुद्ध, प्रत्येक बुद्ध र विविध श्रावकहरूले राम्रो र कुशल कार्य गर्नुभएको बारेमा जीवनीमा उल्लेख गरिराखेको छ। यसमा जम्मा ४१२ वटा विषय छन्। भगवान् बुद्धले राम्रो कार्य गर्नुभएको जीवनी एक र पहिला अतीतकालमा उहाँले नराम्रो कार्य गर्नुभएको, जसको फल धेरै दुःख भोग्नुपरेको विषयमा प्रत्येक बुद्धको जीवनी एक विषय अनि विविध श्रावकहरूको विषय ४०९ वटा छन्। यी सबै छन्दमा छन्। बुद्ध र प्रत्येकबुद्धहरूको विषयमा आनन्दलाई बताइराखेको छ। जो वेदेहमुनि (चतुर्मुनि) हो। यसमा छन्दपादबाट मात्र बताइराखेको जीवनी होइन शब्दालंकारले पनि अलंकार सम्पन्न हुने गरि बताइराखेको धेरै छन्। समग्रमा अपदानको पहिलो भागमा प्रत्येक बुद्धहरूको एक विषय र विविध श्रावकहरू ४०९ जनाको गर्दा ४१२ जनाको विषय र दोस्रो भागमा विविध श्रावकहरूको विषय १४० जना थेर भिक्षुहरूको विषय र ४० जना थेरीहरूको विषय उल्लेख भइराखेको छ।

### (१४) बुद्धवंस

त्रिपिटकको यस ग्रन्थमा २५ जना बुद्धहरूको विश्लेषण गरिराखेको छ। सबभन्दा पहिला दिपंकर बुद्धदेखि अहिलेको बुद्ध गौतम बुद्धसम्मको। फेरि अर्को ठूलो शीर्षक हो चरियापिटक (यसमा भगवान् बुद्धहरूको चरियाको विषयमा बताइराखेको छ।) यसमा भगवान् बुद्ध हुने बोधिसत्वले विविध पारमिता पूर्ण गर्नुभएको जन्मको विषयमा उल्लेख गरिएको छ।

यस बुद्धवंसमा ठूल्ठूलो गरी २८ वटामा विभाजन गरिराखेको छ। ती यसप्रकारका छन् - पहिलो शीर्षक रतन चंक्रमण हो, त्यसो भनेको रतनको चंक्रमण हो। (स्मृतिसम्प्रजन्य राखी ओहोरदोहोर गर्नु हो)। दोस्रोदेखि छब्बिसौं सम्म दिपंकर बुद्धदेखि लिएर गौतमबुद्ध सम्म २५ जना बुद्धसम्मको बुद्धहरूको विषय हो। सताइसौं शीर्षकमा बुद्धहरूको पकिण्णकको विषयमा उल्लेखित छन् र अट्ठाइसौं शीर्षकमा भगवान् बुद्धको शारीरिकधातु बाँडिदिएको विषयमा उल्लेख गरिराखेको छ।

### (१५) **चरियापिटक**

चरियापिटक अथवा भगवान् बुद्धको चरियाको पिटकमा सबभन्दा पहिले अपदान र बुद्धवंसदेखि क्रमशः आइराखेको छ। पहिलाको बुद्धहरूको चरिया अथवा आचरणको विषयमा चरियापिटकमा ३५ वटा शीर्षक गरी उल्लेख गरिराखेको छ। त्यसलाई यसरी अलग अलग गरिराखेको छ। दान पारमिता पूरा गरेको १० वटा विषय छन्, शील पारमिता पूरा गरेका १० वटा, नेक्खम्म पारमिता पूरा गरेका ६ वटा, सच्च पारमिता पूरा गरेका ६ वटा, मेत्ता पारमिता पूरा गरेका २ वटा, उपेक्खा पारमिता पूरा गरेका १ वटा गरी जम्मा ३५ वटा विषय छन्। अनि अन्तिममा समाधानकथा छ, त्यसो भनेको सारांशबाट भन्नुपर्दा दशवटा पारमितामा कुन पारमितामा कुन विषय पर्दछ ? भनेर देखाइराखेको इत्यादि हो। सबभन्दा पहिले विचार गर्नुपर्ने कुरा के छ भने चरियापिटकमा किन ६ वटा मात्र देखाइराखेको छ ? समाधानकथामा भने ३० वटा पारमिता देखाइराखेको छ। ३५ वटा चरिया विषयमा कविहरूको भाषामा भगवान् बुद्धले यसो भन्नुभएको छ - फलाना जन्ममा म फलाना भइराखेको थिएँ, फलाना जन्ममा म फलाना भइराखेको थिएँ भनेर देखाइराखेको छ।

### (१६) **नेति र** (१७) **पेतकोपदेश**

दुईवटा सानो कार्य, नेति, जुन सातवटा परिच्छेदबाट बनेको छ र पेतकोपदेश, जुन आठवटा परिच्छेदबाट बनेको छ। जुन ग्रन्थहरू त्रिपिटकको अरू ग्रन्थहरूभन्दा बिल्कुल फरक फरक छन्। किनकी तिनीहरू व्याख्यात्मक तथा विधिवत् स्वभावका छन्।

### (१८) **मिलिन्द–प्रश्न**

राजा मिलिन्द एक ऐतिहासिक यवन राजा हुन्। उनले भारत भूमिसम्म आई राज्य-विस्तार गरेका थिए। उनलाई ग्रीसका इतिहासकारहरूले Menandar राजा भनेर चिनिराखेका छन्। Vincent Smith को भनाइ अनुसार उनको राज्यकाल १६०-१४० ई.पू. हो। A. K. Narain को भनाइ अनुसार भने १५५-१३० ई.पू. हो। हेमचन्द्र राय चौधरीको भनाइ अनुसार ९०

ई.पू.को हो । Rapson को विचार अनुसार Menandar/Ecuratides समकालीन समयका हुन्, अर्थात् १७५ ई.पू. का । राजा मिलिन्दको जन्म अलसन्दमा भएको हो । उनलाई Bacteria का राजा पनि भनिन्छ । Apollodoorus ले उनलाई Bactrian अनुसार मान्दै आएका छन् । उनको राज्यकालको सिमाना Ghayni र उत्तरको काबुल उपत्यकाका साथै हिन्दूकुशसम्म विस्तार भएको थियो भन्ने भनाइ छ । उनी एक ऐतिहासिक राजा भएको बलियो प्रमाण हो - उनका सिक्काहरू । कुनै सिक्कामा अङ्कित उनको अनुहारको चित्र, कुनै युवा अवस्थाको छ भने कुनै वृद्धावस्थाको पाइन्छ । यसबाट उनको शासनकाल धेरै लामो थियो भन्ने कुरो प्रमाणित हुन्छ । केही वर्षपहिले भारत भूमिमा आएर उनले शासन मात्र गरेको नभई त्यहाँको धर्म र संस्कृतिमा गहन रूचि लिई अध्ययन पनि गरे । उनले बुद्धधर्ममा, विशेष गरी पालि त्रिपिटकको गहन अध्ययन गरे । तत्कालिन विद्वान् भिक्षुहरू र गृहस्थ पण्डितहरूकहाँ गई विभिन्न प्रकारका अप्ठ्यारा प्रश्नहरू सोधे । उनका प्रश्नहरूको उत्तर दिन नसकि विद्वान् व्यक्तिहरू सबै लुक्न थाले । अन्तमा एकजना युवक भिक्षु नागसेनको प्रादुर्भाव भइसकेपछि उनले राजाको प्रत्येक प्रश्नको सन्तोषजनक उत्तर दिए । मिलिन्द-प्रश्नको मूल विषयवस्तु भनेको नै राजा मिलिन्दको प्रश्न हो भने, नागसेन भिक्षुले उनलाई दिएको उत्तर हो । मिलिन्द-प्रश्न बुद्धको महापरिनिर्वाण पछि ४९० वर्षपछि हो भनेर बर्मी मिलिन्द-प्रश्नमा किटानका साथ उल्लेख भएको पाइन्छ । यसरी ७ इ. मिलिन्दको युग हुन आउँछ । प्राचीन मान्यता अनुसार ६० वर्ष थपी ५३ ई.पू. हुन आउँछ, जहाँ प्रायः इतिहासकारहरू प्रथम सताब्दी ई.पू. भन्ने गर्दछन् ।

मिलिन्द-प्रश्न निःसन्देह साधारण ग्रन्थ त हुँदै होइन । यसमा भगवान् बुद्धको आधारभूत शिक्षा त्रिपिटक व्यापकरूपमा चर्चा भएको पाइन्छ । यसमा विद्वान् भिक्षु नागसेनद्वारा सुरूदेखि अन्तसम्म कैयौं उपमा उपमेयहरू उदाहरणका रूपमा दिई राजाका प्रश्नहरूको समाधान गरिएको कुराहरू एकदमै आश्चर्य एवं अद्भूत किसिमका छन् । राजा मिलिन्द नागसेन भिक्षुदेखि यति प्रभावित भए कि उनीसितको प्रथम भेट देखि

जीवनभर निरन्तर सम्पर्कमा रहिरहे । अन्तमा, राजा मिलिन्द राजपाट त्याग गरी प्रव्रजित भई अर्हत्सम्म भएको पाइन्छ । भनिन्छ कि, बुद्धको अस्थिको बाँडफाँडको कुरोमा झगडा उत्पन्न हुन लागेझैं उनको निर्वाण पछि अस्थिका लागि झन्डै झगडा हुन लागेको थियो ।

मिलिन्द-प्रश्न ग्रन्थरत्नको स्थान, पालि साहित्यमा त्रिपिटक ग्रन्थको जति प्रामाणिक ग्रन्थका रूपमा स्वीकार गरिएको पाइन्छ । म्यान्मारमा सन् १९५४ मा सम्पन्न छैठौं संगायनाको समयमा यस ग्रन्थलाई त्रिपिटक ग्रन्थ सरह मान्यता दिइएको हो ।

# परिच्छेद - ९

## अभिधम्म

अभिधर्मको ग्रन्थमा "अभिधम्म" भनेको के हो भन्ने प्रश्नको उत्तरमा - यसलाई अतिरिक्त रूपको, विशिष्ट रूपको धर्म नै अभिधम्म हो भनिराखेको छ । यसमा "अभि" शब्द भन्नाले व्याकरणको दृष्टिले "अभि" उपसर्ग शब्द हो । यसको अनेक अर्थ भए पनि आचार्यहरूको अनुसार "अभि" शब्दलाई विशिष्ट अथवा अतिरित्त भनी अर्थ लगाइराखेको छ । अर्थात् धर्मको प्रदर्शन वा व्याख्या गर्ने क्षमता अरू देशनामा नभएको तर यस धर्म देशनामा मात्र अतिरिक्त र विशिष्ट रूपमा भएको कारण, यसलाई अभिधम्म भनी नाम राखेको हो । अर्थात् विशेष प्रकारको धम्मको साथसाथै पूर्ण विश्लेषण भएको धर्म वा अति विशिष्ट धर्म भएको हुनाले यस धर्ममा "अभि" उपसर्ग समेत जोडी अभिधम्म नाम दिई राखिएको हो ।

भगवान् बुद्धले अभिधम्मको चिन्तन मनन बोधिज्ञान प्राप्त गरिसक्नुभएको चौथौं हप्तामा बोधिवृक्षको आसपासमा बिताएर गर्नुभएको थियो । जसलाई पालि भाषाबाट "रत्नाघर" सप्ताह भनिन्छ । भगवान् बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएपछि रत्नाघर सप्ताहमा समय बिताउनुभएको बेलामा अभिधम्मको चिन्तन गर्नुभयो भन्ने कुरा बौद्ध ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ । त्यसैले अभिधम्मको शुरूवात बोधिवृक्षको आसपास प्रथमबोधिको अवस्थादेखि नै शुरू भएको हो, भन्ने कुरा थेरवाद परम्पराअनुसार विश्वास गरिआएको पाइन्छ । बोधिज्ञान प्राप्त गरिसक्नुभएपछि आफूलाई प्राप्त भएको ज्ञानको सुखानुभूति (जसलाई विमुक्ति सुख भनी उल्लेख गरिएको छ) को अनुभव पहिलो हप्तामा गर्नुभएको थियो । अनि पछि दोस्रो सप्ताहमा मात्र कृतज्ञताभाव व्यक्त गर्न "अनिमिस सप्ताह" भनी ७ दिनसम्म आँखा नै न चिम्लिकन बोधिवृक्षलाई हेरी, जुन ठाउँमा बसी बोधिज्ञान प्राप्त गर्नुभएको थियो, त्यो ठाउँप्रति पनि आभार व्यक्त गर्नुभएको थियो । अनि तेस्रो सप्ताह "चंक्रमण सप्ताह" भनी ७ दिनसम्म ओहोरदोहोर गरेर हिंड्नुभएको ठाउँ

(जुन हामीले बुद्धगयामा जाँदा चिन्हको रूपमा) त्यो ठाउँमा कमलको फूल फुलाइराखेको पनि देख्न सक्छौं । त्यसपछि बोधिवृक्षको उत्तर पश्चिममा हामीले "रत्नाघर चैत्य" भनी सानो चैत्य स्थापना गरिराखेको देख्छौं- जहाँ भगवान् बुद्धले अभिधम्मसम्बन्धी चिन्तन मनन गर्नुभएको थियो भनिन्छ ।

जति जति जीव जगतमा अभिधम्मको ज्ञान बढ्दै जान्छ, त्यति त्यति नै जीव जगतको अस्तित्व चम्किदै जान्छ । कारण यसबाट जे जस्तो ज्ञान प्रादुर्भाव हुन्छ, त्यो वास्तविकतामा अडिएको हुन्छ । किनभने सम्यक्दृष्टि र सम्यक्चिन्तनको उपज त्यो ज्ञान हो । कल्पना निःसृत अनुमान आश्रित त्यो ज्ञान होइन । अनि यसमा सम्यक्व्यायाम, सम्यक्स्मृति, सम्यक्समाधिका साथसाथै सम्पूर्ण जीवन जगतमा नैतिकता समावेश छ । अतः सर्वज्ञ सर्वद्रष्टा सम्यक्सम्बुद्ध तथागतको सम्पूर्ण ज्ञानको सारतत्व यसमा अन्तर्निहित छ । त्यसैले अभिधम्म संसारलाई आलोकित प्रभासित पार्ने विश्वज्योति हो ।

अभिधम्म बुद्धोपदेशित खास मुक्तिको मार्ग हो । यसको वास्तविक ज्ञानदर्शन नभइकन सांसारिक भयाक्रान्त भयावह दुःखको भूमरीबाट छुटकारा पाउनु असम्भव छ । सम्पूर्ण बुद्धहरूको बोधिसत्व यसैमा छुपेको छ । त्यस बोधिसत्वलाई स्वानुभूतिद्वारा प्रत्यक्ष दर्शन विना लोकको अन्तमा पुग्नु भनेको कपोलकल्पित उन्मत्त प्रलापमात्र हुनसक्छ । त्यसैले भगवान् बुद्धले धर्मको मर्म बुझाउन भन्नुभएको छ "सत्य तथ्य वास्तविक धर्म भनेको विज्ञजनहरूद्वारा प्रत्यक्ष वेदितव्य अर्थात् बुझ्नु पर्ने" गुणले युक्त हुनुपर्दछ । सान्दृष्टिक फलदायी, आसु फलदायी एवं "आऊ-हेर" भनी बोलाएर हत्केलामा राखी देखाउने जस्तै अन्तस्करणले यथावत् देख्न सक्ने, जान्न सक्ने, बुझ्न सक्ने, थाहा पाउन सक्ने, प्रतिवेध गर्न सक्ने हुनुपर्दछ । त्यसलाई देख्न र हेर्न मासुको डल्लो दुईवटा मांसचक्षु केहि काम लाग्दैन, तेस्रो आँखा प्रज्ञाचक्षु नै चाहिन्छ । अनि मात्र सहि रत्न फेला पर्छ ।

अभिधम्ममा जुन किसिमले भगवान् बुद्धले प्रत्येक भौतिक तत्व र आध्यात्मिक तत्व भनेका परमार्थ धर्मलाई विश्लेषण गरी टुक्रा, टुक्रा पारी छुट्याई, मसिनो धूलो जस्तो पारी सूक्ष्मातिसूक्ष्म रूपमा व्याख्या गरिराख्नु भएको छ । त्यस किसिमको व्याख्या गर्ने क्षमता, मात्र चिन्तन मनन ज्ञान

भएकाले गर्न सक्तैनन् जबसम्म उनीहरूमा सहि अनुभव गर्ने भावनामय ज्ञान हुँदैन ।

त्यसकारण, भावनामय ज्ञानबाट मात्र प्रादुर्भाव भएर, त्यो प्रादुर्भाव भएको विषयवस्तुलाई पनि टुक्रा टुक्रा पारेर, यो चित्तमा यति चैतसिक धर्म छ, यो चैतसिक धर्ममा यति प्रकारको चित्त समावेश हुनसक्छ भनी विश्लेषण गरी सूक्ष्मातिसूक्ष्म विषयवस्तुलाई पनि यो स्वभाव धर्म - यस विषयवस्तुमा छ है भनेर देखाउनु सामान्य चिन्तन मनन ज्ञानले मात्र सम्भव छैन भन्ने कुरालाई हामीले अभिधम्मलाई ग्रन्थको दृष्टिले पनि अध्ययन गरी, त्यसलाई परिचालन पनि गरेर वा भावनामय ज्ञानद्वारा पनि बृद्धि गरेर, हेरेमा मात्र पत्यार लाग्न सक्दछ । त्यसैले यो चिन्तनमय ज्ञानको क्षेत्र होइन रहेछ न त श्रुतमय ज्ञानको क्षेत्र नै हो । भगवान् बुद्धले आफ्नो भावनामय ज्ञानद्वारा प्राप्त गर्नुभएको सर्वज्ञ ज्ञानलाई माध्यम बनाएर मात्र यस विषयवस्तुलाई यसरी छुट्याउनुभएको रहेछ भन्ने कुरो हामीले बुझ्नुपर्दछ । त्यसैले मिलिन्द-प्रश्नमा मिलिन्द राजाले नागसेन भन्ते समक्ष प्रश्न राख्नुभएको थियो - “भन्ते ! भगवान् बुद्धले बडो नै आश्चर्यरूपले चित्तलाई विश्लेषण गर्ने क्रममा अद्वितिय क्षमता भएको हुनुहुँदोरहेछ, होइन त ?” तब नागसेन भन्तेले भन्नुभयो - समुद्रमा जुन पञ्चमहा नदिहरूको पानी मिसिएको छ, त्यसलाई हातमा लिएर कुन पानी कहाँको हो, त्यो कसैले पनि छुट्याउन सक्तैन । यति जाबो पानी त छुट्याउन कसैले पनि सक्तैन भने, चित्तलाई एउटा एउटा गरी छुट्याएर, यो चित्त भित्र यो यो स्वभावधर्म छ भनेर देखाउने क्षमता सामान्य व्यक्तिहरूमा हुनै सक्तैन । तर भगवान् बुद्धसँग यस किसिमको क्षमता भएको हुनाले, उहाँ एक आश्चर्यको व्यक्ति हुनुहुँदो रहेछ भन्न सकिन्छ । “हामीले अध्ययन गर्ने रूपमा चक्षुविज्ञान वा हेर्ने विज्ञानलाई लिऊँ एउटा चित्त उत्पन्न हुने बेलामा, भगवान् बुद्धले भनिराख्नुभएको छ त्यस चित्तको साथसाथै चेतसिक धर्महरूमध्येमा कमसेकम सातवटा उत्पन्न भैराखेका हुन्छन् । त्यसमा रूपधर्मलाई समावेश गरिएका छैन । किनभने चित्त धर्मको अगाडि रूपधर्म त एकदम स्थूल तत्व हो । त्यहि कारणले आजको विज्ञानले भौतिक तत्वलाई अथवा रूपधर्मलाई त एकदमै

चिरफार गरी विभिन्न ज्ञान र विज्ञानका नयाँ नयाँ आविष्कारहरू गर्दै अझै छुट्याउन सकेको पाइँदैन। अष्टकलाप रूपधर्मभन्दा पनि अति सूक्ष्म रहेको चित्तलाई विश्लेषण संश्लेषण गरी चिरफर गरेर देखाउनु भनेको त सामान्य कुरो अवश्य पनि भएन। अभिधम्ममा यस किसिमको संश्लेषण र विश्लेषण गरिएकोलाई एकदमै गहन रूपमा हेर्न र बुझ्न सकिन्छ।

अभिधम्म जसभित्र देशनाहरूलाई सात ग्रन्थहरूमा विभाजित गरिएको पाइन्छ। ती सात ग्रन्थहरू हुन् -

(१) धम्मसङ्गणी

(२) विभङ्ग

(३) धातुकथा

(४) पुग्गलपञ्ञति

(५) कथावत्थु

(६) यमक र

(७) पट्ठान

# परिच्छेद - १०

## १. धम्मसङ्गणी

धम्मसङ्गणी "धम्म" र "सङ्गणी" दुइ शब्द मिली बनेको छ । धम्म भनेको स्वभाव धर्म र सङ्गणी भन्नाले १. संग्रह गरी देखाएको ग्रन्थ, २. पूर्णरूपले गणनागरी देखाएको ग्रन्थ ।

धम्मसङ्गणी भन्ने अभिधम्म ग्रन्थको पहिलो प्रकरणमा परमार्थ धर्मलाई विभिन्न खण्डमा विभाजन गरी छुट्याइराखेको छ । चित्तलाई संश्लेषण विश्लेषण गर्नेलाई चित्तकाण्ड भनी, रूप (भौतिक) तत्वलाई विश्लेषण गर्नेलाई रूपकाण्ड, त्यसलाई पनि स्कन्ध, आयतन, धातु, इन्द्रियको रूपमा एउटा एउटा वस्तुलाई निक्षेप गरी देखाउने भएकोले निक्षेप राशीकाण्ड, फेरि त्यसलाई पनि शब्दको अर्थ राम्रोसँग बुझाउन अत्थुद्वारकाण्ड भनेर ४ काण्डहरूमा छुट्याई राखेको छ । खालि नमूनाको लागि मात्र भन्ने हो भने कुसला धम्मा, अकुसला धम्मा, अब्याकता धम्मा, सम्पयुत्ता धम्मा इत्यादि । फेरि कुसला धम्माभित्र पनि संसारको सम्पूर्ण गतिविधिहरू जस्तै कामलोक भनेको ११ वटा, रूपलोक भनेको १६ वटा, अरूपलोक ४, त्यसपछि यो सम्पूर्ण लोकबाट अलग भएको लोकोत्तर चित्त, फेरी यस्तो यस्तो छ भनी लोकुत्तर चित्तलाई पनि चिरफार गरेर देखाई राख्नुभएको छ । बुझ्ने काम गर्ने लक्षण भएको चित्त एउटालाई नै संसार समेत गाभेर यो यो संसारमा यो यो चित्त उत्पत्ति हुन्छ भनेर काम, रूप, अरूप आदि सम्पूर्ण लोकमा उत्पति हुनसक्ने चित्तलाई एउटा एउटा गरी छुट्याएर देखाइराख्नुभएको छ । त्यसलाई पनि विश्लेषण गरी लाने हो भने यो २१ कुशल चित्तहरूमा मार्ग कुशल चित्त भनेर ४ वटा, त्यसलाई फेरि ध्यानको हिसाबले छुट्याउने बखतमा, मार्ग कुशल चित्त २० वटा र लौकिक कुशल चित्त १७ वटा गरी जम्मा ३७ कुशल चित्तहरू छन् भनी भगवान् बुद्धले चित्तको व्याख्या गरिराख्नु भएको पाइन्छ ।

यो त केवल चित्तको विषय मात्र भयो । फेरी एउटा एउटा चित्तमा कति कति (चित्तसँगै उत्पति हुने अर्को नामस्कन्ध) चैतसिक छ भनेर पनि

छुट्याई राख्नुभएको पाइन्छ । यस्तो अवस्थामा फेरि यो चित्तमा यो यो चैतसिक उत्पन्न हुन्छ भनेर पछि छुट्याई राख्नुभएको देखिन्छ । यसरी चित्तलाई छुट्याउने क्षमता जस्तोसुकै दार्शनिक भएपनि सम्भव हुँदैन । भौतिक तत्वलाई छुट्याउने क्षेत्रमा पनि अष्टकलापबाट अलग भएको कुनै पनि भौतिक तत्व छैन । यसरी अविनिब्भोग रूपको रूपमा ८ प्रकारको रूप छ, जसलाई छुट्याएर छुट्याउन सकिन्न । रूपधर्ममा पनि उहाँले विश्लेषण गरिराख्नुभएको देख्न सकिन्छ । प्रत्येक नाम र रूपमा फेरि आफ्नो आफ्नो लक्षण देखाएर, स्वभाव लक्षण तथा सामान्य लक्षण भनी छुट्याइ राखेको छ । बुद्ध ज्ञानले बाहेक, यी धर्महरूको यस किसिमले विश्लेषण गर्ने क्षमता, अरू कसैमा नहुने भएको कारणले गर्दा नै बुद्ध प्रादुर्भाव हुनु अगाडि यसरी आध्यात्मिक तत्वलाई चिरफार गरिराखेको ग्रन्थ बौद्ध ग्रन्थ बाहेक अरू कतै नभएको हुन सक्छ ।

अरूप भूवनसम्मको विषयवस्तुलाई अरू धर्मले पनि देखाउन सक्छ। तर त्योभन्दा माथि चित्तको अवस्था यस किसिमको छ भनी देखाउने क्षमता, बुद्धधर्ममा बाहेक अरूमा भएको पाइदैन । फेरी ती सबै ध्यान भावनाको माध्यमबाट आफैले अनुभव गर्न पनि सकिन्छ । यहि नै सबभन्दा आश्चर्यको घटना भएको मान्नुपर्दछ । अरूको त चिन्तन मननको मात्र कुरो छैन । त्यसैले भगवान् बुद्धको धर्मलाई तर्कबाहिरको धर्म भनेर मानिआएको हो । आज जति पनि भौतिक संसारमा भएको विषयवस्तु हो ती सबैजसो चिन्तन मनन ज्ञानको आधारमा आधारित भएको देखिन्छ । भावनामय ज्ञानमा आधारित भएको देखिदैन । त्यसैले लेख्ने मानिस स्वयंले मात्र त्यो ज्ञान बुझ्न सक्छ । अरूले बुझ्न सक्तैन ।

धम्मसङ्गणी ग्रन्थमा सबै स्वभाव धर्महरूलाई वा परमार्थ धर्महरूलाई तीन भागमा विभाजित गरिएको तिकमातिका र दुइ भागमा विभाजित गरिएको दुकमातिकालाई सर्वप्रथम देखाएको पाइन्छ ।

तिकमातिकालाई कुशलतिक, वेदनातिक, विपातिक आदि गरी २२ वटा तिकमा विभाजन गरी देखाएको छ भने दुकमातिकालाई अभिधम्म तरीकाले हेतुदुक, चूलन्तरदुक, आस्रवदुक आदि गरी १०० वटा, सुत्तन्त

तरीकाले विज्जाभागी दुक, विज्जूपमा दुक आदि गरी ४२ वटा दुकमा विभाजित गरी देखाएको छ ।

### काण्ड विभाजन

यस ग्रन्थमा तिक, दुकलाई प्रधानता दिई १. चित्तुप्पादकाण्ड २. रूपकाण्ड ३. निक्षेपकाण्ड ४. अर्थकथाकाण्ड गरी ४ वटा काण्डमा विभाजन गरी देखाएको छ ।

### २. विभङ्ग

“विभङ्ग” भन्नाले धर्मलाई एक एक गरी छुट्याई देखाइराखेको हो । जस्तो “पञ्चस्कन्ध”, “बाह्रवटा आयतन”, त्यो भनेको के हो भनेर छुट्याएर देखाइराखेको छ । विभङ्ग भन्ने ग्रन्थमा स्कन्ध, आयतन, धातु, इन्द्रियदेखि लिएर १८ वटा विषयवस्तुलाई एउटा एउटा गरी छुट्याई विवरणहरू दिई विभाजन गरेर विश्लेषण गरिएको पाइन्छ । “विभङ्ग” १८ वटा ग्रन्थमा विभाजन गरिएको छ । ती हुन् -

१) **खन्धविभङ्ग–** यो पाँच खन्ध भनेको के के हुन् भनेर देखाइएको विषय हो ।

२) **आयतनविभङ्ग–** “आयतन” बाह्रवटा भनेको के के हुन् भनेर देखाइएको विषय ।

३) **धातुविभङ्ग –** “धातु” भनेको ६ प्रकारको एक र एक प्रकारको एक छ, ती के के हुन् भनेर देखाइएको विषय ।

४) **सच्चविभङ्ग –** “सत्य” भनेको ४ वटा छन्, ती के के हुन् भनेर देखाइएको छ ।

५) **इन्द्रियविभङ्ग –** “इन्द्रिय” भनेको २२ वटा छन्, ती के के हुन् भनेर देखाइएको छ ।

६) **पच्चयकारविभङ्ग –** “पच्चयकार” बाह्रवटा छन्, ती के के हुन् भन्ने विषय ।

७) **सतिपट्ठानविभ**ङ्ग – "सतिपट्ठानविभङ्ग" चार सतिपट्ठान भनेको के के हुन् भन्ने विषय।

८) **सम्मप्पधानविभ**ङ्ग – "सम्मप्पधान" समान भावमा राखी अभ्यास गर्दै जान्नुपर्ने चारधर्म के के हुन् भन्ने विषय।

९) **इद्धिपादविभ**ङ्ग – "इद्धिपाद" चारवटा के के हुन् भन्ने विषय।

१०) **बोज्झङ्गविभ**ङ्ग – "बोझङ्ग" सातवटा के के हुन् भन्ने विषय।

११) **मग्गविभ**ङ्ग – "मार्ग" आठवटा छन्, ती के के हुन् भन्ने विषय।

१२) **झानविभ**ङ्ग – "रूपध्यान" र "अरूपध्यान" के के हुन् भन्ने विषय।

१३) **अप्पमञ्ञविभ**ङ्ग – चार "अप्पमञ्ञ" के के हुन् भन्ने विषय।

१४) **सिक्खापदविभ**ङ्ग – पाँच "सिक्खापद" भनेको के के हुन् भन्ने विषय।

१५) **पटिसम्भिदाविभ**ङ्ग – "पटिसम्भिदा" (राम्ररी बुझ्न सक्ने) ४ वटा छन्, ती के के हुन् भन्ने विषय ।

१६) **ञाणविभ**ङ्ग – "ञाण" ज्ञान एक समूहदेखि दश समूह भनेको के के हुन् भन्ने देखाइएको विषय।

१७) **खुद्दकवत्थुविभ**ङ्ग – "साधारण विषय" १८ वटा समूहको विषय र ६२ प्रकारको दिट्ठि भनेको के के हुन् भनेर देखाइएको विषय।

१८) **धम्महदयविभ**ङ्ग – हृदय जस्तै धर्मको नाम दिइराखेको धर्म के हो भनेर देखाइएको विषय।

## ३. धातुकथा

धातुकथामा धातुसम्बन्धी मात्र विश्लेषण नभई स्कन्ध, आयतन धातुहरू जम्मैको विषयवस्तुहरूलाई पनि १४ प्रकारका छुट्याई विश्लेषण गरी प्रस्तुत गरेको छ। "धातुकथा" त्रिपिटक अन्तर्गत अभिधर्मका सातवटा ग्रन्थहरू मध्ये तेस्रो ग्रन्थ हो। "धतुकथा" नाम भन्दा यसको क्षेत्र विस्तृत छ। धातुसम्बन्धी मात्र यसमा वर्णन गरिएको होइन, स्कन्ध, आयतन, सत्य, इन्दिय, प्रतीत्यसमुत्पाद, सतिपट्ठान, ऋद्धीपाद आदि बोधिपक्षिय धर्म

पनि समावेश छ। यस ग्रन्थमा १४ वटा संग्रह वा विभाग छन्। यसलाई नयमातृकाको उल्लेख गरिएको छ। यसअन्तर्गत स्कन्ध, आयतन धातु आदि अभ्यन्तर मातिकाको रूपमा प्रस्तुत गरिएको छ। यसमा पनि फेरी तीनवटा संग्रह, तीनवटा असंग्रह, चारवटासँग सम्प्रयोग, चारवटासँग विप्रयोग छुट्याइ नयमुखमातृका भनेर नाम दिएको छ। फेरि उस्तै देखिने सभाग र नदेखिने विसभाग छुट्याएकोलाई लक्षणमातिका नाउँ दिएको छ। बाहिरमातिकामा "धर्मसङ्गणी"लाई पनि "धातुकथा" भित्र समावेश गरिएको छ।

"धातुकथा" प्रकरणमा १४ प्रकारका नयमातृका यसप्रकार छन् -

१. संग्रह असंग्रह, २. संग्रहित भएर असंग्रहित, ३. असंग्रहित भएर असंग्रहित, ४. संग्रहित भएर संग्रहित, ५. असंग्रहित भएर असंग्रहित, ६. सम्प्रयोग विप्रयोग, ७. सम्प्रयुत्त भएर विप्रयुत्त, ८. विप्रयुत्त भएर सम्प्रयुत्त, ९. सम्प्रयुत्त भएर सम्प्रयुत्त, १०. विप्रयुत्त भएर विप्रयुत्त, ११. संग्रहित भएर सम्प्रयुत्त विप्रयुत्त, १२. सम्प्रयुक्त भएर संग्रहित असंग्रहित, १३. असंग्रहित भएर सम्प्रयुत्त विप्रयुत्त र १४. विप्रयुत्त भएर संग्रहित असंग्रहित। यस धातुकथा प्रकरण वाचन गर्दा वा सरर पाठ गर्दा ६ भाणवार जति छन्।

### १. संग्रह असंग्रह

यस मातृकामा स्कन्ध, आयतन र धातुहरूमा कति धर्महरू संग्रहित छन् कति असंग्रहित छन् स्पष्ट पारेका छन्।

### २. संग्रहित भएर असंग्रहित

यस परिच्छेदमा ती धर्महरू कति स्कन्ध, आयतन र धातुहरूमा असंग्रहित छन् जुन धर्महरू अरू कुनै धर्म वा धर्महरूको साथ त्यहि स्कन्धमा संग्रहित हुनेछ तर त्यहि आयतन र धातुमा होइन।

### ३. असंग्रहित भएर संग्रहित

यस परिच्छेदमा जुन धर्महरू कुनै धर्म वा धर्महरूका साथ त्यहि स्कन्धमा भने असंग्रहित छन् तर त्यही आयतन र धातुमा संग्रहित छन्, ती धर्महरू कति स्कन्धमा, आयतनमा र धातुमा संग्रहित हुनेछन् भन्ने कुराको अध्ययन गरिन्छ।

### ४. संग्रहित भएर संग्रहित

यस परिच्छेदमा जुन धर्महरू कुनै अर्को धर्मको त्यही स्कन्ध आयतन र धातुसंग्रहमा संग्रहित छन् फेरि अर्को धर्महरूको साथै पनि त्यही स्कन्ध आयतन र धातुमा संग्रहित छन् ती धर्महरू कति स्कन्ध, आयतन र धातुहरूमा संग्रहित हुनेछन् भन्ने विषय अध्ययन गरिन्छ।

### ५. असंग्रहित भएर असंग्रहित

यस परिच्छेदमा जुन धर्महरू कुनै अर्को धर्मको साथै त्यहि स्कन्ध आयतन र धातुमा असंग्रहित छन् फेरि अर्को धर्मको साथै पनि त्यहि स्कन्ध, आयतन र धातुसंग्रहमा असंग्रहित छन्, ती धर्महरू कति स्कन्ध आयतन र धातुमा असंग्रहित छन् भन्ने विषयको अध्ययन गरिन्छ।

### ६. सम्प्रयोग विप्रयोग

यस परिच्छेदमा कति स्कन्ध, आयतन र धातुहरूसँग ती धर्महरू सम्प्रयोग छन् र कतिसँग विप्रयोग छन् भन्ने अध्ययन गरिन्छ।

### ७. सम्प्रयुत्त भएर विप्रयुत्त

यस परिच्छेदमा कुनै धर्मसहित जुन धर्महरू स्कन्ध, आयतन र धातुसँग विप्रयुत्त छन् ती धर्महरू कति स्कन्ध, आयतन र धातुसँग विप्रयुत्त छन् भन्ने कुराको अध्ययन गरिन्छ।

### ८. विप्रयुत्त भएर सम्प्रयुत्त

यस परिच्छेदमा कुनै धर्म विप्रयुत्त जुन धर्महरू छन् ती धर्महरू कति स्कन्ध, आयतन र धातुसँग सम्प्रयुत्त छन् भन्ने कुराको अध्ययन गरिन्छ।

### ९. सम्प्रयुत्त भएर सम्प्रयुत्त

यस परिच्छेदमा कुनै अरू धर्महरूसँग सम्प्रयुत्त ती धर्महरूसँग पनि सम्प्रयुत्त जुन धर्महरू छन् ती कति स्कन्ध, आयतन र धातुसँग सम्प्रयुत्त छन् भन्ने कुराको अध्ययन गरिन्छ।

## १०. विप्रयुक्त भएर विप्रयुक्त

यस परिच्छेदमा कुनै धर्मबाट विप्रयुक्त धर्महरूबाट जुन धर्म विप्रयुक्त छन् । ती धर्महरू कति स्कन्ध, आयतन र धातुसँग विप्रयुक्त छन् भन्ने कुराको अध्ययन गरिन्छ ।

## ११. संग्रहित भएर सम्प्रयुक्त विप्रयुक्त

यस परिच्छेदमा (क) अरू कुनै धर्महरूको साथ ती धर्महरू त्यही स्कन्धमा भने संग्रहित छैन तर त्यही आयतन र धातुमा भने संग्रहीत छन् । ती धर्महरू कति स्कन्ध, आयतन र धातुहरूमा सम्प्रयुक्त छन् भन्ने कुनैको अध्ययन गरिन्छ । (ख) कतिबाट विप्रयुक्त छन् भन्ने कुनैको अध्ययन गरिन्छ ।

## १२. सम्प्रयुक्त भएर संग्रहित असंग्रहित

यस परिच्छेदमा (क) कुनै अरू धर्मको साथै जुन सम्प्रयुक्त छन् ती धर्महरू कति स्कन्ध, आयतन र धातुहरूसित संग्रहित छन् भन्ने कुनैको अध्ययन गरिन्छ । (ख) कतिसँग असंग्रहित छन् भन्ने कुनैको अध्ययन गरिन्छ ।

## १३. असंग्रहित भएर सम्प्रयुक्त विप्रयुक्त

यस परिच्छेदमा कुनै अरू धर्मको साथै जुन धर्महरू स्कन्ध, आयतन र धातुहरू सित असंग्रहित छन् ती धर्महरू (क) कति स्कन्ध, आयतन र धातुहरूसित सम्प्रयुक्त छन् । (ख) कतिसित विप्रयुक्त छन् भन्ने कुनैको अध्ययन गरिन्छ ।

## १४. विप्रयुक्त भएर संग्रहित असंग्रहित

यस परिच्छेदमा (क) अरू कुनै अरू धर्मबाट विप्रयुक्त जुन धर्महरू छन् ती धर्महरू कति स्कन्ध, आयतन र धातुहरूसित संग्रहित छन्, (ख) कतिसँग असंग्रहित छन् भन्ने कुनैको अध्ययन गरिन्छ ।

# ४. पुग्गलपञ्ञत्ति

पुग्गलपञ्ञत्तिमा एक प्रकारको पुग्गलदेखि लिएर १० प्रकारका पुग्गलहरूलाई अङ्ग अङ्ग छुट्याई पुग्गल प्रज्ञप्तिको रूपमा विश्लेषण गरिराखेको छ । "पुग्गलपञ्ञत्ति" विभिन्न प्रकारका मानिसहरूको बारेमा परिचित हुनेलाई अति नै महत्वपूर्ण विषय ग्रन्थ हो। अभिधर्म पिटकको ७ प्रकरणमध्ये चौथौँ प्रकरणको रूपमा रहेको यस ग्रन्थको भाषा र शैलीमा आफ्नै विशेषता छ। ग्रन्थको शुरूमा मातिकाउद्देश ६ वटा पञ्ञति उल्लेख गरिएको छन् । ती हुन्: १.खन्धपञ्ञति, २.आयतनपञ्ञति, ३.धातुपञ्ञति, ४.सच्चपञ्ञति, ५.इन्द्रयपञ्ञति र ६.पुग्गलपञ्ञति ।

खन्धपञ्ञतिमा ५ वटा स्कन्धहरू, आयतनपञ्ञत्तिमा १२ वटा आयतनहरू, धातुपञ्ञत्तिमा १८ वटा धातुहरू, सच्च पञ्ञत्तिमा ४ सत्यहरू, इन्द्रियपञ्ञत्तिमा २२ वटा इन्द्रियहरू प्रस्तुत गरिएका छन् भने पुग्गलपञ्ञतिमा ३९० प्रकारका पुद्गलहरूको वर्णन गरिएका छन् । यी छ वटा पञ्ञत्तिका बारेमा साधारण परिचय मात्र दिएर अन्तिमको पुग्गलपञ्ञत्तिलाई विस्तृत रूपमा वर्णन गरिएको छ ।

पुग्गलपञ्ञत्तिमा मानिसहरूको चरित्र विभिन्न प्रकारले चित्रण गरिएको छ । पुग्गलपञ्ञत्तिमा ६ वटा मातिकाहरूको प्रस्तुति हेर्दा अभिधम्मपिटकको विशेषता झल्किन्छ । भने विषय वस्तुको प्रस्तुति र आकार हेर्दा सुत्तपिटकसँग मिल्छ। यस ग्रन्थले अङ्गुत्तर निकायमा जस्तै पुद् गलहरूको वर्गीकरण एकदेखि क्रमगतरूपमा बृद्धि हुँदै दशवटा समूहसम्म छुट्टयाईएको छ । धेरैजसो सुत्तहरू अंगुत्तर निकायको जस्तै छ भने दीघनिकायको संगिती पुग्गलपञ्ञत्ति दुईवटा शब्दहरू पुग्गलपञ्ञत्ति बनेको छ। पुग्गल भन्नाले सत्व, पुग्गल, व्यक्ति मानिस भन्ने बुझिन्छ भने पञ्ञत्ति भन्नाले प्रज्ञप्ति, निर्देशन, विचार, चिन्तन देखाउनु हो । अर्थकथाअनुसार पञ्ञत्ति भन्नाले "पञ्ञापना" अर्थात् उपदेश गर्नु, "देशना" अर्थात निर्देशन गर्नु "पकासना" अर्थात् प्रकाशन गर्नु, वर्णन गर्नु , स्पष्ट गर्नु हो । त्यसैले पुग्गलपञ्ञत्ति भनेको व्यक्तिहरूको बारेमा उपदेश किटेर देखाउनु, निर्देशन

र प्रकाशन तथा वर्णन गर्नु हो । छोटकरीमा भन्नुपर्दा व्यक्तिहरूको विविध चरित्र चित्रण हो।

पुग्गलपञ्ञत्तिमा दशवटा परिच्छेदहरू छन् । प्रत्येक परिच्छेदमा व्यक्तिहरूलाई विभिन्न आधारमा संख्यात्मक आधारमा छुट्याएको छ । व्यक्तिहरूका वर्गीकरण एकदेखि क्रमगत रूपमा वढाउँदै दशवटासम्म गरिएको छ । पहिलो परिच्छेदमा एक थरिको व्यक्तिहरूको समूह, तेस्रो परिच्छेदमा तीन थरीका व्यक्तिहरूको समूह, चौथौं परिच्छेदमा चार थरीका व्यक्तिहरूका समूह, पाँचौं परिच्छेदमा पाँच थरिका व्यक्तिहरूको समूह त्यस्तै दशौं परिच्छेदमा दशथरीका व्यक्तिहरूको समूह छुट्याएर वर्णन गरिएको छ । व्यक्तिहरूको चरित्र, संस्कार, मानसिक अवस्था, व्यवहार, लौकिक र लोकेत्तर जीवन शैली आदि विभिन्न आधारमा व्यक्तिहरू वर्गीकरण गरिएको छ ।

## ५. कथावत्थु

कथावत्थुमा अशोक महाराजको पालामा संघ महानायक भईराख्नुभएका मौद्गलिपुत्रतिश्य महास्थबिरले, तृतीय संघायन सकिएपछि, बुद्धको महापरिनिर्वाण भएको एकसय बर्ष पछिदेखी लिएर बिस्तारै बिस्तारै निकायभेद हुँदै त्यो बेलासम्म जुन १८ निकाय भेद प्रतिपादन भएको थियो, त्यसमध्ये १७ निकायको सिद्धान्तलाई यो यो कारण बुद्धवचनसँग मिल्दैन भनेर परवादको रूपमा लिनुभई, थेरवाद १ लाई सकवादको रूपमा लिनुभयो र कथावस्तुमा सकवादको पक्षमा ५०० सुत्तपादको, परवाद पक्षमा ५०० सुत्तपादको प्रश्न उत्तरको रूपमा १,००० सुत्तपदको व्याख्या गरिराख्नु भएको छ ।

यो कथावत्थु शब्दमा “कथा” भन्ने एक शब्द र “वत्थु” भन्ने अर्को शब्द गरी दुई शब्द जोडिएको छ । कथा शब्दमा भन्नुपर्ने कुरा वा वादहरू भन्ने अर्थ पाइन्छ । अथवा सत्य कारणयुक्त प्रमाण साधकहद्वारा आफ्नो वाद तर्कलाई स्थीर बनाउने, अरूको वाद वा तर्कलाई हटाउने, दबाउने वाद

भन्ने अर्थ पाइन्छ । वत्थु भन्नाले रहने, उत्पन्न हुने ठाउँ वा वस्तु भन्ने अर्थ पाईन्छ । यी दुई अर्थहरूलाई जोडेर कथावस्तुको अभिप्राय निकाल्यो भने भन्नुपर्ने वादहरू अथवा सत्य कारणयुक्त प्रमाण साधकहरूद्वारा आफ्नो वाद तर्कलाई स्थिर बनाउने, अरूको वाद वा तर्कलाई हटाउने, दबाउने वादहरूको रहने, उत्पन्न हुने ठाउँ वा वस्तु भन्ने अभिप्राय निस्कन्छ । त्यसकारण अभिधर्मको स्वभाव धर्म र सारहरूले युक्त भएको ग्रन्थ भनि भन्न सकिन्छ ।

भगवान् बुद्धले ४५ बर्षसम्म गाउँ, शहर, जनपदहरूमा गएर दिनुभएका सबै उपदेशहरूलाई तीन पिटकमा विभाजन गरिएको छ । १) सुत्तपिटक, २) विनयपिटक र ३) अभिधर्मपिटक । यी तीनपिटकहरूमध्ये अभिधर्मपिटक सबैभन्दा गम्भीर छ । अभिधर्मको अर्थलाई 'धम्मातिरेक धम्मविसेसट्ठेन अभिधम्मो' अर्थात् सुत्तपिटक पालीभन्दा बढी लामो अनि विशिष्ट गुणले पूर्णभएको हुनाले अभिधर्म भनिएको हो । यसरी अति गम्भीर धर्महरूले पूर्ण भएको अभिधर्मपिटकलाई धम्मसङ्गणी इत्यादि सात ग्रन्थहरूमा बाँडिएको छ । ती मध्ये कथावत्थु पाँचौं ग्रन्थ हो । यस कथावत्थुमा परवादी भनाउँदा मिथ्यावादीहरूको तर्क वा वादलाई तुलना गरिराखेको छ ।

यो कथावत्थु ग्रन्थलाई भगवान् बुद्धले कहाँ, कुनबेला देशना गर्नु भएको त ? महासम्बत् ११० साल असार पूर्णिमाको दिन तथागतले श्रावस्तीमा कण्डम्ब नाम भएको आँपको रूखमुनि भिन्न भिन्न प्रकारका ऋद्धि प्रातिहार्यहरू प्रदर्शन गर्नु भइसकेपछि तावतिंस देवलोकतिर प्रस्थान गर्नुभयो । युगन्धरपर्वमा एक पाइला, तावतिंस देवलोकको उदुम्ब र रूखमुनि अर्को पाइला गरि जम्मा दुइ पाइलाले उहाँ तावतिंस देवलोक पुग्नुभयो । त्यहाँ आमा हुनुभएका सन्तुस्सित देवपुत्र प्रमुख दशहजार चक्रवालबाट आइपुगेका देवब्रह्माहरूलाई अभिधर्मको देशना गर्नुभयो । अभिधर्मको देशना गर्ने क्रममा धम्मसङ्गणी, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति यी चारग्रन्थहरूलाई देशना गर्नुभइसकेपछि पाँचौं कथावत्थुलाई आठ प्रकारका आधारभूत मूलसहित संक्षिप्तरूपमा देशना गर्नुभयो ।

तीआठ प्रकारका आधारभूत मूलहरूमा :

१. सुद्ध सच्चिकट्ठ

२. ओकास सच्चिकट्ठ

३. काल सच्चिकट्ठ

४. अवयव सच्चिकट्ठ हुन् ।

यी चार प्रकारका सच्चिकट्ठहरूलाई १. अनुमोल पच्चनीक र २. पच्चनीक अनुमोल गरी दुई दुई प्रकारले प्रश्न गरिएको हुनाले आधारभूत मूलहरू आठ प्रकारका हुन गए ।

यसरी कथावत्थुलाई पूर्णरूपमा विस्तृत वर्णन नगरिकन आठ प्रकारका आधारभूत मूलसहित संक्षिप्तरूपमा एकभाणवार मात्र देशना गर्नुभएको के कति कारणले हो भनि बिचार गरि हेर्दा भगवान् बुद्धले "भविष्यमा मेरा शिष्य मौद्गलिपुत्रतिश्य भिक्षुले बुद्ध शासनभित्र उत्पन्न हुनसक्ने सबै प्रकारका शासनिक मेलहरूलाई हटाएर तृतीय संगायन गर्ने बेलामा भिक्षुसंघको माझ पाँचसय परपक्षवाद गरी एकहजार वाद वा तर्कहरूले यो कथावत्थुलाई पूर्णरूपमा देशना गर्नेछ" भनेर जान्नुभएको कारणले एकभाणबार को मात्र देशना गर्नुभएको हो । कथावत्थुलाई संक्षिप्तरूपमा देशना गर्नुभइसकेपछि यमक र पट्ठान देशना गर्नुभयो ।

## ६. यमक

यमक ग्रन्थमा १० प्रकारले यमकलाई छुट्याई स्कन्ध-यमक, धातु-यमक, आयतन-यमक आदि गरी विश्लेषण गरिराखेको छ। यी विषयवस्तुहरू नै आफ्नो क्षेत्र अनुसार कसरी विश्लेषण गरेमा यसलाई साँचै परमार्थहरूमा बुझ्न सकिने हो, एउटा एउटा ग्रन्थले त्यसलाई चिरफार गरेर देखाई राखेको छ ।

"यमकपालि" पालिमा बुद्धले कुशल, अकुशल, अव्याकृत भनेर तीन प्रकारको ज्ञानको बारेमा देखाइराखेको छ । कुशल भनेको काय, वाक र चित्तबाट अरूलाई राम्रो हुने कार्यमा यी सबैबाट राम्रो होस् भनी विचार

गरेर कार्य गर्नुलाई कुशल भनिन्छ। अकुशल भनेको काय, वाक र चित्तबाट अरूलाई दुःख दिने नियतले नराम्रो दोष सहितको दुःखफल आउने कार्यलाई शरीर, मुख र मनबाट गरिने कार्यलाई भनिन्छ। त्यस्तै अव्याकृत भनेको शरीर र मुख र मनबाट गरेको मात्र नभई, त्यसको पछी पछी फेरी नराम्रो फल आउन नदिने कर्मलाई भनिन्छ।

त्यस्तै गरी यमक ग्रन्थमा स्कन्ध, १२ आयतन, १८ धातु, चतुआर्यसत्य, काय, वची, चित्तसंस्कारहरू कहिले, कहाँ उत्पन्न हुन्छ र कसरी निरोध हुन्छ ? २२ वटा इन्द्रिय आदिको बारेमा विस्तृत रूपमा व्याख्या गरिएको छ।

## ७. पट्ठान

अभिधम्मका सातवटा ग्रन्थहरूमध्ये सबभन्दा ठूलो र अन्तिम ग्रन्थ "पट्ठान" हो। त्यसकारण पट्ठान प्रकरणलाई महाप्रकरण पनि भनिन्छ। पट्ठान ग्रन्थमा एउटा एउटा बिषयवस्तुलाई हेतुप्रत्ययको रूपमा कसरी स्वभाव धर्मलाई उपकार गरिराखेको छ, आलम्बन प्रत्ययको रूपमा कसरी उपकार गरिराखेको छ इत्यादि २४ प्रकारको प्रत्यय धर्महरूको नाम उल्लेख गरेर २४ प्रकारको पट्ठान नयको हिसाबले छुट्याई परमार्थ धर्मको गम्भीरतालाई बुझाउन खोजिराखेको छ। त्यसमा पनि एउटा एउटा प्रत्यय धर्ममा पनि तिक पट्ठान, दुक पट्ठान, दुकतिक पट्ठान, तिकदुक पट्ठान, तिकतिक पट्ठान, दुक दुक पट्ठान भनि ६, ६ वटा पट्ठानलाई छुट्टाई त्यसलाई पनि "अनुलोम, पच्चनीय, अनुलोम-पच्चनीय, पच्चनीय अनुलोम" भनी ४ प्रकारले विभाजन गरेर जम्मा २४/२४ प्रकारका पट्ठान उल्लेख गरी धर्मको विश्लेषण गरिराखेको छ। यो पट्ठान प्रकरण अरू प्रकरणहरू भन्दा निकै गम्भीर एवं विशाल छ।

पट्ठान प्रकरणमा धर्महरू स्थीर छैनन्, यथार्थ रूपमा शूक्ष्मातिशूक्ष्म स्वभावले पनि बाँकि धर्महरूलाई कसरी प्रभाव पार्छ, एक धर्मले अर्को धर्मलाई सहयोग गर्छ भनि देखाईएको छ। यसरी यस पट्ठान प्रकरण सौरभ मण्डलमा तारा, ग्रह, उपग्रहको अनुसन्धान गरी व्याख्या गर्ने ज्योतिष जस्तै

हो। यहि कारणले नै सुव्यवस्थित रूपले क्रम मिलाएको यो प्रकरण अत्यन्त परिपूर्ण र सम्पन्न छ। यस विषयलाई राम्रोसँग नबुझीकन र नगरीकन ग्रहण गर्न गाह्रो हुनेछ।

पच्चय+ठान=पट्ठान, प्रत्ययहरू र सम्बन्धहरूको पद्धतिले यस प्रकारको मूल सिद्धान्त बन्छ। प्रत्यय संख्याको हिसाबले २४ प्रकारले विभक्त छन्।

यथा-

| | |
|---|---|
| १) हेतु-प्रत्यय, | २) आलम्बन-प्रत्यय, |
| ३) अधिपति-प्रत्यय, | ४) अनन्तर-प्रत्यय, |
| ५) समानन्तर-प्रत्यय, | ६) सहजात-प्रत्यय, |
| ७) अन्यमन्य-प्रत्यय, | ८) निश्रय-प्रत्यय, |
| ९) उपनिश्रय-प्रत्यय, | १०) पूर्वजात-प्रत्यय, |
| ११) पश्चाजात-प्रत्यय, | १२) आसेवन-प्रत्यय, |
| १३) कम्म-प्रत्यय, | १४) विपाक-प्रत्यय, |
| १५) आहार-प्रत्यय, | १६) इन्द्रिय-प्रत्यय, |
| १७) ध्यान-प्रत्यय, | १८) मार्ग-प्रत्यय, |
| १९) सम्प्रयुक्त-प्रत्यय, | २०) विप्रयुक्त-प्रत्यय, |
| २१) अस्ति-प्रत्यय, | २२) नास्ति-प्रत्यय, |
| २३) विगत-प्रत्यय र | २४) अविगत-प्रत्यय हुन्। |